
■ पश्चिम सेतीको पनि 'कन्यादान'
■ के श्याट लागू गर्नु उचित छ ?
■ 'माओवादी जनयुद्ध'बारे मूल्यांकनलाई प्रत्युत्तर

अन्तर्क्रिया: के हो महाकालीको विकल्प ?

# मूल्याङ्कन

मूल्य रु. १५।-
(भारतमा भारु. १२।-)
विचार अन्तर्क्रियामुखी मासिक
पूर्णाङ्क ४७
जेठ, २०५४

## पेरु : यसरी मारिए टुपाक आमारु छापामारहरु !



## बन्धक काण्डको त्रासद अन्त्य

# IN JUST 6 SECONDS YOU'LL DISCOVER THAT THE YAMAHA RXG IS PRICELESS.



Yamaha RXG is masterpiece of Japanese engineering. Start it up and life throbs to an exciting beat. Rev it up and its superior pick-up races from

**O to 60 Kmph in just 6 seconds.**

It's the performance and power that matters and on these counts any Yamaha owner will tell you it's *priceless*. For those who will not compromise on performance, there is only one choice- Yamaha RXG. The ultimate performance bike.



**YAMAHA**

RXG

BORN TO LEAD

YAMAHA YEIS ENERGY INDUCTION SYSTEM

WORLD WIDE PATENT

EY

**ESCORTS YAMAHA MOTOR LIMITED**

Morang Auto Works

| | | | | | |
|---|---|---|---|---|---|
| Kathmandu 222360 | Lalitpur 522254 | Biratnagar 22619 | Birgunj 22508 | Bhairahawa 20981 | Janakpur 20320 |
| Butwal 40505 | Nepalgunj 21438 | Pokhara 21295 | Narayanghat 21316 | Hetauda 20544 | Ithari 80825 |

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १५, पूर्णाङ्क ४७
२०५४, जेठ



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)
जि. के. श्रेष्ठ (विज्ञापन विभाग)



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९,
फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


## यस भित्र




'हामी फुजिमोरीको विजयलाई क्षणिक साबित गर्नेछौं !'
**टुपाक आमारुका यूरोप-प्रवक्तासँग लिइएको ताजा अन्तर्वार्ता**

- टुपाक आमारूको महत्त्वपूर्ण वक्तव्य !
- **टुपाक आमारु छापामारहरुलाई सखाप पार्न फुजिमोरी र सि.आई.ए.ले कसरी तयारी गरे ?**
- टुपाक आमारूहरूका कमी-कमजोरी र गल्तीहरू के के थिए ?
- **के अब टुपाक आमारु मासिए त ?**

**पेरुः यसरी मारिए टुपाक आमारु छापामारहरु !**

# बन्धक काण्डको त्रासद अन्त्य



## जनयुद्धको चिरफार गरिएको 'मूल्याङ्कन'को चिरफार

**स.ज.मो. नेपाल (भट्टराई समूह) का केन्द्रीय सदस्यद्वारा मूल्याङ्कनलाई प्रत्युत्तर**

## अन्तर्क्रियाः के हो महाकालीको विकल्प ?

**जलस्रोतविद्हरु अजय दीक्षित, विकास पाण्डे र दीपक ज्ञवालीबीच सम्पन्न अन्तर्क्रियाको रिपोर्ट ।**

## अब पश्चिम सेतीको पनि 'कन्यादान' हुनेभयो !

**राष्ट्रिय योजना आयोगका पूर्व सदस्य वाई. वी. थापा र श्याम श्रेष्ठका विचारहरु !**

## स्थानीय निकायको चुनावः एक चिरफार


**हाम्रो मूल्याङ्कन** ३
**आवरण कथा**
यसरी मारिए
टुपाक आमारू छापामारहरू ६
**आँखीझ्याल**
भारतमा गरीबी चीनमा भन्दा बढी
जर्मनीमा धनी र गरीबको खाडल गहिरिँदैछ १७
**जीवनको झाँकी**
एउटा क्रान्तिकारी नेता, जसको हत्या प्रयास पटक पटक भयो (जर्मन कम्युनिष्ट नेता क. एर्नस्ट थेलमान) १८
**संघर्षको गाथा**
नेपालको पहिलो मजदूर आन्दोलन १६
**रोचक प्रसंग**
यसरी भुक्नु पऱ्यो राणा प्रधानमन्त्रीले १५
**प्रेरक प्रसंग**
प्रेमचन्दले सरकारी उपाधी लिएनन् २७
लेनिनको गाली ३१
**नीति/संस्कृति**
कालो भाले बोक्ने कि विज्ञानको झण्डा उठाउने ? -खगेन्द्र संग्रौला २६
**साहित्य**
दुई कथाहरू -विवश वस्ती २८
**अन्तर्क्रिया**
के हो महाकालीको विकल्प ? ३२
**घटना र प्रवृत्ति**
स्थानीय चुनावः एक चिरफार ४
पश्चिम सेती सम्झौताको चिरफार ३५
**आजको घटना/आजको विचार**
माओवादी जनयुद्धबारे मूल्याङ्कन मासिकलाई जवाफ २०
**विचार**
राजनीति सत्ताको फोहोरी खेल होइन -डा. महेश मास्के १४
**ग्रन्थ समीक्षा**
Studies in Nepali History and Society ३१
**विचारमंच**
नेपाली कम्युनिष्ट आन्दोलनका कमजोरी र त्रुटीहरू के के ? ४१
**पाठकको कुरो** ४२



आवरणमाः **बम बिस्फोटपछिको पेरुस्थित जापानी राजदूतावास** (इन्सेटमाः MRTA **का छापामारहरु बन्धक प्रकरणको तयारी गर्दै, एक छापामार, स्वीडेनमा भएको विरोध प्रदर्शनको एक दृश्य, दूतावासभित्र तीन छापामारहरु, क. नेस्टोर सेर्पा एक छापामारका साथ दूतावासभित्र, पेरुमा क्रियाशील** MRTA **का एक छापामार) इन्टरनेट** फोटोः Yomari inc./आवरण सज्जाः **माइक्रोचिप्स**/कलाकारहरूः **लक्ष्मण भूजेल, जि.डि. साह, यति आर्ट, पुतलीसडक**
कम्प्युटर सेटिङ्गः **सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर, पुतलीसडक, सम्पर्क फोनः ४२२७६९/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार**

## हाम्रो मूल्यांकन

# के हुनुपर्छ वाम जनप्रतिनिधिहरुको काम स्थानीय निकायहरुमा ?

देशका ३९१२ गाउँ विकास समिति र ५८ नगरपालिकाहरुमा हालै निर्वाचन सम्पन्न भएको छ । यसपटक लगभग सवा करोड मतदाताले करीब पौने दुई लाख जनप्रतिनिधिहरु छान्न आफ्नो मताधिकार प्रयोग गरेका छन् । त्यसमध्ये अहिलेसम्म तीन चौथाइ स्थानको परिणाम पनि घोषित भइसकेको छ । घोषित परिणामले देखाएको छ- नेपालको इतिहासमा पहिलो पटक स्थानीय निकायका बहुसंख्यक स्थानमा वाम पार्टीको टिकटमा चुनाव लडेकाहरु विजयी हुँदैछन् । यति धेरै स्थानमा यसअघि कहिल्यै वाम हालीमुहाली कायम हुन सकेको थिएन । त्यसमध्ये पनि कुल सीटको आधाआधीमा त एमाले एक्लैको आधिपत्य कायम भएको छ ।

जनताको शुरु दायित्व आफ्नो वारिस चुन्नु हो । त्यो भूमिका उनीहरुले निर्वाह गरिसकेका छन् । अब भूमिका निर्वाह गर्ने पालो आएको छ- चुनिएर जाने जनताका प्रतिनिधिहरुको र तिनलाई दिशाबोध गर्ने पार्टीहरुको ।

स्थानीय निकाय जनताको जीवनसंग प्रत्यक्ष रुपले सरोकार राख्ने जनप्रतिनिधिमूलक संस्था हो । यो केन्द्रीय सरकारको मातहतमा पूँजीवादी संविधानको चौहद्दीभित्र काम गर्नुपर्ने स्थानीय सरकार हो । त्यसैले यसले गर्न सक्ने र नसक्ने कामको स्पष्ट सीमा छन् । त्यो सीमाभित्र यसको केही स्वायत्त अधिकार पनि छ । योसित केही हदसम्म स्थानीय प्रशासन चलाउने अधिकार पनि छ । जनताको जीवनस्तरमा सुधार ल्याउनको लागि विकास निर्माणका योजनाहरु तर्जुमा गर्ने र कार्यान्वयन गर्ने हक पनि योसित छ । घर-छिमेकमा घट्ने सबैजसो साना ठूला मुद्दामा न्याय दिने हक पनि योसित छ । र, केही स्थानीय नियम विनियम र कर तोक्ने विधायिकाको अधिकार पनि योसित छ ।

यस परिप्रेक्ष्यमा स्थानीय निकायमार्फत् केही पनि गर्न सकिन्न भनेर सोच्नु त्यत्तिकै गलत हुनेछ, जति यसबाट सबैथोक हुन सक्छ भनेर सोच्नु ।

जनताहरु उन्नत जीवन र राहत खोजिरहेछन् । त्यो एक हदसम्म यहाँबाट हुन सम्भव छ । जनताहरु प्राथमिक न्याय खोजिरहेछन् । त्यो एक सीमासम्म यहाँबाट हुन सम्भव छ । जनताहरु भ्रष्टाचारमुक्त छिटो-छरितो स्थानीय प्रशासन खोजिरहेछन् । त्यो पनि यहाँबाट एक हदसम्म उपलब्ध हुन सम्भव छ ।

जनताहरु शोषण, अन्याय, अत्याचारबाट पूरै मुक्ति चाहन्छन् । त्यो यहाँबाट सम्भव छैन । जनताहरु गाँस-बाँस-कपासको ग्यारेण्टी चाहन्छन् । त्यो पनि यहाँबाट संभव छैन । जनताहरु आफ्नो जीवनस्थितिमा आमूल परिवर्तन चाहन्छन् । त्यो पनि यहाँबाट सम्भव छैन । यी सबैका लागि त क्रान्ति नै चाहिन्छ, क्रान्तिकारी बाटो नै चाहिन्छ ।

स्थानीय निकायमा राम्रा जनमुखी मान्छे परे भने जनतामाथि हुने शोषण, अन्याय र अत्याचारमा यो ढालसम्म भइदिन सक्छ । जनताको गाँस-बास-कपास पाउने संघर्ष र प्रयत्नमा दमन नगर्ने तर मद्दत गर्ने सहयोगीसम्म यो हुन सक्छ । र, जनताको क्रान्तिको चाहनामा हौस्याउने, तगारो नतेर्स्याउने ठाउँसम्म यो भइदिन सक्छ ।

निर्वाचित वाम जनप्रतिनिधिले वर्तमान स्थानीय निकायले गर्नसक्ने र नसक्ने यी सारा कामहरुबारे जनतालाई प्रष्टसित राखी दिन सक्नुपर्छ ताकि, उनीहरुमा स्थानीय निकायप्रति आवश्यकताभन्दा ज्यादा आशा र भरोसा नरहोस् । ताकि, यसैमा भर परेर उनीहरु सुन्दर सुखी जीवनको सपना नबुनून् ।

यिनै सीमाअन्तर्गत पनि स्थानीय निकायबाट जनता र प्रगतिको पक्षमा उल्लेखनीय काम हुन सक्छन् ।

यसबाट गाउँ-छिमेकमा निरक्षरता उन्मूलन गर्ने अभियान थालिनु सम्भव छ । जनताको जीवनमा हानिकारक असर पुऱ्याइरहेका कतिपय कुथिति, कुरीति उन्मूलन गर्ने साँस्कृतिक आन्दोलन चलाउन सम्भव छ । जनताको आलोचनात्मक चेतना जागृत गर्न अनेकौं विषयमा गोष्ठी, सभा, अन्तर्क्रिया कार्यक्रमहरु आयोजना गर्न सम्भव छ । यी कामहरु वाम जनप्रतिनिधिले आ-आफ्नो क्षेत्रमा गर्नु जरुरी छ ।

यसबाट जनताको जीवनस्तर माथि उठ्ने थुप्रै सुधारात्मक कामहरु पनि हुन सम्भव छ ।

स्वच्छ पानी, सरसफाइ, जरुरी खोपहरु, सामुदायिक शारीरिक अभ्यासको प्रबन्ध र स्वास्थ्य चेतना जागृत गर्ने काम मात्र गर्न सकेको खण्डमा पनि जनताको स्वास्थ्य स्थितिमा काफी सुधार आउन सम्भव छ ।

आधारभूत शीपको तालिम र सहकारी बचत कार्यक्रममार्फत् सानो सानो ऋणको प्रबन्ध गर्न सकेको खण्डमा जनताको स्वरोजगारी र रोजीरोटीमा ठूलो सुधार आउन सम्भव छ ।

बाटो, बिजुली, सिंचाई र संचार-विकासका यी चार मुख्य पूर्वाधारको निम्ति जन परिचालनद्वारा आफ्नो स्थानीय स्रोत र शक्तिको परिचालन गर्ने र राज्यसित पनि यसनिम्ति सहयोगका लागि संघर्ष गर्ने- काम यो ठाउँबाट हुन सम्भव छ । यसबाट स्थानीय जनताको उत्पादन क्षमता बढ्न सक्छ र उत्पादित वस्तुको निम्ति बजार पनि विकास हुन सक्छ ।

सहकारी खेती र सस्तो सहकारी पसलको निम्ति पनि स्थानीय निकायले प्रशस्त प्रोत्साहनकारी र संयोजनकारी भूमिका खेल्न सक्छन्, यसबाट जनताको जीवनमा काफी राहत हुन सक्छ ।

स्थानीय निकायमा चुनिएर गएका वाम जनप्रतिनिधिहरुले जनताको जीवनमा सुधार आउने यी र यस्ता कार्यक्रम संचालन गर्न संयोजनकारी अगुवाको भूमिका खेल्नु जरुरी छ । यसका निम्ति केन्द्र सरकारसित संघर्ष गर्न जनताको अगुवाई गर्ने दायित्व उनीहरुले निर्वाह गर्नु जरुरी छ ।

उनीहरुले खेल्नुपर्ने अर्को भूमिका हो- जनताको जीवनमा असर पर्ने कुनै पनि कर तय गर्दा वा नीति र कार्यक्रम तर्जुमा गर्दा जनता स्वयंलाई सहभागी गराउनु । जनसत्ता मजबूत पार्ने र जनतालाई हामी पनि आफ्नो भविष्य आफैं निर्माण गर्न सक्छौं भन्ने महसुस गराउने हो भने- नीति निर्णयमा उनीहरुलाई सहभागी गराउनै पर्छ ।

वाम जनप्रतिनिधिहरुले अर्को गर्नुपर्ने कुरा हो- भ्रष्टाचार र ढिलासुस्तीमुक्त प्रशासन एवं जनमुखी र सत्यमुखी न्याय ।

पारदर्शी प्रकारको हिसाब किताब प्रणालीको स्थापना गर्नमा र जनताको उजुरी एवं गुनासो प्रत्यक्ष रुपले सुन्ने परिपाटी खडा गर्नमा पनि उनीहरुको ध्यान जानु जरुरी छ । यिनै काम मात्र गर्न सकेको खण्डमा पनि स्थानीय निकायमा वामपन्थीहरुको उपस्थितिले जनतालाई राहत पुग्न जान सक्छ । क्रान्तिको प्रक्रियालाई पनि सहज र मजबूत पार्न मद्दत पुग्न सक्छ ।

एमाले र अन्य वामपार्टीहरुको झण्डामुनि आज चुनावमा उठेका र जितेका थुप्रै उम्मेदवारहरु वास्तवमा "उठ्न र जित्न" जम्मा भएका मात्र पनि छन् । वस्तुतः उनीहरु एमाले विचार वा अन्य वाम विचारको व्यक्ति नै बनिसकेका छैनन् । उनीहरुलाई वैचारिक प्रशिक्षण कसरी दिने ? यो पनि एमाले लगायत वाम पार्टीहरुका सामु रहेको एक गम्भीर चुनौति नै हो । ❑

## घटना र प्रवृत्ति

२०५४ सालको स्थानीय निकायको चुनाव शुरुदेखि अन्तसम्म एमालेमय भएको छ । करीब दश हजार वटा पद चुनावै नलडिकन निर्विरोध एमालेको पोल्टामा गएबाट यो प्रक्रिया प्रारम्भ भएको थियो । त्यसपछि जेठ ४ गते सम्पन्न पहिलो चरणको निर्वाचनभा पश्चिम नेपालका अधिकांश जिल्लामा एमालेले नेपाली कांग्रेसलाई पत्तासाफ पारिसकेको छ । पूर्वी र मध्य नेपालमा जेठ १३ गते सम्पन्न दोस्रो चरणको निर्वाचनले पनि छर्लङ्ग देखाइसकेको छ- यसपटक देशको आधाभन्दा बेसी गाविसहरूमा एमालेको एकलौटी गाउँ सरकार चल्नेछ, चारमा तीन (तीन चौथाई) नगरपालिकामा एमालेको शासन चल्नेछ र एकतिहाई जिल्लाहरूमा एमाले एक्लैको जिविस बन्नेछ ।

देशका ३९१२ गाविसको १ लाख ८८ हजार १० पदका निम्ति यस पटक

## स्थानीय चुनावको चिरफार

◉ यो चुनावको नतीजाले पार्टीहरूको स्थितिमा आएको परिवर्तन

◉ अब एमाले एक्लैले जिविस बनाउने जिल्लाहरू

◉ अन्य वाम पार्टीहरूको चुनावी स्थिति

**काठमाडौं महानगरपालिकाका नवनिर्वाचित मेयर क. केशव स्थापित**



एमालेमय स्थानीय चुनाव

# स्थानीय चुनावले कोरेको देशको भविष्य !

## कांग्रेस र राप्रपा दुबै एमालेको अप्रत्याशित उपलब्धिबाट त्राहीमाम भएका छन्

निर्वाचन प्रतिस्पर्धा भएको थियो। त्यसमध्ये अहिलेसम्म ७५ प्रतिशत स्थानको नतिजा घोषित भइसकेको छ। यसमा यो पंक्ति लेख्दासम्म एमालेले ७२ हजार ७८२ पदहरू आफ्नो पोल्टामा पारिसकेको छ। यो भनेको कुल पदको ५२ प्रतिशत हो।

देशका ५८ वटा नगरपालिकामध्ये अहिलेसम्म ४६ वटाको निर्वाचन परिणाम घोषित भएको छ। यसमध्ये ३६ वटा नगरपालिकाको हालीमुहाली एमालेको हातमा पारिसकेको छ। कांग्रेसले सिर्फ ५ वटामा आफ्नो वर्चश्व देखाउन सकेको छ। राप्रपा, सद्भावना र स्वतन्त्र मेयरहरू दुई-दुई ठाउँमा मात्र छानिएका छन्। मेयरको प्रतिस्पर्धामा कांग्रेसको तुलनामा ३५ हजारभन्दा बेसी मतको अन्तरसहित बहुचर्चित काठमाडौं महानगरपालिका यसपल्ट कांग्रेसको हातबाट एमालेको हातमा पुगेको छ। पाटनको नतिजा पनि लगभग यस्तै हुने पूर्वसंकेत अहिलेको चुनाव परिणामले देखाइरहेको छ र अन्य बाँकी नपाहरूमध्ये धेरैजसोमा यही घटना दोहोरिने लक्षण देखिएको छ।

अहिलेसम्म घोषित परिणामबाट २७ वटा जिल्लामा एमाले एक्लैको जिविस बन्ने पक्कापक्की भइसकेको छ। पहिले नेपाली कांग्रेसको बाहुल्य भएका पश्चिमाञ्चलका कास्की, गुल्मी, पाल्पा, अर्घाखाँची, स्याग्दी र पर्वत जिल्लाहरू अब एमाले एक्लैको जिविस बन्ने गरी उसको कब्जामा आएका छन्। मध्यपश्चिमाञ्चलका दाङ, मुगु, दैलेख, सुर्खेत र बर्दियाजस्ता जिल्लामा पनि कांग्रेसको पहिलेको जिल्ला-सत्ता गर्ल्याम्मै ढलेको छ र एमालेको एकलौटी वर्चश्व कायम भएको छ। सुदूर पश्चिमाञ्चलको बाजुरा, बझाङ, दार्चुला र कञ्चनपुरको अन्तरकथा पनि ठीक यस्तै छ। पूर्वाञ्चलका झापा, संखुवासभा र सोलुखुम्बु तथा मध्यमाञ्चलका दोलखा, रामेछाप, सिंधुली र चितवनमा पनि यही परिघटना घटिरहेछ।

अब पूरापूर घोषित गर्न बाँकी जिल्लाका निर्वाचन परिणामले संकेत गरिरहेछन्- एमाले एक्लैको जिविस बन्ने जिल्ला बढेर आधाभन्दा पनि अधिक हुन सक्छ। एमालेले अरूसित मिलेर बनाउने सम्भव जिविसको हिसाब गर्दा त कांग्रेससित दश वटा पनि जिविस बाँकी नबच्ने सम्भव छ।

कांग्रेसले आफ्नो वर्चश्व कायम भएका अत्यधिक जिल्लामा आफ्नो पकड गुमाएको छ। र, एउटै नयाँ जिल्लामा पनि आफ्नो प्रभुत्व थप्न सकेको छैन। यतिसम्म कि, मोरङ र सुनसरीमा समेत कांग्रेसको जिविस बन्ने लक्षण देखिएको छैन।

यस हिसाबले पाँच वर्ष अगाडिको स्थानीय निकायको चुनाव र अहिलेको चुनाव पूरापूर उल्टिएको छ। त्यतिखेर देशको ५० प्रतिशत गाविस पदहरू कांग्रेसको कब्जामा गएको थियो। र, सिर्फ २६ प्रतिशत अर्थात् एक चौथाई स्थानमा मात्र एमालेको हालीमुहाली रहेको थियो। अहिले पासा बिलकुलै पल्टिएको छ। कांग्रेसले पोल्ट्याएको भन्दा पनि बेसी स्थानहरूमा अहिले एमालेको पकड जमेको छ। र, कांग्रेस खुम्चिएर यो पंक्ति लेख्दासम्म ३० प्रतिशत पदहरूको मात्र भागीदार हुन आइपुगेको छ। गाविसका कुल ४३ हजार ४४३ पदहरू मात्र यतिखेरसम्म कांग्रेसको हातमा परेका छन्। नगरपालिकाहरूमा त कांग्रेस हदैसम्म बढारिएको छ।

रा.प्र.पा.ले पाँच वर्ष अघि गाविसको कुल पदमध्ये १० प्रतिशत स्थान आफ्नो मुट्ठीमा पार्न सकेको थियो। अहिले त्यसमा दुई प्रतिशत बृद्धि भएको छ। देशका कुल १८ हजार १४५ गाविस पदहरू यतिन्जेल उसको हातमा गएका छन्।

त्यतिखेर ५ प्रतिशत स्थान ओगट्न सफल संयुक्त जनमोर्चा, यसपल्ट हदै दुब्लाएको छ। दुई वर्षअघि भएको पार्टी फूट र २०५१ सालको मध्यावधि चुनावपछि संगठनको एउटा ठूलो हिस्सा एमालेमा मिल्न पुग्नाले उसको शक्तिमा जुन क्षय भयो, त्यो यो निर्वाचनमा प्रष्टसित अभिव्यक्त भएको छ। अहिले एक प्रतिशत स्थान पनि जनमोर्चाले हात पार्न सकेको देखिएको छैन। जनमोर्चाको बाहुल्य पनि यसपल्ट एमालेले नै खोसेको छ।

सद्भावनाको पकडमा पनि यसपल्ट शत प्रतिशत ह्रास भएको छ। पहिलेको चुनावमा तीन प्रतिशत स्थान लिन सफल सद्भावनाले यसपटक डेढ प्रतिशतमा चित्त बुझाउनु परेको छ। कुल १५४१४ स्थानमा मात्र सद्भावनाका मान्छेहरू चुनिएर जान सकेका छन्।

गएको संसदीय चुनावमा केही जिल्लामा आफ्नो शक्ति राम्रैसित प्रदर्शित गर्न सफल नेपाल मजदूर किसान पार्टीको पनि यो स्थानीय चुनावमा शक्तिक्षय भएको देखिएको छ। उसको शक्तिलाई स्वाहा पार्न एमाले ज्यूज्यान छोडेर लागेको देखिएको छ। यतिसम्म कि, भक्तपुरमा नेमकिपाको वर्चश्व खत्तम गर्न एमाले, कांग्रेस र राप्रपाजस्ता प्रतिक्रियावादी दुश्मन शक्तिसित समेत साँठगाँठ गर्न पछि परेन। भक्तपुर नपाको नतिजा आउन बाँकी छ। जुम्ला, कालिकोट, दैलेख, काभ्रे, भक्तपुर र काठमाडौं गरी यतिखेरसम्म उसले ४.९४ प्रतिशत पद हासिल गरेको उसको केन्द्रीय कार्यालयको दावी छ।

एमालेकै कारणबाट त्यही स्थिति नेकपा (मसाल) को पनि भएको छ। पहिले प्यूठानमा कायम भएको उसको प्रभुत्व यसपालि खस्केको छ। राष्ट्रिय जनमोर्चाका सांसद नवराज सुवेदीका अनुसार, मसालले यो पंक्ति लेख्दासम्म १७७८ स्थानमा विजय हासिल गरेको छ। स्मरणीय छ, बाग्लुङ, प्यूठान, अर्घाखाँची, गुल्मी, दाङ, तुलसीपुर, ललितपुर र कपिलवस्तुका गाविसहरूमा उसले चुनावमा प्रतिस्पर्धा गरेको थियो।

नेकपा माओवादीले भने यसपलट निर्वाचन बहिष्कार गरेको छ। त्यसको प्रभाव पश्चिम नेपालमा ७२ वटा गाविसहरूमा प्रत्यक्ष रूपमा परेको छ। ४२ वटा गाविसमा त निर्धारित तिथिमा एउटा पनि मनोनयन पत्र दर्ता हुन सकेन।

यसरी एमाले र राप्रपाबाहेक सबै राजनीतिक शक्तिहरूको शक्तिमा ह्रास आएको तथ्य यो चुनावले उद्घाटन गरेको छ। शक्तिक्षय हुने पार्टीमध्ये सबैभन्दा ठूलो पार्टी भएको छ- नेपाली कांग्रेस। उसको शक्तिमा त यस पटक चिताइनसक्नुको पहिरो गएको छ। कांग्रेस सबभन्दा बलवान भएको पश्चिम नेपालबाट ऊ यसपटक नराम्ररी बढारिएको छ। पश्चिम नेपालमा डोटी, कैलाली, डडेलधुरा, मनाङ, रूपन्देही, कपिलवस्तु, मुस्ताङ र बाग्लुङमा मात्र कांग्रेसी बाहुल्य बच्न सकेको छ।

उता, अरू सबैजसो पार्टीहरूको नोक्सानीको मूल्यमा पत्याइनसक्नु ढंगले माथि आएको छ- एमाले। पूर्व, पश्चिम, उत्तर, दक्षिण- सर्वत्र एमालेको हावाले डंका पिटेको छ। यस्तो देखिन्छ- यस पल्टको स्थानीय चुनाव भनेको एमालेको चक्रवर्ती प्रभुत्वको चुनाव हो। अब आउँदो पाँच वर्षको लागि बहुसंख्यक स्थानीय सरकारहरू एमालेको सोच र निर्णयबाट प्रभावित हुनेछन्।

बाँकी ४० पेजमा

### स्थानीय चुनावले पार्टीहरुको स्थितिमा ल्याएको परिवर्तन

| पार्टी | २०४९ सालको चुनावमा | | २०५४ सालको चुनावमा | |
|---|---|---|---|---|
| | हासिल पद | प्रतिशत | हासिल पद | प्रतिशत |
| नेपाली कांग्रेस | ४४५३९ | ५०.३ | ३८२१३ | २९.९६ |
| नेकपा एमाले | ११५५७ | २६.१ | ७२७८२ | ५१.७४ |
| राप्रपा | ४२९४ | ९.६९ | १८१४५ | १२.७९ |
| संयुक्त जनमोर्चा | २२४५ | ५.०७ | - | - |
| सद्भावना पार्टी | १३०९ | २.९५ | १५१४ | १.६ |
| स्वतन्त्र र अरुको | २५४९ | ५.४६ | ६५८० | ४.४४ |

# पेरुः यसरी मारिए टुपाक आमारु छापामारहरू !

## २२ अप्रिल, १९९७ ।

पेरूको वामपन्थी संगठन टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट (MRTA) का छापामारहरूद्वारा जापानी राजदूतावासमा ७२ जना जापानी, पेरूभियाली र बोलिभियाली कूटनीतिज्ञ, व्यापारी, मन्त्री, प्रहरी एवं सैनिक अधिकारीहरूलाई बन्धक बनाइएको कारणले सिर्जना भएको 'पेरू बन्धक काण्ड' ले १२६ औं दिनमा प्रवेश गरेको दिन !

२२ अप्रिल, विश्व सर्वहारा वर्गका महान नेता कमरेड लेनिन जन्मनु भएको दिन ! त्यसैले त्यस दिन बिहानै पेरू बन्धक काण्ड सिर्जना गर्ने टुपाक आमारू छापामारहरूले जापानी राजदूतावासभित्रै १२७ औं लेनिन-दिवस मनाए । क. लेनिनबाट पूँजीवाद र साम्राज्यवादविरोधी संघर्षको शिक्षा लिने घोषणाका साथ ती छापामारहरू दैनिक काममा लागे ।

उता टुपाक आमारू छापामारहरूका नेता क. नेस्टोर सेर्पाको क्रान्तिकारी गीत सुनेर ६ बजे नै उठेका बन्दीहरू रेडक्रसमार्फत् दैनिक रूपमा आउने चिया, कफी र रोल्ससहितको ब्रेकफास्ट खाएर सरसफाइ गर्नतिर लागे । दुई घण्टासम्म शारीरिक व्यायाम गरेपछि कुनै बन्दी आफ्ना जापानी साथीलाई स्पेनिश भाषा सिकाउनतिर त कुनै बन्दी लेख्न-पढ्न र चिठ्ठीहरू लेख्नतिर लागे, कोही चेस खेल्न र गिटार बजाउनतिर लागे ।

दिउँसो जापानी शैलीको लन्च खाएपछि बन्दीहरू आराम गर्न थाले भने बन्दी बनाउने टुपाक आमारू छापामारहरू केही क्षण आराम गरेर फुटबल खेल्न थाले । दूतावासको भुइँतल्लामा रहेको चौडा सोधपूछ कोठा (रिसेप्सन रूम) मा हतियार एकातिर थन्क्याएर क. नेस्टोर सेर्पा लगायत आठ जना छापामारहरू गलैंचाको टुक्रा बेरेर सानो बल बनाई 'फुलबिटो' अर्थात् फुच्चे फुटबल खेल्न थाले । क. सेर्पा लगायत सबै सिनियर छापामार नेताहरू र कार्यकर्ताहरू 'फुलबिटो' खेल्नमा यति व्यस्त थिए कि, उनीहरूलाई दूतावासभित्र र बाहिर के के षड्यन्त्रहरू भइरहेका छन् भन्ने कुराको कुनै हेक्का नै रहेन ।

तर उता राष्ट्रपति फुजिमोरी, उनका सैनिक, गुप्तचर तथा दूतावासभित्रका बन्दीहरू भने ती छापामारहरूका प्रत्येक पाइला पाइलामाथि गिद्देदृष्टि लगाउँदै बसिरहेका थिए । उनीहरूले पहिले नै सि.आई.ए. को सहयोगमा अँध्यारोमा पनि देख्न सकिने इन्फ्रारेड क्यामरायुक्त जासूसी प्लेनमार्फत् छापामारहरू, उनीहरूद्वारा विछ्याइएका भूमिबमहरू र बन्दीहरूको स्थितिको बारेमा जानकारी लिइसकेका थिए । त्यस्तै, उनीहरूले थर्मस, गिटार, किताबमा राखेर दूतावासभित्र घुसाएका ११ वटाभन्दा बेसी सलाईका काँटीहरूभन्दा स-साना तर शक्तिशाली माइक्रोफोनहरूमार्फत् बन्दी बनाइएका सैनिक र प्रहरी कमाण्डरहरूसंग दोहोरो सम्बन्ध राखेर छापामारहरूका चालचलन र दैनिक गतिविधिहरू सबै पहिले नै थाहा पाइसकेका थिए ।


२२ अप्रिल का दिन पनि क. नेस्टोर सेर्पासहित आठ जना छापामारहरू फुटबल खेल्न थालेका र हाँस्न-कराउन थालेकै बेला माथि बन्दीको रूपमा रहिरहेका सैनिक र प्रहरी कमाण्डरहरूले फुजिमोरीका सैनिकहरूसंग माइक्रोफोनद्वारा सम्पर्क गरे । टोकियो शिन्बून पत्रिकाका अनुसार, दिउँसो ३ बजेतिर गश्तीमा रहेका छापामारको आँखा छली छलीकन बन्दी रहेका जलसेनाका उपप्रमुख लुइस जियाम्पियत्री रोजाजले फुजिमोरीका कमाण्डो सैनिकहरूलाई छापामारहरूको यथार्थ विवरण दिए- **'तिनीहरुमध्ये ८ जना छापामारहरु फुटबल खेलिरहेका छन्, साथमा सेर्पा पनि खेलिरहेका छन् ।'**

त्यसबेला अरू तीन जना छापामारहरू फुटबल हेरिरहेका थिए भने एउटी किशोरी छापामार अगाडिको ढोकामा पाले बसिरहेकी थिइन् । एक जना युवा छापामार माथिल्लो तल्लामा बन्दीहरूबीच गश्ती गरिरहेका थिए । अर्का एक जना छापामार नेता तितो क्रुज दूतावासमा आक्रमण गरेको बेलादेखि नै घाइते भएको कारणले आराम गरिरहेका थिए ।

छापामारहरूको यस स्थितिको बारेमा सूचना पाएपछि फुजिमोरीका कमाण्डोहरू सतर्क र सजग हुन थाले । ती कमाण्डोहरूलाई परिचालन गरिरहेका अमेरिकी गुप्तचर विभाग- फेडरल ब्यूरो अफ इन्भेस्टिगेशन (FBI) का भू.पू. अधिकृत बब तौबर्टले कमाण्डोहरू र फुजिमोरीसंग सम्पर्क गरे । दूतावासभित्र आक्रमण गरी बन्दीहरूलाई मुक्त गर्न र छापामारहरूलाई सखाप पार्नका लागि आवश्यक सम्पूर्ण स्थिति मिलेको रिपोर्ट वायरलेसबाट पाएपछि फुजिमोरीले ३ बजेर १७ मिनेट जाँदा कमाण्डोहरूलाई आदेश दिए- **'आक्रमण गर !'**

त्यसबेलासम्म फुजिमोरीले अमेरिकी गुप्तचर अधिकारीहरूद्वारा प्रशिक्षित १४० जना कमाण्डोहरूलाई दूतावासभित्र पस्ने ५ वटा सुरूङहरूमा दुई दिन अघिदेखि नै तैनाथ गरी राखिसकेका थिए । ती कमाण्डोहरूलाई दूतावासभित्र आक्रमण






# बन्धक काण्डको त्रासद अन्त्य

◆ राजेन्द्र महर्जन

क. सेर्पा र अन्य एक जना छापामारको लाश हेर्दै फुजिमोरी



## 'हामी फुजिमोरीको विजयलाई क्षणिक साबित गर्नेछौं !'

**टुपाक आमारुका यूरोप-प्रवक्तासँग लिइएको ताजा अन्तर्वार्ता**

- टुपाक आमारूको महत्त्वपूर्ण वक्तव्य !
- **टुपाक आमारु छापामारहरुलाई सखाप पार्न फुजिमोरी र सि.आई.ए.ले कसरी तयारी गरे ?**
- टुपाक आमारूहरूका कमी-कमजोरी र गल्तीहरू के के थिए ?
- **के टुपाक आमारु मासिए त ?**



गर्न लगाउनुभन्दा १० मिनेट अगाडि नै बब तौबर्टले बन्दी नौसैनिक अफिसर लुइस जियाम्पियत्री रोजाजलाई माइक्रोफोनबाट खबर गरे- **"हामी तिमीहरुलाई तीन मिनेटमा मुक्त गर्दैछौं !"**

कमाण्डोकै आदेशमा बन्दीहरूले छापामारहरूको भन्दा फरक र छुट्टिने खालका हल्का रंगका लुगाहरू लगाउने, सकेसम्म घोप्टो परेर आफ्नो शरीर कम्बल आदिले छोपेर बस्ने, हलचल-भागदौड नगर्ने र कमाण्डोहरूलाई पस्न सजिलो हुने गरी बल्कोनीको ढोका खोल्ने काम गरेका थिए ।

तर, कस्तो विडम्बना भने, फुजिमोरीका यी सबै खतरनाक चालहरूबाट अनभिज्ञ छापामारहरू 'फुटबल' खेल मस्तीसंग खेलिरहेका थिए । र उनीहरूले फुटबल खेलमा झुम्दै 'गोऽऽल' भनेर कराइरहेकै बखत, ठीक ३.३० बजे दूतावासमुनि सुरूङहरूबाट पसेका फुजिमोरीका कमाण्डोहरूले फुटबल मैदान भइरहेको कोठामै सुरूङको मुख खोल्न अचानक प्लास्टिक बम बिस्फोट गरे । यही प्लास्टिक बम बिस्फोटमा परी फुटबल खेलिरहेका पाँच जना छापामारहरू त्यहीं ठहरै मरे । बचेका छापामारहरूले आ-आफ्ना हतियार टिप्दै भरेङ चढ्दै सुरूङबाट भटाभट निस्केका कमाण्डोहरूको प्रतिकार गर्न थाले ।

त्यसबेलासम्ममा फुजिमोरीका कमाण्डो दस्ताका केही सैनिकहरूले दूतासाबासको मूल ढोकाबाट र छिमेकी घरहरूबाट दूतावासभित्र छिरेर जमीन र छतमा एवं चारैतिर पोजिशन लिइसकेका थिए । दूतावास बाहिर पनि चारैतिर सैनिकहरूले बख्तरबन्द गाडीका साथ दूतावासलाई पूरै घेरिसकेका थिए । यसका साथै दूतावास भवनभित्रै पनि पाँचवटै भूमिगत सुरूङका विभिन्न मुखहरू प्लास्टिक बमहरूले उडाउँदै निस्केका सैनिकहरूले पूर्व निर्धारित ठाउँहरूमा पोजिशन लिँदै, ढोकाहरू फोर्दै छापामारहरूमाथि गोली बर्साउन थाले ।

अत्यन्त नाटकीय र अप्रत्याशित ढंगले गरिएको यस आक्रमणबाट दूतावास युद्धस्थलमा परिणत भयो । आक्रमण-प्रत्याक्रमणको क्रममा कमाण्डो एवं छापामारहरूको मेशिनगनबाट निकेको गोली प्रहारको आवाजले थर्किएको दूतावास अमेरिकामा निर्मित दर्जनौं बमहरूको बिस्फोटले गर्दा निस्केको धूलो-धुँवाले नराम्ररी छोपियो ।

अप्रत्याशित आक्रमणका कारणले केही क्षण रन्थनिएका छापामारहरूले पनि प्रत्याक्रमणको क्रममा हातहतियार सम्हाल्दै गोली चलाउन थाले । सोधपूछ कोठामा पहिलो बम बिस्फोट भएपछि सुरूङबाट निस्केका सैनिकहरूमाथि क. सेर्पा लगायत त्यहाँ बाँकी रहेका छापामारहरू गोली बर्साउँदै माथिल्लो कोठातिर दौड्न थाले । क. सेर्पाले एक जना आक्रमणकारी सैनिकलाई आफ्नो गोलीले भुटे । तर माथि भाग्दाभाग्दै भरेङमा उनको पिँठ्यू र टाउकोमा अनगिन्ती गोली लाग्यो र त्यही भरेङमै **'हामीलाई जबर्जस्ती स्वाहा.... पारियो...... !'** भन्दाभन्दै उनी डङ्ग्रङ्ग ढले ! उनीसँगै अर्का एक जना छापामार पनि सैनिकहरूको प्रतिकारमा गोली चलाउँदा चलाउँदै ढले !

माथिल्लो तल्लामा रहेका र भुइँतल्लाबाट माथि भाग्न सफल छापामारहरूले आफ्नो AK-47 राइफलले आक्रमणकारीहरूमाथि भटाभट गोली प्रहार गर्न थाले । बाल्कोनीबाट छिरिरहेका कमाण्डोहरूमाथि गोली बर्साएर छापामारहरूले स्क्वाड लिडर लेफ्टिनेन्ट कर्णेल जुआँ भालेरलाई मृत्युको मुखमा पुऱ्याइदिए । छापामारहरू कै गोली लागेर पेरूभियाली विदेशमन्त्री फ्रान्सिस्को तुदेला घाइते भए । र, अन्य २५ जनाभन्दा बेसी बन्दीहरू घाइते भए । तर छापामारहरूभन्दा निकै ठूलो संख्यामा पसेका कमाण्डोहरूले छापामारहरूको भटाभट हत्या गर्न थाले ।

उता माथिल्ली तल्लाकै अर्को कोठामा रहेका छापामारले सर्वोच्च अदालतका न्यायाधीश कार्लोस गुइस्टी अकुनामाथि गोली प्रहार गर्नुका साथै दोहोरो भिडन्तमा लेफ्टिनेन्ट राउल जिमिनेज सालाजारलाई पनि मृत्युको घाटमा पुऱ्याए । एक जना छापामारले पेरूभियाली कृषिमन्त्री रोडोल्फो मुनान्ते लगायत अन्य बन्दीहरू लुकिरहेको कोठाभित्र पसी आफ्नो राइफल सोझ्याइसकेका पनि थिए । तर किन हो कुन्नि, आफ्नो मूड परिवर्तन गरेर उनी ती बन्दीहरूमाथि गोली नबर्साइकनै बाहिर निस्के । उनी बाहिर निस्केका मात्रै के थिए, कमाण्डोहरूको सैयौं गोली लागेर उनी तुरून्तै त्यहीं ढले ।

पेरूभियाली र जापानी अखबारहरूले पूर्व बन्दीहरूको भनाइलाई उद्धृत गर्दै लेखेका छन्- आफ्ना अधिकांश कमरेडहरू मारिएपछि र गिरफ्तार भएपछि दुई जना किशोरी छापामारहरूले **'हामी आत्मसमर्पण गर्छौं ! हामी आत्मसमर्पण गर्छौं !'** भनेका थिए । La Republica का अनुसार, गिटारहरूमा घुसाइएका माइक्रोफोनहरूले ती दुबै किशोरीहरूको चित्कार बाहिर प्रसारण गरिरहेका थिए, र ती चित्कारहरू गुप्तचर सेवाले टिपेको पनि बताइएको छ । तर कमाण्डोहरूले आत्मसर्पण गर्न खोज्ने १६ वर्षीया मारिया होयोस र १७ वर्षीया गियाभान्ना इस्मेराल्दा नामक ती दुबै किशोरीहरूको टाउको र छातीमा पाँच सय वटाभन्दा बेसी गोली दागेर आफ्नो राक्षसी अनुहार प्रकट गरे ।

भनिन्छ, कमाणडोहरूले प्रत्येक छापामारहरूको शरीरमा पाँच सय-पाँच सयभन्दा बढी गोली प्रहार गरेका थिए । प्रत्येक पल्ट ओहोर-दोहोर गर्दा गोली लागेर मरिसकेका छापामारहरूको लाशमाथि उनीहरूले पटक-पटक सैयौं गोली बर्साएर लाशलाई क्षत-विक्षत नै पारेर चिन्नै नसकिने बनाएका थिए ।

प्रसिद्ध जापानी अखबार आशाही शिन्बुनका अनुसार, पेरू बन्धक काण्डमा शुरूदेखि नै घाइते भएर बसिरहेका 'तितो' क्रुज र अर्का एक जना छापामारलाई पनि कमाण्डोहरूले निशस्त्र रहेकै अवस्था गिरफ्तार गरेका थिए । उनीहरूलाई हातखुट्टामा बाँधेर बाहिर चौरमा लगेर निर्वस्त्र पारिएको थियो र पछि पर्खालनेर लडाएर नजिकबाटै सयौं गोली हानी हत्या गरिएको दृश्य पनि बन्दीहरूले देखेका थिए ।

La Republica का अनुसार, छापामारहरूले आफ्नो बन्दूक तल झारेर गाली चलाउन बन्द गर्दा पनि उनीहरूमाथि स्वचालित राइफलले अन्धाधुन्ध प्रहार गरी हत्या गरिएकोमा पूर्व बन्धक तथा पेरूका कृषिमन्त्री मुनान्तेले दुःख व्यक्त गरेका थिए ।

यसरी झण्डै ४० मिनेटको आक्रमण-प्रत्याक्रमणपछि फुजिमोरीका कमाण्डोहरूले दूतावास कब्जा गरिरहेका टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्टका सबै छापामारहरूको विभत्स हत्या गरे, र ७१ जना बन्दीलाई मुक्त गरे । आफ्नो लक्ष्यमा सफल भएपछि कमाण्डोहरूले छापामार हरूका रगताम्य लाशहरूमाथि जथाभावी कुल्चँदै दूतावासको छतमा गएर विजयको प्रतीक 'V' संकेत गर्दै छापामारहरूद्वारा पहिलेदेखि नै गाडिएको रातो झण्डा च्याते ।

विजयले गर्दा उन्मत्त भएका कमाण्डोहरूलाई बधाइ दिनका लागि यस नरसंहारका नाइके अल्बर्टो फुजिमोरी बुलेटप्रुफ लुगा लगाउँदै त्यहाँ तुरून्तै आइपुगे । लाउड स्पीकरबाट विजय धून बजाउँदै विजयोत्सव मनाइरहेकै बेला फुजिमोरीले सबै बन्धकहरूलाई भेट्नुका साथै दूतावासभित्र निरीक्षण गर्दै भाषणसमेत दिए । उनले 'आतंकवादीहरू'को हातमा पेरूलाई कहिल्यै पनि पर्न नदिने घोषणा गर्दै बन्धक प्रकरण 'शान्तिपूर्ण ढंगले' समाधान भएकोमा खुशी व्यक्त गरे ।

र, यसरी पेरूमा जापानी सम्राट अकिहितोको जन्मदिनदेखि शुरू भएको बन्दी प्रकरण १२६ दिनपछि लेनिनको जन्मदिवसका दिन अत्यन्त नाटकीय, अप्रत्याशित र विभत्स ढंगले समाप्त भयो । फुजिमोरी र फुजिमोरीजस्ता पूँजीवादीहरूका लागि 'शान्तिपूर्ण ढंग'ले समाप्त भएको यो बन्धक प्रकरण फुजिमोरीको हिंस्रक अनुहार पुनः प्रदर्शन भएको हिसाबले मात्रै महत्वपूर्ण साबित भएको होइन, यो प्रकरण देश र जनताका मुक्तिका लागि लडिरहेका टुपाक आमारू रिभोल्युशनरी मुभमेन्टका सबल

र दुर्बल पक्षहरू उजागर भएको कारणले पनि अर्थपूर्ण र शिक्षाप्रद देखिन्छ ।

पूँजीवादी र साम्राज्यवादीहरूले आफ्ना साध्य पूरा गर्नका लागि कतिसम्म घिनलाग्दा र अनैतिक साधन र कार्यशैलीसम्म अप्नाउँदारहेछन् भन्ने कुरा बुझ्नका लागि पेरू बन्धक काण्डको चिरफार गर्नु जरूरी देखिन्छ ।

## फुजिमोरीले दूतावासमाथि आक्रमणको तयारी यसरी गरे !

पेरूको सन्दर्भमा हत्या, षड्यन्त्र, अपराधको अर्को नाउँ हो- फुजिमोरी ! टुपाक आमारू छापामारहरूद्वारा जापानी राजदूतावासमा ५०० भन्दा बेसी देशी विदेशी कूटनीतिज्ञहरूलाई बन्धक बनाएको लगत्तै फुजिमोरीले षड्यन्त्रको लामो तानावाना बुन्न थालेका थिए । यसमा ब्रिटेन, जर्मनी, इजरायल र विशेषतः अमेरिकाको सहयोग र नीति निर्देशन रहेका तथ्यहरू प्रकाशमा आइरहेका छन् । टुपाक आमारू छापामारहरूविरूद्ध सैनिक शक्ति प्रयोग गर्नुपर्ने विचार सार्वजनिक रूपमा पोस्ने यी सबै साम्राज्यवादी देशहरूको नीति-निर्देशन र सहयोग नपाएको भए फुजिमोरीले यति ठूलो आँट गर्नु कठीन थियो ।

फुजिमोरीले बाहिर बाहिर बन्धक समस्या शान्तिपूर्ण ढंगले समाधान गर्नुपर्ने र छापामारहरूमाथि दमन नगरिने विचार पोस्दै टुपाक आमारूहरूसंग वार्ता गरेको नाटक पनि गर्दैथिए । तर नेपथ्यमा भने उनले छापामारहरूमाथि दमन गर्नका लागि आवश्यक सम्पूर्ण तयारी गर्न थालेका थिए । ह्वाइटहाउसका प्रवक्ता माइकल म्याक्करीका अनुसार, बन्धक काण्ड भएको लगत्तै अमेरिकी सैनिक सल्लाहकारहरू र डेल्टा फोर्सका सैनिकहरू हत्तारिएर पेरूको राजधानी लिमातर्फ उडेका थिए । त्यस्तै- ब्रिटेन, जर्मनी र इजरायलका छापामार युद्ध-विशेषज्ञहरू पनि लिमातिर दौडेको थिए ।

यिनै पूँजीवादी देशहरू र त्यहाँका सैनिक सल्लाहकारहरू एवं विशेषज्ञहरूकै नीति-निर्देशनमा फुजिमोरीका सैनिक र गुप्तचरहरूले शुरूदेखि नै छापामारहरूको जासूसी गर्न थालेका थिए । बन्धक प्रकरणको शुरूको दिनमा घाइते भएका टुपाक आमारूका एक नेता 'तितो' क्रुजलाई रेडक्रसले ल्याइदिएको बैशाखीमा अत्यन्त सानो माइक्रोफौन लुकाएर छापामारहरूको जासूसी गर्न थालिएको थियो । (Contrapunto TV News Program)

पेरूभियाली सैनिक अधिकारीहरूका अनुसार, दोहोरो कुराकानी गर्न सकिने यी माइक्रोफोनहरू अमेरिकी गुप्तचर विभाग सी. आई. ए.ले सप्लाई गरेको थियो ('टाइम') । यी माइक्रोफोनहरू छापामारहरूको दैनिक कृयाकलापहरूको जानकारी प्राप्त गर्न र बन्दी जीवन बिताइरहेका सैनिक र प्रहरी कमाण्डरहरूसंग सम्पर्क गर्न निकै उपयोगी साबित भए । त्यसपछि, कम्तीमा ११ वटा जति त्यस्ता माइक्रोफोनहरू दूतावासभित्र



**'सेर्पालाई के लागेको थियो भने- समस्या भनेको दूतावासभित्र छैन, त्यो बाहिर छ । यही नै उनको सबैभन्दा ठूलो र महत्त्वपूर्ण गल्ती हो ।'**

गुप्तरूपले छिराइएको थियो । विशेष गरी त्यस्ता माइक्रोफोनहरू बन्दीहरूका लागि भनी पठाइएका बाइबलका किताब, गिटार, चेसका गोटीहरू र थर्मस आदि व्यक्तिगत वस्तुहरूभित्र फिट गरेर पठाइएका थिए । दुई वटा गिटार त किशोरी छापमारहरूको गिटार बजाउन सिक्ने रूचिलाई ध्यानमा राखेर बाहिरबाट मगाइएको थियो । अर्कोतिर, बन्दी सैनिक अधिकारीहरूले बाइबलसँगै माइक्रोफोन मगाएर भित्रका सबै जानकारीहरू बाहिर पठाउन महत्वपूर्ण भूमिका खेलेका थिए । एक रिपोर्टअनुसार, जिसस क्राइस्टको चित्रभित्र र खानेकुराभित्र लुकाएर पनि यस्ता माइक्रोफोनहरू र सूक्ष्म उपकरणहरू भित्र पठाइएको थियो । त्यस्तै, दूतावासको खानेपानीको पाइपभित्र पनि यस किसिमका सूक्ष्म उपकरणहरू पहिलेदेखि नै जडान गरिएका थिए ।

यस्तो काममा बन्दीहरूको उपचार गर्न जाने सरकारी डाक्टर, खाना, लत्ताकपडा र अन्य अत्यावश्यक बस्तुहरू पुर्‍याउन जाने रेडक्रसका अधिकारीहरूले विशेष भूमिका खेलेको आशंका गरिएको छ ।

दूतावासभित्रको स्थिति बुझ्नका लागि अमेरिकी गुप्तचर विभाग सी.आई.ए.को जासूसी प्लेन पनि प्रयोग गरिएको जानकारी प्राप्त भएको छ । Aviation Week का अनुसार, टिभी क्यामेरा र इन्फ्रारेड क्यामेरा जडान भएको सी. आई. ए.को स्कवेइजर RG- 84 नामक जासूसी प्लेन कूटनीतिज्ञहरूको आवासमाथि पनि अनैतिक ढंगले उडाएर बन्दीहरू, छापामारहरू, उनीहरूका हतियार र पर्खालि वरिपरि बिछ्याइएका भूमिबमहरूको यथार्थ स्थितिको जानकारी लिइएको थियो ।

यी उच्चस्तरका वैज्ञानिक र जासूसी उपकरणहरूका साथमा फुजिमोरीका सैनिकहरूले दूतावासबाट कन्टेनरमा फ्याँकिने फोहोरहरू समेत संकलन गरेर छापामारहरूको योजना पत्ता लगाएका थिए । उनीहरूले पेरिस्कोप, माइक्रोफोन, सूक्ष्म उपकरणहरू, जासूसी प्लेनहरू प्रयोग गरेर दूतावासभित्र भइरहेका सबै गतिविधिहरूको जानकारी प्राप्त गरेका थिए । कतिसम्म भने, छापामारहरूका व्यक्तिगत स्वभाव र सोखसमेत उनीहरूले थाहा पाएका थिए । सैनिकहरूका अनुसार, खासगरी छापामारहरू राति आक्रमण हुने आशंकाले रातभरि जागा रहने गर्थे र दिउँसोको समयमा बेसी आराम गर्ने गर्थे । धेरैजसो छापामारहरू फुटबल खेल्थे । दुई वटी किशोरी छापामारहरूमा गिटार बजाउने र फिल्म हेर्ने सौख थियो ।

यसरी जासूसी गर्ने कार्यमा आठ जना बन्दी सैनिक र प्रहरी कमाण्डरहरूले बाहिर रहेका फुजिमोरीका कमाण्डोहरूसँग निरन्तर सम्पर्क राखेर विशेष भूमिका खेलेका थिए । पालो बसिरहेका छापामारहरू नभएको र आराम गरिरहेको मौका छोपेर तिनीहरूले माइक्रोफोनबाट बाहिर सम्पर्क गर्ने र सैनिक कारवाहीका लागि आवश्यक सम्पूर्ण सूचनाहरू बाहिर पठाउने काम निरन्तर जारी राखेका थिए ।

## संघर्ष जारी रहनेछ !



**टुपाक आमारू रिभोल्युशनरी मुभमेन्टको राष्ट्रिय संचालक समितिद्वारा जारी तत्कालै गरिएको विशेष वक्तव्य**

**१९९७, अप्रिल २२ का दिन** दिउँसो ३ बजे जापानी राजदूतावासमाथि सैनिक र प्रहरीहरूको कमाण्डोले आक्रमण गरेर हाम्रो कमाण्डोका सबै सदस्यहरू र एक जना अर्को व्यक्तिको हत्या भएको रिपोर्ट छ । यसै सन्दर्भमा टुपाक आमारू रिभोल्युशनरी मुभमेन्टको राष्ट्रिय संचालक समिति (National Directorate of the Tupac Amaru Revolutionary Movement-MRTA) अन्तर्राष्ट्रिय समुदाय समक्ष निम्नलिखित कुराहरू अवगत गराउन चाहन्छः

(१) अल्बर्टो फुजिमोरीको आतंकवादी शासनले जापानी र उत्तरी अमेरिकी सरकारको आदेशअनुसार जनताका सर्वोत्तम सुपुत्र-सुपुत्रीहरूका विरूद्ध फेरि एउटा नयाँ अपराध गरेको छ ।

(२) एकपक्षीय रूपमा भएको लडाइँमा हाम्रो एड्गर साञ्चेज कमाण्डोका सदस्यहरूले टुपाक आमारूवादी (Tupac Amaristas) उच्च नैतिकता र दृढता प्रदर्शन गर्दै 'विजय या मृत्यु' को निर्णयलाई साकार पार्नु भएको छ । उहाँहरूले हाम्रा जनतामाथि उत्पीडन र विपत्ति थोपर्ने नव उदारवादका विरूद्धमा र हाम्रा जनताको मुक्तिको पक्षमा लड्दा लड्दै शहादत प्राप्त गर्नु भयो ।

(३) कमाण्डर नेस्टोर सेर्पा र एड्गर साञ्चेज कमाण्डोका सदस्यहरूको निर्मम हत्या गरेर नरसंहारकारी फुजिमोरी शासनले हाम्रो देशका जनता र अन्तर्राष्ट्रिय समुदायलाई फेरि एक चोटी टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट समाप्त हुन लागेको विश्वास दिलाउन खोजिरहेको छ ।

(४) हामी, टुपाक आमारूवादीहरू, हत्या गरिएका हाम्रा दाजु-भाइ तथा दिदी बहिनीहरूको सम्मानमा हाम्रो रातो झण्डा तल झुकाउछौं र सामाजिक न्यायसहितको शान्तिपूर्ण समाजव्यवस्था निर्माण गर्नका लागि चलिरहेको लडाइँलाई अझ मजबूतीका साथ निरन्तर अगाडि बढाउनको लागि दृढ सङ्कल्प गर्दछौं ।

(५) हाम्रो देशका सम्पूर्ण जनता र देशभरि छरिएर रहेका हाम्रा लडाकूहरूलाई के भन्न चाहन्छौं भने- एड्गर साञ्चेज कमाण्डोका सदस्यहरू मर्नु भएको छैन, उहाँहरूले वीर-वीरंगनाको स्तर प्राप्त गर्नु भएको छ, उहाँहरू हाम्रा प्रत्येक संघर्ष र कारवाहीहरूमा हामीसंग हुनुहुनेछ । टुपाक आमारूको देशका जनताबाट निस्केका श्रमिकहरूका कमाण्डरहरूले आफ्नो सम्पूर्ण मानवीय क्षमतालाई समेटेर नरसंहारकारी सैनिक जनरलहरूको गालामा थप्पड हान्नु भएको छ, यो थप्पड उनीहरूले कदापि सहन सक्ने छैनन् ।

**कमाण्डर नेस्टोर सेर्पा कार्टोलिनी... अमर रहुन् ! तपाई हाम्रो संझनामा सदासर्वदा रहनु हुनेछ !!**

**एड्गर साञ्चेज कमाण्डो...... अमर रहोस् ! हजार पटक सम्झना !!**

**टुपाक आमारुका जनताले नवउदार मोडल र राज्य आतंकवादविरुद्ध आफ्नो संघर्षलाई निरन्तर जारी राख्नेछन् !**

**जनताले कदापि आत्मसमर्पण गर्ने छैनन् !**

**न समर्पण न पराजय...... संघर्ष जारी रहनेछ !**

MRTA *को नेशनल डाइरेक्टोरेट*

*अप्रिल २२, १९९७*

## अमेरिकी संलग्नता

पेरूको मामिलामा पहिलेदेखि नीति-निर्देशकको भूमिका खेल्दै आइरहेको अमेरिकाको साम्राज्यवादी पञ्जाबाट वर्तमान बन्धक प्रकरण पनि मुक्त नरहेको कुरो त माथि नै छर्लङ्ग भइसकेको छ । अमेरिकाले छापामारहरुको जासूसी गर्नका लागि ससाना माइक्रोफोनहरू, अन्य सूक्ष्म उपकरणहरू, प्लाष्टिक बमहरू, पेरिस्कोपहरूका साथै जासूसी प्लेनसमेत उपलब्ध गराएको तथ्य पनि प्रमाणित भइसकेको छ ।

यहाँ अर्को उल्लेखनीय कुरा के देखिन्छ भने, राजदूतावासभित्रका छापामारहरूमाथि अप्रत्याशित ढंगले आक्रमण गर्ने फुजिमोरीका कमाण्डोहरूलाई प्रशिक्षण दिने काम पनि अमेरिकाले नै गरेको थियो । यस आक्रमणको क्रममा दूतावास वरिपरि बसेर कमाण्डोहरूलाई नीति-निर्देशन दिने अमेरिकी गुप्तचर विभाग एफ.बी.आई. का पूर्व एजेन्ट बब के. तौबर्टले सी.एन.एन.सँग कुराकानी गर्दै कमाण्डोहरूलाई अमेरिकी भूमिमा छापामारविरोधी अमेरिकी विशेषज्ञहरूद्वारा प्रशिक्षण दिएको कुरा बताएका छन् ।

उक्त प्रशिक्षणमा आफैं पनि सहभागी भएका तौबर्टका अनुसार, बन्धक प्रकरण शुरू हुनासाथ नै पेरूको प्रहरी, स्थल, जल र हवाइ सेनाका चुनिएका लडाकुहरूलाई अमेरिकी सरकारको स्टेट डिपार्टमेन्टद्वारा संचालित कार्यक्रमअन्तर्गत डिसेम्बरदेखि जनवरीसम्म पाँच हप्ते सैनिक प्रशिक्षण दिइएको थियो ।

यी सम्पूर्ण काम कार्वाहीका -मास्टरमाइण्ड थिए- पेरूका गुप्तचर प्रमुख इभान म्लादिमीरो मोण्टेसिनोस । न्यूयोर्क टाइम्सका अनुसार, अमेरिकी सरकार र सि.आई.ए. संग विशेष सम्बन्ध भएका मोण्टेसिनोसले नै दूतावासमा बन्दी छुट्टाउन आक्रमण गर्ने योजनाको डिजाइन गरेका थिए ।


खानी-मजदूरहरू र खानीसम्बन्धी विशेषज्ञहरूका लागि धनी मुलुक पेरूमा फुजिमोरी सरकारले टुपाक आमारू विद्रोहीहरूलाई मार्नका लागि ५ वटा सुरूङहरू खन्न लगाएको थियो । दूतावास वरिपरिका घरहरूबाट दूतावासभित्रसम्म सुरूङहरू खन्नका लागि सरकारी स्वामित्वमा रहेको सेन्ट्रोमिन माइनिङ कम्पनीले ६० जना खानी-मजदूरहरू र इन्जिनियरहरूलाई पुस महिनाको तेस्रो हप्तादेखि नै रातोदिन काममा लगाएको थियो । दुई महिनाको मिहेनतपछि तयार भएका ती करीब डेढ मिटर अग्ला, काठका बीमहरूले टेवा दिइएका पाँचवटै सुरूङभित्र पानी, बिजुली, संचारका साधनहरू एयरकण्डिशन जडान गरिनुका साथै खाद्यान्न र हातहतियार लुकाउने व्यवस्था पनि गरिएको थियो ।

आजभन्दा २५ सय वर्ष अगाडि उत्तरी इन्का क्षेत्रमा निर्मित 'चाभिन डे हुआन्तार' नामक आकर्षक र विशाल सुरूङको नाममा राखिएको यो सैनिक अप्रेशनमा १९० मिटर लामो यो सुरूङले अत्यन्त महत्वपूर्ण भूमिका खेलेको थियो ।

स्मरणीय के छ भने, बन्धक प्रकरणको फौजी समाधान गर्न फुजिमोरीको लागि सबैभन्दा महत्वपूर्ण साबित भएको सुरूङ्ग खन्ने खानी-मजदूर-हरू अझैसम्म लापत्ता रहेको बुझिएको छ । उनीहरूलाई फुजिमोरीको तानाशाही सरकारले बेपत्ता पारेको र मारिसकेको हुन सक्ने कुराको आशंका पेरूको खानी-मजदूर यूनियनले गरेको छ ।

सुरूङ खनेर बन्दीहरूलाई रिहा गर्ने तरिका भने फुजिमोरी सरकारको मौलिक सिर्जना थिएन । यो तरीका टुपाक आमारू छापामारहरू कै तर्फबाट चोरिएको थियो । टुपाक आमारू छापामारहरूले राजधानी लिमाको अत्यन्त कडा सुरक्षाका बीच रहेको 'क्यान्तो ग्राण्डे' जेलबाट सन् १९९० मा कमाण्डर रोलाण्डो (टुपाक आमारूका संस्थापक नेता क. भिक्टर पोले) लगायत ४७ जना बन्दी कमरेडहरूलाई ३३० मि. लामो सुरूङ खनेर सुरक्षित ढंगले भगाएका थिए । त्यस प्रकरणका डिजाइनर थिए- क. नेस्टोर सेर्पा, जसले यो बन्धक प्रकरणको पनि नेतृत्व गरेका थिए ।

टुपाक छापामारहरूको यही आइडिया चोरेर फुजिमोरीका सैनिकहरूले तिनै छापामारहरूको हत्या गर्न प्रयोग गरे । कमाण्डोहरूलाई प्रशिक्षण दिने, माइक्रोफोन, पेरिस्कोप र जासूसी प्लेनबाट दूतावासको यथास्थिति बुझ्ने र सुरूङ खन्ने कार्य सम्पन्न गरेपछि उनीहरूले फागुन ४ गते नै दूतावासभित्र आक्रमण गर्ने विचार गरेका थिए । फुजिमोरीका कमाण्डोहरूका अनुसार, फागुन ४ को आक्रमण छापामार र बन्दीहरूले आफ्नो ठाउँ परिवर्तन गरेको कारणले संभव भएन । पछि फागुनकै तेस्रो हप्तातिर आक्रमण गर्ने दिन तोकिएको थियो । तर सुरूङ खनेको आवाज सुनेर छापामारहरूले वार्ता स्थगित गरेको र बन्दीहरूलाई भुईँतल्लाबाट माथि सारेको कारणले सो आक्रमण स्थगित गर्न सैनिकहरू बाध्य भए । त्यसपछि नै फुजिमोरीका कमाण्डोहरूले वैशाखको दोस्रो हप्तातिर आक्रमण गर्ने तयारी गर्न थाले ।



छापामारहरुको हत्या गर्न र बन्धक छुडाउन दूतावासतिर दौडँदै फुजिमोरीका कमाण्डोहरु

**कमाण्डोहरुले छापामारहरुका र-गताम्य लाशहरुमाथि जथाभावी कुल्चँदै दूतावासको छतमा गएर विजयको प्रतीक 'V' संकेत गर्दै छापामारहरुद्वारा पहिलेदेखि नै गाडिएको रातो झण्डा च्याते ।**

## टुपाक आमारु छापामारहरुको बन्धक प्रकरणको लेखाजोखा

तानाशाह फुजिमोरीका सैनिकहरूको कडा सुरक्षा व्यवस्थालाई तोडेर जापानी राजदूतावासमा अकिहितोको जन्मोत्सवका अवसरमा भोजभतेर खाइरहेका सयौं देशी-विदेशी कूटनीतिज्ञ, मन्त्री, प्रहरी र सैनिक कमाण्डरहरूलाई बन्दी बनाएर फुजिमोरी र जापानलाई चेतावनी दिन टुपाक आमारू छापामारहरू सफल भए । पेरूमा करोडौं करोडको पूँजी लगानी गरेर पेरूभियाली जनतामाथि शोषण गर्ने जापान र त्यसका मतियार फुजिमोरीलाई यस प्रकरणले आच्छु आच्छु नै पारेको थियो ।

यही प्रकरणले गर्दा फुजिमोरीका जेलहरूमा सडिरहेका हजारौं राजबन्दीहरू, विशेषतः टुपाक आमारूका नेता र कार्यकर्ताहरूले भोगिरहेका नारकीय जेल जीवन विश्वसामु सार्वजनिक भयो । पेरूमा शोषण र असमताविहीन साम्यवादी व्यवस्थाका लागि सशस्त्र संघर्ष गरिरहेका टुपाक आमारू रिभोल्युशनरी मुभमेन्ट (MRTA) लाई पनि यस प्रकरणले विशेष गरी प्रचार र प्रख्याति दियो । यसले गर्दा फुजिमोरीको तानाशाही शासनका काला करतूतहरू विश्वसामु छर्लङ्ग भए । फुजिमोरीले प्रहरी, गुप्तचर र सैनिक बलको सहाराले अमेरिका, जापान, ब्रिटेन र जर्मनीजस्ता साम्राज्यवादी देशहरूको नीति-निर्देशनमा मानव अधिकारको हनन गर्ने र प्रजातान्त्रिक अभ्यासहरूको घाँटी निमोठ्ने काम गरिरहेको तथ्य पनि सार्वजनिक भयो ।

यति धेरै महत्वपूर्ण काम गर्न सफल पेरू बन्धक प्रकरणमा पनि टुपाक आमारू छापामारहरूको तर्फबाट धेरै नै कमी-कमजोरी र गल्तीहरू भए ।

पहिलो गल्ती त पेरू बन्धक काण्ड सिर्जना गर्ने सोच र दृष्टिकोणमै रहेको देखिन्छ । देशभित्र जनसंघर्षको आँधीबेरी सिर्जना गर्न नसकिरहेको स्थितिमा पेरू बन्धक प्रकरणजस्ता जनसंघर्षबाट अलगिएका छिटपुट सशस्त्र छापामार कारवाहीहरू गर्नु भनेको वामपन्थीहरूका लागि निकै ठूलो आत्मघाती कदम साबित हुँदोरहेछ भन्ने कुरा यस प्रकरणको त्रासद अन्त्यले पुनः प्रमाणित गरेको छ ।

हुन त टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्टका दोस्रो स्तरका नेता क. नेस्टोर सेर्पाको अगुवाइमा भएको पेरू बन्धक प्रकरणमा छापामारहरूले चतुर्‍याइँ, वीरता र साहसजस्ता सम्माननीय गुणहरू प्रदर्शन गरेका थिए । परन्तु साम्राज्यवादी खेमाको अत्याधुनिक शस्त्र-अस्त्रले सुसज्जित फौजको मुकाबिला गर्न केही वीर छापामारहरूको साहस र बलिदानले मात्र पटक्कै पुग्दैन । यसको लागि विशाल जनसमुदायलाई एकगठ पार्दै शक्तिशाली जन-संघर्ष उठान गर्नु आवश्यक हुन्छ भन्ने कुरा पनि यो घटनाले देखाएको छ । साथै, यसका लागि त्यहाँका क्रान्तिकारीहरूले पेरूभियाली समाजको बदलिँदो वस्तुगत परिस्थिति र त्यहाँ समाजभित्र चलिरहेको परिवर्तनको प्रक्रियालाई बुझेर त्यहीअनुसारको जनमुखी क्रान्तिकारी कार्यदिशा समात्नु जरूरी हुन्छ ।

तर टुपाक आमारूका छापामार संघर्षहरू जनता र जनसंघर्षबाट अलग-थलग र एकलकाँटे भएको आरोप उनीहरूका जायज मागहरूको पक्षमा लिमा र देशका कुना-कुनाबाट जनआवाज ननिस्कनुबाट पनि पुष्टि भएको छ । MRTA ले यसको लागि खासै कुनै प्रयत्न नगरेको बताउँदै पाउल ग्रीनावेले Weekly Worker मा लेखेका छन्- 'राजधानी लिमा र अन्य शहरहरूमा क्रियाशील मजदूर वर्गलाई फुजिमोरी र राज्यसत्ताको विरूद्ध सडकहरूमा प्रदर्शन गर्नका लागि यसले कुनै अपील गरेको देखिँदैन ।'

स्मरणीय छ, टुपाक आमारूका लागि यूरोपीय प्रवक्ता नोर्मा भेलाज्कोको अन्तर्वार्तामा पनि लिमा र सम्पूर्ण पेरूलाई पूरै सैनिकीकरण गरिएको कारणले जन-प्रतिरोध नउठेको विचार व्यक्त भएको देखिन्छ । (हेर्नुस् अन्तर्वार्ता)

हुन त वामपन्थीहरूलाई पेरूको राजनीतिक धारामा चलखेल गर्ने, प्रजातान्त्रिक हक, हित अधिकारहरूको उपभोग गर्ने र जनताका दैनिक समस्याहरूको बारेमा संघर्ष गर्ने कुनै पनि अवसरबाट वञ्चित गरिराख्ने फुजिमोरीले गरीब जनताको लागि आफ्ना हक माग्ने सबै संवैधानिक ढोकाहरू बन्द गरिसकेका थिए । जब सबै संवैधानिक ढोकाहरू जनताका लागि बन्द गरिन्छन्, तब अवैधानिक संघर्षहरू हुनमा आश्चर्यचकित हुने ठाउँ हुँदैन । जनताको मुक्तिका लागि सकेसम्म शान्तिपूर्ण ढङ्गले, नसके हिंसात्मक ढङ्गले, अवैधानिक तरीकाले भए पनि वामपन्थीहरूले आफ्नो सङ्घर्षलाई अगाडि बढाउँदै आइरहेका छन् । पेरूमा पनि पेकपा (साइनिङ पाथ) र टुपाक आमारूले सशस्त्र संघर्ष चलाइरहेको तथ्य त सर्वविदितै छ ।

पेरूमा वैधानिक संघर्षका सबै सम्भावनाहरूको गला घोट्ने फुजिमोरीका अप्रजातान्त्रिक र तानाशाही शासनकै 'प्रतिक्रिया स्वरूप' टुपाक आमारू छापामारहरूले बन्धक प्रकरणजस्तो दुस्साहसी, छिटपुट र एकलकाँटे कारवाही गरेको देखिन्छ ।

टुपाक आमारूले फुजिमोरी समक्ष राखेका मागहरूमा पनि त्यसका कमजोरीहरू प्रकट भएका छन् । त्यसले सरकारद्वारा लागू गरिएको खुला बजार अर्थतन्त्र बन्द गरिनु पर्ने, जेलमा रहेका आफ्नो पार्टीका ४४० जना नेता र कार्यकर्ताहरू रिहा गरिनु पर्ने, जिउँदो चिहानका रूपमा कुख्यात जेलहरूको अवस्थामा सुधार ल्याउनु पर्ने, बन्दी बनाएर बसिरहेका छापामारहरूलाई मध्य पेरूको जंगलमा जान दिनुपर्ने र युद्धकरस्वरूप केही रकम दिनुपर्ने माग गरेको थियो । यी मागहरूमा जेलमा रहेका आफ्नो पार्टीका नेता र कार्यकर्ताहरूको रिहाइको मात्र माग

गरिनु तर जेलमा बन्द ५ हजारभन्दा बेसी साइनिङ पाथ लगायतका अन्य विपक्षी पार्टीका बन्दीहरूको रिहाइका बारेमा चुँसम्म नबोल्नुले उसको संकुचित मानसिकता नै प्रदर्शन गरिरहेको देखिन्छ । बन्धक प्रकरणलाई अन्य पार्टीहरू र समग्रमा जनताको सरोकारको विषय बनाउन नसक्नुमा टुपाक आमारूको यही संकुचित र गैर सर्वहारावर्गीय मागले पनि महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

यस स्थितिमा टुपाक आमारूले संसद भवन र विदेशी राजदूतावासहरू कब्जा गर्नेजस्ता कार्यनीति त्यागेर सशस्त्र जनसंघर्षको रणनीति अप्नाउनु पर्दछ भन्ने विश्वका विभिन्न कम्युनिष्ट पार्टीहरूको विचार यहाँ मननीय देखिन्छ ।

## टुपाक आमारुका कमजोरीहरु

विश्वका धेरैजसो वामपन्थीहरूले टुपाक आमारूको यस कारवाहीका बारेमा उठाएको पहिलो प्रश्न हो– साम्राज्यवादी शक्तिहरूको खुलेआम रूपमा आड, भरोसा र सहयोग पाएका फुजिमोरी सरकारविरूद्ध यति सानो संख्यामा रहेको छापामार समूहले आक्रमण गर्नु भनेको 'विशाल अरिङ्गालको गोलामा लात्तीले हान्नु' जस्तै हो । आक्रमण गरिसकेपछिको स्थितिमा पनि बन्धक प्रकरणको कारवाहीलाई यति लामो अवधिसम्म लम्ब्याउन दिनु बुद्धिमानीपूर्ण कुरो थिएन ।

धेरै जसो बन्दीहरूले 'न्यूयोर्क टाइम्स' लाई दिएको अन्तर्वार्तामा सैनिक आक्रमण सफल हुनुमा छापामारहरूद्वारा सिर्जित बन्धक प्रकरण लामो अवधिसम्म लम्बिनु र चार चार महिना लामो अवधिबीच छापामारहरूको दृढ संकल्प र सकृयतामा ह्रास आउनु एवं आपसी एकतामा कमी आउनुले पनि महत्वपूर्ण भूमिका खेलेको विचार पोखेका छन् । 'ला रिपब्लिका' दैनिकमा प्रकाशित पूर्व बन्दी तथा मध्यस्थकर्ता क्यानाडाली राजदूत अन्थोनी भिन्सेन्टले प्रस्तुत गरेको तथ्यअनुसार, विद्रोही छापामारहरूमा होशियार, सतर्क र सजग भइरहने, बन्दीहरूप्रति निगरानी राख्ने काममा विस्तारै विस्तारै ह्रास आएको थियो । उनीहरू हात–हतियार एकातिर थन्काएर भुईंतल्लाको सोधपूछ कोठामा गएर मस्तीका साथ 'फुटबल' खेल्न जाने, कहिलेकाहीं गार्ड नै नराखी आराम गर्न जाने गरेको तथ्य अगाडि सार्दै क्यानाडाली राजदूत अन्थोनी भिन्सेन्टले यसलाई छापामारहरूको 'मृत्युको पुकार' भनी व्याख्या गरेका छन् ।

दूतावासमाथि आक्रमण गर्दा एम्बुलेन्स प्रयोग गर्ने, डाक्टर, नर्स र वेटरको भेषमा दूतावासभित्र पस्ने चतुऱ्याईं र होशियारी भएका छापामारहरूमा यसरी सतर्कता, सजगता र होशियारीको पक्षमा ह्रास आउनुलाई केही विश्लेषकहरूले कारवाहीको अवधि लम्बिएको कारणले छापामारहरूमा तथाकथित 'स्टकहोम सिण्ड्रोम' देखिएको भनी व्याख्या गरेका छन् । यस सिण्ड्रोमकै कारणले छापामारहरूले बन्दी कूटनीतिज्ञ, मन्त्री, व्यापारी, न्यायाधीश, प्रहरी र सेना प्रमुखहरूसंग समेत घनिष्ठता कायम गर्ने, आफ्नो विगतको जीवनका कथाहरू सुनाउने, सरकारसंगको वार्ताको क्रममा समेत वियर खाने प्रस्ताव राख्ने, बन्दीहरूसंग फुटबल र चेस खेल्ने, गिटार बजाउन सिक्ने काम गरेका थिए ।

युवा छापामारहरूको अनुरोधमा बाहिरबाट गिटार मगाइएको समयमै आलपीन साइजको माइक्रोफोन गिटारभित्र फिट गरेर दूतावासभित्र पठाउन फुजिमोरी सरकार सफल भएको थियो । गिटारभित्रको यही माइक्रोफोनमार्फत् फुजिमोरीका सैनिक र प्रहरी गुप्तचर अधिकारीहरूले छापामारहरूका गतिविधिहरूको जासूसी गर्न सकेका थिए ।

साम्राज्यवादीहरूको नीति–निर्देशन र प्रशिक्षण प्राप्त सिंगो फुजिमोरीका सेनाविरूद्ध १४ जनाको सानो समूहले गरेको आक्रमणको क्षणिक सफलता पनि तब मात्र सम्भव हुन्छ, जब कारवाहीको अवधि छोटो हुनुका साथै 'कि गर कि मर' को कार्यनीति लिइएको हुन्छ । पूँजीवादी अखबारहरूबाट समेत 'स्टीलको आँखा, गिद्धे दृष्टि र पत्थरको मुटु' भएको तानाशाहका रूपमा चर्चित व्यक्ति फुजिमोरीसंग सम्झौता हुने आशामा झुण्डिरहनु नै उनीहरूको ठूलो कमजोरी साबित भयो । पर्यवेक्षकहरूका अनुसार, बन्दीहरूप्रति मानवीय व्यवहार गरेका कारणले चर्चित ती छापामारहरूले आफ्नो हात माथि परिरहेकै बेला, फुजिमोरीले सुरूङ खन्न थालेको र अप्रत्याशित ढंगले आक्रमण गर्ने योजना बनाइरहेको थाहा पाएपछि फागुन २३ गतेतिरै, कारवाहीको अवधि छोट्याउन र फुजिमोरीलाई चर्को दवाब दिनका लागि प्रत्येक दिन एक–दुई जना फुजिमोरीका भाइ र मन्त्रीजस्ता बन्दीहरूलाई मारेको भए फुजिमोरी नाकका चालले तुरून्त सम्झौता गर्न आइपुग्थे । उनीमाथि चर्को अन्तराष्ट्रिय दवाब पर्दथ्यो । तर कस्तो विडम्बना ! उनीहरू फुजिमोरीको सम्झौता वार्ताका सात सातवटा चरणहरू र त्यसपछिका अनगिन्ती दिनहरू गुज्रिसकेपछि पनि सम्झौताको आशामा बसिरहे । उनीहरू हदै उदार र मानवीय भइरहे । उनीहरूको यही उदारता र मानवीयतालाई फुजिमोरीले दमन निम्ति भरेङ बनायो । र, यही नै उनीहरूको सबैभन्दा ठूलो कमजोरी ठहरियो ।



*टुपाक आमारूको समर्थनमा स्वीडेनमा प्रदर्शन*

करीब साढे चार महिना लामो अवधिभित्र त फुजिमोरीले कमाण्डोहरूलाई अमेरिकामा प्रशिक्षण दिने, सुरूङ खन्ने, माइक्रोफोनहरू र अन्य सूक्ष्म यन्त्रहरू दूतावासभित्र छिराएर छापामारहरूको गतिविधि र स्वभाव अध्ययन गर्न समेत भ्याइसकेका थिए । तर बाहिरी संसारबाट अनभिज्ञ छापामारहरू भने दूतावासभित्र तश्करी गरेर छिराइएका ११ वटाभन्दा बेसी माइक्रोफोनहरू र सूक्ष्मयन्त्रहरूमार्फत् शुरू भएको बन्दीहरूको गोप्य क्रियाकलापहरूबाट पनि पूरै अनभिज्ञ नै थिए । फुजिमोरीले वार्ताको नाटक रचेर भित्रभित्रै सैनिक दमनका लागि तयारी गर्न सक्ने ठूलो सम्भावनाप्रति पनि सतर्क र सजग भएनन् छापामारहरू ! दूतावास भित्र–बाहिर गर्ने मध्यस्थकर्ताहरू, सरकारी डाक्टरहरू र रेडक्रसका अधिकारीहरूप्रति पनि छापामारहरू विश्वस्त भइरहे । उनीहरू पनि फुजिमोरीको डरलाग्दो षड्यन्त्रका हतियार हुन सक्ने बलियो सम्भावनाप्रति पनि बेहोशीपूर्ण रवैयाले गर्दा छापामारहरूले बन्दीहरूका लागि आउने खानेकुरा, लत्ताकपडा, किताब, गिटार, थर्मस, क्राइस्टको चित्र, वैशाखीप्रति पनि शंकाको दृष्टिले हेरेर छानबीन गर्ने काम गरेनन् । शत्रु र शत्रुका वरिपरिका एजेन्टहरूप्रति विश्वास गर्नु, शंका नगर्नु र बन्दीहरूप्रति होशियारीपूर्वक व्यवहार नगर्नु छापामारहरूको लागि आत्मघाती साबित भयो । शत्रुहरूप्रति गरिएको मानवीय व्यवहारलाई नै फुजिमोरीले छापामारहरूको कमजोरीको रूपमा उपयोग गरेर बन्दी प्रहरी र सैनिक प्रमुखहरूसँग माइक्रोफोनबाट सम्पर्क गर्ने र छापामारहरूको गतिविधि एवं स्वभाव थाहा पाएर अप्रत्याशित रूपले आक्रमण गरेको तथ्यबाट सबैले पाठ सिक्नु पर्दछ ।

बन्दीहरूमाथि छापामारहरूले सतर्कतापूर्ण निगरानी नराखेको कुराको चर्चा गर्दै एक जना बन्दीले 'न्यूजवीक' लाई दिएको अन्तर्वार्तामा एउटा स्मरणीय कुरा भनेका छन्– 'सेर्पालाई के लागेको थियो भने समस्या भनेको दूतावासभित्र छैन, त्यो बाहिर छ । यही नै उनको सबैभन्दा ठूलो र महत्वपूर्ण गल्ती हो ।'

क. सेर्पा र अन्य छापामारहरूको यही गलत विश्वासकै कारणले गर्दा उनीहरूले बाहिरबाट भित्र आउने सामानहरू चेक नगर्ने स्थिति बनेको देखिन्छ । बन्दी जीवन बिताइरहेका प्रहरी र सेनाका प्रमुखहरूले गश्ती नहुँदा, छापामार नेताहरू आराम गर्न थाल्दा र फुटबल खेल्न थाल्दा माइक्रोफोनबाट बाहिर फुजिमोरीका कमाण्डोहरूसंग प्रत्यक्ष सम्पर्क गर्न सक्ने स्थिति पनि यही गलत विश्वासकै कारणले निर्माण भएको देखिन्छ । यही गलत विश्वास छापामारहरूको लागि आत्मघाती सिद्ध भयो भने फुजिमोरीका सैनिकहरूको लागि सौभाग्य !

'टाइम' पत्रिकाका अनुसार, छापामारहरूको एउटा अर्को आत्मघाती अनुमान थियो– फुजिमोरीका सैनिकहरूले मध्यरातमा वा बिहान सबेरै मात्र आक्रमण गर्नेछन् भन्ने ! बोलिभियाली राजदूत तथा बन्दी जोर्गे गुमुसियोको भनाइ अनुसार, सैनिकहरूले मध्यरातपछि र बिहान सबेरै मात्र आक्रमण गर्छन् भन्ने विश्वास लिएर छापामारहरू रातभरि जागा रही प्रत्याक्रमणका लागि सतर्कतापूर्वक बस्ने गर्थे । उनीहरूले दिनदहाडै आक्रमण हुन सक्छ भन्ने कुरा त चिताएकै थिएनन् ।

यही गलत अनुमानका कारण छापामारहरूमध्ये धेरैजसो रातभरि जागा रहन्थे, क. सेर्पा भने आफ्ना अंगरक्षकको निगरानीमा बन्दीहरू बीच सुत्थे भने किशोरी छापामारहरू पनि अर्को कोठामा सुत्थे ।

तर फुजिमोरीका प्रहरी र सैनिक बलका गुप्तचरहरूले बन्दी प्रहरी र सैनिक प्रमुखहरूमार्फत् छापामारहरू रातभरि जागा रहने, दिउँसोको समयमा बेसी आराम गर्ने र फुटबल खेलमा विशेष रूचि रहेको जानकारी प्राप्त गरी दिन दहाडै छापामारहरू फुटबल खेलिरहेको मौका पारेर छापामारहरू बेतयार रहेकै अवस्थामै आक्रमण गरे र सबैलाई स्वाहा पारे ।

**पूँजीवादी र साम्राज्यवादी शक्तिहरूको इशारामा पेरू र पेरूभियाली जनताका विरूद्ध अपराधिक कार्य गर्दै आइरहेका फुजिमोरीले गरेको यो पछिल्लो नरसंहारको जतिसुकै कडा शब्दमा भर्त्सना गरे पनि पुग्दैन ।**

कुनै उद्देश्य सिद्धिका लागि ज्यान माया मारेर शक्तिशाली दुश्मनको घेराभित्र गइसकेपछि क्रान्तिकारीहरू कुनै पनि क्षण बेहोशी या ढिलढाल र उदार बन्नु आफ्नो मृत्युपत्रमा आफैंले हस्ताक्षर गर्नु हो भन्ने कुरा यो घटनाले छर्लङ्गै देखाएको छ । पूँजीवादी प्रतिक्रियावादीहरू क्रान्तिकारीहरू जस्तै उदार, मानवीय बन्छन् र आफ्नो उदारतालाई उनीहरूले राम्रो मनशायले लिइदिन्छन् भन्ने कुरालाई यो घटनाले सरासर झूठो ठहराएको छ । आफू जतिसुकै उदार भएपनि उनीहरू कति नृशंश र अमानवीय हुन्छन् भन्ने कुरा त विरामी, निशस्त्र र आत्मसमर्पण गरेका छापामार विद्रोहीहरूलाई समेत निर्दयतापूर्वक मार्नुबाट उत्तिकै छर्लङ्ग भएको छ । के टुपाक आमारूहरूले पनि चाहेको भए सम्पूर्ण बन्दीहरूलाई तुरून्तै मार्न सक्दैनथे ? तर उनीहरूले मानवीयतावश त्यसो गरेनन् । तर उनीहरूको यो



# कसरी गरियो छापामार-हरूमाथि सैनिक दमनको तयारी ?

**झन् झन् निरंकुश र तानाशाह बन्दै गइरहेका फुजिमोरीले सैनिक आक्रमण गर्ने बाहेक अर्को विकल्प खोज्ने त संभावना नै थिएन**

सत्ता-शक्तिलाई आफ्नो हातमा मात्र केन्द्रित गरी राख्नका लागि संसद र सर्वोच्च अदालतमा बख्तरबन्द गाडी र सैनिक पठाउन सक्ने र नरसंहारको लामो इतिहास बोकेका राष्ट्रपति फुजिमोरीका लागि व्यक्तिगत रूपमा दूतावासभित्रका टुपाक आमारू छापामारहरूमाथि आक्रमण गर्नु भनेको कुनै ठूलो कुरो थिएन । तर शुरूमा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिका साथै फुजिमोरी सरकारको आफ्नो आत्मगत स्थिति पनि आक्रमणका लागि त्यति अनुकूल थिएन ।

*Poder Obero Peru* का जुआँ पोन्सेको रिपोर्टअनुसार, टुपाक आमारूका छापामारहरूले शुरू गरेको बन्धक प्रकरणले गर्दा पेरूको सत्तासीन वर्ग दुई भागमा विभाजित भएको थियो । एक भाग खुलाबजार अर्थतन्त्रका हिमायती पूँजीवादीहरूको थियो । उनीहरू अरू बढी निजीकरण गर्ने, आफ्नो अर्थतन्त्रको ढोका अरू बढी फराकिलो पार्ने र संगठित मजदूर आन्दोलनमाथि दमनकारी उपाय प्रयोग गर्ने पक्षमा थिए । उनीहरू छापामारहरूमाथि सैनिक दमन गरेर सत्ता-शक्तिको विरोधमा उठ्ने प्रत्येक आवाजलाई निमिट्यान्न पार्ने पक्षमा उभिएका थिए ।

अर्को भाग हो, अलिकति उदार विपक्षी पूँजीवादीहरूको । उनीहरू बन्धक प्रकरणको शान्तिपूर्ण समाधानको वकालत गर्थे । तर यसले फुजिमोरीको तानाशाही शासनलाई कमजोर पार्ने भएकोले, छापामारहरूका कारवाहीलाई वैध ठहऱ्याउने संभावना भएकोले र देशी विदेशी पूँजीको बढ्दो हालीमुहालीलाई नराम्रो असर पर्ने संभावना भएकाले फुजिमोरीले उदार विपक्षी पूँजीवादीहरूको विचारलाई अस्वीकार गरे ।

यी दुई खाले पूँजीवादीहरूबीचको टक्कर प्रशासनयन्त्रमा पनि देखियो, विशेषतः प्रहरी र सेनामा । सत्ता-शक्तिको भागबण्डामा ठूलोभन्दा ठूलो भाग पाउनका लागि दौडिरहेका प्रहरी, जल, थल र हवाई सेनाबीच ठूलो टक्कर थियो । त्यसैले नै मानव अधिकारको हनन र लागू औषधको व्यापारका लागि सबैभन्दा बेसी बदनाम भइरहेका सेना, प्रहरी र गुप्तचर बललाई खुशी पारेर तिनीहरूलाई एकताबद्ध पार्ने प्रयत्न गरियो । यसको लागि जून, १९९५ मा फुजिमोरी सरकारले साइनिङ पाथ र टुपाक आमारू छापामारविरोधी संघर्षमा हत्या, बलात्कार, यातनाजस्ता मानव अधिकारविरोधी क्रियाकलापमा संलग्न रहेका जेलभित्रका तथा बाहिरका प्रहरी र सैनिक अधिकारीहरूलाई एकसाथ अपराधबाट मुक्त गरेको थियो ।

यसले प्रहरी र सैनिकहरूबीच आपसी टक्करमा केही कमी त ल्याएको देखियो, तर सत्ता-शक्ति पाउन जे पनि गर्ने मनस्थिति भएका यी प्रहरी र सैनिकहरूको सम्पूर्ण टक्कर भने निमिट्यान्न भएको थिएन । यसैबीच, बन्धक प्रकरणको सैनिक समाधान खोज्ने कि शान्तिपूर्ण समाधान खोज्ने भन्ने विवादले सेनाका सबै फाँटमा र प्रहरी, गुप्तचर शक्तिमा पनि फेरि विभाजन ल्यायो । तर सी.आई.ए. संग नजीकको सम्बन्ध रहेका, फुजिमोरीको दिमागका रूपमा कुख्यात गुप्तचर प्रमुख इभान भ्लादिमिरो मोन्टेसिनोसले 'जादूगरी' हतियारले यी पक्षबीच समझदारी बढाए । र, उनले सैनिक समाधानका पक्षमा सबैलाई उभ्याएर छापामारहरूमाथि अन्तिम प्रहारको तयारी गर्न लगाए ।

यसरी आत्मगत स्थिति सुधार्न सफल भएका फुजिमोरीका सामु आएको अर्को समस्या हो- टुपाक आमारूलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा बदनाम गरी सैनिक समाधानका लागि वस्तुगत परिस्थिति तयार गर्ने समस्या । फुजिमोरीले पेरू र पेरू बाहिर टुपाक आमारू छापामारहरूलाई बदनाम गर्न सूचना साम्राज्यवादका नाइकेहरूको सहयोग लिएर छापामारहरूले गरेका तथाकथित अपराधहरूका सनसनीखेज रिपोर्टहरू प्रकाशित र प्रसारित गर्ने काम गरे । छापामारहरूद्वारा बन्दी बनाइएकाहरूको परिवारको दुःख र व्यथाका नयाँ नयाँ कथाहरू प्रचार गरियो । र, छापामारहरू जतिसुकै सहुलियत दिए पनि अस्वीकार गर्ने रूढ मानसिकता भएकाहरू हुन् भनी प्रचार गर्न वार्ता र सहुलियत दिने नयाँ-नयाँ नाटकहरूको रचना गरियो । कतिसम्म गरियो भने, बन्धक प्रकरणका नायक क. सेर्पाले आफ्नी श्रमिती क. नान्सीलाई छुटाउनका लागि मात्रै यो बन्धक प्रकरण शुरू गरेको कथा पनि प्रचारित गरियो ।

यसरी सूचना साम्राज्यवादका अंग-प्रत्यंगहरूका बलले एकपक्षीय रूपमा फुजिमोरीले शुरू गरेको छापामारहरूलाई बदनाम गर्ने अभियानकै फलस्वरूप, राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा बन्धक प्रकरणविरूद्ध सैनिक उपाय प्रयोग गर्नका लागि मलिलो भावभूमि तयार भयो । यसपछि पनि एउटा ठूलो समस्या थियो- जापानको कथित शान्तिवादी नीति !

अन्तर्राष्ट्रिय कानूनअनुसार, बन्धक प्रकरण भएको ठाउँ जापानी राजदूतावास पेरूको भूमिमा भए तापनि त्यो अन्तर्राष्ट्रिय मान्यताअनुसार, जापानकै अधिनस्थ हुन्छ । त्यहाँको मामिलामा जापानको सहमतिबिना कुनै पनि काम-कारवाही गर्नु भनेको अन्तर्राष्ट्रिय नियम-कानूनको उल्लंघन गर्नु ठहरिने भएकोले बन्धक प्रकरणको शान्तिपूर्ण वा सैनिक समाधान खोज्नका लागि जापानको सहमति आवश्यक थियो ।

जापानी सरकार आफ्ना व्यापारी र कूटनीतिज्ञहरूको ज्यान जोखिममा पर्ने खालका फुजिमोरीका कुनै पनि कारवाही सहने स्थितिमा थिएन । छापामारहरूलाई उत्तेजित पार्ने फुजिमोरीका सैनिकहरूका प्रत्येक कारवाहीहरूको विरोध गर्दै जापानी सरकारले आफ्ना कूटनीतिज्ञहरू र विदेशमन्त्रीलाई पटक-पटक लिमा पठाएर फुजिमोरीलाई चेतावनी दिने गरेको थियो । माघ महिनाको अन्ततिर पनि फुजिमोरीले सैनिक आक्रमण गर्ने संकेत दिएपछि जापानी प्रधानमन्त्री रियूतारो हाशिमोतो टोरन्टो (क्यानडा) पुगेर फुजिमोरीसंग शिखर सम्मेलन गर्ने क्रममा कडा चेतावनी दिएका थिए । हाशिमोतोले सैनिक समाधानका हिमायती फुजिमोरीबाट छापामारहरूले बन्दीहरूलाई साँच्चै नै मार्ने चेतावनी नदिएसम्म, चाहे त्यो जतिसुकै दिन किन नलम्बियोस्, सकेसम्म शान्तिपूर्ण समाधानका लागि प्रयास गर्ने बचन लिएका थिए ।

जापानी सरकारले शान्तिपूर्ण समाधान खोज्ने क्रममा फुजिमोरी सरकारलाई छापामारहरूसंग वार्ता जारी राख्न दवाब दिइराखेको थियो । छापामारहरूलाई क्यूबा वा डोमिनिक गणतन्त्रमा पलायन हुने अवसर दिनका लागि, 'युद्ध कर'को रूपमा लाखौं डलरको रकम छापामारहरूलाई दिनका लागि, केही टुपाक कार्यकर्ता तथा नेताहरूलाई रिहा गर्नका लागि र बाँकी रहने टुपाक बन्दीहरूको लागि जेल-जीवनमा सुधार ल्याउनका लागि जापानी सरकारले फुजिमोरीलाई मनाउन धेरै प्रयत्न गऱ्यो । तर छापामारहरूलाई यस्ता खाले छूटहरू दिइएमा पेरूमा पूँजी निवेश गर्ने देशी-विदेशी पूँजीपतिहरू, बहुराष्ट्रिय कम्पनीहरू र अन्तर्राष्ट्रिय मुद्रा कोष एवं विश्व बैंकसामु आफू कमजोर, असक्षम ठहरिने डरले फुजिमोरीले शान्तिपूर्ण समाधानका सबै प्रयत्नमाथि बरफ पानी खन्याउने काम गरे । फुजिमोरी र सम्पूर्ण पूँजीवादीहरूको आँखामा 'आतंकवादी' ठहरिएका टुपाक आमारू र साइनिङ पाथका छापामारहरूको सशस्त्र संघर्षले गर्दा पेरूमा पूँजी लगानी गर्न डराइरहेका पूँजीवादीहरूको विश्वास जित्न फुजिमोरीले जनसंघर्ष र सशस्त्र संघर्षप्रति जहिले पनि तानाशाही रबैया अप्नाउँदै आइरहेका छन् । देशी-विदेशी पूँजीवादी शक्तिहरूबीच फुजिमोरी लोकप्रिय र भरोसिलो व्यक्ति हुनुको मूल कारण नै उनको छापामारहरूप्रतिको संझौताहीन संघर्ष, दमनकारी र तानाशाही व्यवहार हो । झन् झन् निरंकुश र तानाशाह बन्दै गइरहेका फुजिमोरीले आफ्ना सहयोगीहरू, आफ्ना मतियारहरूको विश्वास जित्न र प्रहरी, सेना एवं गुप्तचर बलमा प्रकट भएको आफूप्रतिको अविश्वासलाई मेटाई 'सुपरम्यान' को छवि कायम राखिछाड्न पनि सैनिक उपायतिर विशेष जोड दिएका थिए ।

त्यसमाथि अमेरिका, ब्रिटेन, जर्मनी र इजरायलका 'छापामारविरोधी' सैनिक विशेषज्ञहरू, तेस्रो जेनेरेशनका अत्याधुनिक इलेक्ट्रोनिक यन्त्रहरू, अमेरिकाद्वारा प्रशिक्षित विशेष कमाण्डोहरूको सम्मिश्रण भएपछि फुजिमोरीले सैनिक आक्रमण गर्ने बाहेक अर्को विकल्प खोज्ने त संभावनै थिएन । (*La Republica*)

मानवीयतालाई साम्राज्यवादी विश्वले मानवीय ढंगले नै लिइदियो र ?

## के अब टुपाक आमारुहरु सिद्धिए ?

पूँजीवादी र साम्राज्यवादी शक्तिहरूको इशारामा पेरू र पेरूभियाली जनताका विरूद्ध अपराधिक कार्य गर्दै आइरहेका फुजिमोरीले गरेको यो पछिल्लो नरसंहारको जतिसुकै कडा शब्दमा भर्त्सना गरे पनि पुग्दैन । दमन काण्डपछि एशिया, अफ्रिका, यूरोप र ल्याटिन अमेरिकामा भएको विरोध, प्रदर्शन, ढुंगामूढा प्रहार र बम विस्फोटका घटनाहरूले संकेत गरिरहेका छन्– देश र जनताका मुक्तिको लागि संघर्षरत १४ जना टुपाक आमारू छापामारहरूको नृशंश हत्या भएपनि टुपाक आमारूको आन्दोलन मरिसकेको छैन । यसको पक्षमा अझै प्रवल जनमत छ । र, विश्वभरि नै विभिन्न मुलकमा पेरूमा भएको दमनकाण्डको विरोधमा आवाज उठिरहेको छ ।

स्मरणीय छ, टुपाक आमारू छापामारहरूको नरसंहार भएको लगत्तैपछि त्यसका विरूद्ध पेरूमा, विशेष गरी लिमा नजिकैका डाँडाहरूमा कम्युनिष्ट पार्टीका राता झण्डाहरू गाडिएका थिए । त्यस्तै, ग्वाटेमालामा टुपाक अमारू छापामारहरूका समर्थकहरूले पेरूको दूतावासमा ढुंगा–मूढा प्रहार गरी नजिकैका पर्खालहरूमा फुजिमोरी शासनविरोधी नाराहरू पोतेका थिए । मेक्सिकाे सिटीस्थित पेरूभियाली दूतावासको पर्खालमा 'हिटलरमोरी' भनेर लेखिएको फुजिमोरीको चित्रमाथि रंगी–विरंगी पेन्ट गरेर मेक्सिकोका वामपन्थीहरूले आफ्नो विरोध जनाए । त्यस्तै, ल्याटिन अमेरिकाका धेरैजसो देशमा फुजिमोरीले गरेका नरसंहारको विरोधमा प्रदर्शनहरू भएका थिए ।

एशियामा पनि फुजिमोरीको बांग्लादेश र भारत भ्रमणको क्रममा नरसंहारका विरूद्ध जुलुस प्रदर्शन गरेर गणतान्त्रिक छात्र यूनियन लगायत थुप्रै वामपन्थी संगठनहरूले नरसंहारकारी फुजिमोरीको विरोध गरेका थिए ।

उता, यूरोपमा पूर्व युगोस्लाभियाको राजधानी प्रागस्थिति पेरूको राजदूतावास बाहिर बैशाख १८ गते बम विस्फोट भएको थियो । त्यसको एक दिन अगाडि फुजिमोरीको हत्यारो चरित्र देखिने स्केच त्यहाँको भित्तामा टाँसिएको थियो । डेनमार्कमा 'डेनिश कमिटी फर दि लिबरेशन अफ एमआरटिए' संग सम्बन्धित ६ जना डेनिश वामपन्थी कार्यकर्ताहरूले पेरूको दूतावासमाथि दुई घण्टाको लागि कब्जा गरेर नरसंहारविरूद्ध आक्रोश पोखेका थिए ।

एम्नेष्टी इन्टरनेशनलले फुजिमोरीले शान्तिपूर्ण समाधानको सम्भावना भइरहेकै बेला हिंसात्मक र सैनिक उपाय प्रयोग गरेकोमा असहमति प्रकट गर्दै नरसंहारको छानबीन गर्नका लागि अनुसन्धानकर्ता पिटर आर्चर्डको टोलीलाई लिमामा पठाउने घोषणा गरेको छ ।

फ्रान्सको पश्चिमी शहर नान्टसमा क. सेर्पा र अन्य छापामारहरूको स्मृतिमा एक श्रद्धान्जलिसभा आयोजना गरियो । जर्मनीको हयामवर्ग शहरमा पनि MRTA समर्थकहरूले जुलुस प्रदर्शन गरे । उक्त प्रदर्शनलाई सम्बोधन गर्दै यूरोपका लागि MRTA का प्रवक्ता इसाक मेलाज्कोले प्रतिक्रियावादी फुजिमोरी सरकारविरूद्ध आफ्नो अन्तिम विजय नभएसम्म पार्टीले संघर्ष अगाडि बढाउने दृढता प्रकट गरे ।

पेरूमा टुपाक आमारू रिभोल्यूसनरी मुभमेन्टका राष्ट्रिय सञ्चालक समितिले एक वक्तव्य प्रकाशित गर्दै आफ्ना अग्रज र सहकर्मी छापामार कमरेडहरूको संहारमा बगेको रगतको कसम खाई प्रतिक्रियावादी फुजिमोरी सरकारविरोधी संघर्षलाई अरू सशक्त रूपले अगाडि बढाउने प्रतीज्ञा गरेको छ । मुभमेन्टको वक्तव्यमा भनिएको छ– 'हामीले शहीदहरूको सपनालाई मार्गदर्शन मानेर पेरूमा शान्तिपूर्ण एवं न्यायिक समाज व्यवस्था स्थापना गर्न आफ्नो लडाइँलाई लगातार अगाडि बढाउने निर्णय गरेका छौं ।' वक्तव्यमा फुजिमोरीलाई चेतावनी दिदै भनिएको छ– 'हाम्रा नेता एवं योद्धाहरूको संहार गरेर केही क्षण आनन्द मनाए तापनि अन्ततः तिम्रो चिहान क्रान्तिकारीहरूले आफ्नै हातले खन्ने छन् ।'

## टुपाक आमारुको भविष्य कस्तो छ ?

टुपाक आमारू छापामारहरूको फुजिमोरीको शासनको चिहान खन्ने र आफ्ना सहकर्मी योद्धाहरूको हत्याको बदला लिने चेतावनीले फुजिमोरीलाई निकै चिन्तित पारेको छ । फुजिमोरीले आफ्नो सबै राज्ययन्त्र र कूटनीतिक नियोगहरूलाई टुपाक आमारू छापामारहरूको सम्भावित आक्रमणबाट सतर्क र सचेत हुनुका लागि निर्देशन दिएका छन् । उता जापान सरकारले पनि छापामारहरूको सम्भावित आक्रमणबाट बच्नका लागि विश्वभरिका दूतावास, कूटनीतिक नियोगहरू र उद्योग–व्यवसायसंग सम्बन्धित कम्पनीहरूलाई अत्यन्त सतर्क हुन र सुरक्षा व्यवस्था कडा गर्न निर्देशन दिएको छ ।

पेरू र जापान सरकारका यी निर्देशनहरूले संकेत गरिरहेको छ– 'आतंकवादीहरूको अन्त्य भइसक्यो' भनी फुजिमोरीले गरेको दावीमा रत्तिभर पनि सत्यता छैन ।

१९९५ भित्र सबै छापामारहरूलाई घाटमा पुऱ्याउने दावी गर्दै आएका फुजिमोरीलाई टुपाक आमारू र साइनिङ पाथका छापामारहरूले देशभरि पटक–पटक आक्रमण गर्दै उनको दावीलाई झूठो साबित गर्दै आइरहेका छन् । फुजिमोरीको दावीलाई अझै झूठो साबित गर्ने ढंगले सिर्जना भएको पेरू बन्धक प्रकरणको हिंसात्मक अन्त्य भएपछि भने फुजिमोरी 'छापामारहरू आवश्यक मात्रामा खत्तम भइसकेका छैनन्' भनी नरम भाषामा बोलिरहेका छन् । पेरूमा टुपाक आमारूहरू मात्रै होइनन्, अरू विशेषतः साइनिङ पाथ पनि क्रियाशील रहेको तथ्य याद गर्दै फुजिमोरी भन्छन्– 'हामीले धेरै चनाखो दृष्टिले ती छापामारहरूमाथि निगरानी गर्नु पर्दछ ।'

'समाजवाद या मृत्यु' को नारासहित सशस्त्र संघर्ष गरिरहेका टुपाक आमारू छापामार आन्दोलनका क. सेर्पाको नेतृत्वमा चलिरहेको एउटा कमाण्डो दस्ता– 'एड्गर साञ्चेज कमाण्डो'का छापामारहरूको संहार हुँदैमा सिंगो छापामार आन्दोलन नै नष्ट–

विश्वभरि नै विभिन्न मुलकमा पेरूमा भएको दमनकाण्डको विरोधमा आवाज उठिरहेको छ ।




ध्वस्त भयो भन्नु बेठीक नै हुनेछ ।

कमाण्डर रोलाण्डोका रूपमा परिचित MRTA का संस्थापक नेता क. भिक्टर पोलेका अनुसार, टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्टका तीन वटा लेभलहरू छन्– फुल टाइम काम गर्ने सैनिकहरूको क्रान्तिकारी सेना, अर्को पार्टटाइम क्रियाशील हुने मिलिशिया शक्ति र गाउँ–गाउँमा क्रियाशील आत्मरक्षक दलहरू र समुदायहरू । यी दलहरूले सैनिक मामिलाहरूमा भन्दा बेसी सामाजिक, राजनीतिक आर्थिक र कानूनी मामिलाहरू हेर्ने काम गर्दछन् ।

अहिले MRTA कत्तिको बलियो छ ? यो कहाँ कहाँ कसरी क्रियाशील भइरहेको छ त ?– यी सवालहरूको जवाफ यूरोपका लागि MRTA का प्रवक्ता इसाक मेलाज्कोले Junge Welt दैनिकलाई दिएको अन्तर्वार्तामा भनेका छन्– 'हाम्रो संगठनको सुरक्षा अवधारणाको कारणले म MRTA को सदस्य संख्या त भन्दिनँ, तर हाम्रा लडाकूहरू देशभरि क्रियाशील छन् । MRTA अहिले विभिन्न लेभलमा विभिन्न क्षेत्रमा क्रियाशील छ, जस्तो कि हामीसंग रहेका ग्रामीण इकाईहरू, विशेष इकाईहरू, कमाण्डोहरू र मिलिशियाहरू देशभरि क्रियाशील छन् । त्यस्तै प्रचारात्मक कार्यहरू गर्ने, यूनियनहरू संगठित गर्ने, सामाजिक आन्दोलनहरू चलाउने र छापामार संघर्ष अगाडि बढाउने जस्ता कार्यहरू MRTA ले गरिरहेको छ ।'

'फुजिमोरीले छापामार संघर्षमाथि विजय पाइसकेको दावी जतिसुकै पटक गरे पनि हामीले १९९६ मा मात्रै प्रहरी र सैनिक अड्डाहरूमा कैयौं सफल आक्रमणहरू गऱ्यौं भन्दै क. मेलाज्को भन्नुहुन्छ– 'पेरूको सरकारी सेनाले भीषण आक्रमण गरेपछि र जनतामाथि निर्मम र बर्बर दमन हुन थालेपछि, हामीले कार्यनीतिक रूपमा अलिकति पछि हट्ने निर्णय गरेका थियौं र हामीले आफ्ना सैनिक र राजनीतिक संगठन र कार्यलाई मध्य पेरूका गाउँतिर बेसी केन्द्रिकृत गर्ने नीति लियौं ।'

'देशका अरू भागमा कमाण्डोहरू र मिलिशियाहरूको संगठनको ढाँचालाई बाँकी राखेका छौं । ती संगठनहरूले शहरका झुपडपट्टिहरू, मजदूर वस्तीहरू र किसान समुदायबीच राजनीतिक र सांगठनिक कार्यहरूलाई तीव्रताका साथ अगाडि बढाइरहेका छन् ।'

'अहिले फुजिमोरी सरकारले MRTA लाई पूर्ण रूपमा पराजित गरें भनेर दावी गर्दै आफैंलाई झुक्याउन र ठग्न खोजिरहेको छ, किनकि उसलाई थाहा छ– हामीले गत केही वर्ष अगाडिदेखि नै नयाँ युवा पुस्ताका कार्यकर्ताहरू र लडाकूहरू बीच लगातार राजनीतिक र सैनिक प्रशिक्षणहरू अगाडि बढाइरहेका छौं । केही वर्ष अगाडिदेखि जनताबीच संगठन, सचेतता र संघर्षका कार्यक्रमहरूका साथ काम गरिरहेका छौं । हामी त्यति बढी कहिल्यै कमजोर भएनौं, जति सरकारले ठानिरहेको छ । यसको प्रमाण हो– MRTA ले देशभरि गरेका आक्रमणहरूले गर्दा ध्वस्त भएका सैनिक र प्रहरी चौकीहरू, त्यसबाट भएका सरकारी धन–जनका क्षतिहरू !'

MRTA को यो दावीप्रति अलिकति असहमति जनाउँदै पाउल ग्रीनावेले Weekly Worker, London मा लेखेका छन्– 'MRTA पेरूमा ठूलो जनाधार भएको संगठन होइन । यो मूलतः सानो छापामारवादी समूह हो, जसको सामाजिक सम्बन्ध पेरूको मध्यम वर्गसँग छ । यस समूहका अधिकांश कार्यकर्ताहरू विश्वविद्यालयका विद्यार्थीहरू हुन् । यही वातावरणबीच दूतावास कब्जा गर्ने जस्तो धाक धक्कू लगाउने र अवश्यम्भावी रूपले दुःखद अन्त्य हुने खालको कारवाही भएको हो । मध्यमवर्गीय अधैर्यता र अतिवादी सोचले निर्देशित यो कारवाहीले सर्वहारा क्रान्तिकारी चरित्र होइन, 'रोमान्टिक क्रान्तिकारिता' मात्रै प्रदर्शन गरिरहेको छ ।'

हो– अहिले पेरू बन्धक काण्डमाथि फुजिमोरी सरकारले विजय प्राप्त गरेको छ तर पेरू बन्धक काण्ड सिर्जना गर्ने संगठन, उनीहरूको संघर्ष, संघर्ष जन्मिनाका बस्तुगत परिस्थितिहरू फुजिमोरीको अगाडि अविजयी रूपमा पेरूमा विद्यमान नै छन् । पेरूको समाजमा विद्यमान शोषण, असमानता, अन्यायलाई फुजिमोरीको पूँजीवादी शासनले टेवा दिइरहेसम्म देशी–विदेशी पूँजीपतिहरूको शोषण र शासनका विरूद्ध लड्ने, असमानता र अन्यायको अन्त्य गर्नका लागि आत्मबलिदान दिन क. सेर्पाजस्ता टुपाक आमारू छापामारहरू जन्मिरहने छन् ।

जबसम्म फुजिमोरीको पूँजीवादी शासन कायम रहन्छ, तबसम्म पूँजीवादका विरूद्ध संघर्ष गर्ने घोषणाका साथ क. सेर्पाहरू समाजवाद स्थापना गर्नका लागि जन्मिरहनेछन् । क. सेर्पाहरूको जन्म–मृत्यु र संघर्ष भनेको चुनावी प्रजातन्त्रका लागि होइन । आफ्नो भाग्य आफैंले कोर्नका लागि उपयोगी हुने श्रमिकहरूको, गरीखाने किसान र मजदूरहरूको 'सहभागितामूलक प्रजातन्त्र' (Participatory Democracy) स्थापना गर्नका लागि टुपाक आमारूहरू जन्मिरहनेछन् । टुपाक आमारू छापामारहरूले समाजवाद या मृत्युबाहेक अरू कुनै तेस्रो बाटो रोजेका छैनन् ।

◉

# "हामी फुजिमोरीको विजयलाई क्षणिक साबित गर्नेछौं !"

## टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्टका यूरोप-प्रवक्ता क. नोर्मा भेलाज्कोसँगको ताजा अन्तर्वार्ता



**❑ अखबारहरुको रिपोर्ट-अनुसार, जापानी राजदूतको निवासमा पेरूका सरकारी सैनिकहरुले अचानक आक्रमण गर्दा टुपाक आमारु छापामारहरु आश्चर्यचकित भई हतप्रभ झैं भएका थिए । के साँच्चै १५० जना प्रशिक्षित कमाण्डोहरुको आक्रमण अप्रत्याशित र आश्चर्यचकित पार्ने खालको थियो त ?**

-अहँ, जापानी राजदूतको निवासमाथि गरिएको सैनिक आक्रमण कुनै अप्रत्याशित र आश्चर्यचकित पार्ने खालको थिएन । यसले निवासभित्र कार्यरत टुपाक आमारू छापामारहरूलाई पनि हामीलाई जस्तै पटक्कै अप्रत्याशित र आश्चर्यजनक लागेन होला । हामीलाई पहिलेदेखि नै के थाहा थियो र हामीले पहिलेदेखि नै के कुरा भन्दै आएका थियौं भने, राष्ट्रपति फुजिमोरीले बन्धक प्रकरणको शुरूवातदेखि नै यस समस्यालाई सैनिक बलले समाधान गर्ने प्रयास गर्नेछन् । बन्धक प्रकरण चलिरहेको बेला पटक-पटक फुजिोरीले हाम्रो यो भनाइलाई पुष्टि गर्ने खालका अनेकौं क्रियाकलापहरू जारी राखे । उनले राजधानी लिमा र कलाओ बन्दरगाह वरिपरि 'मार्शल ल' थोपर्ने काम गरे । कैयौं नागरिकहरूलाई बिनाअपराध, बिना आरोप गिरफ्तार गरियो, कैयौंलाई टुपाक आमारू रिभोल्युशनरी मुभमेन्ट (MRTA) का सदस्यहरू भएको आरोप लगाइयो । त्यसपछि मार्च महिनामा सुरूङ खन्न थालिएको तथ्य पत्ता लाग्यो । यसरी सुरूङ खन्ने काम सैनिकहरूले जापानी राजदूतको आवासको वरिपरि रहेका घरहरूबाट थालेका थिए । यसले गर्दा यसरी आफ्ना सैनिकहरूलाई सुरूङ खन्न लगाउने राष्ट्रपति फुजिमोरीको कुनियत विश्वसामु छर्लङ्ग भयो । अहँ, हामीमा फुजिमोरीको घृणित क्रियाकलापका बारेमा कुनै भ्रम छैन । फुजिमोरीले हर घडी शान्तिपूर्ण समाधानको राग अलापिरहे पनि, अखबारहरूले शान्तिपूर्ण समाधानका पक्षमा सरकारी प्रयासहरूको जतिसुकै बखान गरे पनि सरकारप्रति हाम्रो सन्देह थियो । तर विभिन्न देशमा प्रकट भएको अन्तर्राष्ट्रिय जनमतको दवाबले गर्दा पेरूभियाली सरकार अप्ठ्यारोमा पर्ने र केही शान्तिपूर्ण प्रयासहरू गर्न ऊ बाध्य हुने झिनो संभावना र आशा हामीमा थियो । मेरो भनाइको तात्पर्य के हो भने, पेरूभन्दा अलग्ग खालका राष्ट्रहरूमा जनताले सडकमा प्रदर्शन गर्न पाउँछन्, आफ्ना मागहरू पूरा गराउनका लागि जुलूस हड्ताल गर्न पाउँछन् र त्यसको बदलामा केही मागहरू पनि पूरा हुन्छन् । तर पेरूमा त्यस्तो केही संभावना देखिएन, यहाँको सरकारका लागि पेरू र पेरू बाहिरका जनताको मतको कुनै वास्ता देखिएन । यसले गर्दा हामी सरकारप्रति खासै धेरै आशावादी पनि भएनौं!

**❑ जापानी राजदूतको निवासभित्र आक्रमण हुँदा दुई जना किशोरीहरुसहित सबै, चौधै जना छापामारहरु मारिए । तर उता भने दुई जना सैनिकहरु र एक जना बन्दी मात्रै मारिए । यसलाई तपाई कसरी व्याख्या गर्नु हुन्छ ?**

-टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट (MRTA) का छापामारहरूको लक्ष्य भनेको दूतावासभित्रका बन्दीहरूलाई मार्नु कदापि थिएन । उनीहरू आफ्नाबन्दीहरूको जीउज्यानको अत्याधिक सुरक्षा गरेर आफ्ना मागहरू पूरा गराउन चाहन्थे । त्यहाँ MRTA को एड्गर साञ्चेज कमाण्डोका छापामारहरू र सैनिकहरूबीच घमासान संघर्ष भएको थियो । तर MRTA को कमाण्डोका छापामारहरू सैनिकहरूद्वारा दूतावास कब्जा गरिएपछि मात्रै मारिएका थिए, उहाँहरूमध्ये धेरैलाई नराम्ररी यातना दिइएको थियो । त्यसैले उहाँहरूको लाश सर्वजनिक रूपमा कसैलाई पनि देखाइएन ।



**बन्धक काण्ड पूर्व जापानी दूतावास कब्जा गर्ने योजना बनाउँदै टुपाक आमारुका एड्गर साञ्चेज कमाण्डोका छापामारहरु**

**❑ राजदूतको आवासमा सैनिक आक्रमण भएपछि पेरुभियाली जनताले कहीं कतै फुजिमोरी सरकारका प्रतिरोध गरेका छन् कि छैनन् ?**

-लिमा शहरलाई सम्पूर्ण रूपले सैनिकीकरण गरिएको कारणले कुनै पनि खालको जनप्रतिरोधको संभावना थिएन । तर हामीले एउटा लडाइँमा पराजय भोग्नु पऱ्यो, तर हाम्रो संघर्ष जारी रहनेछ । जापानी राजदूतावासमा सैनिक आक्रमण भएको केही घण्टापछि नै पेरूभियाली राष्ट्रपति अल्बर्टो फुजिमोरी 'आतंकवाद'माथि विजय प्राप्त गरेको खुशीयालीमा सान इसिद्रोको कूटनीतिक क्षेत्रभित्रको एउटा रेष्टुरेन्टमा घूमघामका साथ भोज-भतेर गरे । यस संकटबाट मुक्त हुन पाएपछि फुजिमोरी पहिलेको तुलनामा बेसी शक्तिशाली भएको जस्तो भान हुन्छ । यदि फुजिमोरीको भनाइमाथि विश्वास गर्ने हो भने- हामीले बन्धक प्रकरण हेर्न नै पाउँदैनथ्यौं, किनकि, फुजिमोरीले त केही वर्ष अगाडि नै टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्टको केही दिन पछाडिदेखि पेरूभरि संघर्षका विभिन्न कार्यक्रमहरू संचालित गरिनेछन् । यसका लागि टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट (MRTA) सम्पूर्ण रूपले तयार छ ।

> **फुजिमोरी भने हवल्दारी पाराले सबै समस्या सैनिक उपायद्वारा समाधान गर्न उद्यत छन् !**

**❑ राजदूतको आवासमाथि गरिएको सैनिक आक्रमणलाई तपाई टुपाक आमारुको पराजयको रुपमा स्वीकार गर्नु हुन्छ कि हुन्न ?**

-निसन्देह, यो टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्टको गंभी पराजय नै हो, यसबाट न त MRTA लाई, न त पेरूभियाली जनतालाई नै कुनै उपलब्धि हासिल भएको छ । तर यसको अर्थ युद्ध समाप्त भन्ने चाहिँ पटक्कै होइन नि ! हो, मृत्यु भइसकेको घोषणा गरेका थिए । तर चिहानबाट उठेर आएका टुपाक आमारू छापामारहरूले बन्धक प्रकरण सिर्जना गरेको कारणले फुजिमोरीले फेरि फेरि पनि टुपाक आमारू विरूद्ध दमन अभियान संचालन गरिरहनु परिरहेको छ । उनका प्रत्येक दमन अभियानहरूलाई चिरेर टुपाक आमारू छापामारहरूले फेरि फेरि पनि फुजिमोरीका विजयोत्सवहरूलाई क्षणिक साबित गर्नेछन् । फुजिमोरीको यो विजय पनि क्षणिक मात्रै हो, यो विजयबाट पेरूभियाली जनताले केही पनि पाएका छैनन्, उनीहरूका दुर्दमनीय समस्याहरू जस्ताका तस्तै छन्, त्यसमाथि कसैले विजय पाउन सकेका छैनन् । अधिकांश पेरूभियाली जनतालाई झन् झन् बढ्दो गरीबी, भोकमरी र अत्यावश्यक स्वास्थ्य सेवाको अभावले झन् झन् नराम्ररी शिकार बनाउँदैछन् । यी समस्याहरूका बारेमा कुनै मतलब नभएका फुजिमोरी भने हवल्दारी पाराले सबै समस्या सैनिक उपायद्वारा समाधान गर्न उद्यत छन् । यो कुरा जापानी राजदूतावासको बन्धक समस्यालाई बल प्रयोगद्वारा समाधान गरिएको घटनाले थप पुष्टि गरेको छ । यसले देखाइरहेको छ- फुजिमोरी झन् झन् डरलाग्दो ढंगले सैनिक उपायहरूमाथि भर पर्न थालेका छन्, यो उनको नानीदेखि लागेको बानी हो, भोलिसम्म पनि यो बानी रही रहनेछ ।

MRTA कमाण्डोका छापामारहरूले सधैं नै बन्धक प्रकरणको शान्तिपूर्ण समाधानको पक्षमा जोड दिनु भएको थियो र पेरूका धेरै जनताले पनि यही शान्तिपूर्ण समाधानको पक्षमा आवाज उठाउँदै सडकहरूमा प्रदर्शन गरेका थिए । शान्तिपूर्ण समाधानको पक्षमा यसरी आवाज उठ्नुका पछाडि मूल रूपमा पेरूका जेलहरूमा अमानवीय अवस्थामा कैदी जीवन बाँचिरहेका राजनैतिक बन्दीहरूको समस्या समाधान गर्ने लक्ष्यले काम गरेको देखिन्छ । तर एउटा कुरा चाहिं स्पष्ट छ- अब फुजिमोरी शासनसंग वार्ता गर्ने कुनै आधार छैन, हामी फुजिमोरी शासनसंग शान्तिवार्ता चलाउने पक्षमा छैनौं । राजदूतावासमाथि कब्जा जमाएपछि पेरूका जेलहरूमा बन्द गरिएका टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्टका राजनीतिक बन्दीहरूको रिहाइ र जेलको स्थितिमा सुधार गर्ने न्यूनतम लक्ष्य पूरा गर्न भने हामीले फुजिमोरी शासनसंग वार्ता गरिनै सक्यौं ।

**❑ राजबन्दीहरुको अवस्थामा अहिलेको नयाँ स्थितिले कस्तो असर पार्ने देखिन्छ ?**

-अहिलेसम्म राजबन्दीहरूको कुनै खासै सुधार गर्ने खालका कार्यक्रमहरू सरकारबाट बाहिर ल्याइएको छैन । त्यसैले हामीले हाम्रा बन्दी कमरेडहरूको रिहाइका लागि नयाँ र अझ उच्चतम खालका बाटाहरू छान्नु परेको छ । तर अहिलेको अति महत्वपूर्ण कुरो के हो भने- अन्तर्राष्ट्रिय जनसमुदायले आफ्नो आँखा बन्द गर्नु हुँदैन, पेरूका राजबन्दीहरूलाई बिर्सनु हुँदैन र उनीहरूले पाइरहेको अमानवीय व्यवहारलाई बिर्सनु हुँदैन ।◉

२४ अप्रिल, १९९७

*◉ जर्मनीबाट प्रकाशित हुने वामपन्थी दैनिक अखबार Junge Welt का लागि पिटर नोवाकले लिएको अन्तर्वार्ता*



# राजनीति सत्ताको फोहरी खेल होइन

◆ डा. महेश मास्के

## हाल विदेशमा बसेका एक प्रमुख जनआन्दोलन-कर्मीका आँखामा नेपालको बहुदल कता जाँदैछ ?

**डा. महेश मास्के २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने एक स्वास्थ्य कर्मीको नाम हो । उहाँले स्वास्थ्यकर्मीहरुलाई, अन्य पेशागत क्षेत्रलाई जनआन्दोलनको मैदानमा ल्याउन निकै महत्वपूर्ण भूमिका खेल्नु भएको थियो । अहिले उहाँ अध्ययनको सिलसिलामा अमेरिकामा हुनुहुन्छ । तथापि उहाँको मन भने नेपाली राजनीतिको मैदानमा नै देखिन्छ । सुदूर गोलार्द्धमा रहेर पनि उहाँ नेपालको राजनीतिक परिस्थितिबारे निकै चिन्तित हुनुहुन्छ ।**

**बहुदल आएको सात वर्ष पुगेको उपलक्ष्यमा हामीले नेपालको बहुदल कता जाँदैछ ? भन्नेबारे उहाँलाई पनि इमेलमार्फत् प्रश्न पठाएका थियौं । त्यसको जवाफ तुरुन्तै आएन । त्यसैले, हामीले अघिल्लो अंकमा त्यो छाप्न सकेनौं । अहिले त्यो प्राप्त भएको छ । प्रस्तुत छ- उहाँबाट रोमन लिपीमा प्राप्त उहाँको जवाफः**

सात वर्षअघि लाखौं नेपाली जनता सडकमा उत्रेर पंचायतलाई फालेका थिए र फेरि एकपल्ट यो सत्यको पुष्टि गरेका थिए कि- देशको सार्वभौमसत्ता कुनै राजमुकुटमा होइन, आम जनतामा निहित हुने गर्दछ । जनताको पंचायतविरोधी संघर्षलाई दबाउन तात्कालीन सरकारले हिंसाको सहारा लिएको थियो । निहत्था आन्दोलन-कारीहरूमाथि द्वितीय विश्वयुद्धमा प्रतिबन्धित 'दमदम' गोली जस्तै टुप्पो घोटिएको गोली (हलो प्वाइन्ट बुलेट) प्रयोग गरिएको थियो । मानव अधिकारको ठाडो उल्लंघन गर्ने पंचायतको यो राज्य आतंकविरूद्ध र जनआन्दोलनको समर्थनमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरूले खेलेको भूमिका इतिहासको स्मृतिमा सुरक्षित छ । निकारागुवा, मोजाम्बिक, फिलिपिन्स आदि केही देशहरूमा राजनैतिक आन्दोलनमा स्वास्थ्यमीहरूको सहभागिता पाइएको छ । तर उनीहरूको समुदाय तथा संघ संस्थाहरूले नै खुलेर मानव अधिकारको रक्षार्थ राजनीतिक आन्दोलनलाई प्रत्यक्ष सहयोग पुऱ्याएको उदाहरण विश्व इतिहासमा बिरलै भेटिन्छ ।


आज ऐतिहासिक जन-आन्दोलनको सात वर्षपछि नेपाली राजनीतिक घटनाक्रमको एक विस्मयकारी मोडमा तपाईहरूले मलाई प्रश्न राख्नु भएको छ । पंचायती कालरात्रीका अन्तिम पहरेदार लोकेन्द्रबहादुर चन्द आज पुनः सरकार प्रमुख भएको छ । जनआन्दोलनको एउटा प्रमुख नेतृत्व नेकपा (एमाले) ले 'समीकरण' को नाममा चन्द लगायत राप्रपालाई सरकारको बाग्डोर सुम्पेको छ । चन्द प्रधानमन्त्री बनेको क्याबिनेटमा झलनाथ खनाल मन्त्री बन्न पुगेका छन् । यी तिनै झलनाथ खनाल हुन्, जो २०४६ सालको आन्दोलनका अन्तिम दिनहरूमा भोक हड्तालमा बसिराखेका चिकित्सकहरूअघि जोशिलो भाषण सुनाउन आएका थिए । त्यही बेला राजकीय प्रज्ञाप्रतिष्ठानभित्र कांग्रेस, बाममोर्चा र पंचायतका प्रतिनिधिहरूलाई जनताले घेरेर राखेका थिए । र, मुद्दा थियो- चन्दकै प्रधानमन्त्रीत्वमा अन्तरीम सरकार बनाउने कि जनआन्दोलनको नेतृत्वमध्ये कुनै एकको प्रधानमन्त्रीत्वमा ? झलनाथ खनाल चिकित्सकहरूको संघर्षमा ऐक्यबद्धता जनाउन र उनको पार्टीले चन्द सरकारलाई हटाउन के कस्तो दवाब दिइराखेको छ, त्यो सुनाउन आएका थिए । चैत्र २४ गते सडकमा पोखिएको नेपाली जनताको रगतको दागले विरूप भएका तिनै चन्दलाई आज 'मिस्टर क्लिन' भन्दै सरकार प्रमुख बनाउने एमालेको राजनीतिक चातुर्यमाथि उहाँहरू आफै जतिसुकै मुग्ध भए पनि इतिहासले त्यसलाई अवसरवादको एक निकृष्ट अभिव्यक्तिको रूपमा मात्र लिनेछ भन्ने दृष्टिकोण नै मलाई तर्कसंगत र जायज लाग्दछ ।

राजनीतिक अवसरवाद मात्र भएको भएमा यसलाई बिस्मयले मात्र हेर्ने थिएँ होला । तर यो दुर्भाग्यपूर्ण यसकारण छ कि- यसमा डा. भरत प्रधानजस्ता व्यक्ति पनि स्वास्थ्य राज्यमन्त्री बन्न पुगेका छन् । जनआन्दोलनमा चिकित्सकहरूको गौरवपूर्ण सहभागितालाई सफल बनाउन अत्यन्त महत्वपूर्ण भूमिका खेल्ने व्यक्तिहरूमा डा. भरत प्रधानको स्थान अघिल्लो पंक्तिमा छ । चैत्र २४ गते र त्यसपछि कर्फ्यू जारी गरिएका रातहरूमा ज्यानको खतरा उठाउँदै घाइतेहरूलाई अस्पताल ल्याउन डा. प्रधान सक्रिय हुनुहुन्थ्यो । त्यही बेला जनतालाई भेडा-बाखासरी सडकमा भुट्ने पंचायती सरकारको प्रमुख अहिले कहाँ हुनुहुन्छ भनेर प्रश्न उहाँलाई गरे उहाँ के जवाफ दिनु हुन्छ होला ? डा. प्रधान जस्तो व्यक्ति पनि लोकेन्द्र सरकारमा मन्त्री बन्न पुग्नुले एमालेभित्र हावी भएको सत्ताको भोगवादी संस्कृति कति प्रभुत्वशाली रहेछ ? त्यसको परिचय दिएको छ ।

पंचायती लोकेन्द्र सरकारकै पालामा एउटा विचित्रको गृहमन्त्री सत्तामा थिए । चैत्र २६ गते बहुदलको घोषणा भइसकेपछि पनि न पंचायतको अन्त्य भएको थियो, न कर्फ्यू नै हटेको थियो । त्यो अवसरमा फेरि केही व्यक्तिहरू मरेका र केही घाइते भएका थिए । त्यसरी घाइते भएको आफ्नै भाइलाई लिन एम्बुलेन्समा गएका ड्यूटीका डाक्टर सत्येन राजभण्डारीलाई कर्फ्यू प्रहरीले पिटेर हात भाँचिदिएका थिए । त्यही रात अर्को घाइतेलाई लिन गएका डा. प्रधानले



चन्दलाई आज 'मिस्टर क्लिन' भन्दै सरकार प्रमुख बनाउने एमालेको राजनीतिक चातुर्यमाथि उहाँहरू आफै जतिसुकै मुग्ध भए पनि इतिहासले त्यसलाई अवसरवादको एक निकृष्ट अभिव्यक्तिको रूपमा मात्र लिनेछ



डा. महेश मास्के

डा. राजभण्डारीलाई भेटी प्रहरीको कब्जाबाट छुटाई ल्याउनु भएको थियो। यस स्थितिबाट ड्यूटीमा रहेका वरिष्ठ सर्जन डा. लोकविक्रम थापाले गृहमन्त्रीलाई जानकारी दिई चिकित्सकहरूको कर्तव्य पूरा गर्न आवश्यक सहयोगको अनुरोध गर्दा ती गृहमन्त्री उल्टै कुर्लेका थिए- 'म सबै डाक्टरहरूलाई गोली हान्छु। अस्पताल र ऐम्बुलेन्स पनि ध्वस्त पारिदिन्छु।'

ती गृहमन्त्रीको नाम नयन बहादुर स्वाँर हो र तिनले बोलेको शब्द नेपाल मेडिकल एसोशिएसनको अप्रिल १०, १९९० को प्रेस विज्ञप्तिमा सुरक्षित छ। गृहमन्त्रीका यिनै अपशब्दले गर्दा उनको राजीनामाको माग राखेर चिकित्सकहरू भोक हड्तालमा उत्रेका थिए र पंचायती लोकेन्द्र सरकारको विघटनपछि मात्र चिकित्सकहरूको संघर्षको पनि अन्त्य भएको थियो।

वर्तमान क्याविनेट इतिहासको एउटा क्रूर मजाक नै हो भने अर्को एउटा मजाक पनि यसमा थपिनु पर्‍यो। यसको गृहमन्त्री नयनबहादुर स्वाँरलाई नै बनाइनु पर्‍यो। उल्टो दिशातर्फ दौडिने राजनीतिक अवसरवादको गति यस्तै तीव्र रहिरहने हो भने त्यो दिन देख्न पनि धेरै पर्खनु नपर्ला।

तर आन्दोलनमा नायक र खलनायक मात्र हुँदैनन्। त्यहाँ सार्वभौम जनता पनि हुन्छन् र त्यहाँ शहीदहरू पनि हुन्छन्। जनअनुभूतिको भित्री गहिराइमा शहीदहरू जनताको सार्वभौम शक्तिको प्रतीक भएर बाँचेका हुँदारहेछन्। जब जब यो यथार्थलाई राजनीतिक दल वा नायकहरूले बिर्सने गर्छन्, उनीहरू आफैं त्यो शक्तिबाट च्यूत हुने गर्छन्। पंचायती शक्तिसंग मिलेर सरकार बनाउने कांग्रेसले त्यही गल्ती गरेको थियो। अहिले एमालेले त्यी गल्ती दोहऱ्याउन पुगेको छ। दोहऱ्याउन मात्र होइन, त्यस दिशामा दुई कदम अगाडि नै बढेको छ। यो समीकरणको साथै मेरो विचारमा एमालेको 'बहुदलीय जनवाद' अवसरवादको त्यो उँचाइमा पुगेको छ, जहाँबाट सबै बाटो पतनको खाल्डोतर्फ नै भर्ने गर्छन्।

एमालेभित्र सबै धारका नेताहरू सत्ताको भागबण्डा गर्न राम्रैसंग लिप्त भएका देखिन्छन्। जनताको निम्ति सत्तामा जानु परेको, बाध्यतावश सरकार बनाउनु परेको आदि जस्ता भ्रमहरूले कहिलेसम्म जनचेतनालाई ढाक्न सक्ला? आफूलाई 'आमूल परिवर्तनकारी शक्ति' दावा गर्ने पार्टीले यस्ता प्रतिगामी विकल्पहरूको वकालत गर्नु अब त्यति आश्चर्य मान्नु पर्ने पनि भएन। पंचायती अर्थमन्त्रीको आर्थिक कार्यक्रमसंग एमालेको आर्थिक नीति भिन्न नभएको मनमोहन अधिकारीको घोषणाले अब एमालेले भिर्ने गरेको कम्युनिष्ट पार्टीको बिल्लामाथि नै प्रश्नचिन्ह उठाइसकेको छ।

त्यसैले, जनआन्दोलनका आकांक्षाहरूलाई सम्मान गर्न र त्यसलाई प्राप्त गर्ने दिशातर्फ अघि बढ्न नेतृत्व दिने कुनै धार एमालेभित्र देखापर्ने आशा गर्ने ठाउँ छैन। नेपाली राजनीतिक घटनाक्रमको यो मोडमा कांग्रेस र एमाले बाहेक अन्य शक्तिहरू, जसले जनआन्दोलनमा नेतृत्व प्रदान गरेका थिए, तिनीहरूतर्फ जन साधारणको ध्यान आकर्षित हुनु नितान्त स्वभाविक छ र समयले उनीहरूलाई नै नेतृत्वको निमित्त निम्त्याएको पनि सहजै अनुमान गर्न सकिन्छ।

संक्षेपमा भन्नु पर्दा, केही अपवादहरू बाहेक, राजनीतिज्ञहरूले सत्ताको दुरूपयोग गरी जनताले उनीहरूमाथि सुम्पेको विश्वासको दुरूपयोग गरेका छन् र राजनीति एक फोहरी खेल हो भन्ने धारणालाई नै बल पुऱ्याएका छन्। तर राजनीति सत्ताको फोहरी खेल मात्र भएको भए यसको महत्व यति विशाल र व्यापक हुने थिएन होला। राजनीतिले देशका जनताको जीवन र नियतिलाई प्रभावित गर्दछ, राष्ट्र निर्माणलाई निर्देशित गर्दछ र राष्ट्रका रोगहरूको उपचार गर्दछ। आजभन्दा करीब १० वर्ष पहिले विश्वविख्यात चिकित्सक, राजनीतिज्ञ र मानवशास्त्री डा. रूडल्फ भिर्काउले भनेका थिए- चिकित्सा एउटा समाज विज्ञान हो र राजनीति विशाल आयाम भएको चिकित्साबाहेक अरू केही होइन। (Medicine is social science and politics is nothing others then medicine in a grand scale)

जुन देशहरूले राजनीतिलाई यो जिम्मेदारी र सम्वेदनशीलताका साथ बुझे र व्यवहारमा प्रयोग गरे, ती देशहरूले आश्चर्यजनक रूपले छोटो अवधिमै स्वास्थ्य क्षेत्रमा र सम्पूर्ण देश विकासमै कीर्तिमानहरू स्थापित गरे। विश्व स्वास्थ्य संगठन (WHO) द्वारा आह्वान गरिएको 'सबैको लागि स्वास्थ्य' यिनै देशहरूको अनुभवमा आधारित छ। राजनीतिलाई सत्ताको फोहरी खेल बनाउने राजनीतिज्ञहरूको बाहुल्य भएको बेला हामी सबैले भिर्काउका यी शब्दहरूलाई स्मरण गर्न आवश्यक छ, विशेष गरेर तिनीहरूले, जो राजनीतिलाई फोहरी खेल साबित गर्न उद्धत छन्। ❑

## रोचक प्रसंग

# यसरी झुक्नु पऱ्यो राणा प्रधानमन्त्री

२००४ साल नेपालको इतिहासमा विशेष महत्व बोकेको साल हो। राणा शासनका विरूद्धमा खुलेआम सत्याग्रह आन्दोलन शुरूआत भएको साल।

हो, यही २००४ सालको शुभारम्भमै नेपाली जनताले राजबन्दीहरूको रिहाइ र नागरिक अधिकारको माग राखेर काठमाडौं उपत्यका, इलाम, जनकपुर, विराटनगर, बीरगंज, नेपालगंज आदि शहरहरूमा सत्याग्रह आन्दोलन शुरू गरेका थिए। विभिन्न ठाउँका आन्दोलनहरूमध्ये काठमाडौंको आन्दोलन नै सबभन्दा प्रभावशाली रह्यो।



काठमाडौं, पाटन र भक्तपुरमा दिनहुँ जसो जुलूस, प्रदर्शनी र भाषणहरू हुन थाले। आन्दोलनकारीहरूमाथि लाठी बज्रन थाल्यो। कैयौं आन्दोलनकारीहरू समातिए। समातिएका सत्याग्रहीहरूमध्ये धेरैजसो व्यक्तिहरूलाई महाराजगंजमा तात्कालीन कमाण्डर इन चीफ मोहन शमशेरको दरबारको गारतमा थुनिएको थियो।

त्यहाँ थुनिएका बन्दीहरूलाई एकदमै निम्नस्तरको खाना दिइन्थ्यो। केही दिन त उनीहरूले त्यही खाना भए पनि खाए। पछि सत्याग्रहीहरूले त्यस्तो खानाको विरोध गरे, तर त्यसको कुनै सुनवाइ भएन।

अर्को कुरा, बन्दीहरूलाई लेखपढ गर्नको लागि कुनै किताब, कलम र कापी उपलब्ध गराइएको थिएन। यतिसम्म कि, रामायण, श्रमिद्‌भागवतजस्ता धार्मिक पुस्तकहरू पढ्नको लागि माग्दा पनि उपलब्ध गराइएन।

यी दुवै कुराको विरोधमा सत्याग्रहीहरूले भोक हड्ताल शुरू गरे। हड्ताल लगातार तीन दिनसम्म चल्यो। मोहन शमशेर, जसको दरबारमा बन्दीहरू थुनिएका थिए, उनले कुनै चासो देखाएनन्। हड्तालको तेस्रो दिन दिउँसो सरदार भुपध्वज अनसनकारीहरूकहाँ आइपुगे। उनीसंग केही पुस्तकहरू थिए। उनले अनसनकारीहरूलाई आफूले ल्याएका पुस्तकहरू दिँदै उनीहरूको माग पूरा भएकोले अनसन तोड्न जोड गरे। अनसनकारीहरूले पनि धार्मिकै भए पनि पुस्तकहरू पाएकोले अनसन तोड्ने निर्णय गरे र कागतीको रस खाए।

कागतीको रस खाएको हेरेर सरदार फर्के। असनसनकारीहरूले भूपध्वजद्वारा ल्याइएका ती किताबहरू पल्टाएर हेरेपछि के थाहा लाग्यो भने- ती किताबहरू त सबै पद्‌म शमशेरकै निजी पुस्तकहरू रहेछन् र पद्‌म शमशेरले नै दिन पठाएका रहेछन्। यसरी पद्‌म शमशेरले बन्दीहरू सामु झुक्नु पऱ्यो। ◆


**केश झर्न नरोकिएमा पैसा फिर्ता!**

- **सर्वाधिक मन जित्न सफल, सबैले प्रयोग गर्न मिल्ने नेपाली शुद्ध हर्बल Silken Shampoo & Hair Tonic ले शिरको चायाँ हटाई केशको जरा बलियो बनाई नयाँ केश उमार्छ। केशलाई लामो, मुलायम चम्किलो पारी फुल्न रोक्छ।**
- **सैम्पूले मुख धोएमा मुहार नरम, कलिलो, चम्किलो बनाई कालो पोतो र डण्डीफोर हराएर जान्छ।**
- सबैको विश्वसनीय तथा सर्वाधिक बिक्री भइरहेको पहिलो स्थानः

◆ **सम्झना स्टोर्स**

(कपडा पसल) टेकू चोक, फोनः २४४००८, काठमाडौं।
(नेपाल बैंकको ठीक अगाडि)

❑ **बिक्री समयः दैनिक बिहान ९ देखि बेलुकी ९ बजेसम्म।**

**संघर्षगाथा**

## मइ दिवसको उपलक्ष्यमा

# नेपालको पहिलो मजदूर आन्दोलन

◆ मुक्ता श्रेष्ठ




समय त्यही थियो, जुन बेला नेपालमा राणाशाही एकतन्त्री शासनको चकचकी थियो । कोही कसैले राणाशाही एकतन्त्री शासनको विरूद्ध चुँसम्म गर्न पाउँदैनथे । बोल्ने बित्तिकै मृत्युदण्डदेखि लिएर जस्तोसुकै दण्ड सजाय पनि भोग्नु पर्दथ्यो । केही वर्ष अगाडि मात्र राणाशाहीको विरोध गरेकोमा चार जना नागरिक शहीद भएका थिए र कैयौं व्यक्तिहरूलाई जेलनेल, देश निकाला र सर्वश्वहरणको सजाय भएको थियो । यस्तो विकराल स्थितिमा पनि विराटनगरका औद्योगिक मजदूरहरूले आन्दोलन शुरू गरे । यो नै नेपालको इतिहासमा जनस्तरबाट भएको पहिलो आन्दोलन थियो ।

२००३ साल फागुन २१ गते (मार्च ४, १९४७) को दिन थियो । विराटनगरको जूट मिल, मोरङ्ग कटन मिलका मजदूरहरू आ-आफ्ना कामहरू छाडेर मीलबाट बाहिर निस्के । उनीहरूले मजदूरहरूसम्बन्धी नाराहरू लगाए । आफ्ना मागहरू पूरा नहुन्जेल काममा नफर्कने प्रण गरे । यो हड्ताल २० दिनसम्म चल्यो ।

**(इतिहासलाई फर्केर हेर्दा पुस्तकको आधारमा)**

जुद्ध शमशेरको प्रधानमन्त्रीत्व कालदेखि विराटनगरमा स्थापना हुन थालेका कारखानाहरू राम्रैसंग चलिरहेका थिए । कुनै कुनै कारखानाहरूमा त निकै राम्रो नाफा पनि हुन थालेको थियो । तर त्यस नाफाले मजदूरहरूलाई भने कुनै फाइदा प्राप्त हुन सकेको थिएन । मजदूरहरूले एघार घण्टा काम गर्नु पर्दथ्यो । उनीहरूको नोकरीको कुनै सुनिशिचतता थिएन । वोनस, स्वास्थ्योपचार, केटाकेटीहरूको लागि शिक्षा आदिको कुनै व्यवस्था थिएन । नेपालका मजदूहरूको दाँजोमा नेपालकै सीमापारी भारतको जोगवनीका मजदूरहरूको स्थिति धेरै राम्रो थियो । त्यसैले नेपाली मजदूरहरू निकै असन्तुष्ट थिए ।



**हड्ताल कुन संगठनको नेतृत्वमा संचालन गर्ने भन्ने कुरामा मनमोहन अधिकारी र बि.पी. पक्षको बीच विवाद उठ्न थाल्यो ।**

यसै समयमा २००१ सालतिर भारतीय स्वतन्त्रता संग्राममा भाग लिएवापत कैद भएका मनमोहन अधिकारी भारतको जेलबाट छुटेर विराटनगरको केमिकल कारखानामा काम गर्न आइपुगे । उनीसंग भारतमा भारतीय कम्युनिष्ट पार्टी र ट्रेड युनियनमा काम गरिसकेको अनुभव थियो । उनले आफू विराटनगरमा काममा लागेपछि त्यहाँका मजदूरहरूलाई सचेत गर्न र संगठित गर्नमा ध्यान लगाउन थाले । २००३ सालसम्ममा मजदूरहरू बीच उनी 'मोहन बाबु' को नामले प्रख्यात भइसकेका थिए । साथै 'अखिल नेपाल ट्रेड युनियन कांग्रेस' नामक मजदूर संगठन पनि भूमिगत रूपमा मजदूरहरू बीच स्थापित भइसकेको थियो ।

२००३ सालको अन्त्यतिर मनमोहन अधिकारीको नेतृत्वमा त्यहाँका मजदूरहरूले आफूहरूलाई परिरहेको समस्या समाधान गर्न र अरू देशमा मजदूरहरूले पाइरहेको सरह मानवोचित सुविधाहरू पाउनको लागि मील मालिकहरू समक्ष आफ्ना मागहरू पेश गरे । उनीहरूले पेश गरेका मागहरू थिए- संगठन दर्ता गर्न पाउने, तलब सुविधा बृद्धि गर्ने र आवास सुविधा पाउनु । तर ती पेश भएका सबै मागहरू उपर कुनै सुनवाई भएन । फलस्वरूप, २००३ साल फागुन २१ गतेको दिन जुट मील र मोरङ्ग कटन मीलका मजदूरहरूले हड्ताल शुरू गरे । यो हड्ताल विस्तारविस्तारै अरू अरू कारखाना-हरूमा पनि फैलियो ।

हड्ताल संचालन भइरहेको समयमा नै हड्तालमा बाहिरिया समर्थकहरूको पनि सहयोग जुटाउन मनमोहन अधिकारीले दार्जलिङ्गबाट रत्नलाल ब्राम्हण 'माइलाबाजे'लाई झिकाए । त्यति नै बेला गिरिजाप्रसाद कोइराला र तारिणीप्रसाद कोइराला, बिकुबाबु पनि त्यहाँ कार्यरत थिए । उनीहरूले पनि कलकत्तामा बसेका नेपाली राष्ट्रिय कांग्रेसका अध्यक्ष विश्वेश्वरप्रसाद कोइरालालाई झिकाए । हड्ताल कुन संगठनको नेतृत्वमा संचालन गर्ने भन्ने कुरामा मनमोहन अधिकारी र बि.पी. पक्षको बीच विवाद उठ्न थाल्यो । वि.पी. कोइरालाहरू 'मजदूर सभा' (जुन उनीहरूले भारतको सोसलिष्ट पार्टीको ट्रेड युनियन 'हिन्द मजदूर सभा' को सिको गरेर बनाएको संगठन थियो) को नामबाट हड्ताल संचालन गर्नुपर्छ भन्ने कुरामा जिद्दी कस्न थाले । तर मनमोहन अधिकारी मजदूरहरूको बीच लोकप्रिय भइसकेको हुनाले वि.पी.हरू एक कदम पछाडि रहनु पर्‍यो । त्यसैले दुवै समूहको बीच 'मोरङ्ग मिल्स, मजदूर युनियन' को मातहतमा हड्ताल संचालन गर्ने कुरामा सम्झौता भयो । र, यसको अध्यक्ष पदमा गिरिजाप्रसाद कोइराला र महासचिवमा मनमोहन अधिकारी चुनिए । र, यसको झण्डा रातो भूमिमा हँसिया र हथौडा भएको बनाइयो ।



**मजदूरहरूले एघार घण्टा काम गर्नु पर्दथ्यो । उनीहरूको नोकरीको कुनै सुनिशिचतता थिएन ।**

हड्ताल चर्किदै गयो । हड्तालबाट मील मालिकहरू तर्सिन थाले । त्यसैले हड्ताल तोड्नको लागि मील मालिकहरू र हड्तालीहरू बीच एक दुई पटक कुराकानी पनि भयो । यसमा त्यस क्षेत्रका बडा हाकिम राम शमशेरले पनि भाग लिएका थिए । तर

कुराकानीबाट कुनै सममाधान निक्लन सकेन । २००३ साल चैत्र ११ गते (मार्च २४) सम्म हड्ताल जारी नै रह्यो । हड्ताललाई दमन गर्न काठमाडौंबाट पठाइएको अढाई सय फौज चैत्र ११ गते विराटनगरमा आइपुग्यो । भोलिपल्ट बिहानै मनमोहन अधिकारी, तारिणीप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला, वि.पी. कोइराला, गेहेन्द्रहरि लामिछाने गिरफ्तार गरिए ।

त्यसपछि बालचन्द्र शर्मा, गोपालप्रसाद भट्टराई, युवराज अधिकारी, कपिलदेव, पूर्णिया जिल्लाका समाजवादी दलका केही व्यक्तिहरू उपस्थित भएर हड्ताललाई जारी नै राखे । यसमा दिव्या कोइराला, इन्दिरा आचार्य, नलिनी उपाध्याय, कामिनी गिरी पनि उपस्थित भएका थिए । तर उनीहरू पनि चैत्र १४ गते (मार्च २७) को दिन गिरफ्तार भए । यस बेला एउटा रोचक घटना के पनि भयो भने- गिरफ्तार गरिएकाहरूलाई पैदलै धनकुटा चलान गरिएको बेलामा जुत्ता नभएकाहरूलाई जुत्ता किनिदिएकोमा बीरप्रसादलाई पनि संगै धनकुटा चलान गरियो ।

**जुत्ता नभएकाहरुलाई जुत्ता किनिदिएकोमा वीरप्रसादलाई पनि संगै धनकुटा चलान गरियो ।**


यसरी नेतृत्व दिन सक्ने सबै व्यक्तिहरूको गिरफ्तारीपछि त्यहाँ नेतृत्व दिन सक्ने कोही पनि व्यक्तिहरू बाँकी नभएको कारणले मजदूरहरू नेतृत्वविहीन हुन पुगे । आन्दोलनकारी मजदूरहरू माउले छाडेका चल्लाहरू जस्तै भए । आन्दोलन त्यसै सेलाएर गयो ।

यसरी यो आन्दोलन त दबियो । तर यो आन्दोलन यस्तो थियो, जुन आन्दोलनमा सर्वप्रथम मजदूरहरू सम्बन्धी नाराहरू लाग्यो, जुलूसहरू भए, आमसभाहरू भए । यही आन्दोलनले देशमा प्रजातान्त्रिक आन्दोलनको लागि बिगुल फुक्ने काम गर्‍यो । त्यस आन्दोलनपछि नै राणाशाहीको अन्त्यको लागि नेपालका विभिन्न ठाउँहरूबाट आन्दोलन शुरू भयो । काठमाडौंमा २००४ सालदेखि नागरिक अधिकारको लागि आन्दोलन शुरू भयो । र, लगातार आन्दोलन भइरह्यो । आखिर २००७ सालमा राणाशाहीको अन्त्य भयो ।

सन्दर्भ स्रोतहरू-

❑ वर्ष ३ अंक २ को **श्रमिक खबरमा** प्रकाशित नरबहादुर कर्माचार्यको अन्तरवार्ता ◆ वर्ष २ जेष्ठ-श्रावणको संयुक्ताङ्कमा प्रकाशित मनमोहन अधिकारीको भाषण ◆ भुवनलाल प्रधानको नेपालको जनक्रान्ति-२००७

# भारतमा गरीबी चीनमा भन्दा धेरै गुणा बेसी



भारत मुक्त भएको ५० वर्ष बितेको छ । तथापि एक अरब जनसंख्या भएको यो विश्वको सबैभन्दा ठूलो पूंजीवादी प्रजातन्त्रले त्यहाँका गरीब जनतालाई अहिले पनि गरीबीबाट मुक्ति दिन सकेको छैन । विश्व बैंकको ताजा तथ्यांकअनुसार, त्यहाँ अहिले पनि एक तिहाई जनसंख्या अर्थात् ३२.८ करोड मानिसहरू गरीबीको रेखामुनि पशु-जिन्दगी बाँचिरहेका छन् । उनीहरूको आम्दानी मासिक २५ डलरभन्दा पनि कम छ ।

चीन भारतभन्दा पनि दुई वर्षपछि मात्र क्रान्ति सम्पन्न भएको मुलुक हो र १९४९ मा चीन ब्रिटिश अधीनबाट मुक्त भारतभन्दा पनि धेरै हिसाबले पछौटे थियो । तर चीनको समाजवादले क्रान्तिको २५ वर्षभित्रै गरीबीलाई आधारभूत रूपमा उन्मूलन गर्न सक्यो । सन् १९७५ पुग्दा नै चीनमा गाँस, बास, कपासको समस्या आधारभूत रूपमा हल गरिसकिएको थियो । बेरोजगारी लगभग उन्मूलन गरिसकिएको थियो । तर भारतमा पूँजीवादी प्रजातन्त्र अर्थतन्त्रअन्तर्गत ५० वर्षमा पनि यो संभव हुन सकेको छैन ।

चीनमा १९७८ पछि देङ शियाओ पिङको नेतृत्वमा बजारमुखी पूँजीवादी अर्थतन्त्रलाई स्थान दिन थालियो । बजारमुखी अर्थतन्त्रले चीनमा पुनः धनी र गरीबबीचको खाडललाई गहिरो र फराकिलो बनायो । त्यसैले फेरि अहिले आएर चीनको राज्य तथ्यांक ब्यूरोका अनुसार, चीनमा गरीबीको रेखामुनि बाँच्ने चीनियाँहरू ६ करोड ५० लाख पुगेका छन् । तथापि, भारतसित तुलना गर्ने हो भने यो संख्या अझै भारतको भन्दा पाँच गुणा कम नै देखिन्छ ।

गरिबीको सम्बन्ध अशिक्षासंग घनिष्ठ रूपले जोडिएको हुन्छ । ५० वर्षको भारतको प्रजातन्त्रमा अहिले पनि ५० प्रतिशतभन्दा पनि बेसी मानिसहरू असाक्षर रहेका छन् । तर चीनमा असाक्षरहरूको अनुपात अहिले २० प्रतिशतभन्दा पनि कम रहेको छ । ◆

# जर्मनीमा धनी र गरीबको खाडल गहिरिँदैछ



भाले जर्मनीको ब्रेमेनस्थित श्रम ब्यूरोले प्रकाशित गरेको तथ्यांकअनुसार, जर्मनीमा धनी र गरीब बीचको खाडल निकै नराम्रोसित बढ्दैछ ।

प्रकाशित तथ्यांकअनुसार, १९८९ देखि १९९२ को अवधिमा जर्मनीमा १० लाख मार्कभन्दा बेसी वार्षिक आम्दानी हुने धनाढ्यहरूको संख्या २५ हजार पुगेको छ । उता सामाजिक राहतको माग गर्ने गरीबहरू बढेर ३३ लाख पुगेका छन् ।

जर्मनीमा अहिले आर्थिक मन्दी छाएको छ । कैयन कम्पनीहरू टाट पल्टन थालेका छन् । यसले गर्दा बेरोजगारी दर बेस्सरी चुलिएर यही मार्चमा ११.२ प्रतिशत पुगेको छ । यो जर्मनीको पछिल्लो इतिहासमा सारै उच्च बेरोजगारी दर हो । गएको वर्ष यही समयमा त्यहाँ १०.४ मानिसहरू पूर्ण बेरोजगारी थिए ।

गरीबीको सबैभन्दा बेसी मार पूर्वी जर्मनीमा परेको छ । ब्राण्डेनवर्ग राज्यमा त हजार नागरिकमध्ये १८ जना सरकारी राहतको भरमा जीवनयापन गर्दैछन् । जर्मनीको कुल घरेलु उत्पादन पनि घटिरहेछ । पछिल्लो तीन महिनाको त्यहाँको आर्थिक वृद्धि दर ०.३ प्रतिशत मात्रै छ । अन्तर्राष्ट्रिय व्यापारको हिसाबले पनि जर्मनी अहिले प्रतिकूल स्थितिमा छ । जर्मनीको पछिल्लो बाह्र महिनाको चालु खाता घाटा १७.६ अरब डलर पुगेको छ ।

◆ दीपक वैद्य


नव युवा




हरेक अंक विशेष अंक

हाम्रा हरेक अंक तपाई निम्न सामग्रीहरुले भरपूर पाउनु हुनेछ !

◆ विज्ञान/प्रविधिका आश्चर्यजनक आविष्कारहरु
◆ प्रकृतिका अनेकौं रहस्यहरुको रहस्योद्घाटन
◆ नेपाल र विश्वका विभिन्न मुलुकका रोचक र ज्ञानवर्द्धक जानकारीहरु
◆ संसारका र नेपालका महत्त्वपूर्ण मानिसका जीवनीहरु
◆ वैज्ञानिक सोच र असल चरित्र निर्माण गर्न मद्दत गर्ने रचनाहरु
◆ आई. क्यू. बढाउन मद्दत गर्ने सामग्रीहरु
◆ इतिहासका रोचक र प्रेरक प्रसंगहरु
◆ खेलकूद, फिल्म, रंगमञ्चका ताजा गतिविधिहरु र तिनीहरुको ज्ञानवर्द्धक समीक्षा
◆ सामान्य ज्ञानहरु
◆ विभिन्न विषयमा पाठकहरुको प्रश्नको विशेषज्ञहरुको जवाफ
◆ मुक्तक, कविता र कथाहरु आदि ।

# जीवनको झाँकी

# जर्मन कम्युनिष्ट पार्टीका नेता एर्नस्ट थेलमान

एर्नस्ट थेलमानको जन्म सन् १८८६ अप्रिल १६ मा हेम्बर्गमा भएको थियो । उनका पिताको नाम जोहान्न थेलमान थियो । एर्नस्टलाई सानै उमेरदेखि मजदूरी गर्नु परेको थियो । उनले सबभन्दा पहिले दैनिक ज्यालादारी, त्यसपछि फर्निचर ओसार्ने, ठेला चलाउने, मजदूर र खलासीको रुपमा काम गरेका थिए ।

आफ्नो बढ्दो राजनीतिक चेतनाको फलस्वरुप उनी सन् १९०२ मा जर्मनीको सामाजिक-जनवादी पार्टीको पंक्तिमा सामेल भए । दुई वर्षपछि एर्नस्ट हेम्बर्ग यातायात मजदूर संगठनका सदस्य बने ।

त्यसबेला हेम्बर्गका मजदूरहरु पूँजीवादी शोषकहरुविरुद्ध चर्को संघर्ष गरिरहेका थिए । त्यसको क्रान्तिकारी प्रभाव यस युवा मजदूरमा प्रबल रुपमा पर्‍यो ।

ट्रेड युनियनका सभाहरुमा थेलमान यातायात मजदूरहरुको तर्फबाट युनियनका पदाधिकारीहरुको विरोधमा बोल्थे । ती पदाधिकारीहरुले यस सशक्त आलोचकलाई एक प्रवल विद्रोही र क्रान्तिकारीको रुपमा स्वीकार गर्दथे । पार्टी र ट्रेड युनियनका साथीहरु एर्नस्टको जुझारुपनलाई सराहना गर्दथे । यातायात मजदूर सम्मेलन र अधिवेशनहरुमा उनी पटक पटक प्रतिनिधि चुनिए र पार्टीका एक पेशेवर क्रान्तिकारी बने ।

सेनामा अनिवार्य सेवा गर्न थेलमान २२ वर्षको उमेरमा भर्ती भए र यसबाट उनलाई पूँजीवादी राज्यको सैन्यवादी नीतिबारे व्यक्तिगत रुपमा जानकारी प्राप्त भयो । उनले सैन्यवाद र युद्धसम्बन्धी तैयारी देखेर भावी संकटको अनुमान गरे ।

सेनामा अनिवार्य सेवाबाट हेम्बर्ग फर्केपछि उनी युद्धविरोधी आन्दोलनमा सक्रिय भए । प्रथम विश्वयुद्ध शुरु भएपछि जर्मनीका सर्वहारावर्गका सच्चा प्रतिनिधिहरुका साथै थेलमानले पनि सामाजिक-जनवादी नेताहरुको अन्धराष्ट्रवादी नीतिको भर्त्सना गरे । ती नेताहरुले संसदमा युद्धसम्बन्धी ऋणको पक्षमा मत दिएका थिए र पूँजीवादी 'पितृदेश' को रक्षा गर्न आह्वान गरेका थिए । जर्मन सामाजिक-जनवादी पार्टीको युद्धसम्बन्धी नीतिको थेलमानले "सर्वहाराहरुको वर्गसंघर्षको रातो झण्डासंग गद्दारी गरियो र पैतलामुनि कुल्चियो" भनी आलोचना गरे ।

युद्ध शुरु हुनासाथै थेलमानलाई, समयभन्दा अगावै सेनामा भर्ती गरी मोर्चामा पठाइदियो । त्यहाँ पनि उनले आफ्नो क्रान्तिकारी प्रचारलाई बन्द गरेनन् ।

सन् १९१७ को गर्मीमा उनलाई घर जान बिदा दिइयो । त्यसबेला रुसी क्रान्तिको प्रतिध्वनि जर्मनीसम्म पुगेको थियो । रुसको फेब्रुअरी क्रान्तिको प्रभावले जर्मनका क्रान्तिकारीहरुले एक स्वतन्त्र सामाजिक-जनवादी पार्टी स्थापना गरेका थिए । थेलमान पनि तत्कालै यस नयाँ पार्टीमा प्रवेश गरे । उनी र हेम्बर्गका उनका साथीहरुले यस पार्टीको वाम पक्षलाई संगठित पारे ।

## *कम्युनिष्ट पार्टीको केन्द्रीय समितिमा*

एर्नस्ट थेलमानले बडो उत्साहका साथ महान अक्टोबर समाजवादी क्रान्तिलाई स्वागत गरे । रुसको सर्वहारा क्रान्तिले जर्मनीमा प्रचलित अन्धराष्ट्रवादी मनोवृत्तिमाथि चोटिलो प्रहार गर्‍यो । दक्षिणपन्थी सामाजिक-जनवादी नेताहरुले प्रतिरोध गर्दागर्दै पनि मजदूर समुदाय आन्दोलनमा उत्रे । १९१८ नोभेम्बर ३ मा आफ्नो युद्धपोतहरुमा रातो झण्डा फहराउने कीलका नाविकहरुले विद्रोह गरे जुन जर्मनीमा क्रान्ति शुरुआतको द्योतक थियो । थेलमानले यस विद्रोहमा सक्रिय रुपले भाग लिए । सामाजिक-जनवादी र ट्रेड युनियनका नेताहरुले रोक्दा रोक्दै थेलमानले हेम्बर्गका क्रान्तिकारी मजदूरहरुलाई हतियारले सुसज्जित पारे र त्यसको नेतृत्व गरे । जर्मन सामाजिक-जनवादी पार्टीका दक्षिणपन्थी नेताहरु विशेष गरी जर्मनीको स्वतन्त्र सामाजिक-जनवादी पार्टीका दक्षिणपन्थी नेताहरुको मजदूरविरोधी नीतिविरुद्ध भीषण संघर्ष गर्दै एर्नस्ट थेलमान हेम्बर्गका सर्वहारा वर्गका नेता बने । १९१९ को अन्ततिर उनी जर्मनीको स्वतन्त्र सामाजिक-जनवादी पार्टी, हेम्बर्ग संगठनका अध्यक्ष बने ।

थेलमान ती व्यक्तिहरुमध्येका एक थिए जसको अगुवाईमा १९२० मा जर्मनीको स्वतन्त्र सामाजिक-जनवादी पार्टीको क्रान्तिकारी पक्ष र ३० डिसेम्बर १९१८ मा कार्ल लीब्नेख्त र रोजा लुक्जेम्बर्गद्वारा स्थापित 'स्पार्टाकस लीग' जर्मन कम्युनिष्ट पार्टीमा विलय भएको थियो । उनी र उनका साथीहरुको प्रयासको फलस्वरुप जर्मनीको स्वतन्त्र सामाजिक-जनवादी पार्टीका दुई लाख सदस्य कम्युनिष्ट पार्टीमा प्रवेश गरे । थेलमान पार्टीको केन्द्रीय समितिमा चुनिए ।

## *अवसरवादीहरु विरुद्ध संघर्ष*

१९२१ को गर्मीमा थेलमानले कम्युनिष्ट इन्टरनेशनलको तेस्रो अधिवेशनमा भाग लिए । त्यहाँ लेनिनसंग उनले प्रथम पटक भेट गरे । १९२१ को मार्चमा प्रतिक्रान्तिकारीहरुको भड्काउमा मध्य-जर्मनीका मजदूरहरुको सशस्त्र कार्वाही भयो, त्यसमा थेलमानले पनि व्यक्तिगत रुपले भाग लिएका थिए । यस घटनालाई लिएर लेनिनले जर्मन कम्युनिष्ट पार्टीको तीखो परन्तु व्यावहारिक र तर्कसंगत आलोचना गर्नुभयो । थेलमानमा त्यसको गहिरो प्रभाव पर्‍यो । उनी अधिवेशनका निर्णय र 'हेम्बर्गका प्रतिनिधि'को भाषणप्रति लेनिनद्वारा गरिएको सराहना तथा सोभियत राजधानीमा उनले देखेका कुराहरुबाट प्रभावित भई स्वदेश फर्के । अधिवेशनमा लेनिनद्वारा प्रस्तावित 'जनसाधारणसंग निकट सम्बन्ध राख्नु आवश्यक छ' भन्ने नारा थेलमानको सम्पूर्ण क्रान्तिकारी गतिविधिहरुको पथप्रदर्शक आदर्श बन्यो । लेनिनका तर्कहरुबाट लैस भएर उनले जर्मन कम्युनिष्ट पार्टीको नेतृत्व तहमा घुसेका अवसरवादीहरु विरुद्धको आफ्नो संघर्षलाई तीव्र पारे ।

## *विजय सुनिश्चित गर्ने क्रान्तिकारी बाटो*

सन् १९२१ को अगस्तमा जर्मन कम्युनिष्ट पार्टीको अधिवेशन (कांग्रेस) येनामा बस्यो । त्यस अधिवेशनमा १९२१ मार्चको संघर्षको अनुभवको आधारमा पार्टीको कार्यभारबारे छलफल भयो । थेलमानले आफ्नो सहज, सरल, इमान्दारी र दृढ विश्वासका साथ अधिवेशनलाई सम्बोधन गरे । उनले मार्चको घटनामा भएको कमी कम्जोरी उल्लेख गरे र लेनिनको शिक्षालाई आत्मसात गर्दै सामाजिक-जनवादी मजदूरहरुलाई कम्युनिष्ट पार्टीको पक्षमा लाग्न र संयुक्त मोर्चाको स्थापनाको प्रश्न अधिवेशनमा प्रस्तुत गरे । अधिवेशनबाट थेलमान पुनः पार्टीको केन्द्रीय समितिमा चुनिए ।

थेलमानको क्रान्तिकारी गतिविधिबाट प्रतिक्रियावादीहरु उनीदेखि साह्रै रिसाएका थिए । १९२२ जुन १७ मा 'कोंसुल' गुप्त



**एउटा क्रान्तिकारी नेता, जसको हत्या-प्रयास पटक पटक भयो !**

प्रस्तुति: प्रकाश नेपाल, काभ्रे

संगठनसंग सम्बन्धित हेम्बर्गका फासिस्टहरुले थेलमानको हत्या गर्ने दुस्प्रयास गरे। तर उनको घरमा राखिएको बम थेलमान घर नपुग्दै पड्क्यो।

जर्मनीमा क्रान्तिकारी हावा तीव्र हुँदै गइरहेको थियो। पहिलो विश्वयुद्धको हर्जानो तिर्न जर्मनीले आनाकानी गर्न थालेकोले बदलाको कार्वाहीको रुपमा फ्रान्सका सेनाले रुसमाथि कब्जा जमायो। त्यसबाट वर्गीय मतभेद तीव्र रुपमा बढ्यो। औद्योगिक उत्पादनमा कमी आयो, बेरोजगारहरु बढे, जर्मन मुद्रा मार्कको मूल्य घट्यो, हडताल-आन्दोलन फैलँदै गयो।

१९२३ जनवरीको अन्त र फेब्रुअरीको शुरुमा जर्मन कम्युनिष्ट पार्टीको अधिवेशन लाइप्जिगमा भयो। एर्नस्ट थेलमान, विल्हेम पीक, क्लारा जेटकिन, वाल्ते र उलब्रिख्त आदि सहित जर्मन कम्युनिष्ट पार्टीका क्रान्तिकारी पक्षले संयुक्त मोर्चाको कार्यनीति र मजदूरहरुको सरकार बनाउने प्रश्नमा ब्राँदलेर र थलहाइमेरको नेतृत्वमा रहेको दक्षिणपन्थी अवसरवादीहरुलाई चुनौती दिए। ब्राँदलेर र थलहाइमेरले तल्लोस्तरदेखि मजदूर वर्गको संयुक्त मोर्चा बनाउने कुराको विरोध गरे र संसदमा सामाजिक-जनवादी पार्टीका नेताहरुसंग सिद्धान्तहीन सम्झौता गर्ने कुराको समर्थन गरे। थेलमानले जर्मन मजदूर आन्दोलनको लागि ब्राँदलेरको नीति प्रतिकूल देखे र यस कुरामा जोड दिए कि, संसदीय छलफल र सम्झौताहरुद्वारा पूँजीपति वर्गलाई पराजित गर्न सकिन्न तथा विजयलाई सुनिश्चित बनाउन सकिन्न, र सर्वहारा वर्गले अविचल क्रान्तिकारी संघर्षद्वारा मात्र विजय प्राप्त गर्न सक्छ।

जर्मन कम्युनिष्ट पार्टीको लाइप्जिग अधिवेशनपछि घटनाहरुको विकास साह्रै तीव्र गतिले भयो। १९२३ को गर्मीको अन्तसम्ममा सम्पूर्ण देश आन्दोलित रह्यो। अक्टोबरको मध्यमा जनसाधारणको दबाबले सक्सोनी र थूरींगियामा मजदूर सरकार बन्यो। त्यसमा 'वामपन्थी' सामाजिक-जनवादी, कम्युनिष्ट र स्वतन्त्र मजदूर सामेल थिए। परन्तु क्रान्तिको विकासतर्फ परिस्थितिलाई समुचित रुपमा उपयोग गरिएन। प्रस्तावित संयुक्त सर्वहारा मोर्चा बन्नमा बाधा दिने सामाजिक-जनवादी र ट्रेड युनियनका नेताहरु नै यसका दोषी थिए। जर्मन कम्युनिष्ट पार्टीमा प्रमुख पदहरुमा रहेका ब्राँदलेर र थलहाइमेरको अपराधिक नीतिका कारण जर्मनीमा सर्वहारा क्रान्तिको आजुलाई ठूलो क्षति पुग्यो। सर्वहारा वर्गलाई सशस्त्र संघर्षको निम्ति तयार गर्नुको सट्टा तिनीहरुले यस्ता नीति अपनाए, जसले जनसमुदायको क्रान्तिकारी क्रियाशीलता अवरुद्ध भयो।

पार्टीको स्थानीय संगठनहरुमा ब्राँदलेर गुटको अवसरवादी नीतिसंग असहमति र असन्तोषको भावना बढ्दै गइरहेको थियो। एर्नस्ट थेलमानको नेतृत्वमा सागर तटवर्ती क्षेत्रको शाखा विशेष रुपले ब्राँदलेरको नीतिको विरोधमा सक्रिय थियो। त्यहाँ कम्युनिष्टहरुले राजनीतिक सत्ता कब्जा गर्न सशस्त्र संघर्षतर्फ छिटो संक्रमणको नारा दिए।

### *हत्याको दोस्रो दुस्प्रयास*

सशस्त्र संघर्षसम्बन्धी थेलमानको आह्वानबाट पूँजीपति वर्ग निकै आतंकित भयो र तिनीहरुले थेलमानलाई आफ्नो मार्गबाट हटाउन फेरि प्रयास गरे। १९२३ को वसन्तमा हेम्बर्गका फासिस्टहरुले फेरि उनको हत्या गर्ने षड्यन्त्र गरे। तर नगरका कम्युनिष्टहरुलाई त्यस षड्यन्त्रको आशंका भयो र सुरक्षाको पूरा बन्दोबस्त गर्दै तिनीहरुले मजदूरहरुका त्यस नेता विरुद्ध कुत्सित अपराध गर्ने फासिस्टहरुको कुप्रयासलाई असफल बनाइदिए।

> *थेलमानले आफ्ना वर्गीय शत्रुप्रति घृणा र सैद्धान्तिक दृढता तथा मजदूरहरूको आजुप्रति अटूट निष्ठाको भावनामा जर्मन क्रान्तिकारीहरूलाई शिक्षित पारे।*

हेम्बर्गका मजदूरहरुले थुरींगिया र सक्सोनीमा सर्वहाराहरुको हारलाई चुपचाप बसेर सहेनन्। जब जर्मन सेना त्यस क्षेत्रमा पुगे, मजदूरहरुले कारखाना र जहाजहरुमा काम बन्द गरी विरोध जनाए। कम्युनिष्ट पार्टीको हेम्बर्ग शाखाले क्रान्तिको रातो झण्डालाई उठाए। १९२३ अक्टोबर २२ को राति कम्युनिष्टहरुले सशस्त्र विद्रोहको लागि आह्वान गर्दै पर्चा छरे र २३ अक्टोबरमा महिला र केटाकेटीसहित नगरका सबै बृद्ध र युवा मजदूरहरु अवरोध (ब्यारिकेड) खडा गर्न जम्मा भए।

६ हजार सैनिक र प्रहरीले तीन दिन-तीन रात हेम्बर्गका मजदूरहरुले खडा गरेको अवरोधमा हमला गरे।

यस विद्रोहको प्राण हेम्बर्गका सर्वाधिक जनप्रिय व्यक्ति, यातायात मजदूर एर्नस्ट थेलमान थिए। उनी आफैंले महत्वपूर्ण कार्वाहीहरुमा हतियार तथा खाद्यान्न आपूर्तिको निर्देशन गरेका थिए।

### *अनुशासित पार्टीको आवश्यकता*

परन्तु जर्मनीको सामाजिक-जनवादी पार्टीका नेताहरुको गद्दारी र जर्मन कम्युनिष्ट पार्टीमा ब्राँदलेर नेतृत्वद्वारा अवलम्बित नीतिको कारण संघर्षरत मजदूरहरुको लागि स्थिति निकै विषम भयो। तिनीहरुले सशस्त्र विद्रोहको स्वीकृत प्रारम्भिक निर्णय तोडी दिएका थिए।

२५ अक्टोबरसम्ममा देशको शेष भागबाट अलग भएको हेम्बर्गका मजदूरहरुले अब सफलतापूर्वक आफ्नो लडाइँ जारी राख्न नसक्ने स्पष्ट भयो। थेलमानद्वारा निर्देशित हेम्बर्गको पार्टी संगठनले लडाई बन्द गर्ने निर्णय गऱ्यो। मजदूरहरुले आफ्नो क्रान्तिकारी पंक्तिको केन्द्र भागलाई कायम राख्दै व्यवस्थित ढंगले पछाडि हटे।

जर्मन समाजवादी एकता पार्टीको केन्द्रिय समितिको राजनीतिक ब्यूरोका सदस्य हर्मन मार्तनले पछि लेखे- 'यातायात मजदूर एर्नस्ट थेलमानले जर्मन जनताको लागि ऐतिहासिक महत्वका ती दिनमा मजदूर वर्गका एक महान नेताको रुपमा आफूलाई साबित गरे।'

थेलमानले हेम्बर्गका घटनाबाट गंभीर निष्कर्ष निकाले। सबभन्दा प्रमुख निष्कर्ष थियो कि- विजय प्राप्त गर्न मजदूर वर्गको 'एक निकै सुदृढ, पूर्णतया संगठित, एकै विचारमा आधारित संयुक्त र लौह अनुशासित पार्टी' हुनुपर्छ। त्यसपछि थेलमानले आफ्नो सम्पूर्ण बुद्धि-कौशल, विवेक र शक्ति त्यस्तै पार्टीको विकास गर्नमा समर्पित गरे।

१९२४ अप्रिलमा फ्रैन्कफर्ट-अममाइनमा भूमिगत रुपमा भएको पार्टी अधिवेशनले जर्मन कम्युनिष्ट पार्टीलाई नयाँ प्रकारको र सच्चा मार्क्सवादी-लेनिनवादी पार्टीमा रुपान्तरित गर्न मुख्य भूमिका खेल्यो। यस अधिवेशनमा थेलमानले अवसरवादी ब्राँदलेर-थलहाइमेर गूटको विरोध गर्न नेतृत्व गरे। अवसरवादीहरु पराजित भए र पार्टीका प्रमुख पदहरुमा नयाँ व्यक्तिहरु चुनिए- त्यसमा एर्नस्ट थेलमान पनि थिए। उनी केंन्द्रीय समिति र पार्टीको राजनीतिक ब्यूरोमा चुनिए।

१९२४ को गर्मीमा मास्कोमा भएको कम्युनिष्ट इन्टरनेशनलको पाँचौं अधिवेशनले एक मतले एर्नस्ट थेलमानको नीतिलाई समर्थन गऱ्यो र ब्राँदलेर तथा थलहाइमेरको अवसरवादको भर्त्सना गऱ्यो। कम्युनिष्ट इन्टरनेशनलको सहायताले जर्मन कम्युनिष्ट र तिनका मार्क्सवादी-लेनिनवादी पक्षले 'उग्र वामपन्थी' संकीर्णतावादी रुथ फिशर, मास्लोव र उर्बान्सद्वारा पार्टीको नयाँ नीतिको कार्यान्वयनमा उत्पन्न गरेको प्रतिरोधलाई समाप्त पाऱ्यो। यस 'उग्र वामपन्थी' गूटले कम्युनिष्ट पार्टीलाई जनसमुदायबाट अलग पार्दै लगेको थियो र ट्रेड युनियनहरुबीच यसका गतिविधिमा बाधा उत्पन्न गरिरहेको थियो। कम्युनिष्ट इन्टरनेशनलको समर्थनले एर्नस्ट थेलमानले यस गुटको कडा आलोचना गरे। १९२५ को अक्टोबरमा थेलमान पार्टीको अध्यक्षमा चुनिए र पीक उलब्रिख्त, हेकर्त र अन्य प्रमुख साथीहरुका साथ उनले पार्टीको लेनिनवादी अग्रीम दस्ता निर्माण गरे। १९२७ मा जर्मन कम्युनिष्ट पार्टीको ११ औं अधिवेशनले 'उग्र वामपन्थी' गुटलाई पूर्ण रुपमा पराजित गऱ्यो।


### *पार्टी संगठनको विकास*

जर्मनका कम्युनिष्टहरुको नेता बनेपछि थेलमानले पार्टी संगठन र सैद्धान्तिक सुदृढीकरण तर्फ आफ्नो पूरा ध्यान लगाए। उनले जर्मन मजदूरहरुको अग्रीम दस्ताबीच सुदृढ एकता कायम गर्दै गए। उनले मार्क्स, एंगेल्स र लेनिनका सैद्धान्तिक कृतिहरु तथा बोल्शेभिक पार्टी एवं सोभियतसंघमा समाजवादी निर्माणका अनुभवलाई लिएर जर्मनीका क्रान्तिकारीहरु र सारा मजदूर वर्गको शिक्षाको आधार बनाए। उनको सुझावमा जर्मन कम्युनिष्ट पार्टीको ११ औं अधिवेशनले भ्ला.इ. लेनिनका कृतिहरु जर्मन भाषामा प्रकाशित गर्ने निर्णय गऱ्यो।

थेलमानले आफ्ना वर्गीय शत्रुप्रति घृणा र सैद्धान्तिक दृढता तथा मजदूरहरुको आजुप्रति अटूट निष्ठाको भावनामा जर्मन क्रान्तिकारीहरुलाई शिक्षित पारे। उनी भन्थे, "क्रान्ति-योद्धा हुनुको अर्थ आजुप्रति अटूट निष्ठा, यस्तो निष्ठा, जुन जीवन र मृत्युको परीक्षामा खरो उत्रनेछ..... हाम्रो स्वभाव अविचल भएमा र विजयप्रति विश्वास भएमा मात्र हामीले भविष्यलाई परिवर्तन गर्न सक्छौं, हामीमाथिको महान ऐतिहासिक अभिभारा पूरा गर्ने क्रान्तिकारी दायित्व निर्वाह गर्न सक्छौं र वास्तविक समाजवादको अन्तिम विजयलाई सुनिश्चित बनाउन सक्छौं।"

क्रान्ति-योद्धाहरुलाई प्रशिक्षित गर्नुका साथै उनी जर्मन कम्युनिष्टहरु सामु देखापरेका राजनीतिक कार्यभारअनुरुप पार्टी संगठनलाई पुनर्गठन गर्ने काममा संलग्न रहे।


(बाँकी भाग आगामी अंकमा)




# जनयुद्धको चिरफार गरिएको मूल्यांकनको चिरफार

◆ रविन्द्र श्रेष्ठ

केन्द्रीय सदस्य, संजमो नेपाल




मूल्यांकन (फागुन ०५३) मा 'माओवादी जनयुद्धको १ वर्ष कस्तो रह्यो ?' शीर्षकमा प्रधान सम्पादक श्याम श्रेष्ठजीको लेख र अन्य नेताहरू तथा विद्वानहरूको प्रतिक्रिया छापिएको छ । जनयुद्धको विषयमा प्रमुखतासाथ क्रिया-प्रतिक्रिया र विश्लेषणको लागि मूल्यांकन परिवारले गरेको मेहनत सह्रानीय छ । तर पनि त्यसमा केही भ्रमहरू, कमजोरीहरू रहेकोले जनयुद्धको बारेमा पाठकवर्गमा गलत धारणा बन्न जान सक्ने र परिणामस्वरूप क्रान्तिकारी कम्युनिष्ट आन्दोलनलाई नकारात्मक प्रभाव पर्न सक्ने भएकोले यहाँ केही टिप्पणी पेश गर्न खोजिएको छ र यसले हाम्रो अन्तर्क्रियालाई अझ उच्चतामा पुऱ्याउने छ भन्ने आशा राखिएको छ ।

## सशस्त्र संघर्षको राजनीति स्थापित गर्ने उद्देश्यबारे

हाम्रा मित्र श्यामजीले सशस्त्र संघर्षको राजनीति भन्नुभन्दा पनि 'हिंसाको राजनीति' भन्नु बेसी उपयुक्त होला भन्नु भएको छ । तर हामीले शब्दहरू चयन गर्दा शब्द वा पदावली प्रयोगको ऐतिहासिक विकासक्रम र त्यसको जनताले बुझ्ने नकारात्मक वा सकारात्मक सारलाई पनि ध्यान दिनु पर्दछ । 'हिंसाको राजनीति' पदावली नेपालमा नकारात्मक सार लिएर प्रयोग हुने गर्दछ भने 'सशस्त्र संघर्षको राजनीति' सकारात्मक सार सहित प्रयोग हुने गर्दछ । त्यसैले 'सशस्त्र संघर्षको राजनीति' पदावली नै बेसी उपयुक्त हुन्छ । वहाँ लेख्नु हुन्छ- 'अब हिंसा नेपालमा सहज स्वीकार्य, स्वभाविक र सामान्य घटना भएको छ' । सशस्त्र संघर्षको राजनीति स्थापित गर्नु भनेको उहाँले भन्नु भएझैं हिंसा सहज, स्वीकार्य, सामान्य घटना...... आदि बनाउनु होइन, बरू प्रतिक्रियावादीहरूले हिंसा (सशस्त्र बल) को भरमा बहुसंख्यक जनतामाथि उत्पीडन गर्ने हुनाले त्यसलाई खत्तम पार्न क्रान्तिकारी हिंसा प्रयोग गर्नु अर्थात् सशस्त्र संघर्ष गर्नु आवश्यक छ भन्ने मार्क्सवाद-लेनिनवाद-माओवादको गुदी कुरो जनसमुदायमा स्थापित हुनु हो ।

## जनयुद्ध बाध्यता हो कि अनिवार्य आवश्यकता ?

उहाँले 'हिंसात्मक बाटो दुःखदायी तर बाध्यताको बाटो नभएर रूचिको विषय' बनाइयो कि भन्ने आशंकाको प्रचार गर्न खोज्नु भएको छ र माओवादी प्रकाशन र गतिविधिहरूमा 'हिंसाप्रिय मनोवृत्तिको छनक मिल्छ' भन्नुभएको छ । उहाँले 'हिंसात्मक बाटो (सशस्त्र संघर्षको बाटो अर्थात् जनयुद्धको बाटो) को एक पक्ष मात्र देख्नु भयो । प्रत्येक वस्तु एवं परिघटनाका दुई पक्ष हुन्छन् भन्ने द्वन्दवादको गुदी कुरो उहाँले बिर्सनु भयो ।

जनयुद्धको बाटो दुःखदायी मात्र होइन, सुखदायी बाटो पनि हो । जनयुद्धको बाटोमा दुःखै दुःख मात्र (कष्ट मात्रै) हुने र सुख (निर्माण) नहुने भए जनयुद्धले सुख जन्माउन (नयाँ जनवाद ल्याउन) सक्दैन र यसमा दुःख मात्रै भोग्न कोही पनि जाँदैनथे होला र जानु पर्दैन र हुँदैन पनि । जब एउटी आमाले प्रसवपीडा शुरू भएको अनुभव गर्दछिन्, एकातिर उनले दुःखेको अनुभूति गर्दछिन् भने अर्कोतिर नयाँ बच्चा जन्मन लागेको थाहा पाएर सुखको अनुभूति पनि गर्दछ । उनलाई थाहा हुन्छ कि रगत बग्ने छ र मर्न पनि सकिन्छ । यदि प्रसवपीडलाई दुःखदायी बाटो मात्रै भनेर बुझ्ने हो भने विवाह नै गर्नु हुन्न भन्ने निष्कर्षमा पुगिन के बेर ? रोल्पा, रूकुमका उत्पीडित जनताले आफ्नो गाउँका शोषक सामन्ती (जसले सयौं वर्षदेखि अन्याय दमन गर्दै आएका थिए) लाई लखेटेर गाउँमा आफ्नो राज्यसत्ता कायम गरेको बेला (त्यो अहिलेको लागि २/४ दिन नै किन नहोस्) सुखको अनुभूति नगरेका होलान् र ?

> **जनयुद्धको बाटो दुःखदायी मात्र होइन, सुखदायी बाटो पनि हो**

अत्याचारी उत्पीडकले सजाय पाउँदा यदि कसैले सुखको अनुभूति गर्दैन भने या त त्यो मानिस पनि उत्पीडक वर्गमै पर्दछ या त त्यो मानिस यता न उताको (नपुंसक खालको) हुनु पर्दछ भनेर सजिलै अनुमान गर्न सकिन्छ ।

जनयुद्धको बाटोलाई दुःखदायी बाटो भनेर मात्र प्रचार गर्नुको अर्थ त्यसमा नलाग, समर्थन नगर भन्नु हो भन्ने कुरा उहाँ जस्तो जनवादी पत्रकारले बुझिदिनु पर्दछ र अलिकति भए पनि द्वन्दवादी ढंगले जनयुद्धलाई मूल्यांकन गर्नु पर्दछ भन्ने लाग्दछ । किनभने, अधिभूतवाद (एकपक्षीय, एकलकाँटे) दृष्टिकोणले प्रतिक्रान्तिको सेवा गर्दछ । जनयुद्धलाई समग्रतामा दुःख र सुखको बाटो तर मुख्यतः सुखको बाटो; नष्ट र निर्माण गर्ने बाटो तर मुख्यतः निर्माण गर्ने बाटो भनेर बुझ्नु पर्दछ । उहाँले जनयुद्ध (हिंसाको बाटो) लाई 'रूचिको विषय' बनाइयो र हिंसाप्रिय मनोवृत्तिको छनक पाइयो भन्नुभएको छ ।

'रूचिको विषय' शब्दहरू नकारात्मक सारसहित प्रयोग हुने हुनाले म जनयुद्धलाई 'अनिवार्य आवश्यकता' को विषय माओवादीले बनाएको छ भन्दछु र 'हिंसाप्रिय मनोवृत्ति' को सट्टामा 'क्रान्तिकारी हिंसाको अनिवार्यताको व्यवस्थित प्रचार माओवादी प्रकाशनमा र गतिविधिमा छ र त्यो हुनु पर्दछ भन्दछु । किनभने मार्क्स, एंगेल्सले कम्युनिष्ट घोषणापत्रमा बलप्रयोगको अनिवार्यताको सगौरव घोषणा गर्नु भएको छ भने लेनिनले यसलाई उहाँहरूको शिक्षाको सार बताउनु भएको छ र माओले क्रान्तिकारी हिंसालाई बिना अपवाद सबै देशमा सार्वभौम रूपले लागू हुने बताउनु भएको छ । यस तथ्यको प्रचारलाई श्यामजीले 'रूचिको विषय' बनाइयो', 'हिंसाप्रिय मनोवृत्तिको छनक' भनेर मालेमाको सारलाई नै बदनाम गर्न खोज्नु भएको कुरा दुःख लाग्दो छ । यदि हिंसाप्रिय भएको भए फागुन १ को आक्रमणमा चौकीका

प्रहरीहरूलाई नमारेर किन ओढ्ने ओढाएर छोडेको होला भनेर पनि सोच्नु पर्दछ।

## जनयुद्धको पहिलो चरणको मूल्यांकन

श्यामजीले जनयुद्धको सकारात्मक पक्षहरू भनेर खासै उल्लेख गर्नु भएको छैन र क. प्रचण्डको लेखमा रहेका जनयुद्धका सकारात्मक पक्षहरूका बारे केही टिप्पणी गर्नु भएको छैन। त्यसमा उहाँको मौन समर्थन हो वा के हो प्रष्ट बताउनु भएको छैन। सकारात्मक पक्षहरू नदेखाउनु वा त्यसबारे मौन रहनु तर त्रुटीहरूलाई मात्रै केलाउनु र सानो त्रुटीलाई पनि (भएकै भए पनि) तीललाई ताड बनाउनु दक्षिणपन्थी अवसरवादी विश्लेषण तरिका हो। माओले के भन्नु भएको थियो भने, ७०% राम्रो र ३०% नराम्रो छ भने समग्रमा राम्रो भन्नु पर्दछ। तर श्यामजीले भने नराम्रो पक्ष मात्र खोजीनीति गर्ने अवसरवादी अधिभूतवादी तरिका समात्नु भएको छ।

## एन.जी.ओ. माथिको आक्रमणबारे

गद्दार काउत्सकीले १९१७ पछि रूसमा दुई वर्ष चलेको गृहयुद्धलाई गरीब किसान र मजदूरहरू बीच कै युद्ध भनी प्रचार गरेका थिए। उनको तर्क थियो- क्रान्ति तथा प्रतिक्रान्ति दुवैतिरबाट लड्नेहरू त गरीब किसानहरू र मजदूरहरू नै थिए। यसलाई लेनिनले गद्दारहरूको बकवास भन्नु भएको थियो र मार्क्सवादको क, ख पनि नबुझ्नु हो भन्नु भएको थियो। यस्तै गरी पछि गएर यहाँ पनि प्रहरीमाथि माओवादी छापामारहरूको आक्रमणलाई गरीब किसानका छोराहरूलाई माओवादीहरूले आक्रमण गरे भनेर प्रचार गर्नेहरू नजन्मलान् भन्न सकिन्न। नेपाल बैंक, बाणिज्य बैंकमाथि माओवादी छापामारहरूले आक्रमण गरी नगद तथा सुनचाँदी लग्ने बेलामा हाम्रा श्यामजीले- 'लौ माओवादीहरूले त जनताका (गाउँमा भए गरीब किसानको बचत वा सुन चाँदी) पनि खोसेर लगे, कस्ता गरीबमारा माओवादी' भनेर प्रचार गर्न सक्ने संभावना देखियो। तथ्यको सारलाई यसरी बंग्याउने उहाँको तरिकाले कसलाई फाइदा पुग्ला ? यो गम्भीर विषय हो।

एन.जी.ओ.हरूको चरित्र सार रूपमा प्रतिक्रियावादी छ, बैंकहरूको चरित्र सार रूपमा प्रतिक्रियावादी छ, यो कुरा पहिले उहाँले बुझ्नु पर्दछ। त्यस्ता प्रतिक्रियावादी संस्थाले जनताबाट संकलित सम्पत्ति र जनताको नाममा आएको पैसा मूलतः मुट्ठीभर प्रतिक्रियावादी वर्गहरूको स्वार्थमा प्रयोग गर्दछ। त्यसको ध्वस्त गरी जनताकै नयाँ संस्थाहरू बनाउनु जनयुद्धको अनिवार्य कार्यभार हो। एन.जी.ओ.हरूले जनताको नाममा आएको सम्पत्तिको १५% भाग पनि जनताको लागि खर्च गरेका छैनन्। त्यस्ता सबैलाई क्रमशः गाउँबाट लखेट्नै पर्छ। लखेट्ने तरिकामध्ये त्यसको अफिसका सामान क़जा गर्नु पनि एक हो। त्यसरी कब्जा गरिएका सामान जनताकै हितमा प्रयोग गरिन्छन् भन्ने पनि श्यामजीले बुझ्नु पर्ने हो।

> उहाँहरूको अर्को महाभूल जनयुद्धको शुरूवात र अन्त, सानो जनयुद्ध र ठूलो जनयुद्ध बीचको भिन्नता र एकरूपतालाई गंजागोल पारेर बुझ्नुमा रहेको छ।

जहाँ जहाँ त्यसो गरिएको छ, त्यहाँ जनताले समर्थन गरेका छन् भने श्यामजीले कसरी गलत भन्न सक्नु-भयो ? श्यामजी यो कुरामा ढुक्क हुनु भए हुन्छ कि, सिन्धुलीको मछौलीका गरीब किसानहरूलाई आपतकालीन स्थिति पऱ्यो भने माओवादी छापामारहरूले शोषक वर्गबाट सिज गरेर वा आम जनसमुदायबाट सहयोग संकलन गरेर त्यो आपतकालीन स्थिति हल गर्नेछन्। सरकारी वा गैरसरकारी संस्थामा कसैले अवैधानिक तरिकाले सम्पत्तिहरू खोसेर लग्छ भने सरकारको कर्तव्य सम्बन्धित पक्षलाई क्षतिपूर्ति दिनु हो भने जनवादी पत्रकारको कर्तव्य क्षतिपूर्तिको लागि आवाज उठाउनु र खोसेर लगेको पक्ष सही वा गलत के हो ? पाठकलाई जानकारी गराउनु हो।

## 'बहुसंख्यक जनतालाई तम्तयार पार्ने' बारे

उहाँले 'कारवाही गर्न बहुसंख्यक जनतालाई तम्तयार पार्ने काम नहुँदै केही कार्यकर्ता र समर्थकहरूले व्यक्तिगत बहादुरीका आधारमा छापामार कारवाही गर्नु अराजकतावादी प्रवृत्ति हो भन्नुभएको छ। यस्तै तर्क गर्दै दीपक शर्मा भन्नुहुन्छ- 'उहाँहरूको जनयुद्धमा आम जनसमूहको सक्रिय सहागिता अद्यापि देखा परेको छैन।......यसले एकातिर आम जनसमूह केही होइन, केही क्रान्तिकारी वीरहरूले क्रान्ति गर्ने हो भन्ने अराजकतावादी सोचबाट उहाँहरू प्रभावित हुन गएको र अर्कोतिर, यसले जनयुद्धको चरित्र ग्रहण गरिनसकेको नै देखाउँछ।' उहाँहरूको जनयुद्धको परिभाषा र जनआन्दोलनको परिभाषा विरोधाभाषपूर्ण छन्। एकातिर जनयुद्धमा बहुसंख्यक जनता तम्तयार र सहभागी हुनुपर्छ भन्नुहुन्छ, अर्कोतिर बहुसंख्यक जनता भनेको कति हो, त्यसको ठोस परिभाषा दिनु हुन्न। यदि बहुसंख्यकको अर्थ जनताको कूल संख्याको बहुसंख्यक (अथवा १६ देखि ६० वर्षका जनताको बहुसंख्यक ?) भन्ने हो भने प्रत्येक जनआन्दोलनमा पनि यदि त्यति जनसंख्या उत्रेनन् भने जनआन्दोलन वा जनसंघर्ष भन्नु भएन भन्ने निष्कर्ष उहाँहरूले किन निकाल्नु हुन्न त ? त्यसो हो भने ३६ साल, ४६ साल सबैमा बहुसंख्यक जनता सडकमा उत्रेका थिएनन्। ३६ सालमा कति लाख जनता सडकमा उत्रे होलान् ? जुलूस, तोडफोड, सभामा आउने जनसंख्या त्यो बेला बढीमा ५/६ लाख (देशभरि गर्दा) थिए भनेर माने पनि त्यो सम्पूर्ण शोषित जनताको अल्पसंख्यक नै हुन आउँछ। ४६ सालमा ९/१० लाखले जुलूस, तोडफोड, सभा आदिमा भाग लिए होला, तैपनि त्यो अल्पसंख्यक नै हुन आउँछ। पेरिस कम्युन कै कुरा गर्दा पनि सम्पूर्ण फ्रान्सको अल्पसंख्यक जनताले मात्रै त्यसमा प्रत्यक्ष भाग लिए। र, राजधानी पेरिस मात्रै कब्जा गर्न सके। रूसी अक्टोबर क्रान्तिमा पनि सुरूमा राजधानी पेट्रोग्राड कब्जा गरे र त्यसबेला (शुरूमा) अल्पसंख्यक जनताले मात्रै प्रत्यक्ष भाग लिए। के अब ती सबैलाई पनि जनसंघर्ष, जनक्रान्ति, जनयुद्ध नभन्ने त ?

पंचायतकालमा मण्डलेहरूले मात्रै इतरपक्ष (कांग्रेस कम्युनिष्ट सबै) लाई मुट्ठीभर उग्रवादीहरू भन्थे- किनभने जुलुस, सभामा मुट्ठीभर (अर्थात् बहुसंख्यक जनता होइन, अल्पसंख्यक जनता) मात्रै सामेल हुन्थे। अक्टोबर क्रान्तिताका (रूसमा भएको अल्पकालीन जनयुद्धताका) वोल्शेभिकहरूलाई पनि मुट्ठीभर भनेर प्रतिक्रियावादी र अवसरवादीहरूले भन्दथे। एके र मसालका जनसंगठनहरूको सदस्यता १ लाख पनि छैन होला। तर त्यही कारणले त्यसलाई 'जनसंगठन' भन्नु हुन्न भनेर 'मुट्ठीभरको सँगठन' भनेर नाम किन नफेर्ने त ? तर हामी नाम फेर्नुस् भन्दैनौं, किनभने यस्तो तर्क गलत छ। उहाँहरूको गलत तर्कले उहाँहरूलाई सबै जनक्रान्तिहरूको विरोध गर्ने प्रतिक्रान्तिकारी स्थानमा पुऱ्याउने सम्भावना छ।

कुनै पनि युद्ध, क्रांन्ति, सँगठन, आन्दोलनको नाम अगाडि 'जन–(जनताको - People's) शब्द कुन बेला राख्नु पर्छ र राख्न सकिन्छ भने जब त्यसले जनताको हित हुने काम गर्ने समग्र लक्ष्य र योजना राख्दछ र त्यस अनुरूप काम गर्दछ, तब यो नाम जायज हुन्छ। कमरेड माओको नेतृत्वमा भएको जनमुक्ति सेनामा बहुसंख्यक जनता समावेश थिएनन्। तर त्यसको लक्ष्य, योजना, बाटो आदिले जनताको हित गर्ने भएकोले त्यसको नाममा जन (जनताको) शब्द जोडिन गयो र यो बिलकुलै जायज छ। नेपालमा भइरहेको माओवादी जनयुद्धको लक्ष्य, योजना, बाटो आदि जनताको हित गर्ने भएकोले यो जनयुद्ध नै हो। यसले जनयुद्धकै चरित्र ग्रहण गरेको छ।

उहाँहरूको अर्को महाभूल जनयुद्धको शुरूवात र अन्त, सानो जनयुद्ध र ठूलो जनयुद्ध बीचको भिन्नता र एकरूपतालाई गंजागोल पारेर बुझ्नुमा रहेको छ। कुनै पनि जनआन्दोलनको, जनयुद्ध, जनक्रान्ति, जनसँगठन आदिको शुरूमा अल्पसंख्यक जनता मात्रै (नकारात्मक भाषामा मुट्ठीभर वीरहरू वा मुट्ठीभर उग्रवामपन्थी केटाकेटीहरू आदि) सामेल हुन्छन् र क्रमशः बढ्दै गएर अन्तमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सबै जनता (बहुसंख्यक मात्रै होइन) सामेल हुन्छन् र सामेल गराइन्छन्। तर शुरूमा अल्पसंख्याको सहभागिताको बहानामा जनयुद्धलाई जनयुद्ध भन्नुहुन्न भनेर भन्नु अवैज्ञानिक, एकाङ्गी, स्थिर, एकलकाँटे, अधिभूतवादी सोच हो। सानो बच्चा पनि 'जन' नै हो ठूलो मान्छे पनि 'जन' हो।



# आजको घटना/आजको विचार

नेपाली जनयुद्धको चरित्र सानो युद्धबाट शुरू भएर ठूलो युद्धतिर जाने चरित्रको छ भन्ने तथ्य वहाँहरूले नबुभ्नु अर्को समस्या हो । सानो युद्ध अर्थात् छापामार जनयुद्धमा थोरै जनता प्रत्यक्ष संलग्न हुन्छन् भने अप्रत्यक्ष रूपले र पृष्ठभागीय रूपले सहयोगीका रूपमा धेरै जनता परिचालित गरिन्छन् ।

सबभन्दा अचम्मको कुरा के हुने गर्छ भने, एकातिर मसाल, एके लगायतका पार्टीहरू जनयुद्धमा जनताको सहभागिता कम छ भनेर चिच्याउँछन् । अर्कोतिर, आफ्नो पकडका कार्यकर्ता, जनतालाई भने जनयुद्धमा नजानु भन्ने उर्दी जारी गरेको गर्‍यै गर्छन् । यदि जनयुद्ध असफल होला भन्ने चिन्ता ती पार्टीलाई भएको भए त्यो उर्दी रद्द गरेर जनयुद्धमा आफ्नो पकडका जनता पठाउनु पर्ने होइन र ? जनवादी पत्रकारहरूले वैधानिक ढंगले (वा कूटनैतिक ढंगले भएपनि) जनयुद्धको पक्षमा जनमत बनाउन प्रयास गर्नु पर्ने होइन र ?

### स्थानीय जनताको सहभागिताको कमीबारे

पहिलो योजनाको मूल्यांकनमा श्यामजीले यो कमजोरी भयो भनेर उठाउनु भएको छ । तर ऐतिहासिक विकासक्रमसँग ती कार्यवाहीहरू गाँसेर नहेर्नाले यस्तो गलत निष्कर्षमा उहाँ पुग्नु भएको छ । के रत्नपार्क वरिपरि र खुल्ला मंचमा जनआन्दोलन गर्न त्यही वरिपरिका जनता नै सहभागी गराउनु पर्छ, नत्र स्थानीय

> के मार्क्सदेखि माओले पत्रिका चलाएर प्रचार मात्र गरेको भरमा जनताको चेतनास्तर माथि उठेको हो ?

जनताको सहभागिता कम भयो भन्ने आरोप लगाउनु पर्छ त ? त्यस ठाउँमा जनआन्दोलन गर्न कीर्तिपुरदेखि, भक्तपुरका र मेचीदेखि महाकालीका जनता परिचालित गर्न सकिन्छ र पर्ने हुन्छ । त्यस्ता गुरूत्व केन्द्रहरूमा यसरी केन्द्रीकरण नगरी जनआन्दोलन सफल हुन्न । ०४६ फागुण ७ गते काठमाडौंको जुलूसमा स्थानीय जनता कति सहभागी भए त ? पछि गएर चैत्र २४ मा मात्रै बृद्धि तीव्र भयो । त्यसैले पहिलो चरणमा गरिएका आक्रमक कारवाहीहरूका लागि स्थानीय र अस्थानीय दुवैको सहभागिता आवश्यक थियो । छापामार जनयुद्धको कारवाहीको स्वरूप नै यस्तो हुन्छ कि जनताको चेतनशील हिस्सालाई टीमबद्ध गरिन्छ र विविध खाले टिमहरूले विविध खाले कारवाही गर्छन् । यस्तो नीति नबुझी जनता आफैंले कारवाही गरेको छैन, कार्यकर्ताले मात्रै गर्‍यो भन्नु जनयुद्ध नबुभ्नु हो ।

यस्तै भन्ने हो भने- चीनमा लालसेनाले गरेको कारवाहीलाई स्थानीय जनताले नगरेको भनेर माओका कार्यकर्ताले गरेको, स्थानीय जनताको सहभागिता छैन वा कम छ आदि भन्ने हो त ? कारवाही सानो भएपछि थोरै जनताले गरे पुग्ने हुन्छ । तब के कम जनताको सहभागिता भन्ने ? जनताको एक हिस्सा टीमबद्ध कारवाहीमा लाग्छ भने अरूले टीमलाई विविध ढंगले सहयोग गरेर जनयुद्धमा सहभागी हुन्छन् । यसरी हेर्दा जनयुद्धमा ती जिल्लाका बहुसंख्यक जनता सहभागी छन् भन्ने प्रष्ट नै छ । समग्रमा हेर्ने हो भने, जनयुद्ध शुरू भएका मुख्य जिल्लाहरू माओवादीको प्रभावक्षेत्र हो । वर्ग संघर्षका विविध श्रृंखला पार भइसकेर जनताको बहुसंख्यक हिस्सामा सशस्त्र संघर्ष गर्नुपर्ने चेतना आइसकेका जिल्लाहरू हुन् । जनतालाई सशस्त्र संघर्षको शिक्षा नदिइकन त्यसो गरिएको छैन । बरू उल्टै माओवादी पार्टी र यसका नजिकका सँगठनहरूले जनयुद्ध शुरू अगाडि वर्षौंदेखि (ठोस रूपमा ०४८ को महाधिवेशनपछि) सशस्त्र संघर्षको प्रारम्भिक चेतना जनतालाई दिने योजना कार्यान्वयन गर्दा लामाजी, एम.वि. लगायतले तीव्र विरोध गरेका थिए ।


### चेतनास्तरबारे यान्त्रिक सोचाइ

प्रज्ञानरत्नजीले लेखमा (पेज १५) पनि गलत तर्क अघि सार्दै लेख्नुभएको छ- 'के वेथानका बहुसंख्यक क्रान्ति पक्षधर जनताहरूलाई यो कार्यवाहीको लागि तम्तयार पारिसकेपछिको भावभूमिमा त्यो कार्यवाही भएको थियो ?........आम जनताको चेतनास्तरको यथार्थ जेसुकै होस्, केही एकाध सय कार्यकर्ताको चेतना भए पुग्यो ।......यो चिन्तन आदर्शवादी भएन र ?'

त्यस्तै श्यामजीले लेख्नुभएको छ- 'जनताको सहभागिता तब मात्रै हुन सक्छ, जब उनीहरूको चेतना नेतृत्वको स्तरसम्म उठाउन काफी मेहनत र साधना हुन्छ । र, जनताको निम्ति, जनताको सट्टामा अरू कसैले कारवाही गरिदिने होइन, जनता स्वयंले आफ्नो निम्ति आफै कारवाही गर्न उनीहरूलाई तयार पारिन्छ । माओवादी मित्रहरूमा यही जनकार्यदिशाको अभाव देखिन्छ ।'

श्यामजीले जनताको चेतना उठाएर सहभागिता बढाउन 'मेहनत र साधना' गर्नु पर्छ भन्नु भएको छ । यो एकातिर अमूर्त त छँदैछ, तर पण्डितले

> चीनमा लालसेनाले गरेको कारवाहीलाई स्थानीय जनताले नगरेको भनेर माओका कार्यकर्ताले गरेको, स्थानीय जनताको सहभागिता छैन वा कम छ आदि भन्ने हो त ?



जस्तो उपदेश दिँदैमा वा बुद्धले जस्तो तपस्या (साधना) गर्दैमा जनताको चेतना स्तर बढ्ने होइन । जनताको चेतनास्तर उठाउन एकातिर सैद्धान्तिक, राजनैतिक बैचारिक शिक्षा दिन (सशस्त्र संघर्षको अनिवार्यताको सारसहित सम्झाउन बुझाउन व्यवस्थित प्रचार) शुरूदेखि अन्तसम्म गरिरहनु पर्छ भने अर्कोतिर व्यवहारिक शिक्षा (व्यवहारिक संघर्षमा- शान्तिपूर्ण र हिंसापूर्ण, कानूनी र गैरकानूनी आदि सबै) दिन योजनाबद्ध वर्ग संघर्षको उठान पनि गर्नु पर्दछ । व्यवहारिक वर्ग संघर्षबाट अलग रहेर जनताको चेतनास्तर उठाउन गरिने सबै मेहनत र साधना नै आदर्शवाद हो, पण्डित्याइँ हो, तपस्यावाद हो, साधुसन्तवाद हो । यो रोग उहाँहरूमा छ ।

माओवादी पार्टीको नेतृत्वमा जनयुद्धको अनिवार्यताको व्यवस्थित प्रचार गर्दा उहाँहरूले लफ्फाजी आदि भनेर एकातिर विरोध गर्नु भयो भने ग्रामीण वर्ग संघर्षको विरूद्ध पनि अनर्गल प्रचार गर्नु भयो । जनताको चेतनास्तर उठाउने उहाँहरूको तरीका यो रहेको छ कि- जनतामा सशस्त्र संघर्षको व्यवस्थित प्रचार पनि नगर्ने र वर्ग संघर्ष पनि नगर्ने । उहाँहरू जनयुद्धलाई केवल सशस्त्र कारवाहीको रूपमा (आंशिक रूपमा) मात्र बुझिराख्नु भएको छ । जनयुद्ध भनेको समग्र युद्ध हो । यसभित्र वैचारिक युद्ध, राजनैतिक युद्ध, शैक्षिक युद्ध, आर्थिक युद्ध, सांस्कृतिक युद्ध सबै पर्दछ । जनयुद्ध शुरू गरेपछि जनताको चेतनास्तर उठाउन कुनै पनि मेहनत र साधना गरिँदैन भन्ने होइन । उहाँरूका विरूद्ध सैन्य दृष्टिकोण अर्थात् जनयुद्धलाई हेर्ने फौजीवादी दृष्टिकोण र अन्धाले हात्ती छामे झैं अंशलाई नै सम्पूर्ण ठान्ने दृष्टिकोणले गर्दा जनयुद्ध प्रचारकर्ता, संगठनकर्ता, उत्पादनकर्ता, क्रान्तिकर्ता आदि सबै हो भनेर बुभ्नु सकिरहनु भएको छैन । के जनताको चेतनास्तर उठाउन शान्तिपूर्ण उपाय मात्रै अवलम्बन गर्नु पर्छ भन्ने छ ? के काँधमा बन्दुक भिरेर जनतालाई शिक्षादिक्षा दिन सकिँदैन (हुँदैन) भन्ने कुनै मार्क्सवादी कानून छ ? के फौजी कारवाहीहरूले जनताको चेतनामा कुनै प्रतिक्रिया उत्पन्न गर्दैन ?

उहाँहरू फौजी कारवाहीले जनताको चेतनास्तरमा कुनै प्रभाव (प्रतिक्रिया) उत्पन्न गर्दैन भन्ने यान्त्रिक जनवादी दृष्टिकोणमा फस्नु भएको छ । संसारको सानो हिस्सामा संसारका जनताको ज्यादै अल्पसंख्यक (नकारात्मक शब्दमा भन्नु पर्दा - मुट्ठीभर वीरहरू) ले गरेको सशस्त्र कारवाही (जस्तै पेरिस कम्युन, अक्टोबर क्रान्ति) ले संसारका उत्पीडित जनताको चेतनास्तरमा गुणात्मक फड्को ल्याइदिएको तथ्य उहाँहरू देख्नु हुन्न । के मार्क्सदेखि माओले पत्रिका चलाएर प्रचार मात्र गरेको भरमा जनताको चेतनास्तर माथि उठेको हो ?

जहाँसम्म बेंथान (रामेछाप) लगायत प्यूठान, डोल्पा जस्ता ठाउँमा भएका उच्चतम कारवाहीहरू हुन्, यी दोस्रो योजनामा गरिएका छन् । पहिलो योजनामा उच्चतम कारवाही (चौकीमाथि हमला लगायत अन्य सेवोटेज गरिएका जिल्लाहरू माओवादी प्रभाव क्षेत्र हुन् र जहाँ एक चरणको ग्रामीणवर्ग संघर्ष र व्यवस्थित चेतना जागृतिं अभियानबाट अघि बढेका जिल्लाहरू हुन् । त्यहाँका जनता आफैंले सशस्त्र संघर्षको शुरूवातको माग गरिसकेका थिए । पहिलो योजनाको प्रभाव रोल्पा, रूकुम, रामेछाप, काभ्रेसँग जोडिएका रामेछाप, प्यूठान, डोल्पा जस्ता जिल्लामा पर्नु स्वाभाविकै हो । पहिलादेखि र यसबीचमा पनि ती जिल्लामा जनताको चेतना उठाउने सचेत कार्य पनि व्यापक रूपमा भएका छन् ।

यस तथ्यलाई नकारेर बेथान (रामेछाप), प्यूठान, डोल्पा आदिका जनतालाई चेतना नउठेका भनी ठान्नु त्यहाँका जनताको अपमान गर्नु मात्रै हो ।

पहिलो योजनाको सफलताको फलस्वरूप जनताको चेतनास्तरमा विविधतापूर्ण ढंगले स्तरवृद्धि र विस्तार भएको छ । कैयौं गाउँ बस्तीका जनता माओवादी छापामारहरूले गाउँमा आएर जालीफटाहालाई सजाय देओस् भनेर माग गर्दै छापामार नेताहरूलाई चिठ्ठी लेख्दैछन् । कैयौं जनताहरू छापामारहरूलाई रासन, लत्ताकपडा आदिको सहयोग गर्दैछन् । कैयौं जनता छापामार पंक्तिमा भर्ती हुन चाहिरहेका छन्, भइरहेका छन् । यी र यस्ता उथलपुथलहरूलाई कुवामा बसेको भ्यागुताले सिँगो आकाशको कल्पना नै गर्न नसकेझैं उहाँहरूको संकीर्ण सोचाइले जनयुद्धको समग्रतालाई कल्पना गर्न समेत दिएको छैन भन्नु पर्दा दुःख लाग्छ ।

जब हामी फौजी ढंगले सोच्छौं, तब उहाँहरूको तर्कशैली कति घातक छ भन्ने प्रष्ट हुन्छ । बेथान चौकी आक्रमण गर्न त्यहाँका बहुसंख्यक जनतालाई 'त्यो कारवाहीको लागि तम्तयार पार्नु पऱ्यो । यसो गर्न बहुसंख्यक जनतालाई यसरी चौकी आक्रमण गर्न भनेर भन्नु पऱ्यो । एक जनांले मात्रै पनि गल्ती गरे त्यो आक्रमण के सफल होला त ? सानेपामा प्रहरी इन्स्पेक्टरको घरमा टाइमबम फिट गर्न त्यहाँका 'बहुसंख्यक जनता'लाई तम्तयार पार्नु पऱ्यो । के फौजी दृष्टिकोणले यस्तो नीति बनाउनु पागलपूर्ण काम होइन त ?

फेरि चौकीमा आक्रमण गर्न १०० जना भए पुग्छ, बम फिट गर्न १ जना भए पुग्छ । तब उहाँहरूले भन्नु हुनेछ- स्थानीय जनताको सहभागिता कम रह्यो, त्यसैले जनयुद्ध होइन । यस्तो तर्क गर्ने मित्रहरूले अलिकति भए पनि फौजी ज्ञान हासिल गर्नु उपयुक्त हुनेछ भन्दा अत्युक्ति नहोला । मुख्य कुरा त प्यूठान, डोल्पा, रामेछापका बहुसंख्यक जनताको लागि वस्तुगत रूपले जनयुद्ध आवश्यक छ र त्यहाँका जनता जनयुद्ध चाहन्छन् । जनतालाई समग्रतामा सशस्त्र संघर्षको आवश्यकताको चेतना अभियान चलाइएको छ । त्यसैले ती कारवाहीहरू जायज छन् । फौजी ढंगले भन्दा जनयुद्धको विस्तारको लागि रोल्पा रूकुम जाजरकोट, सिन्धुली, काभ्रे आदि जिल्लाहरूबाट वरपरका जिल्लाहरूमा कारवाहीको (प्रचारात्मक र सशस्त्र दुबै) विस्तार गर्नु आवश्यक छ । दोस्रो योजनाको पहिलो चरणले यही गरेको छ, जुन आवश्यकता र क्षमताको दृष्टिले सही साबित भएको छ ।

जुन जिल्लाहरूमा उच्च प्रकारका कारवाहीहरू भएका छन्, ती जिल्लाका बहुसंख्यक जनताले ती कारवाहीहरूको विरोध गरेका छैनन्, साथै शत्रुको दमन पनि पचाएका छन् । र पार्टीप्रति समर्थनको लहर बढेको छ । यसबाट के प्रष्ट हुन्छ भने- ती कारवाहीहरू उग्रवामपन्थी होइनन्, क्रान्तिकारी हुन् । देशकाल, परिस्थितिको आवश्यकता र क्षमता अनुसार नै भएका छन् ।

जहाँसम्म 'जनताको सट्टामा अरू कसैले कारवाही गरिदिने होइन, जनता स्वयंले' गर्नु पर्छ भन्ने सवाल छ, के यो कुरा 'कारवाहीमा' मात्रै लागू हुन्छ त ? यदि कसैले 'जनताले नै पत्रिका निकालोस्, पार्टी वा कुनै 'विचार समूह' ले जनताको सट्टामा निकाल्नु हुन्न भन्यो भने के जवाफ दिने होला ? जनताले नै जुलुस गरोस्, कुनै पार्टी, जनसँगठन आदिले होइन भन्यो भने के जवाफ दिने



आफ्ना श्रीमान् रामबहादुर बाँठा पक्राउ परेपछि प्रशासनको बक्रदृष्टिको शिकार विमला वि. क. । इनसेटमा: ससुरालीबाटै माओवादीका नाममा पक्राउ परेका विद्यार्थी रामबहादुर बाँठा ।

होला ? खुट्टा, हात, आँखा आफैं चलोस्, गिदी (टाउको) ले किन चलाउने भन्यो भने के जवाफ दिने होला ? एकातिर यो अराजकतावादी चिन्तन हो भने अर्कोतिर नेता, पार्टी, टाउको, चेतना, संगठन नचाहिने विसर्जनवादी सोच हो र यो संघर्षको दृष्टिकोणले स्वस्फुर्ततावादी चिन्तन हो ।

रूसी क्रान्तिमा वोल्शेभिक पार्टी, सोभियत र सशस्त्र टिमहरू (यहाँ माओवादी पार्टी, संयुक्त जनमोर्चा र छापामार टीमहरू जस्तै) ले गरेका योजनाबद्ध कारवाहीहरूको पनि श्यामजीहरूले जनताको सट्टामा अरूले गरेको भनेर विरोध गर्न सक्ने देखियो । चीन, भियतनाम, कोरिया, क्यूबामा त्यहाँका लाल सेनाले गरेका कारवाहीहरू पनि जनता आफैंले नगरेको भनेर विरोध गर्न सक्ने देखियो । के त्यहाँका वोल्शेभिक, कम्युनिष्ट, लालसेनाका मानिसहरू 'जनता' होइनन् ? के तिनीहरूले गरेको युद्ध जनयुद्ध हुँदैन ? जनता र पार्टी, सेना, संयुक्त मोर्चाबीच चिनियाँ पर्खाल खडा गर्ने यान्त्रिक भौतिकवादी दृष्टिकोणको फलस्वरूप उहाँहरू गंभीर भड्कावमा पुग्नु भएको छ ।

### संयुक्त जनमोर्चाबारे

श्यामजीले 'जनतामा निकै राम्ररी स्थापित भइसकेको 'संयुक्त जनमोर्चा' लाई अनाहकमा भूमिगत लैजाने महाभूल गरियो' भन्नु भएको छ । संजमो नेपाली आन्दोलनमा वैधानिक मंच, चुनावी मंच हुँदै अघि बढ्यो र यसले पार्टीको नेतृत्वमा जनताको 'संयुक्त मोर्चा' को रूप लियो । पार्टीले यसलाई क्रान्तिको तीन साधनमध्ये एक महत्वपूर्ण साधन-संयुक्त मोर्चाको रूपमा विकास गर्दै लाने निर्णय गऱ्यो । तर श्यामजी लगायत विसर्जनवादी एके पक्षले संजमोलाई केवल चुनावी वैधानिक मंच मै सीमित देख्न पुग्नुभयो । कि त भने श्यामजीले संजमो यहाँको परिस्थितिमा 'संयुक्त मोर्चा' बन्नै सक्दैन, बनाउनु गल्ती हो भन्ने तर्क अघि सार्नु पर्दछ । यदि संजमोलाई संयुक्त मोर्चा बनाउनु पर्छ वा बनेको छ भने संजमोले कम्तीमा जनयुद्धलाई प्रत्यक्ष समर्थन र सहयोग गर्नै पर्दछ । होइन भने त्यो संयुक्त मोर्चाको कुनै अर्थ रहन्न । जनयुद्धलाई समर्थन गर्नुको अर्थ संजमो भूमिगत बनाउनु स्वतः भइहाल्दथ्यो र त्यही भयो पनि । संयुक्त मोर्चालाई केवल वैधानिक कार्यमा सीमित बनाउनु गंभीर गल्ती हुन्थ्यो । अर्कोतिर, जनयुद्ध माओवादी पार्टीले मात्र गर्नु र संजमो जस्तो 'जनतामा राम्ररी स्थापित' मोर्चाले प्रत्यक्ष समर्थन नगर्नु र सहभागी नहुनुको अर्थ जनयुद्धलाई 'मुठ्ठीभरको युद्ध' बनाउनु हुने थिएन र ? एकातिर जनताको सहभागिता कम भयो -भन्ने, अर्कोतिर जनतामा स्थापित मोर्चाको सहभागिता किन आपत्तिजनक भयो त ? यतातिर पनि श्यामजी लगायतका मित्रहरूको ध्यान जान आवश्यक छ ।


### सरकारलाई थाहा भइकन पनि नेताहरुलाई नपक्रेको भन्ने बारे

श्यामजी लेख्नु हुन्छ- 'कुन नेता कहाँ छन् ,- ऊ लगभग त्यसको सूचना लिएर बसेको छ ।' 'सरकारले नसकेर होइन, नखोजेर माथिल्ला नेतृत्वलाई यतिखेर अलि फुक्का जस्तो नै छाडिरहेको आभास हुन्छ ।' श्यामजीले न त जनयुद्धलाई बुझ्न सक्नुभयो, न त सरकारी युद्धलाई नै । न छापामार युद्धलाई, न त प्रतिछापामार युद्ध (Anti guerrilla warfare) नै बुझ्न सक्नुभयो । छापामार जनयुद्धका विरूद्ध प्रतिक्रियावादीहरूको एक महत्वपूर्ण नीति नै नेताहरूलाई बदनाम गर्नु, जनता कार्यकर्ताबाट अलग्याउनु, पक्रनु, मार्नु हो । यो काम बीचमा वा अन्तमा होइन जतिसक्यो सुरूमै, कलिलोमै गर्नुपर्छ भन्ने कुरामा प्रति[illegible]वादीहरू प्रष्ट छन् । जनयुद्धको शुरूवातमै नेताहरू पक्रन, मार्न तीव्र कोशिश सेना, प्रहरी गुप्तचर सबैले गरेको तथ्य के श्यामजीलाई थाहा छैन र ? के सकेजतिका कार्यकर्ता नेताहरूलाई नपक्रेको वा पक्रेर पनि छोडेको प्रमाण उहाँसँग छ र ? यस्तो शतप्रतिशत भ्रूठो कुरा किन लेख्नुहुन्छ ?

यसका कारण छन् । मोहन विक्रमको भाषामा भन्ने हो भने उहाँ प्रतिक्रियावादी एजेन्ट वा सि.आइ.डी. नै बनेको भन्न खोजेको होइन । बरू सैनिक गुप्तचर विभागसँग सम्बद्ध एक 'विश्वस्त सूत्रले' उहाँलाई 'माओवादी नेताहरू कहाँ कहाँ छन्, सबै कुरा गुप्तचर विभागलाई थाहा छ' भनेर भनिदियो । उहाँले सजिलै पत्याउनु भयो । प्रतिक्रियावादीहरूले 'कान लग्यो कागले' भन्दैमा कान छामेर नहेरी कागको पछि लाग्ने उहाँको कमजोरीले यसो हुन गयो । प्रतिक्रियावादीहरू पनि समग्र मोर्चामा जनताविरूद्ध युद्ध गर्दैछन् । मनोवैज्ञानिक युद्धको एक महत्त्वपूर्ण पक्षको रूपमा 'नेताहरूलाई छाडेर जनता मार्दै गर्नाको कारण' खोज्ने चक्करमा कार्यकर्ता, जनता र नेताबीच फाटो पैदा गर्ने कोशिशको रूपमा यस्तो प्रचार योजनाबद्ध ढंगले गरिँदैछ । अर्कोतिर 'थाहा पाई पाई नपक्रेको' भनेर लेख्दा प्रतिक्रियावादीहरूलाई उस्काउने जस्तो भएन र ? के कुरा गंभीर छैन र ? यता पनि उहाँहरूको ध्यान जानु पर्दछ ।

### प्रतिक्रियावादीहरुले माओवादी गतिविधि हाइलाइट गरेको भन्ने बारे

श्यामजी लेख्नुहुन्छ- 'अहिले सारा दरबारिया वा अन्य प्रतिक्रियावादी सरकारी प्रचार यन्त्रहरू ठूलो ठूलो स्वरमा किन माओवादी गतिविधिलाई हाइलाइट



**हाम्रो जस्तो देशमा दक्षिणपन्थी अवसरवादले गरीब किसानहरुको ग्रामीण क्षेत्रलाई आन्दोलनबाट र चेतनाबाट टाढा राख्दछ ।**

गर्दैछन् ?... यी सवाललाई घोत्लेर हेर्नु जरूरी छ ।' यसैगरी दीपक शर्मा भन्नुहुन्छ- 'सबैजसो प्रतिक्रियावादी सञ्चार माध्यमहरूको, विशेषतः राजदरबार नजिकका पत्रपत्रिकाहरूले माओवादी जनयुद्धका गतिविधिहरूको महत्वका साथ प्रचार गरिरहेका छन् । ...उनीहरू माओवादीहरू प्रोत्साहित हुँदै केही समय अझ गतिविधि गरून् भन्ने चाहिरहेका त छैनन् ?'

माओवादी गतिविधिलाई प्रतिक्रियावादीहरूले हाइलाइट गर्नु हुँदैन, वा गर्दैनन् भन्ने होइन । प्रतिक्रियावादीहरूले क्रान्तिकारी जनताका प्रत्येक गतिविधिलाई नकारात्मक रूपले हाइलाइट गर्दछन् भन्ने तथ्य विश्वका सबै देशको इतिहासले प्रष्ट पारेको छ । त्यसको विरूद्ध क्रान्तिकारीहरूले आफ्ना गतिविधिहरूलाई सकारात्मक रूपले हाइलाइट गर्नु पर्दछ । तर मूल्यांकन, जनएकता, हाँक जस्तो पत्रिकाले पनि जनयुद्धको सकारात्मक पक्षको ब्ल्याक आउट गर्ने र नकारात्मक पक्ष हाइलाइट गरेर राजदरबारदेखि सिंहदरबारसम्मका प्रतिक्रियावादी सञ्चारयन्त्रकै सुरमा काम गरेर के गर्न खोजेको हो त ? मोहनविक्रमको भाषामा भन्ने हो भने, यसको अर्थ उहाँहरूले दरबारबाट भत्ता लिएर त्यसो गर्नु भयो भन्न खोजेको कदापि होइन । दीपक शर्माजीको भाषामा भन्ने हो भने- दरबार र उहाँहरूको साँठगाँठ वा गठबन्धनको रूपमा बुझ्नु बिलकुलै गलत हुन्छ । उहाँहरूले नबुझेर त्यसो गर्नु भएको हो भने सम्झाउनु बुझाउनु पर्दछ ।

'प्रत्येक क्रान्तिले सशक्त प्रतिक्रान्तिलाई जन्म दिंदै अघि बढ्छ' भन्ने भनाइलाई हामी सबैले गंभीरता साथ आत्मसात गर्नु जरूरी हुन्छ । क्रान्ति र प्रतिक्रान्तिको लडाइँमा दुवै पक्षले विकास गर्दछ, बलियो बनाउँछ, त्यसको अनुपात घटिबढी हुन सक्छ । प्रतिक्रान्तिकारी पक्षले क्रान्तिको विकाससँगै निरंकुश कानूनहरूलाई झन् गुणात्मक विकास गर्दछ, जनहत्या झन् झन् तीव्र पार्छ, फौजीकाममा सम्पूर्ण बजेट केन्द्रित गर्दछ, शोषण झन् तीव्र पार्दछ- यो सार्वभौम नियम नै हो । यसलाई नबुझ्नु मार्क्सवादको आधारभूत कुरा पनि नबुझ्नु हो । प्रतिक्रियावादीहरूले नकारात्मक प्रचार गरेर वामपन्थी मास्ने अभियान थाल्न खोजेको हो भने त्यसको विरूद्ध जनयुद्धको रणनीति अनुरूप समग्र मोर्चामा- गाउँ, शहर, कानूनी, गैरकानूनी, शान्तिपूर्ण, सशस्त्र आदि सबैतिर संघर्षको तयारी गर्नुपर्छ । यसो नगरी 'लौ अब वामपन्थी मास्ने कानून ल्याउने भयो, सैन्य बजेट बढाउने भयो, निरंकुशता झन् बढी लाद्ने भयो' भन्दै चिच्याउँदैमा समस्या समाधान हुनेवाला छैन भन्ने तथ्य उहाँहरूले बुझ्न पर्ने हुन्छ ।

यहाँ दावीका साथ के भन्न सकिन्छ भने- सबै प्रतिक्रियावादी सञ्चार माध्यमहरूले जनयुद्ध ठीक छ, समर्थन गर्नुपर्छ र निरन्तरता दिनुपर्छ भनेर प्रचार गरेको छैन । बरू श्यामजीले आह्वान गरे जस्तै जनयुद्ध तत्काल रोक्नु पर्छ भन्ने स्पिरिटमा प्रचार भएको छ, कसैले शान्तिपूर्ण ढंगले गर्नु पर्‍यो भनेका छन्, कसैले तुरून्त दबाउनु पर्‍यो भनेका छन्, कसैले बदनाम गर्न विभिन्न तरिका अपनाएका छन् । तर जतिसुकै नकारात्मक प्रचार गरे पनि जनताले थाहा पाउने र प्रचार हुने सकारात्मक पक्ष त्यसमा निहित भएकोले जनयुद्धको प्रचारमा व्यापकता आएकोले डाहा र छटपटी कसैलाई भएको छ भने हामी विनम्रतापूर्वक त्यस्ता गलत छटपटीबाट मुक्त हुन आग्रह गर्दछौं ।

### गुरुत्वकेन्द्र शहर भन्ने बारे

प्रज्ञानरत्नजीको लेखमा भनिएको छ- 'नेपालमा 'आन्दोलनको मुख्य गुरूत्वाकर्षण केन्द्र शहर भएको छ । यो नेपालको ऐतिहासिक यथार्थ हो कि होइन ?' 'चीनमा क्रान्तिताका किसान विद्रोह र आन्दोलनको प्राधान्यता थियो र आन्दोलनको गुरूत्वाकर्षण केन्द्र गाउँमा थियो ।' अनि उहाँले र श्यामजीले पनि माओवादी जनयुद्धलाई 'अन्ध नक्कल' भन्नु भएको छ ? के यस्तो हो त ?

चीनमा राजतन्त्र पल्टाउने क्रान्ति (सन् १९११० शहर केन्द्रित थियो । ४ मई १९१९ को आन्दोलन पनि शहर केन्द्रित थियो । ४ मई आन्दोलनमा माओकै शब्दमा 'लाखौं विद्यार्थीहरू र मजदूर वर्ग तथा नवोदित राष्ट्रिय पूँजीपति वर्ग सामेल थिए ।' यी ठूला संघर्षहरूले गर्दा चिनियाँ कम्युनिष्टहरूमा पनि रूसको 'अन्ध नक्कल' गरेर आन्दोलनको गुरूत्वकेन्द्र शहर हो भन्ने निष्कर्षमा कायम रहेका थिए । यहाँ पनि ०३६ साल, ०४६ सालमा आन्दोलनहरू (जसबाट चीनमा जस्तो राजतन्त्र पल्टाउनेसम्म पनि गरेको छैन)लाई आधारित बनाएर 'सबै प्रमुख राजनैतिक हेरफेरहरू दुई दशक यता तिनै शहरिया जनआन्दोलनको प्रक्रियामा' भएकोले 'आन्दोलनको मुख्य गुरूत्वकेन्द्र शहर भएको छ' भनेर निष्कर्ष निकाल्नु आफैंमा रूसी क्रान्तिको अन्ध नक्कल नभए के हो त ?

वस्तुगत रूपले जहाँ शोषण उत्पीडन अत्यधिक हुन्छ, जहाँ शोषक वर्गीय सत्ता विविध कारणले कमजोर हुन्छ र जहाँ शोषित जनता अत्यधिक हुन्छ, त्यहाँ नै क्रान्तिको गुरूत्वकेन्द्र हुन्छ । आत्मगत रूपले जहाँ क्रान्तिकारी पार्टीको प्रभाव व्यापक हुन्छ, त्यहाँ गुरूत्वकेन्द्र हुन्छ । यी दुईको ठीक संयोगमा नै सत्ता कब्जा हुन्छ । शुरूमा क्रान्तिकारी चेतना शहरमा आइपुग्छ । र शहरमा यसले केही आन्दोलन श्रृष्टि गर्दछ । तर हाम्रो जस्तो देशमा दक्षिणपन्थी अवसरवादले गरीब किसानहरूको ग्रामीण क्षेत्रलाई आन्दोलनबाट र चेतनाबाट टाढा राख्दछ ।

माओ भन्नुहुन्छ- 'शुरूमा हाम्रो पार्टीले किसानहरू माझ गर्नुपर्ने कामको महत्वलाई बुझ्न सकेन र शहरिया कामलाई पहिला र गाउँको कामलाई दोस्रो श्रेणीमा राख्यो (अर्थात् शहरलाई गुरूत्वकेन्द्र मान्यो) । मलाई लागिरहेछ कि, एशियाली देशहरूका केही पार्टीहरूले, जस्तै- भारत र इण्डोनेशियाले ग्रामीण कार्य राम्ररी गरिरहेका छैनन् । किसानहरू बीचको काममा सुरूमा हामो पार्टी सफल भएन । बुद्धिजीवीहरूसँग एक प्रकारको बुद्धिजीवी हावा रहेको थियो । त्यसैले उनीहरू गाउँमा जान इच्छुक हुँदैनथे, जसलाई उनीहरू कम आँक्दथे । अर्कोतिर किसानहरू बुद्धिजीवीहरूबाट केही पाउने आशा गरेर बसेका हुन्थे । हाम्रो पार्टीले गाउँलाई बुझ्ने बाटो पत्ता लगाउन सकेको थिएन । ... जब हामी त्यहाँ गयौं, हामीले बाटो पायौं, ग्रामीण क्षेत्रका विभिन्न क्षेत्रहरूको विश्लेषण गऱ्यौं र किसानहरूका क्रान्तिकारी मागहरू बुझ्न समर्थ भयौं ।...... छन तु स्यूको दक्षिणपन्थी अवसरवादी लाइनको मातहतमा किसानहरू, जो हाम्रो मित्र शक्ति हुन्, त्यसको परित्याग गरियो । ...यस अवधिमा मैले गाउँको एक अध्ययन गरें र किसान आन्दोलनको लागि सङ्गठन खोलें, जुन केही समयसम्म चल्यो । मलाई मार्क्सवाद केही थाहा थियो तर गाउँको बुझाइमा गहिराइमा पुगेको थिइनँ । दोस्रो अवधिमा, हामीले असल शिक्षक च्याङ काइशेकलाई धन्यवाद दिनैपर्छ, जसले हामीलाई गाउँतिर भगायो । यो लामो अवधि थियो, जसमा हामीले च्याङविरूद्ध लड्यौं र गाउँको अध्ययन गर्न बाध्य भयौं ।' (विद्रोह अङ्क २ बाट साभार)

यसबाट के प्रष्ट हुन्छ भने- शहरलाई गुरूत्वकेन्द्र मान्ने छन तु स्यूको दक्षिणपन्थी लाइनले गर्दा किसानहरू र गाउँलाई परित्याग गरिएको थियो । पछि गाउँ र किसानलाई गुरूत्वकेन्द्र बनाउन माओले सचेत प्रयास गर्नुभयो । अझ ध्यान दिन योग्य कुरा त च्याङ काइशेकले शहरमा कम्युनिष्टहरूलाई दमन गर्न थालेपछि (१९२७ मा) माओ लगायत चिनियाँ कम्युनिष्टहरू गाउँतिर भागे । यसरी गाउँ क्रान्तिको गुरूत्वकेन्द्र बन्न गयो ।

चीनको अन्धनक्कल भन्ने हो भने शहरमा पहिला केन्द्र बनाउने, सरकारले तीव्र दमन गरेपछि भागेर गाउँमा गई गुरूत्वकेन्द्र बनाउने नीति लिनु पर्दथ्यो । तर माओवादी पार्टीको नेतृत्वमा प्रचारात्मक, सङ्गठनात्मक र वर्ग संघर्ष (शहरीया र ग्रामीण दुबै) को लामो (०४८ सालदेखि लिने हो भने पनि ५ वर्ष) दौरानपछि सचेत र योजनाबद्ध ढंगले जनयुद्ध सुरू भएको छ । २००६

**श्यामजीदेखि दीपकजी, मोहनविक्रमजी, खगेन्द्रजी सबैले बलिदान अनावश्यक ढङ्गले भइरहेको भन्ने मत व्यक्त गर्नु भएको छ ।**

सालदेखि २०५२ सालसम्मको लामो अन्तरसंघर्ष र वर्ग संघर्षको बीचबाट जनयुद्ध शुरू भएको छ । नेपालमा त शहरमा दमन गर्ने बित्तिकै कि त भागेर भारत जाने, कि त पलायन भएर पत्रिका चलाउने, अलिकति लोभ देखाएर मन्त्री नै बनेर प्रतिक्रियावादी नोकर बन्ने प्रवृत्ति थियो । यस्तो स्थितिमा स्वतस्फूर्त रूपमा गाउँ गुरूत्वकेन्द्र बन्ने परिस्थिति रहेन । साथै, विभिन्न ग्रामीण किसान आन्दोलनहरूलाई तात्कालीन नेताहरूले गद्दारी गरेर तुहाउन लगाएको तथ्य पनि प्रज्ञानरत्नजी जस्ता विद्वान मित्रहरूले ध्यानमा राख्नु पर्ने हो ।

नेपाली जनयुद्ध कुनै मोडेलको यान्त्रिक नक्कल होइन । शुरूआतको एक महिनामा विश्वव्यापी प्रचार हुने गरी न त चीनमा, न त पेरूमा, न त कोरिया, न त क्यूबामा नै जनयुद्ध भएको छ । शुरूवातको एक वर्षमा नै उपत्यका बन्द, नेपाल बन्द जस्ता शहरिया संघर्षको तीव्रता कुनै पदि देशमा भएको छैन । नेकपा (माओवादी), संयुक्त जनमोर्चा नेपाल र विविध खाले छापामार टीमहरूको विकास क्रम कुनै पनि देशको विकासक्रमको यान्त्रिक नक्कल नभएर देश, काल, परिस्थिति अनुरूपको श्रृजनात्मक विकास हो भन्ने प्रष्ट भइसकेको छ । जनयुद्धलाई यान्त्रिक नक्कल भन्ने मित्रहरूले न त संघर्ष, न त समपर्ण को वि.पी.को नीति अङ्गाल्नु नपरोस् भन्नेतिर पनि ध्यान पुऱ्याउनु पर्दछ भन्ने लाग्दछ ।

नेपाली जनयुद्ध कुनै मोडेलको यान्त्रिक नक्कल होइन । शुरूआतको एक महिनामा विश्वव्यापी प्रचार हुने गरी न त चीनमा, न त पेरूमा, न त कोरिया, न त क्यूबामा नै जनयुद्ध भएको छ।

## प्रारम्भिक प्रहारको निशानाबारे

खगेन्द्रजीले 'स्थानीय निरस्त जाली फटाहाहरूलाई प्रारम्भिक प्रहारको निशाना बनायो' जुन 'स्वस्थ र स्वागतयोग्य' भएन भनी लेख्नु भएको छ । बन्दहरूमा सामान्य गाडीहरू तोडफोड गरेको मात्रै देख्नु तर मन्त्रीहरूको र दलाल पूँजीपतिको घर फ्याक्ट्री तोडफोड गरेको नदेखे जस्तै प्रहरी चौकी र खुँखार सामन्तहरूमाथिको कारवाही उहाँले देख्नु भएन । अन्धाले पुच्छर समातेर हात्ती भनेको डोरी जस्तो भने जस्तै उहाँले पनि जनयुद्धको प्रारम्भिक निशाना स-साना फटाहा मात्रै देख्नुभयो । पहिलो दिनको आक्रमण नै चौकी, खुँखार सामन्त र दलाल तथा नोकरशाही पूँजीपतिमाथि भएको तथ्य तोडमरोड गर्नुभयो । स्थानीय निरस्त जाली फटाहाले गुप्तचरी काम गरेकोमा सजाय नदिनुको अर्थ कयौं नेता, कार्यकर्ता, जनताको हत्या गराउनु हो । के खगेन्द्रजी यस्तो चाहनु हुन्छ त ?

## 'मारवाडी खेदौं' को अर्थ

माखेको अर्थ यदि खगेन्द्रजीले भन्नु भएजस्तै 'देशभक्त उद्योगपति' लाई पनि खेदौं भन्ने अर्थ लाग्छ भने 'Yankee go home' भन्दा सबै अमेरिकन (देशभक्त, जनवादी, कम्युनिष्ट पनि) लाई खेद्छौं भनेको हो त ? भारतीय विस्तारवाद मूर्दावाद भन्दा सबै जनतालाई भनेको ठहर्छ त ? पंचे चोर देश छोडभन्दा सबै पंच चोर हुन् भन्ने अर्थ लाग्छ त ?

## जातीय स्वशासनबारे

खगेन्द्रजीले जातीय स्वशासनको नारालाई 'भावुक, भड्किलो, भावोत्तेजक यति सरलीकृत नारा' भनेर विरोध गर्नु भएको छ । साथै, यसको विकल्प पनि वहाँले दिनु भएको छैन । जातीय स्वशासन किन गलत छ भन्ने तथ्यगत आलोचना पनि छैन । तथ्यगत आलोचना र विकल्प अघि सार्नु भएमा बहस, छलफल गर्न सजिलो पर्ने थियो । यो पनि अति सरलीकृत र भड्किलो छ, जटील र चिटिक्क परेको के हो त्यो पनि थाहा छैन भन्ने उहाँको शैलीले ध्वंस त गर्ने तर निर्माण नगर्ने चिन्तनको त प्रतिनिधित्व गर्दैन ? गंभीर विषय हो यो ।

## बलिदानको सार्थकता र आवश्यकताबारे

श्यामजीदेखि दीपकजी, मोहनविक्रमजी, खगेन्द्रजी सबैले बलिदान अनावश्यक ढङ्गले भइरहेको भन्ने मत व्यक्त गर्नु भएको छ । बलिदान रोमान्टिक, निम्नपूँजीवादी, अधैर्यताको परिणाम आदि भन्नु भएको छ । मोहन विक्रमजीले त अझ अघि बढेर 'उग्र वामपन्थी गतिविधि बढाएर ठूलो संख्यामा निरपराध जनतालाई शहीद बनाउँदै छन्, जसलाई 'शहीदहरूको खेती' भन्न सकिन्छ' भन्ने सम्मका निकृष्ट र उहाँजस्तो व्यक्तिले भन्नै नसुहाउने (लाज लाग्नुपर्ने ?) कुरा व्यक्त गर्नु भएको छ । अनावश्यक बलिदान चाहेको भए माओवादी छापामारहरूले खगेन्द्रजीको लहैलहैमा लागेर स-साना फटाहा र चौकी होइन, एकैचोटी दरबार र प्रहरी तथा सेनाको मुख्यालय (H.Q.) मा आक्रमण गर्थे होलान् ।

द्वन्दवाद भनेको तुलनात्मक अध्ययन पनि हो भनेर माओले भन्नु भएको छ । चीन, कोरिया, भियतनाम, रूस आदि देशमा जनयुद्धको पहिलो वर्षमा कति शहीद भएका थिए र अन्तसम्ममा कति शहीद भए ? के तुलना गर्दा नेपालमा बढी वा खेती गरे जस्तै भएको छ त ? अहँ, कदापि छैन, अझ कम छ । क्रान्ति सस्तो छैन, यो महँगो छ, रगतको मूल्यमा जित्नु पर्दछ ।

उहाँहरूको ध्यान वर्षेनी ३ रूपैयाँको जीवनजल खान नपाएर मर्ने ( बलिदान हुने) ४० हजार बालबच्चातिर गएको छैन, पोषणयुक्त खाना नपाएर मर्ने (बलिदान हुने) थप ४० हजार बच्चाहरूतिर पनि गएको छैन । विदेशी भूमिमा बेचिएका, मारिएका लाखौं चेलीहरूको आत्मबलिदानतिर उहाँहरूको ध्यान गएको छैन । सुत्केरीको बेला डाक्टरी सेवा नपाएर वर्षेनी ५ हजार आमाहरूको बलिदान भइराखेको छ । लाखौं नेपाली युवाहरू बनवास गएका छन्, फ्याक्ट्रीरूपी जेलमा कैद छन्, रगतपसिनाको बलिदान गर्दैछन् । लाखौंको संख्यामा वर्षेनी भइरहेका यी बलिदानका तथ्यहरूपति आँखा चिम्लेर शहीदहरूप्रति अपमान गर्दै 'शहीदको खेती' जस्ता कुप्रचार गर्नु शहीदहरूप्रति गद्दारी गर्नु हो । ती शहीदहरू महान् हुन्, जसले वर्षेनी लाखौंको संख्यामा भइरहेको अनावश्यक बलिदानप्रति आँखा चिम्लेर बस्न तयार भएनन् र जनयुद्धको महान् विरूवालाई आफ्नो रगतले सिंचित गरेर जन्माएर हुर्काउँदैछन् ।

## निष्कर्ष

जनयुद्धको चिरफार गरिएको मूल्यांकन (र दीपकजी, मोहनविक्रमजी, खगेन्द्रजी) को चिरफार गर्दा निष्कर्षमा मोहनविक्रमजीकै भाषामा यसरी भन्न सकिन्छ- 'हामीले उहाँहरू प्रतिक्रियावादीका सि.आई.डी. वा एजेन्ट नै बनेका छन् भनेर आरोप लगाउन खोज्दैछौं भन्ने होइन । तर उहाँहरूको नियत जे भएपनि उहाँहरूको गलत नीति र व्यवहारको परिणामले प्रधानतः प्रतिक्रियावादीहरूलाई मद्दत पुग्नु स्वभाविक हुन्थ्यो र हुन गएको छ ।'

◆

**पुराना अंकहरूमा भारी छूट !**



रु. ५।- मात्र



रु. ४।- मात्र

**मूल्यांकन र नव युवाका पुराना अंकका सीमित प्रतिहरु भारी छूटका साथ निम्न स्थानहरुमा उपलब्ध छन् :**

- ❑ मूल्यांकन अंक ३८ सम्म (१ अंकबाहेक)
- ◆ नव युवा अंक ६ सम्म
- ◆ पाठ्यसामग्री पसल जामे मस्जिद सपिङ्ग कम्पलेक्स, बागबजार (घण्टाघरसँगै)
- ◆ पुस्तक पत्रपत्रिका बिक्री वितरण केन्द्र डिल्लीबजारको उकालो, काठमाडौं ।
- ◆ अन्तर्क्रिया प्रकाशन प्रा. लि.को कार्यालय, पुतलीसडक, काठमाडौं ।

**अंक पुरानो भएपनि पुराना नहुने सामग्रीहरुका निम्ति ! तपाईंको संकलनलाई पूर्णता दिनका निम्ति !**

# कालो भाले बोक्ने कि विज्ञानको झण्डा उठाउने ?

-खगेन्द्र संग्रौला

**-त्यो रामे हाम्रो पार्टीको आलोचना गर्छ । त्यस कारण त्यसका लेख-रचना हाम्रा कार्यकर्तासम्म पुग्न दिनु हुँदैन । नत्र हाम्रा कार्यकर्ता भड्किन्छन् ।**

-त्यो किस्ने मध्यपन्थी हो । त्यसले लेखेको साहित्यले हाम्रा लडाकू कार्यकर्ताको क्रान्तिकारी तेजलाई भुत्ते पार्छ । त्यसकारण त्यसले लेखेका कुहिगन्दे किताब नपढ्नु भनेर हाम्रा कार्यकर्तालाई चनाखो पार्नु पर्छ । नत्र बर्वाद हुन्छ ।

**-त्यो श्यामे संशोधनवादी हो । त्यसका विचार महको खोल हालेका विषका पुरिया हुन् । त्यसका विचारलाई हाम्रो पार्टीपंक्तिभित्र फिटिक्क छिर्न दिनु हुँदैन । नत्र सत्यनाश हुन्छ ।**

-त्यो गोविन्दे माओवादी हो । त्यसले नाउँ काडेरै हाम्रा नेताको खोइरो खन्छ । त्यसकारण त्यसका चर्का विचारलाई बीचैमा छेक्नु पर्छ, हाम्रो पार्टीसम्म आउन दिनु हुँदैन । नत्र हाम्रा कार्यकर्ता भाँडिन्छन् ।

नेपाली कम्युनिष्ट आन्दोलनमा यसरी जानाजान वा अन्जान, सोझो वा घुमाउरो रूपमा आफूलाई मन नपर्ने विचारमाथि कर्फ्यू लगाउने चलन छ । आफूलाई मन नपर्ने सबै खालका विचारलाई कार्यकर्तासम्म पुग्न नदिई नाकानाकामा छेकथुन गरेपछि कार्यकर्ता र आफ्नो पार्टीको झण्डामुनि एकजूट भएका जनताले बौद्धिक विकासको निमित्त के पढ्ने होला ? फाँटवालाका मुखबाट हत्तपत्त उत्तर आउन सक्छ- पढे आफ्नै पार्टीका विचार मात्र पढ्ने । खराब विचार सुन्नु र पढ्नुभन्दा बरू केही नसुन्नु र नपढ्नु नै बेस । भिन्न मत नसुन्ने, नपढ्ने, भिन्न विचार र धारणासंग अन्तर्क्रिया र बहस नगर्ने, तिनबारे चिन्तन र मन्थन नगर्ने हो भने कार्यकर्ता र जनता कस्ता होलान् त ? उत्तर प्रष्ट छ- ती नेताभक्त हनुमान हुनेछन् । तिनले तर्क गर्न जान्दैनन् । छलफल र विवाद गर्न जान्दैनन् । नेताका कुरा चित्त नबुझ्दा भिन्न मत राख्ने आँट गर्दैनन् । तिनले सम्वादको कला कहिल्यै सिक्दैनन् । फलस्वरूप, ती मन्दबुद्धिका गोबरगणेश हुन्छन् । अनि पार्टीमा जनवादका नाउँमा मालिक-नोकरवादले मुन्टो उठाउँछ । विज्ञानका नाउँमा अन्धविश्वासको खाँडो जाग्छ । नेता सर्वज्ञ मालिक बन्छ, कार्यकर्ता र जनता भक्तिसाथ नेताका कुरा सुनेर चुपचाप मुन्टो हल्लाउने र थप्पडी बजाउने मैनका पुतली जस्ता बन्छन् । नेता हैकमवादी नोकरशाह बन्छ, कार्यकर्ता नेताको मर्जी बमोजिम लुरूलुरू हिँड्ने अचेत मूर्ति बन्छ । अनि सामाजिक चेतनाको अगुवा भनाउँदो पार्टी चेतना बिनाको, ज्यान बिनाको, गति बिनाको बगरको मूढो जस्तो बन्छ । के शंका, तर्क, वादविवाद र द्वन्द्व नगरी विचारको विकास हुन्छ ? के बोली नफुटेको कार्यकर्ताले शोषक सत्ताले मुखमा भोटे ताल्चा ठोकेका जनतालाई ताल्चा तोड्न सघाउन सक्छ ? के आलोचनात्मक चेत, उन्नत संस्कार नभएको र परिस्थितिका केस्रोकेस्रा केलाउन सक्ने क्षमता र निर्णय गर्ने आँट नभएको कार्यकर्ता गलत परम्परा, गलत विचार, गलत भावना र गलत संस्कारसंग जुध्न सक्छ ?

> **वास्तविकता यही हो भने अन्धविश्वास र विज्ञानमा के भेद रह्यो ? मार्क्सवाद र सामन्तवादमा के फरक पर्‍यो ?**

यसरी कार्यकर्ता र जनताको मनमस्तिष्कलाई शुद्ध र चोखो राख्न विचारका सबै नाकामाथि कर्फ्यू लगाएपछि कार्यकर्तामा के कस्तो संस्कार हुर्किएला ?' बलियाका मुखेन्जी निहुरिने र निर्धालाई निहुराउने संस्कार हुर्किन्छ । माथिकाको जी-हजूरी गर्ने र तलकालाई जी-हजूरी गर्न लगाउने संस्कार हुर्किन्छ । अनि चाकरी गर्ने र गराउनेहरूका सानातिना गुट-गिरोह जन्मिन थाल्छन् । अनि खुट्टा तानातान, जालझेल र षड्यन्त्रको वातावरणको सिर्जना हुन थाल्छ । राणा शासन, पंचायती शासन र अचेलको संसदीय शासनले हुर्काएको र जनतामाथि लादेको संस्कार यस्तै होइन र ? हो भने कम्युनिष्ट पार्टीहरूले वैज्ञानिक विचार र सभ्य संस्कारको विकास गर्ने भनेको के हो ? वास्तविकता यही हो भने अन्धविश्वास र विज्ञानमा के भेद रह्यो ? मार्क्सवाद र सामन्तवादमा के फरक पर्‍यो ? बसीखानेहरू र गरीखानेहरूका पार्टीका आन्तरिक मानवीय सम्बन्धहरूमा के भिन्नता देखियो ?

लाटासिधा जनताका अगाडि हामी अन्धविश्वास र रूढीबुढी नमान्ने विज्ञानवादी हौं भन्दै छाती ठोक्ने कार्यकर्ता हनुमानको मूर्ति अगाडि पुगेपछि लचक्क लच्किँदै हनुमानलाई लाल सलाम ठोक्छ । घरमा कोही बिरामी हुँदा बाटामा भेटिने कामरेडहरूलाई भकाभक क्रान्तिकारी लाल सलाम ठोक्दै ऊ कालो भाले पूजा गर्न दक्षिणकाली जान्छ । जीवनका प्रत्येक प्रश्नको उत्तर माग्न नेता कामरेडको मुख ताक्छ । माथिबाट लाइन आएपछि लाइन नाउँको मन्त्र जप्दै कुद्न थाल्छ । पलपलमा परिवर्तन भइरहने जीवन-यथार्थसंग माथिको लाइनले मेल खाएन भने फेरि कुद्दै लाइन लिन माथि जान्छ । आफ्नो अक्किल लगाएर कार्यकर्ता सोचविचार गर्दैन, खालि माथि र तल कुदिरहन्छ । माथिकाले सिकाएकै त्यस्तै छ भने त्यो बबुरो गरोस् के ?

के हाम्रो वाम आन्दोलनको तीतो वास्तविकता यस्तै हो ? हो भने के यो राम्रो थिति हो ?

ब्रिटेनबाट घर आउँदा मेरा मित्र विमल फुँयालले लियोन ट्राट्स्कीले लेखेको पुस्तक 'कला र क्रान्ति' मलाई कोसेली ल्याइदिनु भएछ । लियोन ट्राट्स्कीबारे मैले यसअघि केही कुरा सुनेको थिएँ, केही कुरा पढेको थिएँ । सुन्दा पनि नपढ्दा पनि उनको नाम अघिल्तिर गद्दार गाँसिएर आउँथ्यो । अर्थात् गद्दार ट्राट्स्की । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको प्रशिक्षण परम्पराले ट्राट्स्कीको चिनारी कसरी दिएको थियो भने उनी गद्दार मात्र हुन्, तालुदेखि पाउसम्म पूरापूर गद्दार । तर उनको पुस्तक 'कला र क्रान्ति' पढेपछि मलाई लाग्यो, उनी गद्दार मात्र रहेनछन् । तीखो बुद्धिका विचारक, चतुर प्रशिक्षक, मानव जातिको मुक्तिका स्पष्टवादी र अथक योद्धा पनि रहेछन् । कला र क्रान्ति सम्बन्धी उनका विचार हातको इसाराले सजिलै हुत्याउन नमिल्ने खालका रहेछन् । लेनिन र लुनाचार्स्कीले उनको विलक्षण प्रतिभा, चिन्तन र चतुर्‍याइँको उद्यमसंग तारिफ गरेका रहेछन् । कम्तीमा पनि यसरी तारिफ गरेताकका उनका विचार र काम त पक्का पनि गद्दारीका दसी थिएनन् होला । सोभियत संघको कम्युनिष्ट पार्टी र सरकारका अजङ्गका नोकरशाही यन्त्रले जनतालाई बफादार भेडा बनाउने छन् र समाजवादलाई निल्ने छन् भन्ने उनको तर्क रहेछ । नभन्दै सोभियत संघ त ढलेरै छाड्यो । इतिहासको यस दुःखद ओरालीलाई सामुन्नेमा राखेर ट्राट्स्कीका विचारको ऐतिहासिक प्रासङ्गिकताबारे अलिकता विचार गर्नु जाती हुँदो हो कि ! तर उनीमाथि गद्दारीको बात लागिसकेको छ । सोभियत संघ रहोस् कि जाओस्, गद्दार भनिसकेपछि ट्राट्स्की गद्दारै हो । गद्दारका विचारबारे विचार





**भए आफ्नै पार्टीका चोखा चोखा सामग्री पढ, कण्ठ गर । नभए पढ्दै नपढेर वैचारिक शुद्धताको बकाइदा रक्षा गर ।**

गरेर अर्को गद्दारी किन गर्ने ? चलनचल्तीको तर्क यस्तो हुन सक्छ। इतिहासमा सँगालिएका ज्ञान र अनुभवका मुहानहरूमाथि यसरी घरिघरि अघोषित कर्फ्यू लाग्छ ।

यो कर्फ्यू एकाध ट्राट्स्कीमाथि मात्र सीमित छैन । दँगाली चैतन्यले लुनाचार्स्कीलाई ट्राट्स्कीकै लाममा उभ्याएर लेख्नु भएको छ- लुनाचार्स्की पनि संशोधनवादी हो । जङ्गेले बोलेपछि बोल्यो- बोल्यो, अब संशोधनवादी लुनाचार्स्कीको साहित्य सिद्धान्त चोखा क्रान्तिकारीले कसरी पढ्ने ? प्लेखानोभलाई कसैले संशोधनवादी भनिसक्यो, अब उनको सौन्दर्य-विज्ञान शुद्ध क्रान्तिकारीले कसरी पढ्ने ? भारतीय साहित्य चिन्तक र समीक्षक नामवर सिंलाई कसैले संशोधनवादी भनिसक्यो, अब निष्कलङ्क मार्क्सवादीले त्यस्ता खोटा मान्छेका कृति पढेर जात किन फाल्ने ? विज्ञानहरू र कलाहरूका मुहानहरूमाथि यसरी एकपछि अर्को कर्फ्यू लाग्दै जान्छ । कर्फ्यूको यो क्रम फैलिँदै जाँदा पढ्न लायकका लेखक धेरै बाँकी रहँदैनन् । अनि एउटा सुविधाजनक सूत्र तयार हुनछ- बरू पलेंटी कसेर ध्यान गर, खोटा सामग्री पढ्दै नपढ !

नेपालकै पठनपाठनका सन्दर्भमा पनि यस्ता कर्फ्यू काण्डहरू कम छैनन् । पुष्पलाल श्रेष्ठलाई मोहनविक्रम सिंहले भन्नुभयो- गद्दार पुष्पलाल ! अब गद्दारी जस्तो नालायक बात लागेका पुष्पलालका विचारहरू कसरी पढ्ने ? त्यो त बात लगाउने नायकको मानको बर्खिलाफ कुरा हुने भयो । माओवादी नेताहरू मोहनविक्रमकै सिको गर्दै मोहनविक्रम सिंहलाई ताकेर रातोदिन भनिरहेछन्- मोहन विक्रम सिंह एमालेका पाइला पछ्याउँदै गद्दारीतर्फ छिट्छिटो लम्किरहेछन् । जसले गद्दारीको बाटो समातिसक्यो, अब नगद्दारहरूले उहाँका 'चार दशक' लगायतका ग्रन्थहरू कुन आँखाले पढ्ने ? भूपी शेरचनले जीवनको अन्तिम कालतिर तीन क (कविता, कम्युनिष्ट, क्रान्ति) ले आफूलाई बिगारेको कुरा बताए । अनि आफूलाई सपार्न उनले राजाको स्तुति गाउने कविता कथे । यस आधारमा वाम आन्दोलनको प्रशिक्षण परम्पराबाट निर्माण भएको संस्कारले भूपीको 'घुम्ने मेचमाथि अन्धो मान्छे'का श्रेष्ठ र अनुपम कविताहरूको पठनमाथि अघोषित रूपमा कर्फ्यू लगायो । होम काण्डदेखि शुरू भएको मोदनाथ प्रश्रितको ओरालीतिरको अटुट यात्रा गिद्धको गुँडसम्म पुगेको छ । अब कुनै क्रान्तिकारीले प्रश्रितजीले हिजो लेख्नु भएका कामलाग्दा कृतिहरू 'मानव महाकाव्य', 'देवासुर संग्राम' आदि पढ्न मिल्ने कि नमिल्ने ? प्रशिक्षण परम्पराले निर्माण गरेको हाम्रो संस्कारले भन्छ- पढ्न मिल्दैन । किनभने कार्यकर्ता र जनतामा भ्रम फैलिन्छ । कुहिगन्धे पुरस्कार प्रकरणबाट शुरू भएको श्यामप्रसाद शर्माको ओरालीतिरको यात्रा बुढानीलकण्ठमा गद्दी आरोहणको मजेत्रो ओड्ने हदसम्म गिरेको छ । अब

**जङ्गबहादुर, जुद्ध शमशेर र राजा महेन्द्रका प्रतिगामी चित्तमा यस्तै आशंका र डर थियो ।**

श्यामजीले हिजो लेख्नु भएका 'लेखक कसरी बन्ने ?', 'तँ, तिमी, तपाई, हजुर' र 'बहिनीलाई चिठ्ठी' जस्ता लोककल्याणकारी रचनाहरू पढ्न मिल्ने कि नमिल्ने ? प्रशिक्षण परम्पराले निर्माण गरेको हाम्रो संस्कारले भन्छ- पढ्न मिल्दैन । क्रिनभने यस्ता कृतिहरूको पठन र प्रचार कायम रह्यो भने ओराली लागेकाहरूको लोकप्रियता र प्रभाव कायम रहन्छ । यसबाट कार्यकर्ता र जनतामा भ्रम पर्न जान्छ । उसो भए बौद्धिक विकासका निमित्त हामीले कस्तो सामाग्रीको प्रयोग गर्ने त ? उत्तर फाँटवालाका जिब्राका टुप्पामा हाजिर हुन सक्छ- भए आफ्नै पार्टीका सामग्री पढ्ने, नभए बरू पढ्दै नपढेर वैचारिक शुद्धताको रक्षा गर्ने ।

कर्फ्यूको झण्डामुनि निर्माण भएको अपठनको यो संस्कार सर्वव्यापी छ । **वेदना** नपढ, मध्यपन्थको रोगले गाँज्न सक्छ । **कलम** नपढ, माओवादले छोप्न सक्छ । **प्रलेस** नपढ, बहुदलीय जनवादले बिटुल्याउन सक्छ । Himal र हिमाल नपढ, घरानियाँ संस्कारले आक्रान्त तुल्याउन सक्छ । Studies in Nepali History and Society नपढ, विकासे बुर्जुवाहरूको हावाले बुद्धि बिगार्न सक्छ । **मूल्यांकन**मा बहुदलीय जनवाद गनाउँछ, **मूल्यांकन** नपढ । **मूल्यांकन**मा माओवादको हरक आउँछ, मूल्यांकन नपढ । **नव युवा**ले ब्यूटी कन्टेस्टका तरूनीहरूको फोटो छापेर व्यापार गर्छ, **नव युवा** नपढ ।

उसो भए के पढ्ने त ? भए आफ्नै पार्टीका चोखा चोखा सामग्री पढ, कण्ठ गर । नभए पढ्दै नपढेर वैचारिक शुद्धताको बकाइदा रक्षा गर । पठन सम्बन्धी शुद्धताको यो तोरी लाहुर आग्रह कुनै धर्मभीरू मठाधीशको आग्रहभन्दा कसरी फरक छ ? मार्क्सवाद सबैतिरबाट ज्ञान, अनुभव र विधि-पद्धति लिएर मलिलो र भरिलो हुन सक्ने सर्वग्राही विज्ञान हो भन्ने गरिन्छ । मुखले त्यसो भन्नेले कामले चाहिं किन यसो गरेको होला ? यो शुद्धताको रक्षा गर्ने चाहना हो कि ज्ञान र अनुभवसंगको डर हो ? कार्यकर्ता र जनता ज्ञानसम्पन्न, तर्कशील र हक्की भए भने के ठीक के बेठीक भन्ने विषयमा तिनले प्रश्न गर्न थाल्लान् । नेताका विचार, आचार र व्यवहार गलत लागे भने तिनले नेतालाई अग्लो आसनबाट ओराल्ने उद्योग गर्लान् । के पठन सम्बन्धी यस कठोर कर्फ्यूका पछिल्तिर आशंका र डरको यस्तो मनोविज्ञानले घर गरेको होला ? जङ्गबहादुर, जुद्ध शमशेर र राजा महेन्द्रका प्रतिगामी चित्तमा यस्तै आशंका र डर थियो । त्यसैले तिनले जनतालाई आफ्नो हितभलो हुने सामग्री खुला रूपले पढ्ने र स्वतन्त्र रूपले तर्कवितर्क गर्ने हकबाट वञ्चित गरेथे । के जङ्गबहादुर, जुद्ध शमशेर र राजा महेन्द्रको जस्तो विचार र संस्कार भएको मानिस गरीखाने र मुक्ति खोज्ने जनताको नेता हुन सक्छ ?

'कला र क्रान्ति' भन्ने पुस्तकमा लियोन ट्राट्स्कीले भनेका रहेछन्- श्रमिक जनताका नेता र कार्यकर्ता, कलाकार र शोधकर्मी मौरी जस्तै हुन् । तिनले विगत इतिहासका विज्ञान र कलाका सबै खालका सामाग्रीहरू ग्रहण गर्छन्, तिनलाई पचाउँछन् र तिनलाई रूपान्तर गरी गरीखाने जनताको भरिलो संस्कृति र सभ्यताको जग बसाउँछन् । खोक्रो दिमाग भएका मानिसहरूले न संसार बुझ्न सक्छन्, न संसार फेर्न सक्छन्, न नौलो संस्कृति र सभ्यताको निर्माण गर्न नै सक्छन् ।

पठनको क्षेत्रमा शुद्धतावादी साभन्ती ब्राह्मणहरूले लगाएको अघोषित कर्फ्यूविरूद्ध जुध्न ट्राट्स्कीको यस विचारले हामीलाई अलिकता अन्तर्दृष्टि दिँदो हो कि ? ◆

## प्रेरक प्रसंग

# प्रेमचन्दले सरकारी उपाधि लिन अस्वीकार गरे



एक पटक अंग्रेज गभर्नरले भारतका प्रसिद्ध उपन्यासकार प्रेमचन्दलाई 'राय साहब'को उपाधि दिने घोषणा गरे । त्यो सुनेर प्रेमचन्द अत्यन्तै चिन्तित बने ।

प्रेमचन्द चिन्तित बनेको देखेर उनकी श्रीमतीले भनिन्- 'यो कुरामा तपाई किन यति साह्रो चिन्तित हुनुहुन्छ ? जब सरकार आफैंले उपाधि दिइरहेको छ भने त्यसलाई लिनु नै राम्रो होला कि !?'

प्रेमचन्दले जवाफ दिए- 'अहिलेसम्म त मैले जनताका पक्षमा लेख्दै आएको छु । तर सरकारले दिने 'राय साहब' को उपाधि स्वीकारेपछि त मैले सरकारको पक्षमा लेख्न थाल्नु पर्ने हुन्छ । म जनताबाट 'राय साहब'को उपाधि पाउन चाहन्छु, सरकारबाट हैन ।'

आखिरमा, प्रेमचन्दले सरकारले प्रदान गर्ने घोषणा गरेको उक्त उपाधि लिन अस्वीकार गरे । ◆

खगेन्द्र संग्रौलाको
कथा-संग्रह
मई दिवस
प्रकाशित भयो !

साहित्य

# लोभी गिद्ध र पीडित कागहरू



-विवश वस्ती

दुई कथाहरू

त्यही हेलिकप्टर उही चौरमाथि फेरि टुक्रुक्क बस्यो ।

केही आशालु नजरहरू त्यतैतिर दौडिए । आशाका मुहानहरूमा फेरि पानी रसाउन थाल्यो । गाउँलेहरूले हेरिरहे, एकोहोरो हेरिरहे- त्यो भ्याट्भ्याटेलाई । नउडुन्जेलसम्म आँखा गाडेर हेरिरहे ।

-"हन, यो चोटि त ल्याएकै जस्तो छ । भ्याट्भ्याटे पनि भुकम्प गा'को साल त्यही चौरमा ओह्रालेको जस्तै र जत्रै छ । त्यत्तिकै बडेमानको । त्यो साल पनि त्यत्रै भ्याट्भ्याटेले ओह्रालेको थियो- लुगा, चाउचाउ, चामल, दूध......" रहिबहादुरको आत्माभित्र केही आशाका मुहानहरू पलाए ।

-"ख्वै ! के पाइएला र हामीहरूले । त्यति जाबो राहत त हात्तीको मुखमा जिरा जत्तिकै । यस्सो सितन हुन्छ ।" हरेरामले निराशा जन्मायो ।

नयाँ मान्छे, हर्ताकर्ता टाउकाहरू, भ्याट्भ्याटे......... यी सबै पीडित जनताहरूको निम्ति आशाको केन्द्रबिन्दु बनेका छन् ।

यसपालिको बाढीले सबैको खेत बगायो । पहिरोले सबैको घर भत्कायो । खेतबारी, घर, गाईवस्तु, भाँडाकुडा सबै सिध्यायो । केही बाँकी रहेन । सबै बगे, सबै पुरिए । कैयौं मान्छेहरू, खोलाको उर्लदो भेलहरूसंगसंगै हेलिए र अन्त्य भए । कति मान्छे पहिरोले गर्ल्यामगुर्लुम थिचिएर ठहरै मरे । उफ ! कुनै अत्तोपत्तो भएन; मर्नेहरूको । र कुनै ठर-ठेगान भएन ।

-"हजुर ! विक्रमकाजीको बारी भत्किएर मेरो घर थिच्यो । कतै बस्ने बास छैन, खाने गाँस छैन ।"

-"हजूर ! मेरी स्वास्नी पहिरोमा परी ठहरै मरिन् । सुन्तली ! त्यो सात वर्षे छोरोलाई अब कसरी पाल्नु मैले ?"

-"यी लालावालाहरू...... ।"

-"मरिन खोलाले मेरो श्रीमान्लाई बगायो हजुर ! म विधुवाको ख्वै ! को छ र सहारा !'

-"हजूर ! यी भान्टाभुन्टीहरूलाई...... अब के ख्वाएर पाल्नु ?"

त्यो शान्त भूगोल, सुनसान परिवेशमा एक्कासि रूग्ण र करूण स्वरले गुन्जायमान भयो । वेदनाका सागरहरूमा छाल क्रमशः उचालिँदै, उचालिँदै गयो । चित्कारले टनाटन भरिएका आवाज सर्वत्र गुन्जिन शुरू भयो । पीडा, रूग्णता, वेदना, चित्कार र व्यथाले त्यो नीलो आकाश पनि एकाएक गुन्जिन थाल्यो ।

पावरदार कालो चश्मा ढल्काउँदै, हातमा फुस्फुसे चुरोट लिँदै घरी ओठमा पुऱ्याएर तान्दै तर घरी फुस्फुस धुँवा उडाउँदै अति गम्भीर र सम्वेदनशील मुद्रामा उभिएका सभापति महोदयको बोली ज्यादै नै चिप्लोचाप्लो तरीकाले गुनासोयुक्त स्वरसहित त्यस रूग्ण वातावरणमा छरियो-

"धैर्य गर्नुस् । के गर्नु, दैवको नजर...... तपाईहरूको यो पीडा, यो वेदनाले मेरो पनि मन रोएको छ । म ज्यादै दुःखित छु; चिन्तित पनि छु । तपाईको घर बग्दा मेरै घर बग्या जस्तो लागिरहेछ । पीर नगर्नुस् । माथि हाम्रो सरकार छ । तपाईहरूलाई अवश्य पनि हेर्नेछ ।"

केही आशालु चेहराहरू प्रफुल्ल भए ।

सदरमुकाम ओइरिनेको क्रम अझसम्म पनि टुट्न सकेको छैन । केही पाउने आशाका रंगिन तस्वीरहरू मुस्कानभरि कोर्दै कोही खोंचबाट, कोही महाभारतको आसेपासे गाउँबाट त कोही चुरेका श्रृंखलाबाट ताँती छुटिरहेछन्- राहत लिन आउने जमातहरूको ।

भ्याट्भ्याटे फेरि त्यही चोरमा ओर्लियो ।

-"यो पटक चाहिं पक्कै पनि हाम्रै निम्ति खसालेका हुन्, ल्याएका हुन्- यी सामानहरू । ऊ लुगाफाटो पनि रै'छ । चाउचाउ, चामल......... आ भने जति सबै चिज ल्याएको रै'छ ।" अनुहारभरि खुशीको पोतेरो पोत्दै एक निरीह एवं पीडित स्वर पोखियो- त्यस प्राङ्गणमा ।

-"हजूर ! केही पाउँछु कि भनेर आएको थिएँ । सात दिन भइसक्यो, खै ! केही पनि पाउन सकिनँ । घरा जहान, छोराछोरीहरू भोकै छन् । खाना नपाएर मर्ने पो हुन् कि ?" मुटु नै चुँडाउने स्वर एक जनाको मुखबाट ओर्लियो ।

-"घर कहाँ पर्‍यो ?" एक जना हर्ताकर्ता चश्मेले सोध्यो ।

-"मरिन खोला हो हजुर ! मरिन खोलाको जखनी ......... ।"

-"कति खेत बगायो ?"

-"आधा मुरी माटो, हजूर ।"

-"घरमा को-को छन् ?"

-"एउटी जहान, दुईवटा छोरा र एउटी छोरी छे ।"

-"राहत पा'छैन ?"

-"छैन हजूर, छैन । आज सात दिन भइसक्यो यहाँ आएको । तर, केही पाएको छैन । घर पनि पुऱ्यो, खेत पनि लग्यो । हामीले केही पाउँदैनौं हजुर ?"

-"धत ! त्यस्तो कुरा पनि सोच्ने हो । माथि हाम्रो सरकार छ, केही नपाउने त प्रश्नै उठ्दैन ।" हर्ताकर्ता चश्मे आफ्नो गतिलो अभिव्यक्ति त्यो निरीह अनुहार अगाडि फ्याँकेर अन्तैतिर लम्कियो ।

अर्को दिन; फेरि भ्याट्भ्याटे ओर्लियो ।

-"यो चोटी चाहिं ल्या कै जस्तै छ, थुप्रै चिजबीजहरू ।" भीडहरूकै बीचमा एक पीडित अनुहारले अर्को पीडित अनुहारतिर हेर्दै खिन्नता संगसंगै पल्हाएको खुशीका बचनहरू फ्याँक्यो ।

-"के गर्नु ! हात्ती आयो, हात्ती आयो फुस्सा !" तीतो असन्तुष्टि अर्को पीडित अनुहारले पोख्यो ।

क्यान्भासमा अनेक चित्रहरू पोतिन्छन् ।

आशाको झोली बोकेर राहत थाप्न सदरमुकाम भित्रिएको समय पनि एक दर्जन दिन भइसकेको छ । कोही खिन्न मन लिएर फर्किसकेका छन् भने कोही केही पाउने आशामा कुनै अघोरी मुर्दा पाउने आशाले मसानघाट कुरे जस्तै कुरिरहेका छन् ।

उता, घरतिर शब्दचित्र अर्कै छ ।

-"आमा ! भोक लाग्यो ।"

-"बुवा लिन गएको छ, बाबु !"

-"बुवा कहिले आउने हो; भोक चाहिं अहिल्यै लागिसक्यो ।"

-"खप्न बाबै ! खप् !"

-"कति दिनसम्म खप्ने ?"

असंख्यौं वेदनाका चुरे श्रृंखलाहरू ठडिंदैछन्- उदास भूगोलमा । जताततै, चौतर्फी, सर्वत्र चित्कारले टनाटन भरिएका घैलाहरू मात्रै भेटिन्छन् । जोसित पनि व्याप्त छन्, निहित छन्- दुखेसोका काँडाघारीहरू । अहँ ! खोजी गर्ने हो भने कतै पनि भेट्टाइदैन- सन्तोष, सन्तुष्टि र सुखका फूलबारीहरू !

-"ऊ त्यही सेतो घर हो, हाम्रे

हन, यो चोटि त ल्याएकै जस्तो छ । भ्याट्भ्याटे पनि भुकम्प गा'को साल त्यही चौरमा ओह्रालेको जस्तै र जत्रै छ ।



जिताएर पठा'को मान्छे बस्ने ठाउँ" असंख्यौं पीडितमध्येका, एक पीडितले औंल्याउँदै देखायो- त्यो घर ।

-"बरू, त्यहीं जाउँ !" एउटाले प्रस्ताव अघि सार्‍यो ।

एक हूल जमातहरू त्यही सेतो घरतिर दगुरे ।

हेर्दा-हेर्दै त्यो सेतो घरको लाम्चो र फराकिलो चौर अगाडि पीडित अनुहारका पैतालाहरू भरिन पुग्यो । सभापतिज्यू एकाएक झस्कन पुगे । ओहो ! त्यत्रो भीड... । सुटुक्क नजिकैको दुबे चौरमा घोडा चराइरहेको पियनलाई कानेखुशी गरे- "यहाँ होइन, खुल्ला मंच अगाडि देखाई दे- त्यो भीडलाई...... ।"

भीड सोहोरिएर खुल्ला मञ्चतिर दौडियो ।

-"बेकारमा दुःख मात्रै दिन्छन्- यी अनिकाले मोराहरू...... ।" सभापतिज्यूले फेरि टोपी भएको चुरोट फुस्फुसाउँदै आफ्नै हैरान बिसायो । र एक्कासि झस्कँदै फोनका नम्बरहरू थिच्न पुग्यो ।

-"हेल्लो !"

-"तपाई को बोल्नु भएको ?"

-"म सभापति...... ।"

-"के समस्या पर्‍यो ?"

-"यहाँ बाहिर जनताहरूले घेरिराख्या छन् । उम्किनै दिएको छैन । नारा, जुलुस, विरोध सबै लगाइरहेछन् । राहतै पुगेन भनेर उफ्रिरा'छन् ।" सभापति महोदयले सरासर झूठ बोले ।

-"अँ ! बुझ्नु भो ! पर्सि त्यहाँ मन्त्रीज्यू आंउने भएका छन् । भोज-भतेरको चाँजोपाँजो, बन्दोबस्त......... ।"

-"हुन्छ, आज म मेरै अध्यक्षतामा एउटा 'भोज-कमिटी' गठन गर्नेछु ।" फोन राखेर सभापतिज्यूले खुशीको सास फेरे ।

हेलिकप्टर फेरि ओर्लियो- त्यही चौरमा । तर, यो पटक भने चामल, दूध, चाउचाउ... अहँ ! केही पनि झारेन । बरू, लगभग आधा-दर्जन जति मयलपोसले ठाट्टिएका हट्टाकट्टा एवं सुक्सुकाउँदा अनुहारहरू हेलिकप्टरले झार्‍यो । मन्त्रीज्यूको आगमन रहेछ ।

फूलगुच्छा र अविरहरूले पीडित स्थल रंगियो ।

बेलुकी मन्त्रीज्यूको आगमनमा भोज चल्यो । मूल्यांकन गर्नु पर्दाखेरि भन्नुपर्छ- एक वृहद् भोज-भतेर । सबै प्रफुल्ल, हर्षित भए ।

त्यही दिन बेलुकी, हर्कबहादुर, कृष्णे, काइँला मगर, खोल्चापारे जेठो, ठूले, हर्के माझी, लाले कामी र थुप्रै पीडित अनुहारका जहान, छोराछोरीहरू भोक-भोकै सुते ।

### उपसंहार

हर्ताकर्ता लोभी, लालची एवं कञ्जुसी गिद्धहरूले खुशीसाथ रमाई-रमाई अघाउन्जेलसम्म सिनोहरू लुछे, मनपरि लुछे । बिचरा ! पीडित कागहरू भने नजिकैको वर-पिपलको बोटमा उभिएर हेरेको हेर्‍यै भए । ❑

# नखनिएको खाडल

इमान्दारिताको पाठ उसलाई सिकाउनु पर्दैन । सिकाइरहनु पर्ने आवश्यकता नै जन्मिदैन । किनभने, उसलाई आफ्नो इमान्दारीप्रति गर्व छ । ढिलासुस्तीको बोट भयाङ्गिन्छन्- प्रत्येकजसो कार्यालयहरूमा । ढिलासुस्तीसित ऊ रत्तिभर परिचित छैन । पदीय दायित्व र कर्तव्य उसले पूरा गरेकै हुन्छ । यसमा रत्तीभर शंका छैन । घूस अरू हाकिमहरू पनि खान्छन्; घूस अरू कर्मचारीहरू पनि खान्छन् । तर, आजसम्म घूस भन्ने वस्तु कस्तो हुन्छ; रत्तिभर थाहा छैन उसलाई ।

-'सर ! जाऔं होटलतिर चिया खान ।'

-'सर ! आज हाम्रो घर जाऔं है ।'

प्रत्येक आग्रहहरू आफन्तपनले भरिएको हुन्छन् । प्रत्येक शब्दहरूमा स्वच्छ आत्मियता गाँसिएका हुन्छन् । दूषित र फोहरीपनको गन्ध एकछिटा पनि टाँसिएको हुँदैन । उनीहरूको आग्रह र बिन्तिलाई ऊ नकार्न सक्दैन । बिल्कुल नयाँ ठाउँ । यो नयाँ ठाउँमा नयाँ आफन्त बनाउन पाउनु त राम्रै हो । यसमा अपराधिक मनसाय देख्दैन- ऊ ।

-'सुन्नुस त दाइ ! तपाईंको गाउँतिर गाईको राम्रो घिउ पाइन्छ हैन ?'

-'हो, हजूर किन नपाउनु ?'

-'मलाई १/२ माना पठाइदिनुस् न, कति लाग्छ म पैसा दिन्छु ।'

-'आ, हजूर...... । पैसाको कारोबार किन ? हामीसंग भएको चिज पनि तपाईले पैसा हालेर किन्नुपर्छ र ?'


-'साथी; एउटा पाल्न लायक खसी खोजिदिनोस् न !' ऊ पैसा दिन्छ । उनीहरू लिन मान्दैनन् । सामानहरू उसको डेरामा नै आइपुग्छ । उसले फेरि कत्ति कर गर्दा पनि त्यसको रूपैयाँ लिन मान्दैनन्- उनीहरू कति विश्वासिला छन्- गाउँका मान्छेहरू । ऊ भित्रदेखि प्रसन्न हुन्छ ।

केही समयपछि उसको अफिसमा बाढी-पीडित किसानहरूको खेतको निम्ति तटबन्धका जालीहरू आउँछ । जालीको आवश्यकता देखाउँदै धेरै किसानहरूबाट निवेदन पर्छ ।

-'सर ! ४ वटा जाली मलाई सिफारिस गरिदिनुस् है ।'

-'साथी ! मेरो निम्ति ६ वटा पक्का है ।'

कसरी नकार्ने उसले । यी कार्यहरू कानूनसम्मत छैनन् । उनीहरूलाई जाली दिनुको अर्थ, उसले आफूले पाएको अधिकार दुरूपयोग गर्नु हो । उनीहरूले उसको आग्रह कहिल्यै पनि नकारेका छैनन् । बाध्यतावश ऊ सिफारिस गरिदिन्छ । उनीहरूको घर-घरमा भने जति जाली भित्रिन्छ । यसको प्रतिफल



'यो हाकिम घुस्याहा हो ।' यसले मबाट एउटा खसी सित्तैमा खाएको छ ।'

खोलाले जमीन बगाएका थुप्रै कृषकहरूले तटबन्ध गर्न पाउँदैनन् ।

❑❑❑

आज अफिसमा अरू कर्मचारीहरू खासखुस र मुखामुख गरिरहे जस्तो लाग्छ उसलाई । 'केही कुरा होला ।' ऊ त्यति चासो लिदैन । आफ्नो कोठामा पस्छ । हिजोको बाँकी हिसाब गर्न थाल्छ ।

"मुर्दावाद /जिन्दावाद !

टाढाबाट जुलुसको आवाज आउँछ । ऊ झ्यालबाट बाहिर चियाएर हेर्छ । 'कुन पार्टीको जुलूस रहेछ आज ?' प्रश्न उब्जन्छ- ऊभित्र । तर कसलाई सोध्ने ? पार्टीको कुरा कर्मचारीहरूसंग सोध्न पनि अप्ठ्यारै भयो । जुलूस नजिकिदै जान्छ । हेर्दा-हेर्दै जुलूस उसको कार्यालय अगाडि सोहोरिन्छ ।

"मुर्दाबाद/राजिनामा दे !"

यस्तै प्रकारका थुप्रै नाराबाजीहरू गरिन्छन् । एकजना युवक अग्लो ठाउँमा चढेर भाषण गर्न शुरू गर्छ । सम्पूर्ण कुराहरू उसको विरूद्धमा हुन्छ । एक पछि अर्को गर्दै उसलाई नङ्ग्याउने कार्य हुँदैछ । ऊ चुपचाप ती सम्पूर्ण कुराहरू सुनिरहन्छ । यसैबीच एक जनाको आवाज उसको कानमा पर्छ । स्वर चिने-चिने जस्तो लाग्छ । त्यो मानिस भनिरहेको हुन्छ- 'यो हाकिम घुस्याहा हो ।' यसले मबाट एउटा खसी सित्तैमा खाएको छ ।'

ऊ उठेर हेर्छ । त्यो आवाज उसको आत्मीय भनाउँदो साथीको हुन्छ ।

ऊसंग त्यसभन्दा बढी केही पनि सुन्न सक्ने क्षमता हुँदैन । उसको दिमाग चकराउँछ, आँखा धमिलो हुँदै जान्छ । बाहिर हल्ला बढ्दैछ । अर्धबेहोसी अवस्थामा पनि ऊ अरू सुन्न खोज्छ । बाहिर आक्रोश बढ्दैछ । ऊ टेबुलमा नै घोप्टिरहन्छ । उठ्न सक्दैन; मात्र घोप्टिरहन्छ ।

YOUR GATEWAY TO GLOBAL OPPORTUNITIES
BE A PART OF NEPAL HOME PAGE

... And reach the World over 50,000 hits from more than 25 countries per week

For more Information;

Yomari

Yomari Inc .
P.O. Box 4173
Kathmandu,
Ph. No. 480540

102 B Bennett Counter,
Newport, DE 19804
USA
Ph.No. : (302) 6360386

http : //www. info - nepal. com
email : Yomari @ info-nepal. com

## ग्रन्थ समीक्षा

# एक आँटिलो र सह्राहनीय प्रयास

**तलसम्म चियाउने धैर्य तपाईमा छ भने त्यहाँ सबैभन्दा उपेक्षित स्थानमा एउटा विकासे ग्रन्थ फेला पर्नेछ ।**


मुनाफा कमाउने मनशायद्वारा नियन्त्रित र निर्देशित आजको बजारमा पाठ्यसामग्रीका पसलहरूमा विश्वग्रामको मुनाफामुखी दर्शनको वास्तविक रूचि प्रत्यक्ष रूपमा देख्न सकिन्छ । पसलमा बेचिने वस्तुको हैसियत र स्थान त्यसको बिकाउ मूल्यका आधारमा निर्धारित हुन्छ । पसलको ढोकादेखि बाहिरपट्टिको पहिलो डोरीमा नारीहरूका अर्धनग्न तस्वीर भएका सामग्रीहरू झुण्ड्याइन्छन् । पसलको यो तह आमन्त्रणकारी आकर्षण तह हो । यस अर्धनग्न रक्षा कवचमुनि अर्को भित्री डोरीमा विविध प्रकारका सम्भोग मुद्राका प्रायः पूर्णनग्न तस्वीरहरू झुण्ड्याइएका हुन्छन् । त्यसभित्रको अर्को डोरीमा सूचना र विचारमूलक खालका एकाधवटा स्वस्थ प्रकृतिका र बाँकी सबै पीत प्रकृतिका पत्रिकाहरू हुन्छन् । त्यस तहमुनि साहित्यिक पत्रिका तथा पुस्तकहरू हुन्छन् । त्यस तहभन्दा तलसम्म चियाउने धैर्य तपाईमा छ भने त्यहाँ सबैभन्दा उपेक्षित स्थानमा एउटा विकासे ग्रन्थ फेला पर्नेछ । जसको नाम हो- Studies in Nepali History and Society. यसका सम्पादकहरू हुनुहुन्छ- प्रत्यूष वन्त, मेरी डेशेन, लाजिमा वन्त-भट्ट र मार्क लिएच्टी । यहाँ विकासे विद्यासंग एकदमै अपरिचित एक अज्ञानीको हैसियतले यस ग्रन्थको यो दोस्रो अङ्कबारे आफूलाई लागेका एकाध कुराहरूमा टिपोट गर्नेछु ।

सम्पादकीय समेतलाई गन्ती गर्दा यस विकासे प्रकाशनको यस अंकमा जम्मा सात वटा लेख/रचना परेका छन् । पहिलो सम्पादकीय लेख मेरी डेशेनको हो- "In the Name of Bikas". सम्पादकीय नेपाली विकासे संसारमा भएका विकास प्रयासहरूका क्रममा सिद्धान्त र व्यवहारमाझको असमझदारी, द्वन्द्व र अहंको टक्करको चित्रणका साथ शुरू हुन्छ । सुन्दर अलंकारहरूको छातामुनि भए/गरेका समस्त विकास प्रयासहरूको कुल परिणाम तराईका एक जना किसानको व्यग्र चित्कारमा घनीभूत रूपम प्रकट भएको छ- "ए हजूर ! म विकासको शिकार भएँ, कृपा गरेर मलाई मद्दत गर्नोस् ।" विकासे संस्कृति सम्बन्धी अलंकारहरू र विकासे उद्योग सम्बन्धी यथार्थका बीचको विकराल खाडलबारे प्रकाश पारेपछि सम्पादकीयले नेपालका तीन एकीकरणको चर्चा गरेको छ- पृथ्वीनारायण शाहको भौगोलिक एकीकरण, भानुभक्तको भावनात्मक एकीकरण र आयातीत मुनाफामुखी विकासे एकीकरण । तीनवटै एकीकरणको साझा उद्देश्य बहुजातीय नेपाली समाजको भाषिक, सांस्कृतिक र धार्मिक तथा भौतिक विविधतालाई निषेध गरी प्रभुत्वशाली जाति समूहको निहित स्वार्थअनुरूप एउटा देश, एउटै भाषा आदिको निर्माण गर्नु रहेको तथ्यलाई सम्पादकीयले मर्मभेदी ढङ्गले उद्घाटित गरेको छ । साथै, सम्पादकीयले पाठकहरूलाई यस ग्रन्थका लेखहरूभित्र सहज ढङ्गले प्रवेश गर्ने द्वारहरू पनि खोलिदिएको छ ।

दोस्रो लेख हो तासुरो फुजीकुराको Technologies of Improvement, Locations of culture: American Discourse of Democracy and Community Development in Nepal. यस लेखमा २००७ सालको परिवर्तनपछि नेपाललाई रोज नाम गरेका एक जना अमेरिकी विकासे विद्यार्थीका कोरा-कबाडी विचारहरूको जाँच गर्ने विकासे 'प्रयोगशाला' का रूपमा प्रयोग गरिएको र "सामुदायिक विकास" का नाममा विकराल विनाश गरिएको कुराको सविस्तार व्याख्या- विश्लेषण गरिएको छ । फुजीकुराको विचारमा यो आयातीत विकास प्रयास नेपाली इतिहास र समाजको ज्ञानमा होइन, अज्ञानतामा आधारित थियो । नेपाली शासकहरूले नीति-निर्णय लगायत सबै कुरा अमेरिकी विकासेहरूका हातमा सुम्पिदिएका थिए । "सामुदायिक विकास" प्रक्रियामा समुदायको सचेत र निर्णयकारी सहभागिता छँदैथिएन । जब यो "सामुदायिक विकास" कार्यक्रम डरलाग्दो गरी विफल भयो, अमेरिकी विकासेहरूले आफू पानीमाथि ओभानो देखिने हास्यास्पद प्रयास गर्दै 'ग्रामीण संस्थाहरू', 'नेपाली गाउँलेहरूको विचित्रको मनोविज्ञान', 'विकासप्रति जनताको अरूचि' आदि कुरालाई दोष दिए । लेखमा चर्चा गरिएअनुसार, नेपालमा 'सामुदायिक विकास कार्यक्रम' संचालन गर्नुका पछिल्तिर अमेरिकी पूँजीवादको 'साम्यवादप्रतिको चिन्ता' रहेको थियो र त्यो 'राजनैतिक' तथा 'मानवतावादी' अभिप्रायबाट प्रेरित थियो । 'सामुदायिक विकास कार्यक्रम' पूर्ण रूपमा विफल भए तापनि यसमा अन्तर्निहित वास्तविक अभिप्राय पूरा गर्न भने विकासे पूँजीवाद सफल भयो । कारण, यस कार्यक्रमद्वारा नोकरशाही प्रशासनयन्त्र निम्न वर्गको जीवनसम्म विस्तारित भयो र गरीब जनताका नाउँमा ल्याइएको विदेशी सहायताबाट नेपाली समाजको उपल्लो यथास्थितिवादी वर्गले नै फाइदा उठायो । फुजीकुराको अवलोकनअनुसार, विदेशी सहायताप्रतिको शासक वर्गको दृष्टिकोणमा २०४६ को जनआन्दोलनपछि समेत पनि कुनै तात्विक अन्तर आएको छैन । सहज पठनको दृष्टिबाट हेर्दा फुजीकुराको लेखमा केही जटिलताहरू देखापर्छन् । उद्धरणहरूको घना जङ्गल छिचोल्न सामान्य पाठकमा निकै नै आँट र धैर्यको खाँचो पर्छ । तर ५, ६ पृष्ठ पढिसक्दा पनि लेखकले आफ्नो उद्देश्य प्रस्तावित गर्ने क्रम जारी नै राखेको पाउँदा भने लेखकको असीम धैर्य देखेर समाजशास्त्रीय लेखन विधिको कठोर अनुशासनसंग परिचित नभएको पाठक हुनसम्म चकित हुन्छ ।




ग्रन्थको तेस्रो लेख हो- पानी लाहुरे विकास पाण्डेको Local Benefits From Hydro Development । लेखको शीर्षक जति सरल छ, यसका पेट व्यहोरामा निकै गहन र जटिल विषयलाई उतिनै सरल ढङ्गले प्रस्तुत गरिएको छ । यस लेखमा नेपालको न्यायोचित क्षेत्रीय विकासका सन्दर्भमा वृहत् र लघु जलविद्युत आयोजनाका संभावना र लाभ-हानीको विश्लेषण गरिएको छ । विषयलाई मूर्त र सरल तुल्याउन अरूण तेस्रो र आँधीखोला जलविद्युत आयोजनाहरूको तुलनात्मक विवेचना गरिएको छ । पानी लाहुरे पाण्डेका विचारमा आँधीखोलाजस्ता लघु आयोजनाहरू निर्माण गर्नाले विभिन्न दृष्टिबाट लाभ प्राप्त गर्न सकिन्छ । जस्तो कि (१) आयोजना निर्माण हुनुअघि र पछिका लाभकारी कडीहरूको निर्माण र तिनको दिगोपनाका दृष्टिबाट, (२) प्राकृतिक स्रोत-साधन र पर्यावरणको संरक्षणको दृष्टिबाट, (३) स्वदेशी निर्माण कम्पनीहरूको वित्तीय क्षमता र दक्षताको सदुपयोगका दृष्टिबाट, (४) विकासबाट प्राप्त हुने लाभहरूको न्यायोचित क्षेत्रीय वितरणका दृष्टिबाट, (५) जनस्रोतमाथिको स्वनियन्त्रण, स्वतन्त्र नीति-निर्णय र सार्वभौमसत्ताको रक्षाका दृष्टिबाट, आदि । पाण्डेद्वारा प्रस्तुत विचारहरू अरूण तेस्रो र पंचेश्वर आयोजना सम्बन्धमा उठेका पक्ष-विपक्षका विवादहरूका सन्दर्भमा स्मरणीय छन् । उक्त सन्दर्भहरूमा राष्ट्रवादको पक्षमा उरालिएका नाराहरू मूर्त विकल्पसहित ठोस धरातलमा खडा भएका थिएनन् । विकल्पबिनाका विरोधहरू टिकाउ हुँदैनन् । राष्ट्र र जनताको हितको पक्षमा नेपाली जलस्रोतको उपयोग गरिनु पर्छ भन्ने




**यो नेपाली इतिहास र समाजको ठोस धरातलमा उभिएर आलोचनात्मक ढङ्गले विकास पीडित नेपाल, भिखारी मार्काका परनिर्भर नेपाली सरकारहरू तथा स्वार्थमुखी विकास वितरक पश्चिमलाई वैज्ञानिक आधारमा अध्ययन गर्न र बुझ्न खोज्ने एक आँटिलो र सह्राहनीय प्रयास हो ।**

मान्यताका पक्षपातीहरूलाई पाण्डेका विचारहरूले केही न केही अन्तर्दृष्टि प्रदान गर्न सक्दा हुनन् कि !

Naming Ceremonies as Rituals of Development यस ग्रन्थको चौथो लेख हो । लेखक हुनुहुन्छ- कमल आर. अधिकारी । यस लेखमा पंचायती राष्ट्रवादअन्तर्गत विकासको नाममा गैर नेपालीभाषी जनजातिहरूका साँस्कृतिक प्रतीक र मूल्यहरूमाथि अतिक्रमण गरी तिनको इतिहासलाई मेट्न गरिएका अतिवादी प्रयासहरूबारे अध्ययन गरिएको छ । उक्त प्रयास एक जाति, एक भाषाको निर्माण गर्ने प्रभुत्ववादी मनशायबाट प्रेरित थियो । तानसेन क्षेत्रका मगरहरूमाथिको पंचायती शासनको सांस्कृतिक अतिक्रमणको अध्ययनमा आधारित यस लेखले सांस्कृतिक अतिक्रमणका मूर्त दृष्टान्तहरू प्रस्तुत गरेको छ । यस्तो अतिक्रमण स्थान वा नवनिर्मित विकासे वस्तु (पुल,सडक आदि) को नामाकरण गर्ने प्रक्रियाअन्तर्गत प्रकट हुने गरेको थियो । जस्तो कि, तानसिडलाई तानसेनमा, राङडी (मगर भाषामा कालो पानी) लाई राम्दीमा, आरेभन्ज्याङ (मगर भाषामा प्रशस्त लसुन उब्जिने ठाउँ) लाई आर्यभन्ज्याङमा, अरूङखोलालाई अरूण खोलामा परिवर्तन गरिएको छ । एक जातीय संस्कृतिका प्रतीकहरू अरू जातिहरूमाथि थोपर्नु भनेको ती जातिहरूको अलिखित इतिहास र सांस्कृतिक पहिचानमाथि धावा बोल्नु हो, तथाकथित भावनात्मक एकीकरण र विकासका नाममा कमजोर सामाजिक समूहहरूमाथि प्रभुत्वशाली समूहको हैकम थोपर्नु हो । यो लेख कतिपय ठाउँमा शोध अध्ययनभन्दा पनि यात्रा संस्मरण जस्तो खुकुलो छ ।

ग्रन्थको पाँचौं लेख हो- भूषण तुलाधरको Kathmandu's Garbage : Simple Solution Going to Waste । तुलाधरको लेखले ऐतिहासिक दृष्टिबाट काठमाडौंको फोहोरमैला व्यवस्थापनको समस्याको मसिनोसंग विश्लेषण गरेको छ र हिजोका र आजका श्री ५ का सरकारहरू तथा विदेशी दातृसंस्थाहरूको स्वार्थलिप्सामुखी अन्तर्कथाको उद्घाटन गरेको छ । लेखकका अनुसार, एकातिर काठमाडौंको फोहोरमैला व्यवस्थापनको समस्या प्राविधिक नभई संस्थागत, संगठनात्मक र आर्थिक-वित्तीय हो भन्ने कुरा जानिफकारहरूका अनुसन्धानबाट सिद्ध भएको छ भने अर्कातिर, सरकार र दातृसंस्थाहरू प्राविधिक सहयोगकै कुरा गरिरहेका छन् । यस चर्चाभित्र यी दुई पक्षको निहित स्वार्थ बोलिरहेछ । तुलाधरको अध्ययनले के भन्छ भने- जर्मनीको वित्तीय र प्राविधिक सहयोग-अन्तर्गत संचालित काठमाडौंको फोहोर मैला व्यवस्थापन आयोजनाका कम-जोरीहरू जनआन्दोलन कालमा आइपुगेर उदाङ्गो भए । जस्तो कि, आयोजना कार्यमा नगरपालिकालाई सम्मिलित गराई समन्वय कायम नगर्नु र हरेक कुरामा दातृसंस्थाको मुख ताक्नु आदि । लेखकका अनुसार, सरकारको अकर्मण्यता र परनिर्भरताबाट यति लज्जाजनक बिफलता व्यहोरी सकेर पनि फेरि ठूलो आयोजनाका निमित्त दातृसंस्थाहरू सामु हात पसार्नु भनेको केही राजनीतिकर्मी र नोकरशाहहरूकै खल्ती भर्ने काम गर्नु मात्र हो । तसर्थ, स्थानीय ज्ञान र प्रविधिमाथि निर्भर रही नगरपालिकाको अग्रसरता र जनसहभागिताबाट मात्र किफायती, स्वास्थकर र दिगो ढङ्गले यस समस्याको समाधान खोज्न संभव छ ।

ग्रन्थको पाँचौं लेख क्याथरिन एन. रनकिनको Planning for Equity : Ethical Principles from Newar Representations of Finance यस संकलनको एक अनौठो पिन्जरा हो । मानवशास्त्रीय पिन्जराको कैदी बन्न अभ्यस्त नभएको पाठकको निम्ति यो लेख शब्दहरूको त्यस्तो रानीवन हो, जहाँबाट कतै पुगिँदैन । पाठकलाई शब्दको जन्जालमाफ अन्तर्विरोधी र अमूर्त कुराहरूको डङ्गुर भएको आभास मात्र हुन्छ । जो यस रानीवनमा पसेर शिकार सहित बाहिर निस्कन सक्षम हुन्छ, मेरा विचारमा, त्यो बडो भाग्यमानी विद्वान हो ।

छैठौं लेख शिजु उपाध्यायको सामग्री समीक्षा The Status of Women in Nepal- 15 Years on मा नेपाली महिलाहरूको हैसियत सम्बन्धमा गत दुई वर्षमा प्रकाशित पाँच वटा अध्ययनहरूको व्यापक र गंभीर समीक्षा गरिएको छ । उपाध्यायको समीक्षाको निचोडअनुसार- अध्ययन स्थलहरू, लक्षित समूहहरू, प्रश्नावलीको अन्तर्बस्तु, खुला अनुसन्धान विधिहरू र अनुसन्धानको समयावधि आदिका सीमाहरूका कारण नेपाली महिलाहरूको हैसियतलाई केन्द्रमा राखेर तिनको वास्तविक अवस्थाको उद्घाटन गर्न यी अध्ययनहरू सफल भएका छैनन् । उपाध्यायको विचारमा यी सबै अध्ययनहरू आयोजनामुखी, दातृसंस्थाका स्वार्थद्वारा नियन्त्रित र सीमाबद्ध तथा धेरथोर हचुवा खालका हुनाले गर्दा पनि उत्तिको सार्थक नभएका हुन् । उपाध्यायले शालीन शब्दमा प्रकट गर्नु भएको आशयलाई खरा शब्दमा प्रकट गर्ने हो भने- विकासको बाटोमा महिला नामका यी आयोजनाहरूमा विगत १५ वर्षमा लगानी गरिएको समय, प्रयास र पैसा बालुवामा खन्याएको पानी जस्तै भएको छ ।

यस ग्रन्थको अन्तिम रचना मन्जुश्री थापाको टिपोटे कथा Ta' Angzoum Among The Cows हो । यो वर्तमान विश्वग्रामको विकासे पृष्ठभूमिमा लेखिएको ब्यंग्य कथा हो । कथामा समाजका दुई उल्टा ध्रुवका दुई प्रमुख पात्र छन्- अभाव, उत्पीडन र शोषणको शिकार भएकी ता'आङजोउनम र विकासको लगाम हातमा लिएको क्षेत्रीय ठालु जिल्ला विकास समितिको अध्यक्ष । यो क्षेत्रीय ठालु हामी गरीब, विकासशील राष्ट्रका गरीब जनता भन्ने मन्त्र जप्छ र ता'आङजोउमको एक मात्र आशाको केन्द्र भएको उसको बाछोमाथि आफ्नो स्वामित्वको दावी गर्छ । कथामा सत्ताधारी विकासे र पददलित जनताबीचको दूरी र विभेदको विलक्षण वर्णन छ । कथावस्तुलाई टुक्रे वर्णनहरूमा छरपस्ट नपारी एउटै सिङ्गो र समग्र संरचनामा उनेर पात्रहरूको प्रत्यक्ष अन्तरसम्बन्धको चित्रण गर्न खोजिएको भए संप्रेषण क्षमता र प्रभावका दृष्टिले कथा बढी सशक्त हुन्थ्यो होला ।

संक्षेपमा, Studies in Nepali History and Society को यो अंक नेपाली इतिहास र समाजको ठोस धरातलमा उभिएर आलोचनात्मक ढङ्गले विकास पीडित नेपाल, भिखारी मार्काका परनिर्भर नेपाली सरकारहरू तथा स्वार्थमुखी विकास वितरक पश्चिमलाई वैज्ञानिक आधारमा अध्ययन गर्न र बुझ्न खोज्ने एक आँटिलो र सह्राहनीय प्रयास हो ।

◆ खगेन्द्र संग्रौला

# लेनिनको गाली



**रूसको** अक्टुबर क्रान्तिपछि रूसी जनताहरूका बीचमा ब्लादीमीर इल्यीच लेनिन निकै लोकप्रिय हुन थाले । र, उनी जनकमिसारका अध्यक्ष भइसकेपछि पनि उनले आफ्नो सुविधा बढाउने कुरामा कुनै ध्यानै दिएनन् । उनको सोचाइ थियो- जनताको सुख सुविधा नै उनको सुख सुविधा हो । त्यतिबेला उनको तलब खालि ५०० रूबल मात्र थियो । १९१८ को मईतिर जनकमिसारको प्रबन्धक व्यवस्थापकले लेनिनको तलब ५०० रूबलबाट बढाएर ८०० रूबल गरिदिए ।

यो कुरा थाहा पाउने बित्तिकै लेनिनले प्रबन्ध व्यवस्थापकलाई उनले आफ्नो अधिकारको दुरूपयोग गरेको आरोप लगाउँदै खूब गाली गरेर चिठ्ठी लेखे । लेनिनले उनलाई भने कि- यसो गर्नु मनोमानीपन हो र कानूनको सरासर उल्लंघन गर्नु हो । यसरी उनले आफ्नो तलब ५०० रूबल नै कायम गरे । ◆

अन्तर्क्रिया

# के हो महाकालीको विकल्प ?

**इंजीनियर विकास पाण्डे, जलस्रोतविद्हरू दीपक ज्ञवाली र अजय दीक्षितका बीच सम्पन्न अन्तर्क्रिया**

**व्या**पक जनविरोध हुँदाहुँदै महाकाली सन्धिलाई नेपालको संसदले निकै हतारोमा गएको वर्ष असोजमा दुई तिहाई बहुमतले पारित गऱ्यो । तर व्यापक जनदवाबको कारण त्यो सन्धि एक्लै पारित भएको थिएन । त्योसंगै एउटा चारबुँदे संकल्प प्रस्ताव पनि पारित भएको थियो । नेपालका परराष्ट्र मन्त्री प्रकाशचन्द्र लोहनीका अनुसार, नेपालले लगत्तैपछि नै सन्धिलाई महाकाली संकल्प प्रस्तावसहित भारतको अनुमोदनको निम्ति पठाइसकेको छ । तर भारतले यसको प्रत्युत्तर अहिलेसम्म दिएको छैन । यस्तो प्रतीत हुन्छ, भारत सरकारलाई नेपालको संसदले पारित गरेको संकल्प-प्रस्ताव मान्य भइरहेको छैन ।

महाकाली सन्धि पारित भएपछि पनि महाकाली सन्धिले उठाएका विवादहरु अझै सेलाइसकेका छैनन् । महाकाली सन्धि खालि एउटा सम्झौता मात्र होइन, त्यसमा सरकारको नेपालको जलस्रोत उपयोग र विकाससम्बन्धी समग्र अवधारणा अभिव्यक्त भएको देखिन्छ । नेपालका ठूला-ठूला नदीनालाहरुबाट पानी उसिकै भारततिर बहिरहेछन् र त्यसबाट बिजुली निकालेर त्यो निर्यात गरेमा नेपालले प्रशस्त राजश्व आम्दानी गर्न सक्छ र त्यसबाट तीव्र गतिमा देश विकास गर्न सकिन्छ भन्ने अवधारणा यो सन्धिबाट अभिव्यक्त भएको छ । के यो विकासको अवधारणा सही छ ? के विद्युत निर्माणबाट देश उँभो लाग्न सक्छ ? महाकाली त हुन्न भनियो, त्यसको विकल्प के ? अन्यत्रको अनुभवले के भन्छ ? यी र यस्ता प्रश्नहरु हाम्रासामु मुख बाएर खडा भएका छन् ।

यी प्रश्नहरुको हल खोज्ने उद्देश्य राखेर केही समयअघि हामीले नेपालका चिरपरिचित जलस्रोतविद विकास पाण्डे, दीपक ज्ञवाली र अजय दीक्षितबीच विचार अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेका थियौं । हाल अमेरिकामा अध्ययनरत इंजीनियर विकास पाण्डे त्यतिखेर बिदामा नेपाल आउनु भएको बेला थियो । प्रस्तुत छ- त्यही अन्तर्क्रियाको पहिलो खेप सार-संक्षेपमा:




## सन्धिको विरोधभित्रको चूरो कुरा

### दीपक ज्ञवाली:

महाकाली सन्धिअनुसार, पंचेश्वर आयोजनाको डि.पि.आर. ६ महिनाभित्रै बनिसक्नुपर्छ । तर डि.पि. आर. बन्नु त कता हो कता, नेपालले पठाएको संकल्प-प्रस्तावसहितको पत्रको जवाफ पनि भारतले अहिलेसम्म दिएको छैन । यस्तो ढिलढाल गर्नु थियो भने त्यो ढिलाइ त सन्धि पास गर्नको लागि नै गरिनु पर्थ्यो । किन त्यतिखेर हतार हतार संसारै जितुँला झैं गरी सन्धि पास गरेको ? र, अहिले किन संसदको संकल्प-प्रस्तावसहितको महाकाली सन्धिलाई अनुमोदन गर्न भारतबाट ढिलाई ? यसमा नेपाल सरकार चूपचाप किन ?

यसको मतलब संसदले सन्धि संगसंगै पास गरेको संकल्प-प्रस्तावमा जम्माजम्मी पानीको समान बाँडफाँडको सिद्धान्त र Avoided cost principle को आधारमा बिजुलीको मोलबारे सन्धिको जुन व्यख्या गरिएको छ, त्यसमा भारत सहमत छैन । भारतको व्याख्या अर्कै छ । यस्तो देखिन्छ- भारत पूरानै महाकाली सन्धिको पक्षमा मात्र छ, संकल्प-प्रस्तावसहितको महाकाली सन्धिको पक्षमा होइन । तर नेपालको संसदले दुई तिहाइ बहुमतले पास गरेको त सिर्फ महाकाली सन्धि होइन, संकल्प-प्रस्तावसहितको महाकाली सन्धि हो । त्यसैले, यो भारतलाई मान्य हुन्न भने पूरै सन्धि फेरि संसदको अनुमोदनको निम्ति लैजानु जरूरी हुन जान्छ । संकल्प-प्रस्तावलाई अलग्याउने हो भने, महाकाली सन्धिको कुनै कानूनी वैधता नै बाँकी रहँदैन, किनभने, त्यो एक्लै त पास भएको छैन संसदबाट ।

त्यसैले, अहिले नेपालको सरकारले भारतलाई भन्न सक्नुपर्छ- गर्छौ भने संकल्प-प्रस्तावसहितको महाकाली सन्धिलाई स्वीकार गर र अगाडि जाऔं । हैन, त्यो स्वीकार्य हुन्न भने हामीले फेरि सन्धिलाई संसदमा पुनः विचारार्थ पेश गर्नुपर्ने कानूनी बाध्यता पैदा हुनेछ । के देशको निम्ति यति बोल्ने साहस नेपालको सरकारसित छ ?

महाकाली सन्धिका विरूद्धमा जुन प्रबल जनमत देखापऱ्यो, त्यसको चूरो कुरा भनेको विकासको अवधारणा हो । उठेको प्रश्न हो- महाकाली जस्तो भीमकाय विशालतम आयोजनालाई के नेपालको वर्तमान अर्थतन्त्रको क्षमताले धान्न सक्छ ? के यो र यस्ता आयोजनाले हाम्रो देशको विकास हुन्छ कि हामीलाई यसले डुबाउँने जोखिम बेसी हुन्छ ? यति ठूलो लगानी आउँछ नै कहाँबाट ? आयो नै भने पनि त्यो एउटै विशाल आयोजनामा लाउनु फाइदा कि धेरै साना आयोजनामा छर्नु फाइदा ? जोखिम कम केमा हुन्छ ?

पहिले हामीले यिनै आधारभूत प्रश्नको सही सही हल खोज्नुपर्ने । तर हामी कुरै नबुझीकन सारै ठूलो जोखिममा आँखा चिम्लेर हाम्फाल्न लागेका छौं ।

पहिले कुरा बुझ्ने र निर्णय लिने गर्नुपर्ने ! तर यहाँ त पहिले निर्णय लिने अनि बल्ल "ए बाबा !" भनेर टाउको समात्ने उल्टो प्रक्रिया थालिएको छ ।

## के बिजुली निर्यात गर्नु देशको हितमा छ ?

### अजय दीक्षित

महाकाली सन्धिमा अभिव्यक्त हाम्रो विकासको अवधारणा हो- हामीसित पानीको विशाल भण्डार छ, भारतसित पानी र बिजुलीको विशाल बजार छ। त्यसैले हामीले पानी र बिजुली बेचेर आएको राजस्वबाट देशको विकास गर्नुपर्छ । तर हामीले उठाएको मुख्य प्रश्न हो- के हाम्रो विकासको यो अवधारणा नै पनि उचित र ठीक छ ?

बिजुली र पानी निर्यात गर्नु नै हाम्रो फाइदाको कुरो होइन । त्यसलाई मूल्य जोडेर नाफादायक मोलमा बेच्न सक्नु मात्र फाइदाको कुरा हो । तर हामीले जुन बजारमा पानी र बिजुली बेच्ने भनेका छौं, त्यसका आफ्नै समस्या र परिबन्दहरू छन् । ती परिबन्दहरू जबसम्म हामी ठीक पार्दैनौं, जतिसुकै मेगावाट बिजुली निकाले पनि हामी फाइदाजनक मोलमा बिजुली र पानी बेच्नै सक्दैनौं ।

हाम्रो बिजुली र पानीको भण्डारबाट तब मात्रै देशको विकास हुन्छ, जब हामी कोरा बिजुली र पानी नबेचेर हाम्रो बिजुली र पानीको भण्डारलाई नेपालको उद्योग विकासमा लाउँछौं, खेतीपाती विकासमा लाउँछौं, जनताको आय बढाउनका निम्ति यसलाई प्रयोग गर्छौं, रोजगारी बढाउन यसलाई प्रयोग गर्छौं । र, मूल्य जोडिएको तयारी सामान चाहिं हामी बेच्छौं ।

चूरो कुरो हो, हाम्रो विकास आयोजनाबाट हाम्रो जनताको उद्यमशीलता र रोजगारी बढ्नु पर्‍यो, हाम्रो जनताको आम्दानी र जीवनस्तर बढ्नु पर्‍यो । हाम्रो देशको औद्योगिक र कृषि उत्पादन बढ्नु पर्‍यो । अनि बल्ल हाम्रो देशको विकास हुन्छ । तर के महाकाली आयोजनाबाट यो हुँदैछ ? अहँ, यस्तो हुँदैछैन । अनि किन हामीले यसमा हात हाल्ने त ?

फेरि यसमा विश्वकै दोस्रो सबैभन्दा ठूलो बाँध बन्दैछ, जसका अनेकौं जोखिमहरू हुन सक्छन् । आर्थिक, राजनैतिक, भौगर्भिक जोखिमहरू हुन सक्छन् । यी जोखिमहरूको गंभीर अध्ययन नै नगरीकन अँधेरोमा हाल्दा हामी एकै झड्कामा स्वाहा हुन सक्दैनौं र ?

### विकास पाण्डे

महाकालीको विवाद हुँदा म यहाँ थिइनँ । तर यहाँ यसबीच निकै महत्त्वपूर्ण बहस चलेछ । महाकाली आयोजना अहिले तुरून्तै बन्नुपर्छ भन्नुका पछाडि केही आधारभूत दलीलहरू अघि सारिएका छन् । दलील के छ भने- नेपालको लागि पानी भनेको एउटा बहुमूल्य प्राकृतिक स्रोत हो । अहिले त्यो उत्तिकै खेर गइरहेछ । त्यसैले यसलाई हामीले सकेसम्म बेसी निर्यात गर्नुपर्छ, त्यसबाट अधिकतम फाइदा उठाउनुको लागि । त्यस्तो गर्न सकियो भने देशको विकास द्रुत गतिमा हुन्छ ।

यही आधारभूत प्रस्थापनामाथि नै मेरो प्रश्न छ ।

मेरो ठम्याइ के छ भने- जलस्रोत भनेको खनीज पदार्थ र टिम्बरहरू जस्तै हो । कैयन अफ्रिकी र लैटिन अमेरिकी मुलुकहरूमा बहुमूल्य खनिज पदार्थहरू थिए, टिम्बरहरू थिए । तर हामी के देख्छौं भने, ती प्राकृतिक स्रोतहरू, अर्थात्, खनिज पदार्थ र टिम्बर भएका र त्यो निर्यात गरेका मुलुकहरू चाहिं अहिले झन् झन् गरीब हुँदै टाट पल्टँदै गएका छन् । त्यसलाई उद्योगमा प्रयोग गरेर तयारी सामान बेच्ने यूरोप अमेरिका, जापान चाहिं मालामाल बनेका छन् । अति विकसित बनेका छन् । यस्तो किन र कसरी भयो ? हामीले घोत्लिनु जरूरी भएको छ ।

मलाई लाग्छ पानी र बिजुलीको निर्यात पनि त्यस्तै त्यस्तै कुरा हो । खनिज पदार्थ र टिम्बरकै निर्यात जस्तै कुरा हो यो ।

खनिज पदार्थ र टिम्बर जस्तै जलस्रोत पनि विकट र दुर्गम ठाउँमा हुन्छ । घना बस्ती भएको ठाउँमा र समतल मैदानमा बाँध बाँध्ने र बिजुली निकाल्ने संभावना हुँदैन । तर जुन विकट ठाउँमा बाँध बाँध्नु संभव हुन्छ, त्यहाँ उद्योगसित जलस्रोत आयोजनाको लिंकेज हुँदैन ।

औद्योगिक विकासका हिसाबले हेर्दा भारतलाई हामीले केन्द्र मान्ने हो भने, सिंगै नेपाल त्यसको छेउछाउमा पर्छ । हाम्रो सिंगै देश दुर्गम क्षेत्र हो, यस दृष्टिकोणबाट । यस्तो मुलुकमा महाकाली जस्तो ठूला ठूला आयोजना बनाउँदा नेपालका उद्योगहरू त्यस आयोजनामा संलग्न हुन सक्दैनन् । खालि कैलाली मात्र होइन, नेपालगंज, बुटवल, चितवन र विराटनगरका उद्योगहरूको यो आयोजनासित लिंकेज हुन सक्दैन । न त यो आयोजनालाई चाहिने जति सिमेन्ट नेपालका उद्योगहरूले सप्लाइ गर्न सक्छन्, न छड, न अरू आवश्यक मेशीनरी नै । सबै कुरा हामीले बाहिरबाटै किन्नुपर्ने हुन जान्छ । यसको लागि चाहिने कन्सल्टैण्ट इंजिनीयरहरू समेत नेपालमा उपलब्ध छैनन् । नत हाइड्रोलोजिष्ट, न मेटेरोएलोजिष्ट नै यहाँ उपलब्ध हुन सक्छन् । यत्रो आयोजना बनाउने क्षमता प्राधिकरण र बुटवल पावर कम्पनीसित छैन, न त अर्को कुनै कन्स्ट्रक्शन कम्पनीसंगै छ । भनेपछि, साराका सारा कुराका लागि हामीले बाहिरको मान्छे, बाहिरको सामान, बाहिरको ठेकेदारप्रति निर्भर हुनुपर्‍यो । हाम्रो उद्योग व्यवसायसित यसको लिंकेज नै हुन सक्ने भएन । यसैलाई मैले Backward Linkege अर्थात् पछाडिको सम्बन्ध भनेको हुँ । यो लिंकेज महाकाली सन्धिमा देखिन्न ।

अब Forward Linkage को कुरा गरौं । के यो आयोजनाबाट उत्पादित बिजुली र पानी नेपालमा खपत हुन सक्छ त ? त्यो स्थिति पनि नेपालमा विद्यमान छैन । तीन हजार मेगावाट विजुली खपत गर्ने क्षमता हामीसित अहिले छँदै छैन । न त हाम्रो भागको पानी खपत गर्ने क्षमता नै हामीसित छ ।

कुनै पनि आयोजनाबाट देशको विकास हुनका निम्ति त्यो आयोजनाको त्यहाँको उद्योग व्यवसायसित पछाडिको लिंकेज (Backward Linkage) पनि हुनुपर्छ, अगाडिको लिंकेज (Forward Linkage) पनि । अर्थात्, त्यो आयोजनाको निम्ति चाहिने जनशक्ति र सामग्री पनि देशभित्रकै उद्योग व्यवसायबाट सप्लाइ गर्ने स्थिति बनाउनु पर्छ । साथै, त्यसबाट उत्पादित वस्तु पनि देशको उद्योग व्यवसायले प्रयोग गर्ने स्थिति बनाउनु पर्छ । बढी भएको कुरा मात्रै बाहिर बेच्ने मात्र हो । अनि त देशको उद्योग व्यवसाय र क्षमताको क्रमिक विकास हुन्छ । तर महाकाली जस्तो कुनै पनि वृहत् आयोजनामा यस्तो लिंकेज संभव हुँदैन । कन्सल्टैण्ट पनि बाहिरकै, ठेकेदार पनि बाहिरकै, आवश्यक सामग्री र मेशिनरी पनि बाहिरकै र उत्पादित बिजुली पनि बाहिर नै- यस्तो आयोजनाबाट देशको औद्योगिक विकास कसरी हुन्छ ? यसबाट क्रमशः झन् झन् ठूला आयोजनासमेत बनाउँदै जाने क्षमता कसरी बढ्छ ? यस्तो आयोजनाबाट हाम्रो सदाबहार राष्ट्रिय परनिर्भरताको स्थिति कसरी हट्छ ? मेरो मूल प्रश्न यो हो ।

यस्तो आयोजनालाई म टापू आयोजना भन्छु । अगाडि पछाडि कतै केही संबन्ध नभएको, लिंकेज नभएको एउटा विशाल सागरको बीचमा एक्लो टापू जस्तो आयोजनाले कुनै पनि मुलुकको औद्योगिक विकास र राष्ट्रिय क्षमता बृद्धि संभव छैन । यस्तो आयोजनाबाट हाम्रा सारा पैसाहरू, बहुमूल्य स्रोतहरू बाहिरै प्रवाहित हुन्छन् । हाम्रा सारा उद्योगहरू,

**महाकाली जस्तो भीमकाय विशालतम आयोजनालाई के नेपालको वर्तमान अर्थतन्त्रको क्षमताले धान्न सक्छ ?**



अन्तर्क्रियाका सहभागीहरू (बायाँबाट): **अजय दीक्षित, विकास पाण्डे, दीपक ज्ञवाली**

## अन्तर्क्रिया

इंजिनियरहरू, ठेकेदारहरू चाहिं हात बाँधेर बस्नुपर्ने हुन जानेछ । उनीहरूको स्रोत र क्षमताको विकास कहिल्यै हुनेछैन, न त जनताको नै आम्दानी बढ्नेछ । हामी सदाबहार परनिर्भर भइरहनेछौं ।

के स्पष्ट छ भने, नेपालमा थोरै मात्र प्राकृतिक स्रोतहरू छन् । तीमध्ये एउटा पानी हो । त्यो पानीमा पनि हाम्रो चलखेल गर्ने ठाउँ थोरै मात्र छ । विज्ञहरू भन्छन्- एक्काइसौं शताब्दीको बहुमूल्य प्राकृतिक स्रोत भनेको पानी नै हुनेछ । किनकि, जनसंख्या बढ्दैछ तर पानीको स्रोत त बढ्दैछैन । त्यतिखेर कुनै कुराको लागि घमासान लडाइँ हुनेछ भने त्यो तेलको लागि होइन, पानीको लागि हुनेछ । भोलि गएर संसारमा पानीकै समस्या सबैभन्दा विकराल हुने देखिन्छ । अरू कुराको विकल्प संसारमा विकास भएको छ, तर पानीको कुनै विकल्प देखिन्न । सिंचाइको लागि होस् वा खानको लागि, पानी त अपरिहार्य छ ।

पानीको यति ठूलो अतिरिक्त मूल्यलाई हामीले बुझ्न सकिरहेका छैनौं । त्यसमा हाम्रो ध्यान र जोड नै गइरहेको छैन । भारतले महाकालीबाट खोजेको पनि बिजुलीभन्दा बेसी पानी नै हो । र, उसले यो कौडीको मूल्यमा लिन खोज्दैछ । हामी निकट भविष्यमा पानीको मूल्य कति विशाल हुनेछ भन्ने कुराको कुनै मूल्यांकन नै नगरी यो बहुमूल्य प्राकृतिक स्रोतलाई भारतको हात सुम्पन लागेका छौं । अहिले भारतले हाम्रो पानी न्यायोचित मूल्यमा किन्छु भन्यो भने पनि त्यो सिंचाईको मूल्यमा मात्र हुनेछ, खानेपानीको मूल्यमा त उसले त्यो किन्दैछैन । खानेपानीको रूपमा पानीको जुन अतिरिक्त-मूल्य छ, त्यो त भारतले स्वीकार्दैछैन ।


त्यसैले, मेरो अर्को प्रश्न के हो भने- एक्काइसौं शताब्दीमा विश्वभरि पानीको जुन हाहाकार हुँदैछ, त्यसको अतिरिक्त-मूल्य सिर्जना हुँदैछ- विकल्परहित वस्तुका रूपमा, खानेपानीको रूपमा । त्यो सवाललाई हामीले अहिले नै विचार गर्नुपर्छ कि पर्दैन ? त्यो अतिरिक्त-मूल्यको हिसाब किताब अहिले नै हामीले लाउनु पर्छ कि पर्दैन ? यस्तो विकल्पै नभएको अमूल्य प्राकृतिक स्रोतलाई अघि पछि केही नहेरी कौडीको मोलमा अहिल्यै हतारिएर भारतको हात लाउनु युग युगान्तरको निम्ति आफ्नै गोडामा बन्चरो हान्नु हो कि होइन ?

एन्रोन आउँछ, हामीले उसलाई आयोजना दिएनौं भने ऊ अर्को देशमा भाग्छ भनेर हामी साँच्चै नै डराउनु पर्ने स्थिति हो कि होइन ? जलस्रोत आयोजना एकचोटि एउटा रूपबाट प्रयोग भैएपछि फेरि त्यसलाई उल्टाउन र अर्को रूपबाट प्रयोग गर्न सकिँदैन, 'जो भयो सो भयो'मै बस्नु पर्ने हुन्छ । भविष्यमा बहुमूल्य स्रोतको प्रयोगलाई अहिले हामीले गर्ने कुनै निर्णयले बंचित पनि गर्न सक्दछ ।

यी सब हिसाबले हेर्दा, महाकाली अहिले हाम्रो आवश्यकता र प्राथमिकताको आयोजना नै होइन । किनकि, यो आयोजनाबाट अधिकतम फाइदा लिन न त यो आयोजनाको Backward linkage नै हामी अहिले तयार गर्न सक्छौं, न Forward linkage नै । त यो आयोजनाको भावी मूल्य कै हामी अहिले सही सही हिसाब किताब र मूल्यांकन गर्न सक्छौं ।

(क्रमशः)


महाबली हनुमानको वरदान !
सुन्दर र सुरक्षित छानाको पहिचान !!



हनुमान छाप कर्कट (जस्ता) पाता
टिकाउपनाको अर्को नाम
सुन्दर स्टील्स प्रा. लि.
विरगञ्ज फोन: ०५१-२१८२४ (अफिस), ०५१-२३१०२ (फ्याक्ट्री),
काठमाडौं फोन: २७०७३०, २७०४५६
फ्याक्स: ९७७-१२७०९७३

अतिथिदेवो भव




A WORLD OF ITS OWN

नेपाल भ्रमण वर्ष १९९८

पर्यटकहरू हाम्रा पाहुना हुन्,
हृदयदेखि स्वागत गरौं !

नेपाल भ्रमण वर्ष '९८ को सचिवालय,
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।
फोन: २२६९९२, २४६६०७, २४६०२४ ।
फ्याक्स: ९७७-१-२४६१८५, २२७७५८

## घटना र प्रवृत्ति

# सेती नदी संझौता: के यो अहिले गर्नुपर्ने आयोजना हो ?

**-वाइ.वी थापा**



**हाम्रो देशमा शासन चलाउने अभिभारा पाएकाहरुको जलस्रोत विकास र उपयोगसम्बन्धी मूल अवधारणा नै गलत देखिन्छ**

हाम्रा मुलुकले गएको चार दशकदेखि ठूला जलस्रोत आयोजनाहरूमा करीब एक तिहाई विकास बजेट लगानी गर्दै आइरहेको छ। परन्तु यहाँ यस कार्यक्रमको परिणामस्वरूप दुइटा प्रमुख नकारात्मक प्रवृत्तिको विकास हुँदै आइरहेको छ। पहिलो, मुलुक झन् झन् दरिद्र बन्दै गइरहेछ। दोस्रो, हाम्रो बहुमूल्य प्राकृतिक स्रोतहरूको स्वामित्व र संरक्षण हाम्रो हातबाट झन् झन् गुम्दै गइरहेछ।

यस परिप्रेक्ष्यमा भारतको अप्रत्यक्ष संलग्नतामा श्री ५ को सरकार र अष्ट्रेलियाको 'स्मेक' (SMEC) बीच गतः जेठ २९ गते सेती नदी सम्बन्धमा एउटा संझौता सम्पन्न भएको छ। यो संझौताले पनि तिनै दुइवटा नकारात्मक प्रवृत्तिहरूलाई बढाउने निश्चित देखिएको छ।

यहाँको सरकार हाम्रो जमीन र जलसम्पदाको उचित प्रयोग गर्न मात्र असफल भएको होइन, उसले त्यस्ता सबै विद्यमान कानून, संस्था र पद्धतिहरूलाई समेत ध्वस्त पार्न लागिरहेछ, जसले हामीलाई हाम्रै खुट्टामा उभिएर हाम्रा प्राकृतिक स्रोतहरूको दिगो विकास गर्ने दिशातिर लान्थ्यो। यसले गर्दा यहाँको जलस्रोत विकास कार्यक्रममै विकृति आउन थालिरहेछ। पश्चिम सेती परियोजनाले त्यही विकृतिलाई बढावा दिएको छ। त्यो विकृतिको एउटा टड्कारो उदाहरण के हो भने, नेपालमा करोडौं रूपैयाँको थैली खर्चेर बनाइएका नहरहरू पानीबिना उत्तिकै रित्ता पडिरहेछन्, जस्तो महाकाली, बबई, गण्डक, बाग्मती, कमला, कन्काई आदि। सरकारसित सर्वप्रथम यी नहरहरूमै पानी ल्याउने र साथसाथै बिजुली पनि निकाल्ने बहुउद्देश्यीय योजना हुनु जरूरी थियो। यस्तो योजना देशको निम्ति निकै सस्तो पर्थ्यो र सारै फाइदाजनक पनि हुन्थ्यो। तर आश्चर्यको कुरो, एकातर्फ सरकारले मुलुकको चौतर्फी हित हुने र उत्पादन बढाउने त्यस्तो कुनै एउटा पनि बहुद्देश्यीय आयोजना संचालन गरिरहेको छैन। अर्कोतर्फ, विदेशको उत्पादन क्षमता बढाउने आयोजना विकास गर्न हतारहले लागि परिरहेको छ। यो कस्तो विरोधाभाष र विडम्बना हो- यो देशको सरकारको ?

यो निश्चित छ- यस्तो नीतिले हाम्रो देशको उत्पादक शक्तिको कदापि विकास गर्ने छैन। यसले त हाम्रा प्राकृतिक स्रोतहरूको कटौती र दुरूपयोग मात्र गर्नेछ।

हाम्रो देशमा शासन चलाउने अभिभारा पाएकाहरूको जलस्रोत विकास र उपयोगसम्बन्धी मूल अवधारणा नै गलत देखिन्छ। विदेशबाट ऋण ल्याएर ठूला ठूला आयोजना बनाउने, त्यसबाट निक्लेको बिजुली र पानी निर्यात गरेर देश धनी र विकसित बनाउने- विगत चार दशकमा यही अवधारणा र सपनाले यहाँका शासकहरूको दिल दिमाग कब्जा गरिरहेको देखिएको छ। कर्णाली, कोशी, बूढी गण्डकी र पंचेश्वर यही कारणले जन्मेका आयोजना हुन्। यो अवधारणा सारै नै खोटपूर्ण छ र यसैको कारणले चार दशकका हाम्रा सारा लगानीहरू खेर गएका हुन्।

वास्तवमा, विद्युत र पानी निर्यात गर्ने नीति कच्चा पदार्थ निर्यात गर्ने नीति जस्तै हो। कच्चा पदार्थ निर्यात गर्ने देशहरू हमेशा उपनिवेशभन्दा माथि उठ्नै सक्दैनन्, जबकि आफ्नो कच्चा पदार्थ नभएर पनि त्यसलाई आयात गरेर तयारी सामान बेच्ने देशहरू भने कता हो कता विकसित र धनी भइरहेका हुन्छन्। विशाल रूसको अर्थतन्त्रलाई ३२ वर्षपछि क्रान्तिसम्पन्न भएको चीनले उछिन्नुको पछाडि यही रहस्य छ कि- चीनले तयारी सामानको निर्यातमा आफ्नो अर्थतन्त्रलाई आधारित गर्यो। उसले आफ्नो प्राकृतिक स्रोतलाई आफैंले उपभोग गरेर त्यसबाट उत्पादित सामान चाहिं बेच्ने रणनीति अपनायो। रूसले चाहिं ठूलो पैमानामा आफ्नो प्राकृतिक सम्पत्ति नै निर्यात गरेर पैसा कमाउने नीति अख्तियार गर्यो।


आफ्नो कच्चा पदार्थ नै नभएको जापान र स्विट्जरल्याण्ड चाहिं अति विकसित देश हुन पुग्नु, कच्चा पदार्थ ठूलो मात्रामा बेच्ने अफ्रिका र लैटिन अमेरिका चाहिँ सधैंभरि गरीब र उपनिवेश भइरहनुको एउटा मुख्य कारण पनि यही हो।

यो अति महत्वपूर्ण अन्तर्राष्ट्रिय अनुभवबाट हामीले पाठ सिक्नु पर्छ कि पर्दैन ? वास्तवमा, बिजुली र पानी बेचेर, निर्यात गरेर देशलाई विकसित र सम्पन्न बनाउने अवधारणा एउटा औपनिवेशिक अर्थतन्त्रको ढाँचा हो। यस्तो ढाँचा अप्नाएर नेपाल कहिल्यै उपनिवेशभन्दा माथि उठ्न सक्ने छैन। हामी विकसित र सम्पन्न हुने हो भने हामीले पानी र बिजुलीलाई निर्यात गर्ने होइन, त्यसलाई देशको उत्पादन क्षमता बढाउनुमा लाउनु पर्दछ। राष्ट्रिय प्रयोजनका लागि त्यसलाई प्रयोग गरेर त्यसबाट उत्पादित वस्तु चाहिँ निर्यात गर्ने हाम्रो रणनीति हुनु पर्दछ। निर्यात बजार त्यस्ता वस्तुको लागि चाहिँ खोजिनु पर्दछ। यो कुरा पश्चिम सेती आयोजनामा पनि उत्तिकै लागू हुन्छ।

पश्चिम सेती आयोजनाको बिजुली र पानी आफैंले खपत गर्दा वा निकासी गर्दा राष्ट्रिय आयमा कति फरक पर्छ, एकछिन हामी त्यो पनि हिसाब किताब गरेर हेरौं।

ठोस उदाहरणको रूपमा, वीरगंज चीनी कारखानामा २.३ मेगावाट बिजुली आवश्यक पर्छ। यति बिजुली भयो भने त्यहाँ प्रत्येक मेगावाट बिजुलीले ६२२ टन चिनी र ५५३ जना मान्छेलाई रोजगारी सिर्जना हुन्छ। त्यस्तै, ८ मेगावाट उर्जा चाहिने उदयपुर सिमेन्ट कार्खानामा एक मेगावाट बिजुलीले ८० टन सिमेण्ट उत्पादन हुन्छ र सय जना मान्छेलाई रोजीरोटी प्राप्त हुन्छ।

यस हिसाबबाट पश्चिम सेतीको ७५० मेगावाट बिजुलीलाई राष्ट्रिय प्रयोजनमा लाउने हो भने, यसले राष्ट्रिय आयमा १३१.६ प्रतिशत बृद्धि हुने देखिन्छ, जबकि त्यसैलाई हामीले निर्यात गर्यौं भने त्यसको राजस्वबाट हाम्रो राष्ट्रिय आयमा खालि ४.२ प्रतिशतले मात्र बृद्धि हुने अनुमान छ। त्यस्तै, रोजगारीको मामलामा पनि बिजुली निर्यात गर्नेतिर लाग्यौं भने हाम्रो निम्ति त्यसबाट २.५ प्रतिशत थप रोजगारी प्राप्त हुने अनुमान छ। जबकि, त्यसैलाई हामीले हाम्रो उद्योग व्यवसायमा प्रयोग गर्यौं भने ७८.६



प्रतिशतले थप रोजगारी सिर्जना हुन सम्भव छ। यसले सङ्केत गरेको सवाल के हो भने, बिजुली र पानी निर्यात गर्नुभन्दा आन्तरिक प्रयोजनमा लाउनु रोजगारी र राष्ट्रिय आयको हिसाबले तीस गुणाबेसी फाइदाजनक हुन्छ।

पश्चिम सेतीबाट सुख्खा मौसममा सिंचाईको निम्ति प्राप्त हुने पानी भारतमा निर्यात गरेर नेपालले पाउने केही देखिन्न, तर गुमाउने धेरै देखिन्छ। किनभने, त्यसबाट निक्लने पानीले कम्तीमा पनि ८० हजार र बढीमा एक लाख ८० हजार हेक्टर जमीनमा नियमित सिंचाई हुन संभव छ। तर संझौतामा न त यो पानीको लाभवापत भारतले नेपाललाई कुनै निश्चित मूल्य चुक्ता गर्ने कुरा नै उल्लेख छ, न SMEC ले नै। भनेपछि, हाम्रो "बहुमूल्य प्राकृतिक स्रोत- पानी बिनामूल्य' मुफतमा हामीसित लिएर स्मेकले चाहिं भारतलाई बेच्नेवाला छ वा भारतले यो मुफ्तमा प्रयोग गर्नेवाला छ। तर यही पानीलाई हामीले नेपालको सिंचाईमा प्रयोग गर्‍यौं भने कृषि क्षेत्रको उत्पादन ७ प्रतिशतले बढ्न संभव छ र रोजगारी ५ प्रतिशतले। कृषिमा यसले थप पन्ध्र हजार नेपालीलाई रोजगारी सिर्जना गर्नु सम्भव छ।

यी सबै कोणबाट हेर्दा, बिजुली र पानी निर्यात गर्नको निम्ति भनेर पश्चिम सेती स्मेकको हातमा सुम्पनु नेपालको निम्ति निकै घातक र नोक्सानीपूर्ण छ। यस्तो कदापि हुन दिनु हुन्न। यो हाम्रै प्रयोजनका निम्ति लाभदायक आयोजना हो र यसलाई हामीले राष्ट्रिय प्रयोजनको निम्ति प्रयोगमा ल्याउनु पर्दछ।

सेती आयोजना जुन पद्धति अप्नाएर स्मेकको हातमा सुम्पियो, त्यो पद्धति पनि गंभीर रूपले त्रुटीपूर्ण छ। पंचेश्वर, चिसापानी, बुढीगण्डकी, बागमती, सप्तकोशी, कन्काईजस्तै पश्चिम सेती पनि बहुउद्देश्यीय आयोजना नै हो। यसले बिजुलीको उच्चतम माग हुने समयमा (पीक लोडको बेला) बिजुली उत्पादन गर्ने काम गर्छ। साथै, यसले सुख्खा मौसममा पानीको आपूर्तिमा बृद्धि गर्छ। यसले बाढी पनि नियन्त्रण गर्छ। यो आयोजनासम्बन्धी सम्झौताले भारत र नेपालबीच जलस्रोत उपयोग र अधिकारको बाँडफाँड पनि गर्दछ। यस प्रकारको बहुउद्देश्यीय आयोजनालाई "जलविद्युत आयोजना" मात्र भन्नु र "जलस्रोत ऐन" लागू हुनबाट बच्न "विद्युत ऐन" को सहारा लिएर सरकारले स्मेकसित संझौता गर्नु अक्षम्य कुरा हो। यदि यस्तै प्रक्रिया अन्य नदीमा अप्नाउने हो भने, नेपालले भविष्यमा बहुउद्देश्यीय जल संचय आयोजना विकास गर्ने भन्ने अवधारणा नै त्याग्नु पर्ने स्थिति आउने छ।

पश्चिम सेती आयोजनाका प्राविधिक जोखिमहरू अत्यन्तै विचारणीय छन्। यस आयोजनाको लागि प्रस्तावित बाँध जमीनको सतहबाट १८० देखि २२० मिटर अग्लो हुनेछ। यो भनेको विश्वका एक प्रतिशत सबैभन्दा अग्ला बाँधमध्ये पर्दछ। यसमा प्रस्तावित गरिएको बाँधमा थिग्रेनी (Sediment) को समस्या कुन ढंगले कति छिटो आउनेवाला छ? यसलाई सफा गर्ने प्रक्रिया के? यति अग्लो बाँध नै त्यो इलाकामा भौगार्भिक हिसाबले कति सुरक्षित छ? यी सवालहरूलाई पहिले वैज्ञानिक अध्ययनबाट निरूपण गर्नु पर्दछ। त्यो नगरी हतारोमा त्यहाँ बाँध बाँध्न अनुमति दिनु निकै जोखिमपूर्ण हुन सक्छ।

यो संझौतामा के पनि त्रुटी छ भने, यसमा सेती नदीको पानीमा भारतको उपभोग्य उपयोग र त्यसबाट उत्पन्न पानीमाथिको अग्रअधिकारको समस्या समाधान गर्ने कुनै प्रावधान देखिन्न। त्यो प्रावधानबिना भविष्यमा नेपालले आफ्नै सेती नदीको पानी प्रयोग गर्ने हक गुमाउन सक्छ। त्यसबाट भारतलाई पुग्ने फाइदाको गणना गर्ने र मूल्य तोक्ने कुरा पनि स्वतः समाप्त हुन्छ। यसबाट आफ्नै देशको जलस्रोतमा आफ्नै जनताको नियन्त्रण र हकभोग नरहने स्थिति आउने देखिन्छ। यसबाट हाम्रै जलस्रोत हाम्रो संपत्ति नरहने स्थिति आउन संभव छ।

यो आयोजनाबाट नेपालले पाउने भनेको बिजुली दश प्रतिशत, रोयल्टी २.५ प्रतिशत र नाम मात्रको निर्यात कर हो। त्यो पनि स्मेकले चाहेमा बिजुली नदिएर पैसा पनि दिन सक्छ र त्यो पैसा पनि स्मेकको सारा लगानी चुक्ता गरेर पैसा बाँकी बच्यो भने मात्र। यस हिसाबबाट नेपालले बढीमा संपूर्ण आयोजनाको फाइदाको ८ प्रतिशत मात्र हात पार्न सक्ने देखिन्छ। यसको अतिरिक्त ३०-३५ वर्षपछि संपूर्ण आयोजना नेपालले पाउने छ। परन्तु विचारणीय पक्ष के हो भने, आयोजना संचालन भएको २५-३० वर्षदेखि नै यसको उर्जा संचय गर्ने क्षमतामा क्रमिक ह्रास आउनेछ। त्यसपछि यो आधा क्षमतामा रन अफ द रिभर आयोजनाको रूपमा परिणत हुनेछ।

यी सम्पूर्ण कुरालाई ध्यानमा राख्दा पश्चिम सेती आयोजना सम्बन्धी स्मेकसित भएको संझौता कार्यान्वयन गर्नु नेपालको हितमा छैन। त्यसैले यसलाई खारेज गर्नु पर्दछ।

यो आयोजनाको संझौता पछाडि भारतको पानी राजनीतिले गहिरो रूपमा जरा गाडेको देखिन्छ। र, यसले पंचेश्वरको टुंगो लाग्न नदिने हदसम्म पुर्‍याउन सक्छ। नेपालको राष्ट्रिय हितको कोणबाट हेर्ने हो भने, यो आयोजना कमसेकम जुन दिनसम्म कर्णाली चिसापानीमा सिंचाईका पूर्वाधारहरू बन्दैनन् र त्यहाँको विद्युत आयोजनाले मूर्त रूप लिंदैन, त्यतिखेसम्म रोक्नु नै उचित हुनेछ।

गत चार दशकको अनुभव र माथिका सबै तथ्यहरूको सार के हो भने- नेपालले अहिले साना तथा मझौला आयोजनाहरूबाटै जलस्रोत विकासको थालनी गर्नु पर्दछ। किनभने, ७५० मेगावाटको पश्चिम सेतीको सट्टा १०/१५ वटा साना मझौला आयोजनाहरू बनाउँदा त्यसले देशको श्रम, शीप र पूँजीलाई ठूलो मात्रामा परिचालन गर्नेछ। नेपालको जलस्रोत विकासको रणनीति खालि ठूला आयोजना ताकेर पानी र बिजुली निर्यात गर्नु होइन, विद्युत र पानीको अधिकतम उपयोग देशभित्रै गरेर त्यसबाट उत्पादित सामग्री चाहिं निर्यात गर्नु हुनु पर्दछ।

पश्चिम सेतीको विरोध गर्नुको अर्थ अब स्वदेश र विदेशका निजी क्षेत्रलाई कुनै आयोजना संचालन गर्न दिनु हुन्न भन्ने होइन, न त अब भारतसित मिलेर कुनै आयोजना नै सोच्नु हुन्न भन्ने हो। देशलाई फाइदाभन्दा बेसी घाटा र जोखीम हुने गरेर, हाम्रो जलस्रोतको फाइदा हाम्रै देश र जनताले लिन नसक्ने गरेर, कसैलाई पनि आयोजना संचालन गर्नु दिनु हुन्न भन्ने मात्र मेरो आशय हो। सेतीसम्बन्धी संझौता कार्यान्वयन हुँदा नेपालले पाउने फाइदा र गुमाउने हकका बीचमा संतुलन कायम हुनु पर्दछ भन्ने कुरामा मात्र जोड दिन खोजिएको हो।

यो सन्तुलनलाई संभव पार्न- जलस्रोत ऐन र विद्युत ऐनमा अविलम्ब संशोधन हुनु आवश्यक छ। ◆

**(लेखक: एमाले शासनकालमा राष्ट्रिय योजना आयोगको सदस्य हुनुहुन्थ्यो)**

## SMEC सित हालै सम्पन्न पश्चिम सेती संझौताको सार

**१. सरकारले स्मेकलाई पश्चिम सेतीको विकास, निर्माण, स्वामित्व र संचालन गर्न आवश्यक सबै लाइसेन्स दिने।**

**२. विद्युत उत्पादन गर्ने लाइसेन्सको अवधि ३० वर्षको हुने वा बढीको पनि हुन सक्ने।**

**३. सरकारले सेती नदीमा पानीको निर्बाध बहाव कायम गर्नका लागि यसको जलाधारमा पानी प्रयोग गर्ने कुनै पनि लाइसेन्स वा स्वीकृति कसैलाई नदिने।**

**४. स्मेकले उत्पादित ७५० मेगावाट विद्युत निर्यात गर्न सक्ने र स्मेकले विद्युत निर्यात करको रुपमा कुनै एक परिणाम सरकारलाई दिने (नगण्य मात्रामा)।**

**५. सरकारले मुफ्तमा १० प्रतिशत विद्युत वा त्यसको पैसा पाउने वा यो प्रावधान सबै छोड्न पनि सक्ने।**

**६. आफ्नो ऋण चुक्ता गरेर र संचालन खर्च कटाएपछि आम्दानी बचत भएको खण्डमा मात्र स्मेकले सरकारलाई दिनुपर्ने रकमको भुक्तानी दिने। सो अवस्था नआएसम्म भाखा सार्न सकिने।**

यही बैशाख २९ गते नेपाल सरकार र अष्ट्रेलियाको एउटा कम्पनी- स्नोइ माउण्टेन इंजिनियरिङ कम्पनी (SMEC) का बीच पश्चिम सेती परियोजना सम्बन्धमा एउटा सम्झौता भएको छ। यस्तो प्रतीत हुन्छ- यो सम्झौताले अब पश्चिम सेतीको पनि महाकाली जस्तै 'कन्यादान' हुनेछ र अझ त्योभन्दा पनि धेरै खतरनाक शर्तमा, सस्तोमा र सरासर चोर बाटोबाट।

नेपालको विद्युत विकास केन्द्रका प्रमुख पदाधिकारी चाहिँ आफू बिदामा बसेर एक जना कनिष्ठ अधिकारी विदुरबहादुर कार्कीलाई का.मु. महानिर्देशकको रूपमा हस्ताक्षर गराइएको चार पृष्ठको स्मरण पत्र निकै अनौठो छ। यो सम्झौताअनुसार, स्मेकले पश्चिम सेतीमा आयोजना निर्माण गरेर उत्पादित हुने ७५० मेगावाट बिजुली जम्मै भारतमा बेच्न पाउनेछ। यसवापत स्मेकले नेपाललाई दश प्रतिशत बिजुली मुफ्तमा दिनुपर्नेछ। उसले नचाहेमा यसको सट्टा पैसा पनि दिन पाउनेछ। त्यो पैसा पनि स्मेकले तुरून्त दिनुपर्ने छैन। लगानीवापत स्मेकले कतैबाट लिएको ऋण तिरेर, संचालन खर्च छुट्याएर पैसा बाँकी रहेको खण्डमा मात्रै १५ वर्षपछि उसले नेपाललाई यो सलामी दस्तूर बुझाउनु पर्नेछ। यो पनि सम्भव भएन भने उसले बुझाउनु पर्ने पैसा तत्काल नबुझाएर पछि कुनै बेला बुझाउने छूटसमेत पाउनेछ। यो ढिलाइ गरेवापत सरकारले उसलाई ब्याज, थप दस्तुर केही लाउन पाउने छैन। सम्झौताको यो बूँदाले स्मेकलाई नेपाल राष्ट्रको नोक्सानीमा असीमित आर्थिक छूट प्रदान गरेको छ।

यो सम्झौताअनुसार, स्मेकले सरकारलाई निर्यात कर पनि नाम मात्रको तिरे पुग्नेछ। सरकारले यो सम्झौतामार्फत् स्मेकलाई के वचन पनि दिएको छ भने, जुन दिनदेखि स्मेकले निर्माण इजाजत पाउनेछ, सेती नदीको जल-प्रवाहमा प्रतिकूल असर पुर्‍याउने गरी बाँध बाँध्ने ठाउँदेखि माथि सेतीको जलाधार क्षेत्रमा पानी प्रयोग गर्ने इजाजत त्यस उप्रान्त कसैलाई दिइनेछैन। यसको मतलब अब बाँध बाँध्ने ठाउँदेखि माथि बझाङ, डोटी र डडेलधुराका किसानहरूले

**यस्तो प्रतीत हुन्छ- यो सम्झौताले अब पश्चिम सेतीको पनि महाकाली जस्तै 'कन्यादान' हुनेछ र अझ त्योभन्दा पनि धेरै खतरनाक शर्तमा, सस्तोमा र सरासर चोर बाटोबाट**

# अब पश्चिम सेतीको पनि 'कन्यादान' ?

श्याम श्रेष्ठ

**नेपालको बहुमूल्य प्राकृतिक स्रोतमाथि सरकार अलिकता पनि गम्भीर थियो भने- खै त यो विदेशीको हात सुम्पनुअघि यसबारे संसदभित्र र बाहिर पनि देशव्यापी प्रजातान्त्रिक बहस गराइएको ?**

सेती नदीको पानीबाट कूलो बाँध्न पाउने छैनन्, सिंचाई गर्ने हक पाउने छैनन् र खानेपानीको लागि समेत पानी प्रयोग गर्न पाउने छैनन् । प्रयोग गरियो भने स्मेकलाई मूल्य तिर्नुपर्नेछ ।

यो सम्झौताको अवधि ३० वर्षको राखिएको छ । त्यसपछि यो आयोजनाको स्वामित्व सरकारमा हस्तान्तरण गरिनेछ ।

स्मरणीय छ, पश्चिम सेतीसम्बन्धी स्मरण पत्र पहिलो पटक प्रधानमन्त्री गिरिजाको शासनकालमा जलस्रोतमन्त्री लक्ष्मण घिमिरेबाट सम्पन्न भएको थियो । त्यतिखेरको स्मरणपत्रमा स्मेकले सेती नदीमा आयोजना बनाएवापत १० प्रतिशत बिजुली मुफ्तमा नेपाललाई दिनुपर्ने शर्त मात्रै थियो । अरू सहुलियतहरू त्यसमा त्यतिखेर परेका थिएनन् । त्यो स्मरणपत्र आफैं नेपालको समग्र हितको हिसाबले खराब र नोक्सानीपूर्ण थियो ।

अहिलेको स्मरणपत्र त झन त्योभन्दा धेरै खराब र हानिकारक भएको छ ।

पश्चिम सेती परियोजना डडेलधुरा र डोटी जिल्लाबीच सीमाना रहेको सेती नदीमा (भत्कांडा-दीपायल राजमार्गभन्दा करीब १५ किलोमिटर उत्तरतर्फ) बन्न लागेको जलाशययुक्त उच्च बाँध आयोजना हो । यो आयोजनाको विस्तृत अध्ययन फरवरी १९९१ मै भइसकेको छ । त्यो फ्रान्सेली सरकारको अनुदान सहयोगमा सोग्रिह Sogreah नामक फ्रान्सेली परामर्श दातृसंस्थाबाट भएको हो ।

यो जलाशययुक्त बाँध भएको आयोजना भएकोले सबैभन्दा बेसी बिजुली चाहिने समय- अर्थात् पीक समयमा- चाहिएको बेला बिजुली दिनको निम्ति यो सारै नै लाभदायक आयोजना हो । यसले १६ घण्टासम्म ३६० मेगावाट बिजुली लगातार प्रदान गर्न सक्छ । तर भनिन्छ, भारतीय आवश्यकतालाई पूर्ति गर्न यसलाई ७५० मेगावाट बिजुली निकाल्ने गरी बनाउन लागिँदैछ । नेपालको विद्युतको माग हरेक वर्ष १० प्रतिशतले बढ्दैछ । तर नेपालमा अहिले पीक समयमा बिजुली दिने आयोजना भनेको कुलेखानी मात्रै हो । सय वर्षको लागि बनाइएको कुलेखानीको आयु अत्याधिक थिग्रेनीले पुरिएर पन्ध्रै वर्षमा सिद्धिएकोले त्यो आयुलाई लम्बाउन अहिले चार करोड डलर ऋण सापटी लिएर कुलेखानी रिजर्भ्वाएर सफा गरिँदैछ । तथापि, जति सफा गरेपनि यसको आयु सोचेजति लामो देखिन्न । त्यसमाथि थप, नेपालमा अहिले सन् २००५ सम्म बन्न लागेका सबै आयोजनाहरू 'रन अफ द रिभर' टाइपका मात्र छन्, जलाशययुक्त छैनन् । यो कारणले आगामी दश वर्षमै हाम्रो देशमा वर्षाको बेला करीब २०० मेगावाट बिजुली बेसी हुनेछ, हिउँदमा २०० मेगावाट बिजुली अपुग हुनेछ । यो नहुन दिनका लागि यस परिप्रेक्ष्यमा पश्चिम सेती नै हाम्रो भविष्यको लागि एउटा राम्रो विकल्प हो ।

यस हिसाबले पश्चिम सेती भारतको बजारको निम्ति बिजुली निर्यात गर्न काममा लाउने आयोजना नै होइन । यो नेपालकै पीक समयमा हुने विद्युत संकटको हलको निम्ति बचाइराख्नुपर्ने आयोजना हो । तर सरकार नेपालको भविष्यको कुनै पर्वाह नै नगरेर यो आयोजना 'स्मेक'को हातमा सुम्पदैछ- त्यो पनि नाम मात्रको राजस्वमा, विद्युत निर्यातको लागि । देशको दीर्घकालीन हितको हिसाबले हेर्दा यो सरासर आत्मघाती निर्णय हो । यो गाउँमा तुरुन्तै भयंकर अनिकाल पर्ने प्रष्ट हुँदा हुँदै आफ्नो घरको अनमोल अन्न र बिउसमेत कौडीको भाउमा अरूलाई बेच्ने मूर्ख किसानको कदम जस्तै हो । अन्न त बेचियो, अनिकालको बेला, आफूले के खाने ? परिवारलाई के ख्वाउने ? अनिकाल सकेपछि के रोप्ने ?

स्पष्ट छ, पश्चिम सेती स्मेकलाई जिम्मा लाउने हो भने, यसको साराका सारा बिजुली भारतमा निर्यात हुनेछ । यो नेपालको प्रयोगको लागि उपलब्ध हुनेछैन । यसको मतलब, निकट भविष्यमा पीक समयमा अर्थात् साँझ ६ देखि ९ को समयमा, लोड सेडिङ्गको समस्या हल गर्न यो आयोजनाले कुनै मद्दत पुऱ्याउने छैन । न त डोटी, बझाङ र डडेलधुरा भेगका जनताले यसबाट कुनै बिजुली नै पाउने छन् ।

पश्चिम सेती जलाशययुक्त आयोजना भएकाले यसले बाढीको बेलामा बढी भएको पानी जम्मा गरिराख्न सक्छ । सुख्खा समयमा पनि नियमित रूपमा यसले सिंचाईको निम्ति पानी उपलब्ध गराउन सक्छ । एक क्यूमेक पानीले एक हेक्टर जमीन सिंचाई गर्न सक्ने हिसाबमा यस जलाशयले थोरैमा पनि ८० हजार हेक्टर जमीन सिंचाई गर्न सक्ने पानी नियमित रूपमा उपलब्ध गराउन सक्छ । किनभने, जलाशय बनाइसकेपछि परियोजनाबाट निक्लने नियमित पानीको बहाव सेतीको सुख्खा समयको साविकभन्दा ७५ देखि ८५ क्यूमेक थप हुने अनुमान छ ।

तर दुःखको कुरा, त्यो नियमित पानीलाई सिंचाई वा खानेपानीको निम्ति प्रयोगमा ल्याउने संरचना हामीकहाँ त्यहाँ तयार भइसकेको छैन । बाँध बाँधिने ठाउँभन्दा तल, कर्णालीमा होचो बाँध भइदिएको भए यो नियमित पानीको बहावबाट नेपालले सिंचाईको निम्ति प्रशस्त लाभ उठाउन सक्थ्यो । तर त्यहाँ त्यस्तो संरचना बनिसकेको छैन । यसको मतलब पश्चिम सेतीबाट अधिकतम सिंचाईको लाभ भारतले प्राप्त गर्नेवाला छ । परन्तु संझौतामा भारतले पाउने यो सिंचाईको लाभ र लाभवापत त्यसको मूल्य-असुलीको कुनै शर्त उल्लेख छैन । यस्तो देखिन्छ- यो संझौताको रेशमी पर्दा पछाडि भारत छ र भारतले यो लाभ यो संझौतामार्फत् मुफ्तमा प्राप्त गर्न खोज्दैछ । यो संझौताको अर्को आत्मघाती पक्ष यही हो ।

स्मेकले सिंचाईको लागि पानीसंबन्धी भारतीय स्वार्थलाई अप्रत्यक्ष रूपबाट निकै चलाखीसाथ पूरा गर्न खोजेको संझौताले देखाएको छ । संभवतः यसवापत उसले उता भारतसित कुनै मूल्य असुल गर्ला, तर यता नेपाल सरकारलाई संझौताअनुसार उसले कुनै मूल्य चुकाउनु पर्दैन । स्मेक र भारत सरकार आफ्नो स्वार्थमा कति चतुर छ, नेपालको सरकार चाहिं कति लापर्वाह छ, त्यो यो संझौताले प्रष्टै देखाएको छ ।

सेती नदीमा बाँध बाँध्न अनुमति दिइसकेपछि त्योभन्दा माथिका नेपाली जनताले सेतीको पानी घट्ने गरी सिंचाई र खानेपानीको लागि समेत कुनै नयाँ आयोजना बनाउने पाउने छैनन् । सेती नदी र त्यसको सम्पूर्ण जलाधार क्षेत्रमा स्मेकको एकछत्र अधिकार कायम हुनेछ । नेपालीले कुनै आयोजना संचालन गर्नु पऱ्यो भने स्मेकलाई रिझाउनु वा मूल्य चुक्ता गर्नुपर्ने हुनेछ । यसबाट स्पष्ट रूपमा बझाङ, डोटी र डडेलधुराका जनताको जीवनमा ठूलो असर पार्नेछ । विकासका लागि आफ्नै देशको प्राकृतिक स्रोतमाथि त्यहाँका सार्वभौम जनताको हक भोग र नियन्त्रण कायम रहने छैन । बाँध उता भारतले चाहिं बिना कुनै मूल्य हाम्रो देशमा बनेको जलाशयबाट बहेको पानी नियमित मात्रामा प्रयोग गर्न पाउने स्थिति हुनेछ । यो एउटा गजबको विरोधाभाष भएन ?

यो संझौता हेर्दा यस्तो देखिन्छ- भारत सरकारले नेपालका जनता र संसदसित कुनै सम्बन्ध र सरोकार नै राख्नु नपर्ने गरी हाम्रो बहुमूल्य जलस्रोत हात लगाउने काम गरेको छ, त्यो पनि सित्तैमा ।

जलस्रोतको बाँडफाँडका कुनै पनि सवालमा नेपालको नयाँ संविधानअनुसार, नेपालको सार्वभौम संसदको सरोकारको विषय हो । यसमा संविधानको धारा १२६ आकृष्ट हुन्छ । तर नेपालको सरकारले यो सम्झौतामा संसदलाई सिधै बाइपास गरेको देखिन्छ । र, गुपचुप नै जालसाजी गरेर नेपालको बहुमूल्य प्राकृतिक स्रोत सित्तैमा विदेशीको हातमा सुम्पन लागेको देखिन्छ ।

नेपालको बहुमूल्य प्राकृतिक स्रोतमाथि सरकार अलिकता पनि गम्भीर थियो भने- खै त यो विदेशीको हात सुम्पनुअघि यसबारे संसदभित्र र बाहिर पनि देशव्यापी प्रजातान्त्रिक बहस गराइएको ? भारतलाई यति धेरै प्रत्यक्ष लाभ पुग्ने आयोजनाको समझदारी पत्रमा हस्ताक्षर गर्दा त्यो लाभ प्राप्तकर्ता भारतलाई खै त यसमा सामेल गराइएको ? यस आयोजनाबाट भारतलाई सिंचाई, खानेपानी र बाढी नियन्त्रणमा जे जति लाभ पुग्छ, त्यसको मूर्त र पारदर्शी हिसाब किताब खै त भएको ? र, लाभको अनुपातको आधारमा यो आयोजनाको खर्चमा भारतको पनि हिस्सेदारीको खै त पहिले नै ग्यारेन्टी गरिएको ?

सर्वप्रथम यो योजना स्मेकलाई यसरी सुम्पनु हुने आयोजना हो कि होइन ? त्यसकै बारेमा राष्ट्रिय बहस हुनुपर्छ । हैन, नाफादायक भनेर सुम्पने नै टुङ्गो

लाग्यो भने पनि सिंचाई, खानेपानी र बाढी रोकथामवापत यसबाट जति लाभ भारतलाई हुन जान्छ, त्यसको हिसाब गरिनुपर्छ र त्यो लाभको रकम भारतले हामीसंग बाँड्नु पर्ने स्थिति ल्याउनु पर्दछ । अहिले त्यसको कुनै हिसाब नै भएको छैन । हामी कसरी यसमा मोलतोल गर्न सक्छौं ? नत्र हामी डुबानको खर्च व्यहोर्ने, भारतले लाभ पाउने हुन्छ ।

पश्चिम सेती परियोजना निकै सस्तो मध्यमस्तरीय परियोजना हो । यसबाट अरूण तेस्रोभन्दा झण्डै दोब्बर क्षमताको उर्जा उपलब्ध हुन्छ र त्यहाँको जलाशयबाट त्यति ठूलो भू-भाग नियमित रूपमा सिंचाईसमेत हुन्छ । तर यसको खर्च भने अरूणको आधा मात्रै छ । अर्थात्, ४८.२ करोड डलर मात्रै । जबकि, अरूणको लागत खर्च १०८ करोड डलर थियो । यसबाट निक्लने बिजुलीको उत्पादन मोल प्रति यूनीट २.८ सेण्टदेखि ३.२ सेन्ट मात्रै देखिन्छ । फेरि यसको विस्तृत अध्ययन नेपाललाई फ्रान्सको अनुदानबाटै भइसकेको पनि छ । अर्को प्रश्न के छ भने- यति सस्तो र डी.पी.आर. समेत बनिसकेको परियोजना नेपाल आफैंले नगरी स्मेकलाई किन दिइँदैछ ? किन यो परियोजना भारतको निम्ति छुट्याइँदैछ ? यस्तो मध्यमस्तरीय जलाशययुक्त योजना त अहिले नेपालको लागि नै आवश्यक भइसक्यो । यो आवश्यकतामाथि किन आँखा चिम्लने काम भइरहेछ ? यो भारतलाई सुम्पेपछि हाम्रो लागि उपयुक्त जलाशययुक्त आयोजना अर्को कुन त ?

नेपालले तत्काल यो आयोजनामा हात हाल्न पैसा छैन भने त्यो खोज्न थाल्नु पर्दछ । सुनिन्छ- नेपालको आर्मी र संचयकोषसंग ५-७ अरब, ५-७ अरब पैसा उत्तिकै पडिरहेको छ अरे ! के हामी आफैंले यी यस्ता स्रोत खोजेर यस्तो सस्तो आयोजना स्वयं गर्नु जरूरी छैन ? वा त्यो तत्काल भएन भने दुई चार वर्ष तयारीको लागि पर्खनु जरूरी छैन ?

यति लाभदायक आयोजनालाई खालि १०% विजुली पाउने र त्यो पनि स्मेकले चाहेमा त्यसको सट्टा पैसा नै दिने शर्तमा स्मेकलाई सुम्पने काम भएको छ । अझ भनिन्छ, स्मेकले सरकारसित १५ वर्षसम्म कुनै कर तिर्नु नपर्ने सहुलियत पनि मागेको छ । सरकारले यसमा हरियो बत्ती देखाइसकेको पनि चर्चा छ । आपत्ति यसमा के भने- यी सबबाट SMEC र भारत त बेस्सरी मोटाउँला तर नेपाललाई यसबाट फाइदा के ? गाउँका गाउँ उठिबास गराएर, फाँटका फाँट डुबाएर नोक्सानी नै नोक्सानीसिवाय यसबाट नेपाललाई हात लाग्छ के ?

यो आयोजनाबारे सन् १९९४ मा प्रधानमन्त्री गिरिजाकै पालामा स्मेकसित सरकारको समझदारीपत्रमा हस्ताक्षर भइसकेको थियो । त्यो समझदारीपत्रअनुसार, स्मेकले यो आयोजनाको विस्तृत इंजिनियरिङ रिपोर्ट, वातावरणीय र सामाजिक असरको अध्ययन एक वर्षभित्र तयार पारिसक्नु पर्ने थियो । तर स्मेकले त्यो शर्त पालना गरेन । फेरि सरकारले एक वर्ष थप्यो, स्मेकले पुन: त्यो पनि उल्लंघन गऱ्यो । सुनिन्छ, स्मेकसित अहिलेसम्म कुनै वित्तीय योजनासमेत छैन अरे ! समझदारीपत्र उल्लंघन गरेपछि सरकारले निश्चितै रूपमा स्मेकलाई दण्डित गर्न सक्नुपर्ने हो । ऊ विश्वसनीय पार्टी नभएकाले ऊसित संबन्ध तोड्न सक्नुपर्ने हो । तर सरकारले यी दुवै कुरा गरेको देखिएन । उल्टो, उही पार्टीलाई परियोजना सुम्पेर पुरस्कृत गर्ने काम मात्र गरियो । यसरी स्मेकलाई सरकारले ज्वाइँ रिझाए झैं रिझाउन खोज्नुको पछाडि के रहस्य छ ? किन हामीले स्मेकको यति धेरै चाकडी गर्नुपर्ने हो ?

पश्चिम सेतीमा ३६० मेगावाट बिजुली निकाल्दा २२० मिटर अग्लो बाँध बनाउनु पर्ने शुरू अनुमान गरिएको थियो । तर अहिले ७५० मेगावाट विजुली निकाल्ने योजना हुँदैछ । के यो 'बाँधको उचाई बढाएर र तदनुरूप डुबान क्षेत्र बढाएर संभव पारिँदैछ वा उत्पादन समय घटाएर ? केही थाहा छैन । पहिलेको अनुमानअनुसार- धुनगढ, थलरा, लेखाम र देउराजस्ता गाउँहरू डुबानमा पर्ने निश्चित देखिएका छन् । तर भनिन्छ, संझौतामा जलाशयबाट उठिबास हुने यी गाउँहरूको कहाँ, कसरी कसको खर्चमा पुनर्वास हुनेबारे केही उल्लेख छैन । के स्मेकले नाफा मात्रै हसुर्ने र यसको खर्च सरकारले व्यहोर्नुपर्ने हो ? यो प्रश्न अहिलेसम्म पनि अनुत्तरित नै छ । संझौताको अर्को अँध्यारो पक्ष यो पनि हो ।

गम्भीर कुरो के पनि छ भने, स्मेक कुनै वित्तीय कम्पनी होइन, न त यो उर्जा कम्पनी हो, न यो विद्युत आयोजना निर्माण गर्ने कम्पनी नै हो । योसित लगानी गर्ने कुनै वित्तीय पूँजी पनि आफैंसित छैन । यो त सिर्फ एउटा कन्सल्टिङ फर्म मात्रै हो- इष्ट कन्सल्ट जस्तै । अत: यसले यो योजना आफैंले बनाउनै सक्दैन । यसले अरूलाई यो आयोजना बेचेर त्यसको दलाली भाडा मात्र खाने हो । यस्तो बेसरोकार र गैर जिम्मेवार फर्मसित नेपालको सरकारले किन पश्चिम सेतीको सम्झौता गर्दैछ ? यो बुझिनसक्नु कुरो भएको छ । कतै यसमा दलाली भाडाकै खेल त लुकेको छैन ? नत्र यो निश्चित छ- यसको लाइसेन्स स्मेकले प्राप्त गऱ्यो भने यसलाई उसले अर्को कुनै वित्तीय लगानीकर्तालाई बेच्ने छ । त्यसवापत बसी बसी बीचैमा नाफा खानेछ । नेपालको भोटेकोशी योजना अमेरिकी हर्जा कम्पनीले पंडा कम्पनीलाई बेचेजस्तो ।

अघि नै भनियो- पश्चिम सेती त्यस्तो आयोजना हो, जसको विस्तृत परियोजना प्रतिवेदन फ्रान्सको अनुदानमा बनिसकेको छ । यो अनुदान त नेपालको नाममा प्राप्त राष्ट्रिय सम्पत्ति हो । यो सम्पत्तिलाई हामीले बिना कुनै मूल्यमा स्मेक वा भारतको हातमा सुम्पने नै किन ? के यो सरासर राष्ट्रिय नोक्सानी होइन ?

त्यसैले, चूरो कुरो के हो भने, पश्चिम सेती स्मेकलाई सुम्पनुको कुनै तूक छैन । यो उसलाई वा भारतलाई सुम्पनु हुने आयोजना नै होइन । यो केहीपछि नेपाल आफैंले आँट्नु पर्ने र सम्पन्न गर्नुपर्ने सानो आयोजना हो । तर यो आयोजना बन्नअघि यसको पानी प्रयोग गर्न सक्ने संरचना नै कर्णालीमा पहिले बन्नु पर्दछ । त्यो बिना यसको पानी सिंचाईको लागि प्रयोगमा आउन नै सम्भव हुँदैन । यसको विजुली भारत निर्यात गर्ने होइन, यसलाई नेपालको दश वर्ष उताको पीक समयको निम्ति निकै उपयुक्त जलाशययुक्त आयोजनाको रूपमा हेरिनु पर्दछ । एउटा महत्वपूर्ण ड्यामसाइट एकचोटि गलत ढंगले प्रयोग भयो भने, त्यो सदाको लागि हाम्रो हातबाट जान्छ । त्यसलाई फेरि अर्को ढंगबाट प्रयोग गर्न सम्भव हुँदैन । त्यसैले, यो ड्यामसाइटलाई हामीले राष्ट्रको दीर्घकालीन हितको लागि बचाउनु पर्दछ ।

सेती नदीसंबन्धी संझौता नेपालको प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी सम्झौता हो । यो नेपालको भविष्यलाई व्यापक, दीर्घकालीन र गंभीर रूपले असर गर्ने सम्झौता हो । त्यसैले, यसमा संविधानको धारा १२६ आकृष्ट हुन्छ । यो सम्झौता सरकारले मात्र गरेर पुग्दैन, संसदमा पनि यो विचारार्थ पेश गरिनु पर्दछ ।

वर्तमान सम्झौताले प्रष्टै देखाएको छ- नेपालका सबै ठूला सत्तारूढ पार्टीहरू नेपालको जलस्रोतको विकासको मामलामा गैर जिम्मेवार, हचुवा र अस्पष्ट छन् । त्यसमा अहिले एमाले पनि मिसिएको छ । नेपालको पानी उत्तिकै बग्दैछ । त्यसैले यो थोरै भाडा वा पैसा पाए पनि किन नबेच्ने ? यस्तो दलाली भाडा खाएर देश विकास गर्ने सोच सबै प्रमुख पार्टीमा व्याप्त छ । त्यसमाथि थप, कुर्सी स्वार्थको लागि जे गरेपनि विदेशी शासक खुसी पार्ने जंगबहादुर मनोवृत्ति र कमिशन स्वार्थले समस्यालाई अरू जटील बनाइदिएको छ । सम्भावना के पनि छ भने, सेतीको यो सम्झौता एनरोल कम्पनीको लागि कर्णाली यही शैलीमा आफ्नो हातमा पार्ने नजीर पनि हुन जान सक्छ । उसले पनि यिनै शर्तमा कर्णाली आयोजना माग्यो भने नेपालले के गर्ने ? त्यो पनि सुम्पने ?

अहिले पश्चिम सेतीबारे सरकारले जुन कदम चालेको छ, त्यसले नेपालको गम्भीर भविष्यको संकेत दिएको छ । त्यो के भने- नेपालको शासन चलाउने अभिभारा पाएकाहरू नै नेपालको प्राकृतिक स्रोतबारे सबभन्दा लापरवाह देखिएका छन् । जनताले आ-आफ्नो ठाउँबाट जबरजस्त आवाज नउठाउने हो भने, आउँदो पाँच-दश वर्षभित्रैमा नेपालको सरकारले मुलुकका बहुमूल्य प्राकृतिक स्रोत कसैनकसैको जिम्मा लगाइसक्नेछ । नेपालसंग भविष्यमा चलखेल गर्नका लागि कुनै जलस्रोत बाँकी रहनेछैन ।

**तथ्य-तथ्याङ्क स्रोत:**

- ☐ *इन्जीनियर दीपक ज्ञवाली र अजय दीक्षित*
- ☐ *डा. हरिमान श्रेष्ठको विचार (राष्ट्रिय सरोकार समाजद्वारा आयोजित अन्तर्क्रियामा)*

## पश्चिम सेती आयोजना: एक परिचय

- परियोजना स्थल: डँडेलधुरा र डोटी जिल्लाबीच सीमाना रहेको सेती नदीमा भत्काँडा-दीपायल राजमार्गको करीब १५ कि.मि. उत्तरमा
- विद्युत शक्ति : ३६० मेगावाट (हाल त्यसलाई ७५० मेगावाट पार्न लागिएको )
- वार्षिक उर्जा : २४३७ गिगावाट घण्टा
- बाँधको उँचाइ (सतहबाट): १८७ मिटर
- लागत खर्च: ११४ करोड डलर- ३६० मेगावाट निकाल्दा । ४८.२ करोड डलर/७५० मेगावाट निकाल्दा ।
- जलाशय क्षेत्रफल: २७५० हेक्टर
- जलाशय लम्बाइ : २९ किलोमिटर
- जलाशयमा मुल पानीको संचय: १६०.४ करोड घनमिटर
- डुबान क्षेत्र : २८३४ हेक्टर
- डुबानमा पर्ने गाउँहरु: धुनगढ, थलरा, लेखाम, देउरा
- विस्थापित हुने जनसंख्या: ५००० भन्दा बढी
- पानी उत्पादन-बाँधबाट: ९० हजार लिटर प्रति सेकेण्ड
- सिंचाई हुन सक्ने : करीब ९० हजार हेक्टर जमीन
- लागत/लगानी अनुपात: २.९७

*स्रोत: Sogreah द्वारा १९९१ मा तयार गरिएको आयोजनाको विस्तृत संभाव्यता अध्ययन प्रतिवेदन*

# नेपाली कम्युनिष्ट आन्दोलनका कमजोरी र त्रुटीहरू

❑ २००६ सालमा स्थापित नेपाल कम्युनिष्ट पार्टीलाई नै नेपाली कम्युनिष्ट आन्दोलनको शुरूवातको बिन्दु मान्न सकिन्छ। उक्त कम्युनिष्ट पार्टीबाट टुट्दै र फुट्दै आज करीब १ दर्जन जति कम्युनिष्ट पार्टीहरू अस्तित्वमा रहेका छन्। तीमध्ये कतिपय नाम मात्रका कम्युनिष्ट छन् भने कतिपय कम्युनिष्ट आन्दोलनकै वरपरि ढुलमुलाइरहेका छन्। आज पनि नेपालको कम्युनिष्ट आन्दोलनमा काफी त्रुटी र कमजोरीहरू छन्, जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

◆ स्थापना कालदेखि लामो समयसम्म मार्ग निर्देशक सिद्धान्त, वर्ग विश्लेषण तथा मित्र र दुश्मन शक्तिको पहिचान स्पष्ट रूपमा गर्न नसक्नु।



◆ तेस्रो महाधिवेशनदेखि अगाडि प्रायः पार्टीमा दक्षिणपन्थी नेतृत्व हावी हुनु, साथै उक्त महाधिवेशनपछि विभिन्न गुट उपगुटको निर्माण गरिनु।

◆ सानातिना व्यक्तिगत मतभेदको कारण पनि गुटबन्दी गरी अर्को पार्टी खोलिनु र कम्युनिष्ट आन्दोलनलाई टुक्र्याउनु।

◆ कतिपय पार्टीहरूले आत्मगत र वस्तुगत स्थिति तयार नभई आफूलाई हिंसात्मक आन्दोलनमा लगाउनु। (जस्तैः झापा विद्रोह, वर्तमान माओवादी जनयुद्ध)

◆ साझा सवालमा कार्यगत एकताको सट्टा आपसमै अस्तित्व समाप्त गर्नपट्टि लाग्नु।

◆ पार्टीहरूका कार्यकर्ताको वर्गीय दृष्टिकोण अस्पष्ट हुनु। साथै, अध्ययन र अनुशासनको कमी।


◆ कतिपय पार्टीहरूले आफूमा सर्वहारा अधिनायकवादलाई कायम राख्नुको सट्टा मध्यम र उच्च वर्गलाई हावी बनाउनु एवं पार्टीलाई संशोधनवादी भासमा भसाउनु।

◆ समग्र कम्युनिष्ट आन्दोलनको हितलाई छोडी गुटगत स्वार्थमा लाग्नु।

◆ एकीकृत एवं सशक्त आन्दोलनको अभावका साथै एक पक्षबाट आयोजित कार्यक्रमलाई अर्को पक्षबाट सहयोग नगर्नु।

**—कृष्ण भण्डारी**
धनकुटा बहुमुखी क्याम्पस
वि.एड. प्रथम वर्ष, धनकुटा

❑ नेपाली कम्युनिष्ट आन्दोलनले ४ दशक समय पार गरिसकेको छ। एउटा कम्युनिष्ट पार्टीको ठाउँमा हाल आएर च्याउसरी प्रशस्त कम्युनिष्ट पार्टी उम्रेका छन्। प्रजातन्त्रको आगमनपश्चात कम्युनिष्ट पार्टीहरूभित्र भएको अप्रजातान्त्रिक मण्डले चरित्रको घुसपैठका कारण कम्युनिष्ट नेताहरू तथा कार्यकर्ताहरूमा निजी स्वार्थ, सुख सयल तथा सत्तालिप्सा बढेको छ। नेपालको सबभन्दा ठूलो कम्युनिष्ट पार्टी एमालेभित्र हाल देखिएको सत्तालिप्साका कारण पंचायती तानाशाहलाई अगाडि लगाएर सत्तामा जानु कम्युनिष्ट आन्दोलनको मुख्य कमजोरी हो। त्यति ठूलो जनाधार नभई जनयुद्ध जस्तो महान कार्य थाली हाल्नु माओवादीहरूको पनि मुख्य कमजोरी मान्नुपर्छ, जसका कारण सैयौं गरीब नेपालीहरू मारिएका छन्। विगतमा भएका दुई वटा संसदीय निर्वाचनमा कम्युनिष्ट पार्टीहरू एक भएर जान सकेको भए कमसेकम बहुमत प्राप्त गर्ने निश्चित थियो भने संसदबाटै भएपनि केही हदसम्म नेपाली जनताले राहतको महसुस गर्न सक्थे। यद्यपि मार्क्सवादी दृष्टिकोण अनुसार संसदीय व्यवस्थामा जनताका आकांक्षा पूरा हुन सक्दैनन्। एउटै साझा लक्ष्य भएका कम्युनिष्ट पार्टीमा भएका फूटका कारण 'भाइ फुटे गँवार लुटे'बाट फाइदा उठाई साम्राज्यवादी अप्रजातान्त्रिक शक्तिले कहिल्यै कम्युनिष्ट पार्टीहरूलाई अगाडि आउन दिने छैनन्।



कम्युनिष्ट नेता तथा पार्टीहरूले आफ्नो पूरानो संघर्ष र बलिदानलाई नबिर्सिकन सत्तालिप्सा, सुख सयललाई टाढै छोड्नु पर्ने टड्कारो आवश्यकता देखिन्छ।

**—मदन पौडेल**
लालगढ-८, धनुषा


❑ असंख्य उतारचढाव र उकाली ओरालीहरू पार गर्दै विभिन्न समूहमा विभाजित भएर पनि देशको शक्तिशाली प्रभावको रूपमा स्थापित नेपाली कम्युनिष्ट आन्दोलनप्रति जनताको अपार माया, भरोसा, विश्वास र दृढ समर्थन रहेको छ।

तथापि, विभिन्न गुट, उपगुटमा विभक्त कम्युनिष्ट पार्टीहरू भने जनताको यो आकांक्षालाई तिलाञ्जली दिन उद्दत देखिन्छन्। जानेरै वा नजानेरै यस आन्दोलनप्रति गम्भीर मतभेदहरू सृजना गर्ने, जनताको मनोभावलाई उपेक्षा गर्ने, आपसी अहंकार र वैमनस्यताका पहाडहरू खडा गर्दै आफ्नो वर्ग स्वार्थबाट नै च्यूत हुने घातक प्रवृत्ति केही समय यता प्रबल रूपमा बढिरहेको छ।

मार्क्सवादका हरेक विशिष्टताहरूलाई आपसी छलफल, आलोचना, आत्मालोचना, अन्तर्क्रियाको सौहार्दपूर्ण वातावरणबाट समाधान गर्नुको बदला आ-आफ्नै गुट संकीर्णता र निम्नपूँजीवादी अधैर्यता र भावुकतामा रूमल्लिने काम भइरहेको छ। यस आन्दोलनको लंगौटी भिरेर विरोधी वर्गसंग छाँद हाली देश, जनता र राष्ट्रमाथि नै हेमानको विश्वासघाती तरबार नचाउन पुग्नुलाई गंभीर विकृति नै मान्नु पर्छ।

सही नियतले कमजोरी पक्ष स्वीकार्दै आगामी कार्यक्रमको खाका तयार गर्ने, इतिहासको गम्भीर अध्ययन गर्ने कामलाई गौण तुल्याई समग्र आन्दोलनभित्र व्यक्तिगत पहुँच र प्रतिष्ठा जोगउने धृष्ठता चौतर्फी भइरहेको छ। अर्काको आङ्मा हिलो छ्यापेर विरोधको लागि विरोध गर्ने प्रवृत्तिले कार्यदिशा, कार्यनीति र रणनीतिलाई नै ओझेलमा पारेको भान जनानसमा बढिरहेको छ।

व्यक्ति नै उन्नत संस्कृतिको निर्माण गर्नुको बदला पराधीन, पूँजीवादी संस्कृतिलाई नै टेवा दिने काम भइरहेको छ। सत्तालिप्साको कारण जनहत्यारा, खुँखार तत्वलाई पनि रातारात 'बेहुली' बनाउने र पार्टीभित्र हुल्ने काम भइरहेको छ। संसद उपयोग गरी गर्न सकिने सुधारलाई पनि पूर्णतया निषेध गर्ने 'अति' एकातिर छ भने अर्कोतिरबाट जसरी, तसरी सत्तामा पुगेर साम्राज्यवाद, विस्तारवाद र राजतन्त्र छेउ लम्पसार पर्दै कम्युनिष्ट आन्दोलनलाई नै प्रतिक्रियावादीको चाकडीमा पुर्‍याउने दुस्साहास भइरहेको छ।



आन्दोलनभित्र भिन्नमत राख्नेहरूलाई भन्दा वर्ग शत्रुलाई मैत्रीपूर्ण व्यवहार गर्नु, वस्तुगत पक्ष र आत्मगत पक्षबीचको अन्योन्याश्रित सम्बन्धमा ख्याल नगर्नु, दूरगामी असरको ख्याल नगरी क्षणिक हैसियत जमाउने धृष्ठता गर्नु, कम बलिदानबाट बढी उपलब्धी हात लाग्ने सम्भावनालाई नकारी आफू कथित 'बलिदान' को बाटो हिँडिरहेको देखाउन खोज्नु, व्यापक अन्तर्क्रियाको अभाव देखिनु, व्यक्तिलाई आन्दोलनभन्दा माथि राखेर अति मूल्यांकन गर्नुजस्ता समग्र मूलभूत त्रुटीहरू नै नेपाली कम्युनिष्ट आन्दोलनका दुर्बल पक्षहरू हुन्।

**—विणाराम खड्का 'विद्रोही'**
खलंगा ६ सोलाबाङ,
साउनेपानी, रूकुम,

❑ वि.स. २००६ सालमा जनताको मुक्तिको मूलभूत उद्देश्य राखेर गठन भएको नेपाल कम्युनिष्ट पार्टी आफ्नो उक्त उद्देश्यमा सफल भइसक्ने अवस्थामा पनि विभिन्न गुट उपगुटहरूमा विभाजित हुनुले नेपाली जनता र कम्युनिष्ट पार्टीप्रति आस्था राख्ने जोसुकैलाई पनि अवश्य दुखित तुल्याएको छ। नेपाली कम्युनिष्ट आन्दोलनको यो लामो अन्तरालमा विभिन्न उतार चढावहरू आएका छन्। देशको राजनैतिक परिस्थिति, जनताको चेतनास्तर र अन्तराष्ट्रिय परिस्थिति जस्ता कम्युनिष्ट पार्टी र यसको आन्दोलनको लागि अति आवश्यक परिस्थितिजन्य कुराहरूलाई ख्यालै नगरी कि निकै घोर दक्षिणपन्थी दिशातिर, कि त उग्रवामपन्थी दिशातिर नेपालको कम्युनिष्ट आन्दोलन गुज्रिरहेको छ।

विभाजित पार्टीहरूलाई एकीकृत गर्ने अभियानमा वैचारिक संघर्षतिर जानुको सट्टा नयाँ गुट उपगुटहरू निर्माण गर्नु र पार्टीलाई आफ्नो पेवा सम्झने नेताहरूको क्रियाकलाप पनि नेपाली कम्युनिष्ट आन्दोलनमा देखिएका छन्।

अर्कोतिर, कम्युनिष्ट पार्टीको झुण्डामुनि पनि संवैधानिक राजतन्त्र अटाउने, विश्वमै बदनाम भइसकेको कथित पूँजीवादी संसदीय व्यवस्थालाई मजबूत पार्दै लैजाने र विस्तारवादी, साम्राज्यवादी नीतिद्वारा लादिएका सन्धि सम्झौता र आयोजनाहरूलाई सहर्ष स्वीकार गर्नुका साथै मार्क्सवादको समय-सापेक्ष व्याख्या हुनु पर्दछ भन्ने नाममा केही कम्युनिष्ट पार्टीहरूले लिएको घोर दक्षिणपन्थी कृयाकलापले गर्दा कम्युनिष्ट पार्टीप्रति आस्था र विश्वास राख्ने जो कोहीलाई पनि निराशाले छोएको छ। यो कम्युनिष्ट आन्दोलनप्रतिको ठूलो विश्वासघात हो।

त्यस्तै, कम्युनिष्ट पार्टीका आधारभूत सिद्धान्तलाई मान्ने पार्टीहरूले पनि आफ्नो वैचारिक स्पष्टता देखाउन सकिरहेका छैनन् र 'एकता' फोवियाबाट उनीहरू बारम्बार ग्रसित भएका छन्। जनवादी केन्द्रीयताको स्पष्ट व्याख्या, परिस्थितिजन्य कुराहरूको सही मूल्यांकन, जनआन्दोलन र संगठन निर्माणजस्ता कुराहरूबाट उनीहरू बाहिरिन पुगेका छन्। वर्गीय मित्र र भाइचाराको सम्बन्धलाई यथार्थ र सही रूपमा नलिई बरू शत्रु उँभो लागे लागोस्, मित्र अघि नबढोस् भन्ने पूर्वाग्रही सोचबाट मुक्त नहुनु, पार्टीभित्र नोकरशाही तन्त्रको विकास हुनु, सही र सक्षम कार्यकर्तालाई पार्टीबाट किनारा लगाउन खोज्ने, सत्ता प्राप्तिको लागि जस्तोसुकै कार्य गर्न पनि पछि नहट्नु र नेता र कार्यकर्ताहरूमा अनुशासनको पालना नहुनु नेपालका प्रायः कम्युनिष्ट पार्टीका कृयाकलापहरूमा हुँदै आएका मूलभूत त्रुटीहरू हुन्।

**—हिमाल आचार्य**
दाङवाङ प्यूठान,हाल: रोल्पा

**आगामी अंकको लागि**

"के कम्युनिष्ट पार्टीको ढोका सबैको लागि खुला गर्नु ठीक हुन्छ ?"

**यस विषयमा आफ्नो विचार २०० शब्दमा नबढाई असार १२ गतेसम्म प्राप्त हुने गरी पठाउनु होला। छानिएका विचार हरु प्रकाशित गरिनेछन्।**

५ पेजको बाँकी

### कारणहरु

प्रश्न उठ्छ, यस्तो किन भयो त ? थुप्रै कारणहरू एकै चोटि एकै ठाउँमा मिसिन आएर यस्तो भएको देखिएको छ। त्यसमध्ये पहिलो र प्रमुख कारण हो- बहुदलपछिको ६ वर्षे कांग्रेसी शासनबाट जनतामा नेपाली कांग्रेसप्रति पैदा भएको चर्को वितृष्णा वा विकर्षण। र, त्यो विकर्षण मैदानमा अर्को विकल्पको अभावको कारणले एमालेप्रतिको आकर्षणमा फेरिको हो। नेपाली जनताले यतिखेर एमालेमा कांग्रेसको विकल्प खोजेका हुन्। नौ महिने शासनकालमा एमालेले कांग्रेसको तुलनामा गरेका केही थोरै सुधारवादी कामहरूले पनि एमालेप्रति जनताको आशा र आकर्षण बढेको हो।

दोस्रो कारण हो- एमालेले वर्ग परिवर्तन गरेर मध्यम वर्ग र निम्न पूँजीवादी वर्गको स्वार्थ र भावनाको प्रतिनिधित्व गर्न थाल्नु। नेपालमा लगभग ७० प्रतिशत जनसंख्या निम्न पूँजीपति वर्गका छन्। लगभग २० प्रतिशत जनता मध्यम वर्गका छन्। यी दुवै वर्गको भावनाको प्रतिनिधित्व गर्ने शक्ति अब एमाले भएर निस्केको छ र एमालेको नेतृत्व आफैं गएको सात वर्षमा मध्यम वर्गमा रूपान्तरित भएको छ। अर्कोतिर, एमाले सत्तामा थोरै समय मात्र हुनाले र कम्युनिष्ट पार्टीको नाम अझै कायम हुनाले श्रमिक वर्गका जनताको पनि एमालेप्रतिको आशा र भ्रम पूरै टुटिसकेको छैन। यो कारणले एमालेमा यतिखेर आएर यी सबै वर्गका स्वार्थ र सपनाहरू गुजुल्टिन पुगेका छन् र स्थानीय चुनावमार्फत् त्यो बाहिर मुखरित भएको छ।

तेस्रो कारण- एमालेको संगठनात्मक व्यापकता हो र संगठन कुशलता हो, जुन अरू सबैको भन्दा यतिखेर ठूलो र उच्च देखिएको छ। थुप्रै पार्टीहरू यो पाँच वर्षको बीचमा चोइटिएर एमालेमा गएर मिलेका छन्। यसको निम्ति एमालेको संगठनको ढोका पनि यति ठूलो पारिएको छ कि, त्यहाँ अहिले जो पनि छिर्न र अटाउन सक्छ। प्रगतिशीलदेखि प्रतिगामी तत्त्वसम्म, मोहनचन्द्रदेखि मोतीप्रसाद पहाडीसम्म पनि एमालेमा प्रवेश गर्न र अटाउन सक्छन्। एमाले यतिखेर पार्टी कम, चौतारा बेसी भएको छ।

चौथो कारण हो- एमाले सरकारमा हुनु र सत्तालाई चुनावी हितमा व्यापक मात्रामा प्रयोग गर्नु।

पाँचौं, एमालेको चुनाव जित्न 'जे पनि गर्ने' कार्यनीति। यो कार्यनीतिको कारणले कानूनी-गैरकानूनी, नैतिक-अनैतिक, जायज-नाजायज, सबै शक्ति, स्रोत र उपायहरू यो चुनावमा व्यापक पैमानामा प्रयोग भएको देखिएको छ। यस पटकको चुनाव लड्ने तरिकामा

## स्थानीय चुनावमा अन्य वामपार्टीहरुको स्थिति

### नेकपा मसालले कहाँ कति हासिल गऱ्यो ?

| | |
|---|---|
| बाग्लुङ | ८६० स्थान |
| अर्घाखाँची | १७६ स्थान |
| प्यूठान | ७०० स्थान |
| गुल्मी | २२ स्थान |
| ललितपुर | ६ स्थान |
| दाङ तुल्सीपुर | १० स्थान |
| कपिलबस्तु | ४ स्थान |
| जम्मा | १७७८ स्थान |

स्रोत: सांसद नवराज सुवेदी

### स्थानीय निर्वाचनमा नेमकिपाले कहाँ कति हासिल गऱ्यो ?


| | |
|---|---|
| जुम्ला | २२२ स्थान |
| कालिकोट | ६१ स्थान |
| दैलेख | ११५ स्थान |
| काभ्रे | १० स्थान |
| भक्तपुर | ३९ स्थान |
| (नगरपालिकाको नतिजा आउन बाँकी) | |
| काठमाडौं | ४७ स्थान |
| जम्मा | ४९४ स्थान |

स्रोत: ने.म.कि.पा. केन्द्रीय कार्यालय

### संजमो, नेपालले कहाँ कति हासिल गऱ्यो ?

- सर्लाही: शंकरपुर गाविसमा ४६ सिट
  कमैया गाविसमा : अध्यक्ष उपाध्यक्ष सहित बहुमत
- सिराहामा: असनपुर गाविसमा: अध्यक्ष उपाध्यक्षसहित २२ सिट
  हनुमाननगर, अयोध्यानगर र चन्द्रलालपुरमा: अध्यक्ष सहित बहुमत
  जमदह गाविसमा: अध्यक्ष सहित ४७ सिट
- रामेछापमा: वेथान गाविसमा: अध्यक्ष उपाध्यक्षसहित २२ सिट
  लखनपुरमा: १२ सिट
- काभ्रे : बनेपा नगरपालिकामा: ७ सिट
  धुलिखेल: ३ सिट
- मकवानपुर: दामन गाविसमा: अध्यक्ष उपाध्यक्षसहित बहुमत
- सिंधुली: कल्पबृक्ष गाविसमा: अध्यक्षसहित बहुमत
  डाडी गुराँसे गाविसमा: अध्यक्ष


स्रोत: लीलामणि पोखरेल, संजमोका महासचिव


अब पाईप जगतमा नयाँ उत्साह !
नयाँ उदय - विश्वासको साथ !

मुक्तेश्वर P. V. C. पाईप

शहरदेखि गाउँसम्म सर्वत्र उपलब्ध छ !



**मुक्तेश्वर पाईप नै किन ?**

- मुक्तेश्वर रिजिड पि.भि.सी. पाईप जि.आई. पाईपको तुलनामा किफायती तथा सस्तो पर्दछ।
- हलुङ्गो भएकोले ओसार-पसारमा सुविधाको साथै ढुवानी खर्च कम पर्दछ।
- यसमा फलामे पाइपमा जस्तो खिया लाग्दैन।
- जडान खर्च तथा ज्याला कम पर्दछ।
- भित्र-बाहिर चिप्लो हुने भएकोले बहाव शक्ति बढी हुन्छ।
- कुनै पनि किसिमको रसायनले यसलाई असर पार्दैन।
- भवनहरूको निकास प्रणालीमा लगाउँदा सुन्दर देखिन्छ।
- चुहावट हुने जोखिम प्रतिशत कम छ।
- यसको टिकाउपन लामो अवधिको हुन्छ।
- यो पूर्णतया स्वास्थ्यप्रद छ।

सधैं सम्झनुहोस्

**मुक्तेश्वर पाईप ई.प्रा.लि.**

(चिराग उद्योग समूह)

पो.ब.नं. ११४९१, पुतलीसडक
फोन नं.: ४२०७७३
फ्याक्स: ४२१९४५

**उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं !**

# घटना र प्रवृत्ति

## अब एमाले एक्लैले जिविस बनाउने सुनिश्चित भइसकेको जिल्लाहरु

| जिल्लाहरु | कूल पद | एमाललेले पाएको पदसंख्या | पहिले कसको बाहुल्य ? | अहिले पाएको पद संख्या |
|---|---|---|---|---|
| **पश्चिमाञ्चल** | | | | |
| १. कास्की | २१९० | १२८३ | ने.कां. | ७२० |
| २. गुल्मी | ३७१३ | २१४८ | " | |
| ३. पाल्पा | ३१३२ | १९७२ | " | १४०६ |
| ४. अर्घाखाँची | १९७४ | ११६६ | " | ५२२ |
| ५. म्याग्दी | १८८० | १०४८ | " | ३५२ |
| ६. पर्वत | २५८५ | १४३० | " | ७४४ |
| **मध्यपश्चिमाञ्चल** | | | | |
| १. दाङ | १९४७ | ११८२ | ने.कां.को | ५६५ |
| २. मुगु | ११२८ | ८२१ | " | २७६ |
| ३. दैलेख | २६३२ | १५१९ | " | ८४५ |
| ४. सुर्खेत | २४१२ | १४५२ | " | ७६१ |
| ५. वर्दिया | १५२९ | ८५२ | " | ४५७ |
| **सुदूर पश्चिमाञ्चल** | | | | |
| १. बाजुरा | १२६९ | ७५४ | ने.कां.को | ३६३ |
| २. बझाङ | २२०९ | १२०३ | " | ८६८ |
| ३. दार्चुला | १९२७ | १०४३ | " | ६२० |
| ४. कंचनपुर | ९९० | ५५९ | " | २८९ |
| **पूर्वाञ्चल** | | | | |
| १. झापा | २४५० | १२६९ | ने.कां.को | ५१० |
| २. संखुवासभा | १६१८ | १३१६ | " | २१९ |
| ३. तेह्रथुम | १५०४ | ९१० | एमालेको | - |
| ४. भोजपुर | २९६१ | २०७० | " | - |
| ५. धनकुटा | १६९२ | ११३१ | " | - |
| ६. सोलखुम्बू | १५९८ | १३२४ | ने.कां.को | ५६१ |
| **मध्यमाञ्चल** | | | | |
| १. दोलखा | २४६४ | १७४१ | ने.कां.को | ३०४ |
| २. रामेछाप | २५८५ | १३१० | " | ३५४ |
| ३. सिंधुली | २५८३ | १४१४ | " | ३८८ |
| ४. काठमाडौं | २९५३ | - | एमाले | |
| ५. मकवानपुर | २०७८ | १२१० | एमाले | |
| ६. चितवन | १८३१ | .... | ने.कां. | ५१९ |

कांग्रेस र एमालेमा कुनै तात्विक अन्तर देखिएको छैन । यस्तो देखिन्छ, सामान्य बहुमत एमालेको पक्षमा माथिको तीन कारणले नै आउन संभव थियो, तर अत्यधिक बहुमत चाहिं तल्ला दुई कारणहरू समेत थपिनाले आउन संभव भएको हो ।

### प्रवृत्ति र भविष्य

अहिलेको चुनावले प्रष्टै देखाएको छ- अब तुरून्तै मध्यावधि चुनाव भयो भने एमाले एक्लैको अत्यधिक बहुमतसहितको सरकार आउन संभव छ ।

त्यसैले, एमालेको यतिखेर तुरून्तै मध्यावधि चुनावतिर जान उद्यत हुने छाँटकाँट सहजै अनुमान गर्न सकिन्छ । एमालेको जोर चल्यो भने- बढी सम्भव छ, हामी दुई चार महिनाभित्रैमा मध्यावधिको घोषणा भएको देख्न पाउनेछौं ।

तर कांग्रेस र राप्रपा दुबै एमालेको अप्रत्याशित उपलब्धिबाट त्राहीमाम भएका छन् । कांग्रेस यतिखेर कुनै पनि मूल्यमा एमालेलाई सत्ताच्यूत गर्न ज्यूज्यानले लागेको छ । ऊ अब चन्द वा सूर्यबहादुर थापाको नेतृत्वसमेत स्वीकारेर राप्रपालाई एमालेले भन्दा पनि बढी भाग दिएर सरकारमा बस्न तयार भएको बुझिन्छ । कांग्रेसको दाउपेंच सफल भयो भने, हामी यो एक महिनाभित्रै नेपालमा अर्को घिनलाग्दो सत्ता समीकरणको खेल मञ्चन भएको देख्न पाउनेछौं ।

कांग्रेस यसको निम्ति एकांतिर पद्मरत्न र तुलसीलालजस्ता सोझा व्यक्तित्वमार्फत् झुक्याएर राजतन्त्रविरोधी कुरा ओकल्न लाउने कसरत गर्दैछ । अर्कोतिर, माओवादीसित एमालेको सालनाल जोडिएको प्रचार गर्दैछ । एमाले सरकार कायम भयो भने- विदेशी दूतावास र सहायता बन्द हुनेजस्ता बकवासलाई समेत ऊ यतिखेर खुब प्रयोगमा ल्याउँदैछ । एकातिर, नराम्ररी चुनाव हार्नुको लघुताभास र अर्कोतिर आफ्नो छँदाखाँदाको बहुमत एक्लो गिरिजाको सनकको भरमा गुमेको पीडाले कांग्रेस यो बेला सारै छट्पटिएको छ । कांग्रेस यतिखेर अस्तित्व नै मेटिने डरले समेत भयाक्रान्त छ । यो छट्पटीले कांग्रेसलाई जुनसुकै मूल्यमा पनि सत्तामा जान प्रवृत्त गर्ने छाँटकाँट देखिँदैछ । उता सत्ता टिकाउन जे पनि गर्ने मनस्थितिमा एमाले पनि देखिन्छ ।

यसको अधिकतम फाइदा दरवारले उठाउन सम्भव छ । अहिले दरवार र राप्रपाको मोलतोल क्षमता काफी बढेको स्थिति छ । बढी सम्भव छ, यो बीचमा कुनै पनि कदम त्यस्तो जुनसुकै कुनाबाट पनि उठाउन सम्भव छ, जसबाट प्रतिगामी तत्व भविष्यमा बढी सबल र सुदृढ हुन्छन् र कांग्रेस वा एमाले चाहिँ जनतामा बेसी बदनाम हुन्छन् ।

साम्राज्यवादी शक्तिहरू पनि यतिखेर कांग्रेस र एमालेबाट बेसीभन्दा बेसी कुरा धुल्न लागिपरिरहेका छन् । यही मौका पारेर पर्दा पछाडि बसेर अस्ट्रेलियन कम्पनी स्मेकमार्फत् भारतले कौडीको मोलमा पश्चिम सेतीको पानीको कन्यादान गराउने काम यहीबीचमा गरिसकेको छ । भारतका प्रधानमन्त्री इन्द्रकुमार गुजराल यतिखेरै नेपाल भ्रमणमा आउँदैछन् । उनले यतिखेर के के लेनदेन गर्ने कोशिश गर्ने हुन्, त्यों हेर्नै बाँकी छ ।


यता राजतन्त्रबारे एमालेको प्रष्टीकरण बारम्बार पत्रपत्रिकामा देखिँदैछ । नेमकिपालाई हराउन कांग्रेस र राप्रपासित हातेमालो गरिसकेको एमालेले अन्तिम घडीमा आएर नेमकिपाको मेयरलाई समर्थन गर्ने वक्तव्य दिएको छ । यी सबै घटनाहरूले देखाइरहेका छन्- स्थानीय चुनावको आश्चर्यजनक परिणामको मखमली पर्दाभित्र लेनदेन र सत्ता समीकरणको रिहर्सल चर्को ढंगले चल्दैछ । यहाँ कुनै पनि क्षण कुनै पनि अप्रत्याशित परिवर्तन र लेनदेनको घोषणा हुन सम्भव छ ।

जम्माजम्मीमा, नेपाल राष्ट्र यतिखेर तीब्र गतिले अन्धकार र प्रतिगमनको दिशातिर डोरिदैंछ । यतिखेर नेपाल राष्ट्र र प्रजातन्त्र दुबै खतरामा छन् ।

यो स्थितिमा कुनै पनि पार्टीभित्र रहेका वा बाहिर रहेका देश र प्रजातन्त्रको खातिरदारी गर्ने जागरूक शक्तिको एकताबद्ध खबरदारीको जरूरत भएको छ । यो खबरदारी कतैबाट नहुने हो भने निश्चित छ- नेपाल राष्ट्र अँध्यारो भविष्यको खाडलतिर त्यसरी नै डोरिनेछ, जसरी सिमेण्ट कारखानाको अँध्यारो सोलीभित्र चूनढुङ्गा डोरिन्छ ।

◆ श्याम श्रेष्ठ






# Here, There and Everywhere

10th ANNIVERSARY 1987 1997
Nepal Grindlays Bank Limited
नेपाल ग्रिण्डलेज बैंक लिमिटेड

**A DECADE OF "SERVICE EXCELLENCE"**

Member ANZ group of companies

| | Nayabaneswar | Kantipath | Thamel Exchange Bureau | Lalitpur | Biratnagar(Morang) |
|---|---|---|---|---|---|
| Tel: | 246753,229333 | 228474 | 233128 | 524990 | 27983 |
| Fax: | 226762 | 228692 | 228692 | 523266 | 27982 |
| TLX: | 2531 GRNDLY NP | 2736 GMNEPL | 2268 GRCRD | 2532 NGBL NP | 2037 ANZBRT |

| | Duhabi (Sunsari) | Pokhara (Lakeside) | Arghaun Bazar, Pokhara |
|---|---|---|---|
| Tel: | 40030 | 20102 | 21676 |
| Fax: | 40177 | 20318 | 20318 |
| TLX: | | 6003 GR POREX | 6003 GR POREX |

MULYANKAN
A magazine for Thought-Interaction


ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२



# Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

*Authorised Sales & Service Centre*

**SULUX CENTRE**

Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)